३४९

# भक्तपुर मासिक

Bhaktapur Monthly
असार २०८२
ISSN 2705-4454




## भक्तपुर नपाको अठारौँ नगरसभा

## भक्तपुर नपाको आव २०८२/८३ को नीति तथा कार्यक्रम र अनुमानित आय-व्यय


- ख्वप विश्वविद्यालय : केही चर्चा
- संसद्मा नेमकिपा
- धनवज्र बज्राचार्यको सम्झनामा
- स्वतन्त्र न्यायालय र आलमको रिहाइ
- सुशासनको लागि उच्च पदाधिकारीहरूको सम्पत्ति छानबिन आवश्यक
- काठमाडौं उपत्यकाका वन, पार्क र पोखरीले सहरको तापक्रम घटाउने
- चीनको सिचाङ स्वशासित क्षेत्र र नेपालका भगिनी नगरपालिकाहरूको बैठक
- हतियार व्यापारीहरू युद्ध अपराधी हुन्
- भक्तपुर नपाको गतिविधि
- विलियम हार्भि : रक्त सञ्चार सिद्धान्तका प्रतिपादक



भक्तपुर नपाको आव २०८२/८३ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गर्दै सभासद्हरू । (असार ६ गते)



भक्तपुर नपाको आव २०८२/८३ को अनुमानित बजेट सर्वसम्मतिले पारित गर्दै सभासद्हरू । (असार १२ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l $@ ✯ cÆ* ✯ g} ; ➡!$% ✯ l j : ; ➡@)*@c ; f/ ✯ A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा २०३० असार २५ गते आगलागी भएको थियो। दरबारको अग्रभाग विस्फोट गरेर बचाइएको थियो।


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'पुस्तक गोजी (पकेट) मा राखिएको बगैंचा हो।' – उमर खैय्याम

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नपाको १८ औँ नगरसभा | – | ३ |
| २) | आव २०८२/८३ को नीति तथा कार्यक्रम | – | ६ |
| ३) | नीति र बजेटले अल्पकालीन र दीर्घकालीन लक्ष्य र उद्देश्य पूरा गर्न विशेष भूमिका खेल्ने | उपप्रमुख रजनी जोशी | १५ |
| ४) | भक्तपुर नपाको आव २०८२/८३ को अनुमानित आय-व्यय | – | २२ |
| ५) | आव २०८२/८३को नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि राय-सुझाव सङ्कलन | – | ३३ |
| ६) | ख्वप विश्वविद्यालय : केही चर्चा | – | ३७ |
| ७) | संसद्मा नेमकिपा | – | ४६ |
| क) | 'सरकारले सभामुखलाई दबाब दिएर जनप्रतिनिधिको आवाज नसुनी संसद् चलाउनु उचित होइन" प्रेम सुवाल | | ४६ |
| ख) | भ्रष्टाचार तथा अनियमितता हुने ठाउँमा बजेट पठाउन बन्द गरौँ ! | सुरेन्द्रराज गोसाई | ४७ |
| ग) | सङ्घीयताको जग विकेन्द्रीकरण र स्वायतत्ता | सृजना सैँजू | ४९ |
| ८) | धनवज्र बज्राचार्यको सम्झनामा | | |
| क) | बिर्सिएका विभूति : धनवज्र बज्राचार्य | राजकुमार दिक्पाल | ५१ |
| ख) | सिनासमा थन्किएको देशको इतिहास | वसन्त महर्जन | ५४ |
| ग) | एक 'धुरन्धर ऐतिहासिक' को दुःखान्त | सुजित मैनाली | ५६ |
| ९) | सुशासनको लागि उच्च पदाधिकारीहरूको सम्पत्ति छानबिन आवश्यक | विवेक | ६२ |
| १०) | स्वतन्त्र न्यायालय र आलमको रिहाइले उठेका प्रश्नहरू | रामप्रसाद प्रजापति | ६४ |
| ११) | काठमाडौँ उपत्यकाका वन, पार्क र पोखरीले तापक्रम घटाउने | – | ६७ |
| १२) | हतियार व्यापारीहरू युद्ध अपराधी हुन् | एन राइट | ७० |
| १३) | विलियम हार्भि : रक्त सञ्चार सिद्धान्तका प्रतिपादक | राजेन्द्र बहादुर कायष्ठ | ७५ |
| १४) | The City of the Yellow Devil (XI) | Maxim Gorky | ८१ |
| १५) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ८३ |
| १६) | भक्तपुर नगरपालिकाको गतिविधि | – | ९३ |
| क) | शैक्षिक गतिविधि | – | १०३ |
| ख) | स्वास्थ्य सेवा | – | १०९ |
| ग) | अनुभव आदान-प्रदान | – | ११५ |
| घ) | भेटघाट र अवलोकन | – | ११६ |
| ङ) | सङ्क्षेपमा | – | १२२ |
| १७) | विविध समाचार | – | १२३ |
| १८) | 'नीतिगत निर्णय' कि कानुनी भ्रष्टाचार ? (सम्पादकको पृष्ठ) | – | १४० |


**साथमा** :


यता-उताबाट-१४/हाम्रा पुराना मूर्ति – १६/ हाम्रो स्थानीय तह-१७/Word Searh – २१/ प्रेरणीय – ५०/ बसिबियाँलो – ६६/ जीवन-आचरण – ७४/ ख्वप अस्पतालको प्रगति – ११४/चीनका प्राचीन नीतिकथा -११५/ हाम्रो स्वास्थ्य – १३७/ पर्यटक तथ्याङ्क – १३९/ तस्बिरमा केही गतिविधि ।

# भक्तपुर नपाको १८ औँ नगरसभा




## समुद्घाटन

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर नगरपालिकाको अठारौँ नगरसभाको असार ६ गते एक समारोहबिच उद्घाटन गर्नुभयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै सचिव **सुवाल**ले जिल्ला समन्वय समिति खारेज गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार दिनु जरुरी रहेको बताउनुभयो ।

सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई आफ्नो मातहतको एकाइजस्तो व्यवहार गर्नु संविधानको भावनाविपरीत रहेको बताउनुहुँदै सांसद सुवालले प्रदूषण फैलाउने औद्योगिक क्षेत्रलाई स्थानान्तरण गर्न नपाले सङ्घ सरकारसँग सहकार्य गर्नुपर्ने






बताउनुभयो ।

काठमाडौँ उपत्यकालाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न सके देशको विकासमा समेत टेवा पुग्ने बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न पहल गर्नुपर्ने बताउनुभयो ।

अस्पताल र औद्योगिक क्षेत्रबाट निस्कने फोहोर स्वास्थ्यको लागि हानिकारक हुने हुँदा ती फोहोरको व्यवस्थापनमा अलग नीति अपनाउनुपर्ने

बताउनुहुँदै उहाँले विद्यालयहरूमा बालबालिकाको पोषणबारे आवश्यक कक्षा सञ्चालन गर्नुपर्ने बताउनुभयो।

सांसद सुवालले न्यायालयका न्यायाधीश र मुख्य मुख्य अधिकारीहरू सम्बन्धित क्षेत्रबाट चुनाव गराई नियुक्ति नगरेसम्म जनताले निष्पक्ष रूपमा न्याय पाउन मुस्किल हुने बताउनुहुँदै भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयलाई सहरी विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो।

सांसद सुवालले संसद्ले सरकारलाई जवाफदेही बनाउनुपर्ने बताउनुहुँदै कलेज तथा विद्यालयहरूमा अध्ययन अनुसन्धानको क्षेत्रलाई जोड दिनुपर्छ भन्नुभयो।

नेमकिपाले विद्यालय शिक्षा अनिवार्य र निःशुल्क गराउनुपर्ने विषयलाई संसद्मा निरन्तर जोड दिँदै आएको बताउनुहुँदै कक्षा ९ र १० मा इतिहास, भूगोल, राजनीतिशास्त्र, स्वास्थ्य र शारीरिक शिक्षा, कानुनी शिक्षा, नेपालभाषा आदिका विषय अध्ययन गर्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो।



कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यसहित सांस्कृतिक नगर घोषणा गर्न यस नगरसभाले पहल गर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने, गुणस्तरीय शिक्षाको पहुँच, सहज स्वास्थ्य उपचारमा पहुँच, देशकै नमुना नगर बनाउने र सार्वजनिक, पर्ति, सरकारी जग्गा संरक्षणलाई जोड दिने नीति लिएको उहाँले बताउनुभयो।

नेपालमा संविधानको भावनाबमोजिम सङ्घीयता कार्यान्वयनमा आउन नसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले सङ्घ र प्रदेश सरकारहरूले स्थानीय तहलाई आफ्नो मातहतको एकाइजस्तो व्यवहार गर्नु संविधान र सङ्घीयताको भावनाविपरीत भएको बताउनुभयो।



वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले नगरसभा पूर्ण सफलताको कामना गर्नुहुँदै सरकारले आफ्नो नीति तथा कार्यक्रमको उपलब्धीबारे जनतामाझ प्रस्तुत गरी जवाफदेही र उत्तरदायी हुनुपर्ने बताउनुभयो।

उहाँले जनताको साथ र सहयोगले प्रस्तुत नीति तथा कार्यक्रम सफल कार्यान्वयन हुने बताउनुहुँदै जनसेवक कर्मचारीहरूले जनप्रतिनिधिसँग हातेमालो गरी अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो।

नगरका पोखरी, खुल्ला क्षेत्र, शैक्षिक संस्था तथा सबै कार्यालयहरूमा हरियाली प्रवर्द्धनमा जोड दिई भक्तपुरलाई सुन्दर नगरको रूपमा परिणत गर्न आवश्यक छ भन्नुहुँदै उहाँले पुरानो र नयाँ युग झल्काउने राम्रा राम्रा कला सङ्ग्रहालय निर्माणतर्फ नपाले जोड दिनुपर्ने बताउनुभयो।



वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले नेपाल सरकारको बजेट खोक्रो र परनिर्भर भएको बताउनुहुँदै असारे विकास बजेटका नाममा भ्रष्टाचार र आर्थिक चलखेल हुने गरेको प्रष्ट पार्नुभयो।

सङ्घीयता लागू भएको ७ वर्ष पूरा भए पनि बजेटको ढाँचामा कुनै भिन्नता नआएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले विकास निर्माणको बेग्लै संस्कृति अपनाएर भक्तपुरको विकास गरिरहेको छ भन्नुभयो।

भक्तपुर अहिले देशकै लागि आशाको किरण बनिरहेको बताउनुहुँदै उहाँले नगरका गल्ली गल्लीमा भुस्याहा कुकुर नियन्त्रण र सडक बत्तीको व्यवस्था गरी नगरलाई पर्यटनमैत्री बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले नगरसभाले



आव २०८२/८३ को नीति तथा कार्यक्रम तयार गरी आवश्यक बजेट निर्माण गरी अगाडि बढ्ने बताउनुहुँदै भक्तपुरको लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण आ.व. २०८१/८२ को महत्त्वपूर्ण उपलब्धीको रूपमा रहेको बताउनुभयो ।

भक्तपुरको गौरवको योजनाअनुसार नगरपालिकाले अरनिको सभाभवन निर्माण कार्य तीव्र रूपमा अगाडि बढिरहेको बताउनुहुँदै नगरपालिकाको सेवा सुविधालाई चुस्तदुरुस्त बनाउन अनलाइन प्रणालीमार्फत सेवा विस्तार गर्दै लगिने बताउनुभयो ।



भक्तपुरका प्रमुख जिल्ला अधिकारी **गोपालप्रसाद अर्याल**ले १२२ बुँदामा प्रस्तुत भक्तपुर नपाको नीति तथा कार्यक्रमलाई नगरसभाले आवश्यक छलफल गरी अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले तीन तहका सरकारबिच समन्वय र सहकार्य आवश्यक भएको बताउनुहुँदै स्थानीय सरकार जनताको नजिक र उत्तरदायी संस्था भएको बताउनुभयो ।

सडक दुर्घटना, विपद् न्यूनीकरण, सुरक्षाका पूर्वाधारमा पनि नपाले विशेष जोड दिनुपर्ने बताउनुहुँदै नागरिकले राज्यबाट गर्ने अपेक्षालाई सेवा प्रवाहको क्रममा स्थानीय तहले ध्यान दिनुपर्ने बताउनुभयो ।



ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले ख्वप अस्पतालले आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गरेको अवगत गराउनुहुँदै आ.व. २०८२/८३ मा सिटी स्क्यान सेवा सञ्चालनमा ल्याइने जानकारी दिनुभयो । उहाँले नयाँ आर्थिक वर्षमा थप जनमुखी र उपलब्धीमूलक बनाउने प्रतिबद्धता जनाउनुभयो ।



ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले ख्वप इन्जिनियरिङ र ख्वप कलेज अफ इन्जिनियरिङले कलेज स्थापनादेखि हालसम्म ८ हजारभन्दा बढी विद्यार्थीहरूलाई इन्जिनियरिङ शिक्षा प्रदान गरिसकेको बताउनुभयो । उहाँले ख्वप विश्वविद्यालय स्थापनामा ढिलाइ भए पनि नपाबाट सञ्चालित कलेजहरूले विश्वविद्यालयस्तरको शिक्षा प्रदान गरिरहेको बताउनुभयो ।

नगरसभाको उद्घाटन कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो ।





उद्घाटन समारोहमा भक्तपुर नपा ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

eQ‖k'/ gu/kflnsfsf]

# आव २०८२/०८३ को नीति तथा कार्यक्रम

## भक्तपुर नगरपालिकाको १८ औं नगरसभामा नगर प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत भक्तपुर नगरपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमको पूर्ण पाठ




**नगर सभासदहरू,**

सर्वप्रथम नेपालको ऐतिहासिक जनआन्दोलनहरूमा सहादत प्राप्त गर्नुभएका वीर सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ र अन्य योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौँ ।

वि.सं. २०७९ सालको स्थानीय तहको निर्वाचनपछि भक्तपुर नगरपालिकाको यो चौथो नीति तथा कार्यक्रम हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा हरेक वर्ष असार १० गतेभित्र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गरी बजेट पेस गर्नुपर्ने प्रावधान छ । सोही कानुनी प्रावधानअनुसार आज नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौँ र बजेटको तयारी गर्दैछौँ ।

नाचगानको राजधानी, सांस्कृतिक नगर र संसारकै ठूलो जीवित सङ्ग्रहालयको उपमा पाएको भक्तपुर नगरपालिका पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदैछ । नेपाल मजदुर किसान पार्टीले निर्वाचनको बेला जारी गरेको घोषणापत्र नै हामीले जनताबिच गरेको प्रतिबद्धता हो । हाम्रो कार्यकाल ३ वर्ष पूरा भइसकेको छ । यसबिचमा हामीले निर्वाचनको बेला जनतासमक्ष गरेका प्रतिबद्धताहरू एक एक गरी पूरा गर्दै आएका छौँ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माणलगायतका कार्यहरू गर्दैछौँ । राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा हो भने भावनालाई आत्मसात गर्दै सेवाकै भावनाले काम गरिरहेका छौँ । नेपालमा सङ्घ, प्रदेश र स्थानीय तहको दुई–दुई पटक निर्वाचन सम्पन्न भइसकेर पनि संविधानको भावनाबमोजिम सङ्घीयता राम्रोसँग कार्यान्वयनमा आउन सकेको छैन । स–साना १–२ लाखको योजना पनि सङ्घ र प्रदेशको बजेटमा समावेश हुनु, जिल्लास्तरीय सरकारी कार्यालयहरू यथावत रहनु, स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नहुनु, सङ्घ र प्रदेशले स्थानीय तहलाई दिने सामानीकरण अनुदानलाई घटाउँदै लानु र स्थानीय तहबाट तलब खाने शिक्षकहरूमाथिको नियन्त्रण सङ्घ सरकारअन्तर्गत हुनु सङ्घीयता कार्यान्वयनका चुनौतीहरू हुन् । सङ्घ र प्रदेश सरकारहरूले स्थानीय तहलाई आफ्नो मातहतको एकाइजस्तो व्यवहार गर्नु संविधान र सङ्घीयताको भावना विपरीत छ । स्थानीय तह जनताको सबभन्दा नजिकको जनप्रतिनिधि संस्था हो । जनतालाई कुनै समस्या पर्दा सबभन्दा पहिले पुग्ने ठाउँ स्थानीय तह नै हो । यसर्थ स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनुपर्छ भन्नेमा हाम्रो जोड रही आएको छ । संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रहेर काम गर्न सबै स्थानीय तहहरू स्वतन्त्र छन् । भक्तपुर नगरपालिकाले पूर्ण स्वायत्तताको अभ्यास गर्ने प्रयास गरिरहेको छ ।

२०७२ सालको भूकम्पले सबभन्दा बढी क्षतिग्रस्त सहरहरूमध्ये भक्तपुर नगरपालिका एक हो । यहाँका

हजारौँ घरहरूमा पूर्ण र आंशिक क्षति पुगेको थियो भने सयौँ सम्पदाहरू ध्वस्त भएका थिए। ती प्रायःजसो सम्पदाहरू विदेशीको सहयोगबिना स्थानीय जनताको साथ र सहयोगमा पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेका छौँ। हाल केही सम्पदाहरू निर्माणाधीन छन्। भक्तपुर नगरपालिका जनताको साथ र सहयोगमा आत्मनिर्भर अर्थतन्त्रको विकासको निम्ति निरन्तर प्रयासरत छ।



आ.व. २०८२/८३ को नीति तथा कार्यक्रममा निम्न विषयहरूलाई जोड दिएका छौँ –

- भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यसहित सांस्कृतिक नगर घोषणा गर्न पहल गर्ने,
- भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने,
- कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गरी शिक्षा सबैको पहुँच पुऱ्याउने,
- सबै नगरवासीलाई सहज स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउने,
- सम्पदा संरक्षण, खेलकुद र कृषिलगायतको क्षेत्रमा जोड दिने,
- भक्तपुरलाई देशकै नमुना नगर बनाउने,
- हरेक युवाहरूलाई सीपमूलक तालिमहरू दिई आत्मनिर्भर बनाउने,
- क्रमागत योजनाहरू सम्पन्न गर्ने र नयाँ नयाँ योजनाहरू अगाडि बढाउने,
- विकास निर्माणका कार्यहरूमा स्थानीय स्रोत र साधनहरूको अधिकत्तम प्रयोग गर्ने र
- सार्वजनिक, पर्ति र सरकारी जग्गा संरक्षण गर्ने।

## नगर सभासदहरू,

अब म विषयगत रूपमा अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु –

## क) शिक्षा

१) भक्तपुर नगरपालिकाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले खोलेका २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरूमा हाल ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। नगरपालिकाले शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म जनताका छोराछोरीहरूलाई शिक्षा प्रदान गर्दै आएको छ। हामीले भक्तपुरका जनताको चाहनालाई ध्यानमा राखी ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर पहल गरिरहेका छौँ।

२) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा आगामी वर्ष 'भूकम्प इन्जिनियरिङ', सम्पदा, सूचना प्रविधिलगायतका विषयमा राष्ट्रिय सम्मेलन र त्यसैगरी 'चौथो भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको पुनःनिर्माण' विषयक अन्तर्राष्ट्रिय सम्मेलन गरिनेछ।

३) ख्वप कलेजमा विज्ञान विषयका विभिन्न प्रयोगशालाहरू सञ्चालनमा रहेकोमा 'ख्वप अनुसन्धान केन्द्र' स्थापना गरी सञ्चालनमा ल्याइनेछ। त्यसैगरी ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ मा पनि अनुसन्धान केन्द्र स्थापना र सञ्चालन गरिनेछ। त्यसको लागि भक्तपुर नगरपालिकाबाट आवश्यक अनुदानको व्यवस्था गरिनेछ।

४) भक्तपुरको कला, संस्कृति, इतिहास, वातावरण, पर्यटनलगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने भक्तपुर नगरवासीहरूलाई अनुसन्धानवृत्तिको व्यवस्था गरिनेछ।

५) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा विद्यार्थीहरूको माग र समयअनुसार स्नातक र स्नातकोत्तर तहमा नयाँ नयाँ विषयहरू थप गर्दै लगिनेछ। आगामी शैक्षिक वर्षबाट ख्वप इन्जिनियरिङ कलेजमा स्नातक तहमा थप दुईवटा शैक्षिक कार्यक्रमहरू बी.सी.ए. र बी.आई.टी. का कक्षाहरू सञ्चालन गरिनेछ। सीटीईभीटीबाट सम्बन्धन प्राप्त ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा सामान्य चिकित्सा

(एच.ए), फार्मेसी, रेडियोग्राफी र ल्याब टेक्निसियन विषयहरू सञ्चालन गर्न स्वीकृतिको लागि प्रस्ताव गरेकोमा स्थलगत अनुगमनसमेत भइसकेको हुँदा ती विषयहरूमा सम्बन्धन प्राप्त भएमा कक्षाहरू सञ्चालन गरिनेछ ।

६) नगरपालिकाले हाल ६ वटा वडाहरूमा शिशु स्याहार तथा बालविकास केन्द्र स्थापना र सञ्चालन गर्दै आएकोमा भ.न.पा. वडा नं. १० कमलविनायकमा आवश्यक पूर्वाधारको निर्माण गरी थप शिशुस्याहार केन्द्र सञ्चालन गरिनेछ साथै शिशु स्याहार केन्द्र विस्तारलाई निरन्तरता दिइनेछ ।

७) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक शिक्षक तालिम, पूर्वाधारहरूको निर्माण तथा विद्यार्थी सङ्ख्याको आधारमा सहज पठनपाठनको व्यवस्थाको लागि आवश्यकताअनुसार अनुदानको व्यवस्था गरिनेछ । भौतिक पूर्वाधार निर्माणको लागि बजेटको व्यवस्था गरिनेछ ।

८) विद्यालय तथा कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई सीपयुक्त बनाउन चित्रकला, धातुकला, पौभा लेखन, मूर्तिकला, काष्ठकला, मृत्तिकाकला, मौलिक प्रविधिमा आधारित निर्माण विधिसम्बन्धी तालिमलगायतका प्रशिक्षणहरूको व्यवस्था मिलाइने छ ।

९) स्थानीय पाठ्यक्रम समयानुकूल परिमार्जन गरी आवश्यक सन्दर्भ सामग्रीहरू प्रकाशन गरी पठनपाठनमा सहज व्यवस्थापन गरिनेछ ।

१०) स–साना विद्यार्थीहरूलाई अध्ययनमा केन्द्रित गर्न वडाका विभिन्न स्थानहरूमा आवश्यकताअनुसार गृहकार्य कक्षहरू सञ्चालनको व्यवस्था गरिनेछ ।

११) विद्यालय र कलेज नजिक निश्चित दूरीमा मदिराजन्य तथा सूर्तिजन्य पदार्थ बिक्री वितरण निषेध गर्ने नीति लिइनेछ ।

१२) आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्ने उद्देश्यले शैक्षिक ऋणको व्यवस्था गर्दै आएकोमा हालसम्म ७५० जनाभन्दा बढी विद्यार्थीहरूलाई रु. ५ लाखसम्म ऋण स्वीकृत गरी अध्ययनको अवसर दिइआएकोमा त्यसलाई निरन्तरता दिइनेछ ।

१३) इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपाल भाषा, दर्शनशास्त्र जस्ता विषयहरू लिएर पढ्ने नगरवासी विद्यार्थीहरूका लागि विद्यावारिधिसम्म पूर्ण छात्रवृत्ति दिएर अध्ययनको अवसर प्रदान गर्दै आएकोमा त्यसलाई निरन्तरता दिइनेछ ।

१४) विद्यार्थीहरूमा स्वयम्सेवी तथा सदाचारी भावनाको विकास गर्न विद्यालयहरूमा नैतिक शिक्षाको अध्ययन अध्यापनको साथै शील स्वभावजन्य व्यवहार सिकाउने शिक्षाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१५) नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई पढाइसँगै दक्ष बनाउन नगरपालिका, वडा कार्यालय तथा नगरपालिकाअन्तर्गतका विभिन्न कार्यालयहरूमा इन्टर्नसिपको व्यवस्था मिलाइनेछ ।



१६) विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय तह, प्रदेश र सङ्घको निर्वाचन प्रणाली र संसदीयको गतिविधिबारे जानकारी दिने उद्देश्यले निर्वाचन प्रक्रिया र संसदीय नमुना अभ्यासहरू गराउने व्यवस्था मिलाइनेछ ।

१७) विभिन्न परीक्षामा उत्कृष्टता हासिल गर्न सफल विद्यार्थीहरूको आधारमा विषयगत शिक्षकहरूलाई निश्चित मापदण्ड बनाई प्रोत्साहनस्वरूप सम्मान कार्यक्रम गरिनेछ ।

१८) कानुनी ज्ञानको अभावमा धेरै नागरिकहरू विभिन्न अपराधजन्य कसुरमा फस्ने गरेको पाइएको हुँदा विद्यालय तहदेखि नै कानुनी शिक्षा प्रदान गर्ने उद्देश्यले विद्यालयहरूमा समय समयमा कानुनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालनको व्यवस्था गरिनेछ ।

१९) बढ्दो विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकहरूको अभावको कारण उचित पठनपाठन हुन नसकेको गुनासोलाई ध्यानमा राखेर त्यस्ता विद्यालयहरूमा क्रमशः स्वयम्सेवक शिक्षकको व्यवस्था गर्दै लाने नीति लिइनेछ ।

२०) मा.वि. तहका सबै विद्यालयमा विज्ञान तथा गणित प्रयोगशाला स्थापना गर्ने नीतिअनुसार क्रमशः त्यसको विस्तार गर्दै लगिनेछ र विद्यालय अनुगमनलाई थप प्रभावकारी बनाइनेछ ।

२१) सम्पदा संरक्षणलाई विद्यालय तहदेखि नै सचेत पार्न 'एक विद्यालय एक सम्पदा सरसफाइ' नीतिलाई निरन्तरता दिइनेछ ।

२२) विद्यालयहरूमा स्वयम्सेवक दल (स्काउट ट्रुप) हरू बनाउँदै लगिनेछ र स्काउट शिक्षकहरूलाई स्वयम्सेवी भावना विकास गराई विद्यालयहरूमा प्रिलिमिनरी ट्रेनिङ कोर्स (पी.टी.सी.) र बेसिक ट्रेनिङ कोर्स (बी.टी.सी.) तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।

२३) महिलाहरूलाई निरन्तर शिक्षा सञ्चालनको व्यवस्था गरिनेछ ।

२४) जनज्योति पुस्तकालयलाई स्तरीकरण गर्दै लगिने छ । युवा विद्यार्थीहरूमा पठन संस्कृतिको विकासको लागि नगरका अन्य पुस्तकालय तथा वाचनालयहरूलाई व्यवस्थित सञ्चालन गर्न आवश्यक सहयोग गर्ने नीति लिइने छ ।

## ख) स्वास्थ्य

२५) भक्तपुर नगरपालिकाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा गर्दै आएको छ । ख्वप अस्पतालले वर्षको ३६५ दिननै ११ घण्टा ओपिडी सेवा प्रदान गर्दै आएको छ । चालु वर्षको साउनदेखि जेठ मसान्तसम्म ११ महिनामा ७४ जिल्लाका २ लाख ५९ हजार ७६८ जना बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरिसकेको छ । त्यसैगरी श्वासप्रश्वास पुनःस्थापना केन्द्र, जनस्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । आगामी आ.व.देखि ख्वप अस्पतालमा सीटी स्क्यान सेवा सुरु गरिनेछ साथै मृगौलासँग



सम्बन्धित बिरामीहरूलाई सहजता प्रदान गर्न डायलासिसको व्यवस्थाको लागि पनि आवश्यक प्रक्रिया अगाडि बढाइने छ । ख्वप अस्पतालमा आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमलाई प्रभावकारी ढङ्गले अगाडि बढाइनेछ ।

२६) भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई निःशुल्क अक्सिजन र निःशुल्क रगत प्रदान गर्दै आएकोमा त्यसलाई निरन्तरता दिइने छ । गम्भीर रोग लागेका बिरामीहरूलाई दिइँदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।

२७) वडा वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्रहरूमा थप स्वास्थ्य उपकरणको व्यवस्था गर्दै स्तरीकरण गर्दै लगिनेछ र नियमित स्वास्थ्य शिविरहरूलाई निरन्तरता दिइनेछ । ७ नं. वडाको स्वास्थ्य केन्द्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

२८) आयुर्वेदिक तथा वैकल्पिक उपचार सेवालाई प्रभावकारी बनाउँदै लगिनेछ ।

२९) विद्यालयहरूमा बालबालिकाहरूका लागि दन्त, आँखा साथै नाक, कान, घाँटीलगायतको स्वास्थ्य परीक्षण शिविर सञ्चालनको व्यवस्था मिलाइनेछ ।

३०) ख्वप तिलगंगा आँखा अस्पतालबाट प्रदान गरिने सेवालाई अझ व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।

३१) वडा नर्स र स्वास्थ्य स्वयम्सेविकामार्फत सुत्केरी महिला स्याहार तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।

३२) घरदैलो नर्सिङ कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

## ग) सम्पदा, संस्कृति

३३) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न वागमती प्रदेश सरकारमा पहल गरिनेछ ।

३४) ऐतिहासिक र धार्मिक महत्त्व रहेका विभिन्न स्थानका घाटहरू सुधारको नीतिलाई गुरुयोजना बनाई व्यवस्थित रूपमा अगाडि बढाइनेछ ।

३५) परम्परागत बाजाको बोल लिपिवद्ध गरी क्रमशः प्रकाशित गरिनेछ र दाफा भजनका थ्या साफूहरू आवश्यकताअनुसार पुनःलेखन गर्न मद्दत गरिनेछ ।

३६) विश्व सम्पदा सूचीमा सुचिकृत भक्तपुर दरबार क्षेत्रमा अवस्थित ९९ चोकको अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाइनेछ ।

३७) सम्पदा र संस्कृति प्रवर्द्धन गर्न नगरका मुख्य मुख्य सम्पदाहरूको सङ्क्षिप्त परिचय, छोटो भिडियोहरू, मोबाइल एप र क्युआरकोड, फोटोसहित पुस्तक प्रकाशनलगायतको व्यवस्था गरिनेछ ।

३८) स्थानीय कला र संस्कृतिबारे विद्यार्थीहरूलाई शिक्षित गर्न र परम्परागत संस्कृति नयाँ पुस्तामा हस्तान्तरण गर्न विद्यालयहरूमा सांस्कृतिक गुरुहरूको क्रमशः व्यवस्था गर्दै लगिनेछ ।

३९) भक्तपुरको ऐतिहासिक र पुरातात्त्विक महत्त्व बोकेको जगन्नाथ क्षेत्रको अध्ययन अनुसन्धानलाई जोड दिइनेछ र उक्त क्षेत्र वरिपरिको वातावरण सुधार गरी संरक्षण गरिनेछ ।

४०) वडा वडामा रहेका निजी घरहरू धराप भई विभिन्न कारणले बनाउन नसकेको अवस्थामा नगरपालिकाले घरधनीबाट पछि लागत असुल गर्नेगरी घर निर्माण गर्ने नीति लिइनेछ ।

४१) वडा वडामा रहेका केही महत्त्वपूर्ण सम्पदाहरू वडास्तरबाटै स्थानीय जनताको सहयोगमा पुनःनिर्माण र जीर्णोद्धार गर्न वडास्तरीय सम्पदा संरक्षणका लागि छुट्टै बजेटको व्यवस्था गरिनेछ ।

## घ) कृषि

४२) नगरपालिकाभित्र कृषि अनुसन्धान केन्द्र स्थापना गरी कृषि पकेट क्षेत्रमा कार्यरत नगरवासी किसानहरूलाई प्रोत्साहनका गतिविधिलाई अगाडि बढाइने छ ।

४३) नगरको उपयुक्त स्थानमा आधुनिक पशु वधशालाको निर्माण गरिनेछ ।

४४) किसानहरूबाट उत्पादित वस्तुहरू उपभोक्तासम्म सहज रूपमा पुऱ्याउन भनपा ५ मा सञ्चालित कृषि बजारलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

४५) किसानहरूसँग जग्गा जमिन घट्दो क्रमलाई ध्यानमा राखेर कृषि उत्पादन वृद्धि गर्न सघन कृषि तालिम तथा कौसी खेतीका तालिमहरू सञ्चालन गरिनेछ ।



४६) कृषि उत्पादनलाई लामो समयसम्म सुरक्षित साथ प्रयोग गर्न तरकारी र फलफूललगायत सङ्कलन र भण्डारण गर्न भनपा वडा नं. ८ मा निर्माणाधीन चिस्यान केन्द्र सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

४७) सूचिकृत किसानहरूलाई परिचयपत्र वितरण गरी आवश्यक कार्यविधि बनाई कृषक ऋणको व्यवस्था गरिनेछ ।

४८) किसानहरूलाई जैविक मल तथा जैविक विषादी प्रयोगबारे अभिमुखीकरण गरी जनताको स्वास्थ्यमा नकारात्मक असर पार्ने रासायनिक मल तथा विषादी प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ ।

४९) नगरभित्र रहेका भुस्याहा कुकुरहरूलाई नियन्त्रण र व्यवस्थापन गरिनेछ । रेविजविरुद्धको खोप तथा बन्ध्याकरण कार्यलाई निरन्तरता दिइनेछ ।

५०) रैथाने बाली, बीऊको संरक्षण कार्यमा जोड दिइनेछ ।

५१) माटोको उर्वरशक्ति बढाउन भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोष्ट मल प्रयोग विधिबारे किसानहरूलाई आवश्यक तालिम दिएर कम्पोष्ट मल प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

## ङ) पर्यटन

५२) भक्तपुरको आन्तरिक र बाह्य पर्यटन विकासमा टेवा पुऱ्याउन समय समयमा विभिन्न उत्सवहरू, सन्ध्याकालीन पदयात्रा तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरिनेछ ।

५३) स्थानीय उत्पादन तथा हस्तकलाहरूलाई पर्यटन लक्षित गरी उपहारको व्यवस्था गर्ने र उत्पादित वस्तुहरू बिक्री वितरणका लागि उपयुक्त स्थानमा कोसेली घर सञ्चालनमा ल्याइनेछ ।

५४) आन्तरिक र बाह्य पर्यटकको सङ्ख्या वृद्धिलाई ध्यानमा राखी आवश्यकताअनुसार व्यवस्थित शौचालयहरू निर्माण गरिनेछ ।

५५) आन्तरिक तथा बाह्य पर्यटकहरूलाई लक्षित गरी आवश्यकताअनुसार नगरका विभिन्न स्थानसम्म सहज रूपमा पुग्न सक्ने गरी सानो आकारको विद्युतीय सवारीसाधनको व्यवस्था गरिनेछ ।

५६) आवश्यकताअनुसार नगरका थप नाकाहरूमा पनि पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ ।

५७) आन्तरिक र बाह्य पर्यटकहरूलाई लक्षित गरी परम्परागत सांस्कृतिक प्रदर्शनीका लागि उपयुक्त स्थानमा नियमित सांस्कृतिक गतिविधि गर्ने व्यवस्था मिलाइनेछ ।

५८) भक्तपुरमा रहेका मठ, मन्दिर, देवालय, शिवालय, पोखरी, ढुङ्गेधारा, पाटी, सत्तलहरूको तथ्याङ्कहरू सङ्कलन गरी व्यवस्थित अभिलेख तयार गरिनेछ ।

५९) गाईजात्रामा प्रस्तुत हुने सांस्कृतिक विधाहरूको प्रतिस्पर्धा, सांस्कृतिक बाजा प्रतियोगिता, सांस्कृतिक गुरु सम्मान, सांस्कृतिक प्रशिक्षण तथा तालिमलाई निरन्तरता दिइनेछ ।

६०) सम्पदा क्षेत्र र सडकहरूमा रात्रीकालीन बत्तीको व्यवस्था गरिनेछ ।

## च) विकास निर्माण

६१) नगरको गौरवको योजनाको रूपमा रहेको अरनिको सभाभवन निर्माणलाई निरन्तरता दिइनेछ र त्यसको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ । त्यसैगरी तरकारी बजार पूर्वाधार निर्माण, प्राङ्गारिक मल प्रशोधन केन्द्र, भनपा वडा नं. ५ भेलुखेलमा निर्माणाधीन पार्किङ स्थल र भनपा १० स्थित स्वास्थ्य केन्द्र भवनको बाँकी निर्माण कार्य सम्पन्न गरिनेछ । भनपा वडा नं. १ मा बहुउद्देश्यीय भवन निर्माण कार्य सुरु गरिनेछ । त्यसको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

६२) सम्पदातर्फ इन्द्रायणी द्यःछेँ पुनःनिर्माण, इखालाछी मठ पुनःनिर्माण, थंथु दरबार पुनःनिर्माण, दरबार क्षेत्रस्थित पाहाँ छेँ पुनःनिर्माण र सँला गणेश पोखरी पुनःनिर्माण कार्यलाई निरन्तरता दिइनेछ । छुमा गणेश द्यःछेँ पुनःनिर्माण र हाडा छेँ पुनःनिर्माण कार्य सम्पन्न गरिनेछ । खोला किनारका घाटहरू पुनःनिर्माण कार्यलाई योजनाबद्ध ढङ्गले अगाडि बढाइनेछ । त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६३) लिबाली आवास योजना र तुमचो दुगुरे आवास योजनाका सडकहरू क्रमशः कालोपत्रे गर्दै लगिनेछ । ख्वप कलेज, बंको हुँदै छालिङ गुडीसम्म खोला छेऊमा सडक (करिडोर) निर्माण कार्य अगाडि बढाइनेछ ।

## छ) युवा तथा खेलकुद

६४) हरेक वर्ष नियमित रूपमा आयोजना गर्दै आएको अन्तर नगर खेलकुद प्रतियोगिता र अन्तर विद्यालय खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ । नियमित खेलकुद प्रशिक्षणलाई निरन्तरता दिँदै थप खेलहरूको पनि प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

६५) उपयुक्त पोखरीलाई बालबालिकाहरूका लागि पौडी प्रशिक्षण पोखरीको रूपमा पूर्वाधार तयारी गरी सञ्चालनमा ल्याइनेछ ।

६६) विद्यालयहरूमा क्रमशः खेलकुद प्रशिक्षकको बन्दोबस्त गरी विद्यालय तहमा नै विभिन्न खेलहरूको नियमित प्रशिक्षणको व्यवस्था मिलाइनेछ । साथै विद्यालयहरूमा आत्मरक्षाको तालिम सञ्चालन गरिनेछ ।

६७) नगरभित्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूलाई भक्तपुर नगरपालिकाद्वारा सञ्चालित विद्यालय तथा कलेजहरूमा नगरपालिकाको

सिफारिसमा छात्रवृत्तिको व्यवस्था गरिनेछ । खेलाडी तथा प्रशिक्षक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६८) खेलकुद प्रशिक्षक र प्रशिक्षार्थीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

६९) खेलमैदानको आवश्यकतालाई ध्यानमा राखी भनपा वडा नं. २ स्थित शहीद स्मृति खेलमैदान र भनपा वडा नं. ७ स्थित महेश्वरी खेलमैदानलाई व्यवस्थित बनाउने प्रक्रियालाई अगाडि बढाइनेछ । नगरका उपयुक्त स्थानमा फुटसलको व्यवस्था गरिनेछ ।

७०) वडा खेलकुद समितिहरूलाई सक्रिय बनाई अन्तर वडा खेलकुद प्रतियोगिताहरूको आयोजना गर्न प्रोत्साहित गरिनेछ । त्यसको लागि आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

७१) वडा वडामा रहेका खुला व्यायामशालाहरू थप व्यवस्थित गर्दै आवश्यकताअनुसार व्यायामशालाहरू निर्माण गर्दै लगिनेछ ।

७२) नगरका विभिन्न स्थानमा रहेका टीम क्लबहरू परिचालन गरी वडास्तरमा पनि खेलकुद प्रशिक्षणलाई विस्तार गरिनेछ ।

७३) वडा वडामा नियमित प्रशिक्षण दिइरहेको छिकोङ शारीरिक व्यायाम प्रशिक्षणलाई विद्यालय स्तरमा विस्तार गरिनेछ ।

## ज) सहकारी

७४) सहकारी संस्थामार्फत नगरवासीहरूलाई वित्तीय साक्षरता तथा सामाजिक, सांस्कृतिक एवं आर्थिक स्तर विकासका लागि कक्षा सञ्चालन गरिनेछ ।

७५) सहकारी संस्थाहरूलाई प्रविधिमैत्री बनाउन डिजिटल अभिलेखीकरणको व्यवस्था गरिनेछ ।

७६) सहकारीमा रहेका रकम समाजसेवाको निम्ति पनि खर्च गर्न आदर निकेतन, शिशु स्याहार केन्द्र, स्वास्थ्य केन्द्र, उपभोक्ता पसलजस्ता सेवामूलक संस्था खोल्न प्रेरित गरिनेछ । यस्ता कार्यहरू नगरपालिकाले कार्यविधि बनाई साझेदारीमा सञ्चालन गर्न सकिने व्यवस्था मिलाइनेछ ।

७७) सहकारीहरूलाई उद्योग तथा अन्य उत्पादनमूलक गतिविधिमा आकर्षित गर्न सरोकारवालाहरूसित छलफल र अन्तरक्रियाहरू गरी विभिन्न कार्यक्रमहरू तय गरिनेछ ।

७८) नगर क्षेत्रभित्रका सहकारी संस्थाहरूको नियमित अनुगमनलाई निरन्तरता दिँदै समयानुकूल तालिमको व्यवस्था गरिनेछ ।

७९) गरिबीको कारण कुनै पनि विद्यार्थी उच्च शिक्षा हासिल गर्नबाट वञ्चित हुन नदिन सहकारी सदस्यहरूलाई शैक्षिक ऋणको व्यवस्था गर्न उत्साहित गरिनेछ ।

८०) बचत तथा ऋण सहकारी संस्थाहरूलाई पर्यटन उद्योग लक्षित होम स्टे, फेमिली स्टे सञ्चालनमा प्रोत्साहित गरिनेछ ।

८१) उत्कृष्ट सहकारी संस्थालाई मापदण्ड बनाई पुरस्कृत गरिनेछ ।

८२) 'एक सहकारी एक क्षेत्र सरसफाइ' कार्यक्रम तथा सांस्कृतिक प्रशिक्षणलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाउँदै लगिनेछ ।

## झ) वातावरण

८३) नगरभित्रका खोलाहरू नापी नक्साअनुसार पर्खाल उठाई सुधार कार्यलाई निरन्तरता दिइने र खोलाका किनाराहरूमा रुख-बिरुवा रोपी हरियाली प्रबर्द्धन गरिनेछ ।

८४) भक्तपुर नगर प्रवेश गर्ने मुख्य नाकाहरूमा हरियालीसहित उपयुक्त क्षेत्रहरूमा आकर्षक पार्कहरूको निर्माण गरिनेछ ।

८५) नगर क्षेत्रमा प्लास्टिकको विकल्प तयार गरी प्लास्टिकको प्रयोग न्यूनीकरण गर्दै लगिनेछ । घरदैलोबाटै प्लास्टिकजन्य, कागजजन्य र अन्य पुनःप्रयोग गर्न मिल्ने फोहोरहरू सङ्कलनको आवश्यक व्यवस्था गरिनेछ ।

८६) नगरका पोखरीलाई सौन्दर्यकरण गर्नुका साथै आयस्रोतको रूपमा विकास गर्दै लगिनेछ ।

८७) पुरानो नगर क्षेत्रमा क्रमशः सवारीसाधन निषेध गर्दै लगिनेछ । भविष्यमा नगरभित्र सवारीसाधन निषेध गर्न आवश्यक योजनाहरू तयार गरिनेछ ।

८८) पार्किङको समस्या दिनानुदिन भइरहेको कुरालाई ध्यानमा राखी मापदण्ड बनाई घरले चर्चेको क्षेत्रफलको आधारमा घरधनीहरूलाई नक्सापाससँगै सवारीसाधनको ग्यारेजको व्यवस्था आफैले बनाउनुपर्ने नीति लिइनेछ ।

## ञ) खानेपानी

८९) खानेपानीको प्राचीन स्रोतहरू इनार, ढुङ्गेधारा, पोखरीलगायतलाई परम्परागत शैलीमै संरक्षण गरिनेछ ।

९०) नगरकोटलाई जलाधार क्षेत्र घोषणा गराउन भइरहेको पहललाई निरन्तरता दिइनेछ र उक्त क्षेत्रको संरक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

९१) आकाशे पानी सङ्कलन कार्यका लागि नगरवासीहरूलाई प्रोत्साहित गरिनेछ । जल पुनर्भरणका लागि जोड दिइनेछ ।

९२) नगरभरि सबै क्षेत्रमा बसोबास गर्ने नागरिकहरूलाई मेलम्चीको पानी घर घरसम्म पुर्‍याइ खानेपानीको समस्या समाधान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

## ट) आत्मनिर्भरता

९३) नगरवासी युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत ब्याजदरमा युवा उद्यमशीलता ऋणको व्यवस्था गर्दै आएकोमा सो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९४) भक्तपुर नगरपालिकाले युवाहरूलाई सीपमूलक तालिमहरू सिकर्मी, डकर्मी, कम्प्युटर, बेकरी, सिलाइ, कुक, हेयर कटिङ, जुत्ता बनाउने, जग्गा नापजाँच, बुटिक, प्लम्बर, विद्युत्लगायतका तालिमहरू सञ्चालन गरिआएकोमा थप व्यापक बनाउँदै लगिनेछ । फ्रिज, वासिङ मेसिन, पानी तान्ने पम्प मर्मतलगायतका तालिमहरू सञ्चालनमा जोड दिइनेछ । होम स्टे र फेमिली स्टेको तालिमलाई अगाडि बढाइनेछ ।

## ठ) विपद् व्यवस्थापन

९५) प्राकृतिक, स्वास्थ्यजन्य तथा मानवीय गतिविधिका कारण आउन सक्ने सम्भावित विपद् न्यूनीकरणका उपायहरूबारे सचेतना अभियान सञ्चालन गरिनेछ । युवाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिनेछ ।

९६) विपद् प्रतिकार्यका आवश्यक सामग्रीहरू नगरपालिका र अन्तर्गतका शाखा तथा वडा कार्यालयहरूमा आकस्मिक प्रयोगका लागि व्यवस्था गरिनेछ ।

## ड) सुशासन

९७) कर्मचारी प्रशासनलाई चुस्त तथा सेवाग्राहीमैत्री बनाइनेछ ।

९८) कर्मचारीको मनोबल उच्च बनाउन कार्यसम्पादनमा आधारित दण्ड पुरस्कारको व्यवस्था गरिनेछ ।

९९) नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन (ओ. एण्ड एम.) सर्वेक्षण सञ्चालन गरिनेछ ।

१००) समय समयमा कर्मचारीहरूको क्षमता अभिवृद्धिसम्बन्धी तालिम प्रदान गरिनेछ ।

## ढ) विविध

१०१) भक्तपुरका मुख्य मुख्य पर्यटकीय स्थलहरूमा क्रमशः फ्रि वाइफाइको व्यवस्था गर्दै लगिनेछ ।

१०२) नगरपालिकाको आवश्यक विवरणहरू समावेश गरी नगर प्रोफाइल निर्माण गरिनेछ ।

१०३) नयाँ पुस्तामा श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न आवश्यक नीति बनाइनेछ ।

१०४) भक्तपुर नगरको पूर्वी क्षेत्रमा बढिरहेको यातायातको चापलाई ध्यानमा राखी यातायात व्यवस्थापनमा सहजता प्रदान गर्न भनपा वडा. नं. ८ स्थित लिवाली आवास क्षेत्रको खोला किनाराको सडक पिच गरी वैकल्पिक बाटोको रूपमा विकास गरिनेछ ।

१०५) नगरमा हुने आपराधिक गतिविधि न्यूनीकरण गर्न नगरका बाँकी स्थानहरूमा क्रमशः सीसी क्यामेरा जडान गर्दै लाने र रात्रीकालीन बत्तीको व्यवस्था गरी नगरवासीहरूलाई सुरक्षा प्रबन्धको प्रत्याभूति दिइनेछ ।

१०६) घरदैलो कर टोलीको गठन गरी कर सङ्कलनलाई अझ व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१०७) नगरका सडक तथा सम्पदाहरूको नियमित मर्मत सम्भार टोलीको व्यवस्था गरिनेछ ।

१०८) भक्तपुर नगरपालिकाको पूर्ण स्वामित्वमा रहेको औद्योगिक क्षेत्रस्थित पेपर रिसाइक्लिङ तथा हस्तकला

उद्योगमा आवश्यक जनशक्तिको व्यवस्था गरी व्यवस्थित सञ्चालन गरिनेछ ।

१०९) हनुमन्ते खोला दायाँबाँया सडक (करिडोर) निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

११०) नगरभित्रका पर्ती, सरकारी र सार्वजनिक जग्गाको संरक्षणका साथै नगरभित्र रहेका दाफा, भजन, सम्पदाहरूको व्यवस्थित अभिलेखीकरण गरिनेछ ।

१११) भक्तपुरको मौलिकता संरक्षण गर्न माटो जोडाईको घर निर्माण गर्ने नगरवासीहरूलाई विशेष सुविधा दिई प्रोत्साहन दिने नीति लिइनेछ ।

११२) नक्सापास प्रक्रिया तथा कर सङ्कलन सेवा अनलाइन मार्फत प्रदान गरिनेछ ।



११३) नगरका विभिन्न स्थानमा आवश्यकताअनुसार पार्किङ स्थलको व्यवस्थापन गरिनेछ ।

११४) सूर्यविनायक चोकबाट राममन्दिर हुँदै टौमढी आउने र वंशगोपालबाट बाराही मन्दिर हुँदै सूर्यविनायक जाने बाटोलाई एकतर्फी बनाइनेछ ।

११५) उद्योग क्षेत्रहरू उपत्यका बाहिर स्थानान्तरण गर्ने नेपाल सरकारको नीतिलाई सहयोग पुऱ्याउन भक्तपुरको घना बस्ती रहेको भक्तपुर औद्योगिक क्षेत्रलाई उपत्यका बाहिर स्थानान्तरण गर्न पहल गरिनेछ र त्यस क्षेत्रलाई घरेलु उत्पादनमा आधारित औद्योगिक ग्रामको रूपमा विकास गरिनेछ ।

११६) भनपा ६ महाकाली अँचा पोखरीस्थित हालै निर्माण सम्पन्न भएको आदर निकेतनमा आवश्यक जनशक्तिको व्यवस्था गरी सञ्चालनमा ल्याइनेछ ।

११७) उपभोक्ताहरूको हितलाई ध्यानमा राखेर नियमित रूपमा गर्दै आएको बजार अनुगमनलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

११८) जुजु धौ, ताइच्यून चिउरा, हाकुपटासी, भादगाउँले टोपी, तोरीको तेल, काष्ठकला, धातुकला, हस्तकला, मुकुण्डो निर्माणलगायत घरेलु उत्पादनलाई प्रोत्साहित गरिनेछ । समय समयमा घरेलु उत्पादन मेलाको आयोजना गरी प्रचारप्रसारमा जोड दिइनेछ ।

११९) देको मिवा इतापाके जग्गा एकीकरण आयोजनामा बाँकी भौतिक संरचना निर्माणलाई तीव्रता दिइनेछ र जग्गाधनी तथा मोहीहरूको जग्गा फिर्तालाई निरन्तरता दिइनेछ । गुठी जग्गा कमाउने किसानहरूको समस्या समाधानको लागि निरन्तर पहल जारी राखिनेछ ।

१२०) भक्तपुर नगरभित्रका व्यवसायीहरूलाई सहजताका लागि सम्बन्धित पक्षहरूसँग समन्वय गरी ढक तराजु नवीकरणको व्यवस्था नगरपालिकाभित्रै गर्ने व्यवस्था मिलाइनेछ ।

१२१) युवाहरूलाई लागु औषधिको दुर्व्यसनबाट टाढा राख्न नियन्त्रण र निषेधको नीति लिइनेछ ।

१२२) अपाङ्गता भएका र बालबालिकाहरूको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमलाई व्यापक छलफल गरी सभासद्हरूले पारित गर्न हार्दिक अनुरोध गर्दछौं ।

सुनिल प्रजापति

प्रमुख, भक्तपुर नगरपालिका

मितिः२०८२।३।६

## यता-उताबाट

**Question words**

Who-Person
Why-Reason
Which-Choice
Where-Place
When-Time
Whose-Possession
How-Manner
What-Object, Idea
How much-Quantity
How long-Duration

मन्तव्य

# नीति र बजेटले अल्पकालीन र दीर्घकालीन लक्ष्य र उद्देश्य पूरा गर्न विशेष भूमिका खेल्ने

– उपप्रमुख रजनी जोशी




देश र जनताको मुक्तिको लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु। भक्तपुर नगरका जनताको जीवन रूपान्तरणमा महत्त्वपूर्ण योगदान गर्नु हुने समाजका अग्रज व्यक्तित्वहरूप्रति सम्मान व्यक्त गर्दछु।

भक्तपुर नगरपालिकालाई नेपालकै उत्कृष्ट तथा नमुना नगरपालिकाको रूपमा विकास गर्न महत्त्वपूर्ण मार्ग निर्देशन गर्नु हुने नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेँज्यू र सम्पूर्ण कार्यकर्ताहरूप्रति हार्दिक आदर एवम् कृतज्ञता व्यक्त गर्दछु।

आज हामी यस नगरपालिकाको बजेट सम्बन्धी नगरसभाको उद्घाटन समारोहमा उपस्थित भएका छौँ। यो सभाले यस नगरपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र सोको लागि आवश्यक बजेट व्यवस्था गर्ने छ। यसले नगरपालिकाको अल्पकालीन र दीर्घकालीन लक्ष्य र उद्देश्य पूरा गर्न विशेष भूमिका खेल्नेछ।

भक्तपुर नगरपालिकाले अग्रजहरूले तयार पारेको मार्गचित्र अनुसार कला, संस्कृति, सम्पदा संरक्षण गर्दै पर्यटन उद्योगको विकास गरी नगरको शिक्षा, स्वास्थ्य, सरसफाइ, सामाजिक विकासलगायतका क्षेत्रमा कार्य गर्दै आएको हामी सबैमा विदितै छ। यस वर्ष हामीले भ.न.पा. ४ ग:हितिस्थित लक्ष्मीनरसिंह मन्दिर पुरानै शैलीमा पुन: निर्माण सम्पन्न गरी उद्घाटन गर्‍यौँ। यसले टौमढी र ग:हितिको सांस्कृतिक वैभवता मात्र बढाएको नभई हामी सबैमा लोप भइसकेका हाम्रा अमूल्य मठ, मन्दिर, पाटी, पौवा, सत्तल, देवालय, शिक्षालय, वहा, वही पुन: निर्माण गर्न सकिने मनोबल बढेको छ। यो पुन: निर्माण कार्यले विभिन्न समयमा विभिन्न कारणले लोप भएका सम्पदाहरू पुन: निर्माण गर्न हामी सबैमा उत्साह बढेको छ।

सम्पूर्ण नगरवासीहरूको साथ र सहयोगमा यहाँका अमूर्त सांस्कृतिक सम्पदाहरू नाच, गान, बाजा, सीप, कलाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन कार्यलाई पनि नियमित रूपमा अगाडि बढाइरहेका छौँ।

गाईजात्रामा सांस्कृतिक महोत्सव, सांस्कृतिक बाजा प्रतियोगिता, सांस्कृतिक गुरु सम्मान, भौतिक एवम् आर्थिक सहयोग यस कार्यको निरन्तरताका केही उदाहरणहरू हुन्। स्थानीय स्रोत, साधन र सीपमा आधारित मौलिक उत्पादनको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र बजारीकरणको लागि विभिन्न मेला, कार्यक्रम र योजनाहरू सञ्चालन गरिरहेको जानकारी गराउन चाहन्छु।

शिक्षित र सबल युवा जनशक्तिलाई विदेशिने क्रमलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ युवाहरूलाई स्वरोजगार बनाउन युवा उद्यमशील ऋण, युवा उद्यमशिलता तालिम, सीपमूलक तालिम प्रदान गरिरहेका छौँ। साथै विभिन्न भाषा, गाईड, पाक शिक्षा जस्ता तालिमको व्यवस्था गरी पर्यटन उद्योगको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुर्‍याइरहेका छौँ। यसले भक्तपुरको पर्यटन विकासमा विशेष सहयोग पुग्ने विश्वास लिएका छौँ।

यस नगरको गौरवको योजनाको रूपमा अरनिको सभा भवनको निर्माण कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ। अरनिको सभा भवनको निर्माण सम्पन्न भएपछि भक्तपुर सभा, सम्मेलन र गोष्ठीको लागि पनि गन्तव्य बन्ने विश्वास लिएका छौँ।

नगरको फोहोर व्यवस्थापनमा चुनौतीहरू थपिने क्रममा रहेको छ। यसलाई व्यवस्थित गर्न विभिन्न उपायहरू अवलम्बन गरिरहेका छौँ। नकुहिने फोहोर अन्तिम विसर्जन चुनौती बनेको छ। यसलाई पुन: प्रयोग गर्न मिल्ने वस्तुहरू छुट्याई सङ्कलन गर्न सकिए विसर्जन गर्नुपर्ने फोहोरको परिमाण न्यून हुन सक्छ। यसमा आवश्यक जनचेतना अभिवृद्धि र आवश्यक कार्यक्रम तयार गरी कार्य गर्दै आएका छौँ। कुहिने फोहोरबाट उत्पादित प्राङ्गारिक मल सहुलियत दरमा कृषकहरूलाई उपलब्ध गराई कृषकहरूलाई प्रवर्द्धन गरिरहेका छौँ।

कृषि तालिम, बीउ विजन वितरण, कौसी खेती तालिमलगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गरी कृषि उत्पादन वृद्धि गर्न आवश्यक सहयोग गर्दै आएका छौँ।

हस्तकला, घरेलु तथा साना उद्योगको विकास गरी नगर र नगरवासीहरूको आर्थिक विकास गर्ने उद्देश्यसाथ

विभिन्न सरोकारवाला सङ्घ संस्थाहरूसँग सहकार्य गर्दै विभिन्न कार्यक्रम सञ्चालन भइरहेको छ।

खानेपानी, ढल निकास, हनुमन्ते र खासाङ खुसुङ खोला सुधार र व्यवस्थापन भक्तपुरको चुनौतीको रूपमा रहेका छन्। यसको समाधान र व्यवस्थापनको लागि सरोकारवाला सङ्घ संस्थाहरूसँग सहकार्य र समन्वय गरी पहल भइरहेको छ।

नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई गुणस्तरीय र झन्झटरहित बनाउन नयाँ प्रविधि प्रयोग गरी अनलाईन सेवा प्रवाहको लागि तयारी भइरहेको जानकारी गराउन चाहन्छु।

अन्तमा कार्यव्यस्तताको बाबजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी आजको १८ औं नगरसभामा उपस्थित हुनु भएका प्रमुख अतिथि, अतिथि गणहरूलगायत सम्पूर्ण महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्दै पुनः एक पटक अभिवादनसहित बिदा हुन्छु। धन्यवाद !

(भक्तपुर नपाको अठारौँ नगरसभाको उद्घाटन समारोह (असार ६ गते) मा उपप्रमुख रजनी जोशीले व्यक्त गर्नुभएको मन्तव्य))

## हाम्रा पुराना मूर्ति



**मारविजया (काष्ठ) (१७ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

**मजदुर** *The Worker Daily* दैनिक

## भक्तपुर नगर साँच्चै आदर्श नगर होस्

सङ्घ र प्रदेशमा सरकारी नीति तथा कार्यक्रम र अनुमानित बजेट सार्वजनिक भएसँगै स्थानीय तहले पनि नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्न थालेको छ। हरेक वर्ष असार १० गतेभित्र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गरी बजेट पेस गर्नुपर्ने मान्यताअनुसार स्थानीय तहले सो कार्य गर्न थालेको हो। यस सिलसिलामा भक्तपुर नगरपालिकाले असार ६ गते नीति तथा कार्यक्रम सार्वजनिक गऱ्यो। निर्वाचनताका जारी भएको घोषणापत्र, जनताको सुझाव र सल्लाहको आधारमा भक्तपुर नपाले नीति तथा कार्यक्रम सार्वजनिक गर्दै आएको हो। राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा गर्नुपर्छ भन्ने भावनालाई आत्मसात गरी भक्तपुर नपाले कार्य गरिरहेको जनताको अभिमत छ।

भक्तपुरलाई देशकै नमुना नगर बनाउने उद्देश्यअनुरूप भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण र विकासमा जोड दिइरहेको छ। सांस्कृतिक नगर, पर्यटकीय गन्तव्यस्थल, सम्पदा संरक्षित सहर, ज्ञान विज्ञानको केन्द्र, सफा, स्वच्छ र सभ्य नगर बनाउने भक्तपुर नगरपालिकाको अभियान चालु छ। भक्तपुर नगरलाई अध्ययन र अनुसन्धान केन्द्र बनाउने भक्तपुर नपाको योजना स्वदेशी विदेशीहरूको आकर्षणस्थल मात्र होइन भक्तपुर नगर अन्य नगरपालिकाको निम्ति सिक्ने र अनुकरण गर्ने थलो बनेको छ। भक्तपुर नपाले 'ख्वप अनुसन्धान केन्द्र' बनाउने नीति तय गरेको छ। आर्थिक समस्या भएका विद्यार्थीहरूलाई शैक्षिक ऋणको व्यवस्था, इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपालभाषा, दर्शनशास्त्रजस्ता विषय लिएर पढ्ने नगरवासी विद्यार्थीहरूको लागि विद्यावारिधीसम्म छात्रवृत्तिको व्यवस्था गर्ने काम सकारात्मक पक्ष हो। नगरवासीहरूलाई भक्तपुर नपाले प्रदान गर्दै आएको निःशुल्क अक्सिजन, निःशुल्क रगतले बिरामीहरूको निम्ति ठूलो सहयोग पुऱ्याएको छ। आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन वडावडामा स्वास्थ्य सेवा केन्द्र, वडा-वडामा शिशु स्याहार केन्द्रको विस्तार भक्तपुर नपाका अनुकरणीय पाइलाहरू हुन्।

हो, भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउन भक्तपुर नपाले पहल गर्नु जरूरी छ। वास्तवमै भक्तपुर

नगर सांस्कृतिक नगर हो; सरकारले घोषणा गर्न मात्र बाँकी छ। यसमा सरकारले विलम्ब गर्नुहुँदैन। यहाँ मठ, मन्दिर, सत्तल, पाटी, पौवा, धारा, पोखरी, इनार, चोक, बिहार, बहामात्र होइन, चित्रकला, धातुकला, काष्ठकलामा पनि बेजोड नमुनाको छ। वास्तवमा भक्तपुर नगर जीवित सङ्ग्रहालय नै हो। अझ स्वदेशी विदेशी पर्यटकहरूलाई घुम्नैपर्ने थलो बनाउन एउटा छुट्टै जीवित सङ्ग्रहालय बनाएमा सुनमा सुगन्ध हुनेछ। जीवित सङ्ग्रहालयमा यहाँ उत्पादन भएका, प्रयोग भएका माटो, काठ, फलामका सामान, घरेलु सामान, माटाका सबै भाँडाकुँडा, पोशाक, पहिले चिउरा बनाउने र धान कुट्ने सामग्री, मानिसको जनजीवनमा प्रयोग हुने सामग्री, हातहतियार, वाद्यवादन आदि समेतको एउटा सङ्ग्रहालय भयो भने त्यो देशकै निम्ति एउटा अनुकरणीय कदम हुनेछ। यो आन्तरिक र बाह्य पर्यटकहरूको निम्ति हेर्नैपर्ने सङ्ग्रहालय हुनेछ। यो यहाँको एक अर्को आयस्रोतको थलो बन्ने छ। विभिन्न उत्सव या पर्वमा सन्ध्याकालीन सांस्कृतिक प्रस्तुति पनि पर्यटकहरूको निम्ति अर्को आकर्षण हुनेछ। यसले पर्यटन व्यवसायी, सांस्कृतिक टोलीलाई मात्र होइन नपालाई पनि सहयोग गर्नेछ।

भक्तपुर नपाले चालु राखेको अरनिको सभा भवन पूरा भएपछि यो नगरको अर्को गतिलो काम हुनेछ र नपाको एउटा अर्को आर्थिक स्रोत हुनेछ। नाचगान, सभा, समारोह, नाटक, ख्याल मञ्चनको निम्ति अरनिको सभा भवन आवश्यक पनि छ। शीत भण्डार पनि त्यतिकै आवश्यक छ। शीत भण्डारको अभावले सबै किसानले आफूसँग रहेको आलु भण्डारण गर्न पाएका छैनन्। भएको शीत भण्डार पनि टाढा छ। अर्को वर्षसम्ममा शीत भण्डार सञ्चालन गर्न पाए किसानहरूको निम्ति राहत हुनेछ।


भक्तपुर नपाको नीति तथा कार्यक्रममा आगामी वर्षदेखि आदर निकेतन सञ्चालन गर्ने उल्लेख छ। आदर निकेतनले कष्टकर जीवन बिताइरहेका वृद्धवृद्धाहरूको निम्ति राहत हुनेमा शङ्का छैन। खानेपानीको मुहान रहेको नगरकोटलाई जलाधार क्षेत्र घोषणा गर्नुपर्छ। वरपरको जङ्गल मास्न दिनुहुँदैन। वरपर खेल मैदान, अन्य भौतिक संरचना बनाउँदा जङ्गल मासिन्छ र पानीको स्रोत सुक्छ। अतः जलाधार क्षेत्र घोषणा गरेर आवश्यक वृक्षरोपण भएमा खानेपानीको स्रोत सुक्नेछैन। यसले भक्तपुरवासीहरूको निम्ति राहत हुनेछ।

शान्त वातावरणमा सुरक्षित र सहज जीवन बिताउने, नागरिक भावना जगाउने, सांस्कृतिकर स्तर उठाउने, हत्या हिंसा र आत्महत्याका घटनालाई दुरुत्साहित बनाउने, देशभक्त बनाउने, शिष्ट, सभ्य बन्ने र बनाउने, आपत्‌विपत् या सङ्कटमा एकले अर्कोलाई सहयोग गर्ने काममा हामी अघि बढ्यौँ भने पक्कै पनि भक्तपुर नगर नेपालको लागि नमुना नगरपालिका बन्ने छ र विश्वकै लागि हेर्नैपर्ने, घुम्नैपर्ने नगर बन्नेछ।

स्वच्छ र सभ्य नागरिक हुन, सुनिश्चित जीवन बिताउन काममामको पनि त्यतिकै बन्दोबस्त हुनु आवश्यक छ। कसैले कसैमाथि शोषण नगर्न र नगराउन, कसैले कसैमाथि आपराधिक काम र अनियमित काम नगर्न र नगराउनेतर्फ पनि हाम्रो ध्यान जानु आवश्यक छ। ज्येष्ठ नागरिकहरूप्रति सन्तानको माया मोह बढाउने, आवश्यक हेरविचार तथा पालनपोषण गर्न गराउन कर्तव्यबोध गराउनुपर्ने हाम्रो अर्को जिम्मेवारी छ। समाज सेवा गर्ने, कुलतबाट मुक्त हुने आदि काम भयो भने भक्तपुर नगर साँच्चै आदर्श नगर हुनेछ।

(मजदुर दैनिक, सम्पादकीय, २०८२ असार ७ गतेबाट)

## हाम्रो स्थानीय तह




### टोखा नपा, काठमाडौँ

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | २५५६१ | ३७०२५ |
| जनसङ्ख्या | ९९०३२ | १३३७५५ |
| परिवार आकार | | ३.६१ |
| लैङ्गिक अनुपात | | ९८.९७ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | २.८८ |
| जनघनत्व | | ७८१७ |
| साक्षरता दर प्रतिशत | | ९१.०५ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

# पहिलो बैठक
(२०८२ असार ६ गते)

## भक्तपुर नपाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित




भक्तपुर नगरपालिकाको अठारौँ नगरसभाको पहिलो बैठक असार ६ गते बस्यो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको बैठकबाट आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गर्‍यो।

बैठकमा नगर प्रमुख **प्रजापति**ले नीति तथा कार्यक्रममाथि छलफलमा उठेका जिज्ञासामाथि प्रष्ट पार्नुहुँदै सभाबाट आएका सुझावहरू सकारात्मक रहेको बताउनुहुँदै नीति तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने पक्षमा नगरपालिकाले विशेष जोड दिने बताउनुभयो ।

सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको नगरसभा समुद्घाटन गरी जनप्रतिनिधि एवम् कर्मचारीहरूलाई मार्गनिर्देशन दिनुभएकोमा प्रमुख अतिथि नेमकिपाका सचिव प्रेम सुवाल, महत्त्वपूर्ण मन्तव्य व्यक्त गर्नुभएका विशिष्ट अतिथिहरूलगायतलाई हार्दिक धन्यवादज्ञापन गर्दै धन्यवाद प्रस्ताव पारित गर्‍यो।

सल्लाघारी पर्खाल निर्माणको लागि नपाले १ करोडभन्दा बढी बजेट छुट्याइएको तर पर्खाल निर्माणको क्रममा नेपाली सेनाबाट अवरोध सिर्जना हुँदा सो कार्य अगाडि बढ्न नसकेको बताउनुहुँदै उहाँले भक्तपुर नपा र नेपाली सेनाबिच सहमतिको आधारमा उक्त पर्खाल निर्माण कार्य अगाडि बढ्ने बताउनुभयो। सरकारी जग्गाको संरक्षणको जिम्मा स्थानीय तहको पनि हो भन्नुहुँदै उहाँले पीआईडीको ढल निर्माण कार्य प्राविधिक कारणले समस्या आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रममाथि भएको छलफलमा ९ जना सभासद्हरूले आ-आफ्नो विचार राख्नुभयो। प्रस्तुत नीति तथा कार्यक्रममाथि सभासद्हरू रामसुन्दर बासी, सूर्यप्रसाद श्रेष्ठ, नारायणप्रसाद त्वानाबासु, मन्जु लाखाजु, जितेन्द्र मुनंकर्मी, कृष्णगोपाल चौगुठी, हरिरत्न गोर्खाली, सिद्धिराम अवाल र गोविन्द दुवालले ढल व्यवस्थापनको विषयलाई नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने, कृषि बजार वडा वडामा विस्तार गर्ने नीति लिनुपर्ने, ऐतिहासिक चोडा गणेश मन्दिरलाई भक्तपुर नगरपालिकाको मातहतमा ल्याउन पहल गर्नुपर्ने, भूमिगत तारको फाइदा र असरबारे प्राविधिकबाट अध्ययन हुनु जरुरी रहेको, २० मिटरको प्रावधानलाई फुकुवा गरी नक्सा पासको प्रक्रिया अगाडि बढाउन सहजता प्रदान गर्नुपर्ने, कर्मचारीहरूलाई अद्यावधिक तालिम र कार्यसम्पादक मूल्याङ्कन गर्न निरीक्षण टोली बनाएर अगाडि बढ्नुपर्ने, कयतामरु घाटमा पुल बनाउनुपर्ने, कासान खोलाको दायाँ बायाँ व्यवस्थित करिडोर निर्माण गर्नुपर्ने, एसईई र प्लस


रामसुन्दर


सूर्यप्रसाद


नारायणप्रसाद



मन्जु


जितेन्द्र


कृष्णगोपाल


हरिरत्न


सिद्धिराम


गोविन्द

टु सकाएर बसेका विद्यार्थीलाई ए.आई. सम्बन्धी तालिम दिनुपर्ने, स्थानीय पथ प्रदर्शक तालिम लिन युवाहरू इच्छुक देखिएको हुँदा यो तालिमलाई पुनः सञ्चालन गर्ने नीति आवश्यक भएको, गाडी मर्मतको लागि वर्कशप खोल्नुपर्ने, नगरका ठाउँ ठाउँमा सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने, ढल निकास सफा गर्ने नयाँ जेट मेसिनको आवश्यकता रहेको, नगर प्रवेश गर्ने बाराहीस्थानमा कलात्मक ध्वाका निर्माण गर्नुपर्ने, ख्वप अस्पतालमा पोषणविद्को व्यवस्था गर्नुपर्ने, सदस्य सङ्ख्याको आधारमा सहकारी मर्ज गर्ने नीति लिइनुपर्ने, ख्वप अस्पतालबाट उपलब्ध गराइने औषधीको गुणस्तर जाँचेर मात्र औषधी वितरण गर्नुपर्ने, भनपा वडा नं. १० स्थित सुकुना, थली र मुलाँला फाँटमा आवास योजना सञ्चालन गर्नुपर्ने, अरनिको राजमार्ग निर्माण कार्य छिटो सम्पन्न गर्न पहल गर्नुपर्ने, छिमेकी नपासँग समन्वय गरी खोला किनारको मापदण्ड निर्धारण गर्नुपर्ने लगायतका धारणा राख्नुभयो ।

नगरसभाको अर्को बैठक २०८२ असार ८ गते आइतबार दिनको १ बजे बस्नेगरी स्थगित भयो ।



नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# दोस्रो बैठक

(२०८२ असार ८ गते)

## भक्तपुर नपाको अनुमानित बजेट रू. २ अर्ब ४७ करोड ३१ लाख ११ हजार



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार ८ गत बसेको अठारौँ नगरसभाको दोस्रो बैठकमा उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व. २०८२/८३ को अनुमानित आय–व्यय बजेट प्रस्तुत गर्नुभयो ।

भक्तपुर नगरपालिकाको आफ्नै स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम साथै नगरपालिकाको जग्गा बिक्रीसमेत गरी गरी आ.व. २०८२/८३ को लागि रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजारको बजेट प्रस्तुत भयो ।

विनियोजित बजेटको चालू खर्चतर्फ १ अर्ब ५२ करोड ५३ लाख ११ हजार रुपैयाँ अर्थात् ६१.६७ प्रतिशत र पुँजीगत खर्चतर्फ ८० करोड ४८ लाख रुपैयाँ अर्थात् ३२.५४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १४ करोड ३० लाख अर्थात् ५.७८ प्रतिशत विनियोजन गरेको छ ।

बजेट वक्तव्यमा नगरवासी जनताहरूको भावनाबमोजिम विभिन्न शैक्षिक विकास र शिक्षा क्षेत्रका लागि रु. ५४ करोड ४ लाख ६३ हजार रुपैयाँ अर्थात् कुल बजेटको २१.८५ प्रतिशत बजेट विनियोजन गरेको छ ।

ख्वप अस्पताललाई आधुनिक सुविधा सम्पन्न बनाउन र अस्पतालको स्तरीकरण समेतका लागि रु. ५ करोड बजेटको व्यवस्था गरेको छ । खँचापुखु स्वास्थ्य चौकी निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गर्ने गरी रु. ७५ लाख बजेट विनियोजन गरेको छ । स्वास्थ्य क्षेत्रका लागि भक्तपुर नपाले आगामी आ.व.मा रु. १० करोड ३७ लाख ५० हजार विनियोजन गरेको छ ।

भक्तपुरमा रहेका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणलाई निरन्तरता दिँदै ऐतिहासिक र धार्मिक महत्त्व बोकेका विभिन्न स्थानका घाटहरू सुधारका लागि गुरुयोजना बनाई अगाडि बढाउन रु. ३७ लाख ५० हजार विनियोजन गरेको छ भने थन्थु दरबार पुन:निर्माणको लागि रु. ३ करोड र लायकु पाहाँ छँको लागि रु. ८५ लाख र भनपा ४ स्थित इखालाछी मठ पुन:निर्माणलाई रु. १ करोड ६० लाख बजेट विनियोजन गरेको छ ।

साथै इन्द्रायणी द्य:छेँ पुन:निर्माण कार्य आगामी आ.व. सम्ममा सम्पन्न गर्ने गरी रु. ३० लाख बजेट विनियोजन गरेको छ । सिद्धपोखरी पेटी पुन:निर्माणको लागि रु. १ करोड, दही विनायक द्य:छेँ पुन:निर्माणको लागि रु. ५० लाख र इशानेश्वर मन्दिर निर्माणको लागि रु. ३० लाख, रात्रीकालीन बत्ती व्यवस्थाको लागि रु. १ करोड बजेट विनियोजन गरेको छ । सम्पदा पुन:निर्माण तथा संस्कृति संरक्षणमा आगामी आ. व. का लागि रु. १२ करोड ६८ लाख ५० हजार (५.१३ प्रतिशत) विनियोजन गरेको छ ।

कृषि क्षेत्रअन्तर्गत नगरको उपयुक्त स्थानमा आधुनिक पशु वधशाला निर्माणको लागि रु. २५ लाख, शीत भण्डार गृह निर्माण सञ्चालनको लागि रु. १ करोड र तरकारी बजार निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन रु. ३० लाख बजेट विनियोजन गरेको छ ।




नगरभरका नागरिकहरूलाई पानी घर घरमा पुऱ्याई खानेपानीको समस्या समाधान गर्न रु. ५० लाख बजेट विनियोजन गरेको छ भने वातावरण तथा सरसफाइका लागि रु. २० करोड २२ लाख (८.१८ प्रतिशत), पर्यटन प्रवर्द्धनमा रु. ४ करोड ९० लाख (१.९८ प्रतिशत) विनियोजन गरेको छ ।

अरनिको सभाभवन निर्माण निरन्तरताको लागि रु. १४ करोड ९० लाख, देको मिवा इतापाके जग्गा एकीकरणको लागि रु. ४ करोड, भार्वाचोमा बहुउद्देश्यीय भवन निर्माणको लागि रु. १ करोड २५ लाख, पार्किङ स्थलको व्यवस्थातर्फ



रु. ६० लाख बजेट विनियोजन गरेको छ।

खेलकुद अन्तर्गत खेलकुदको नियमित प्रशिक्षणको लागि रु. १ करोड, पौडी प्रशिक्षण केन्द्रको लागि रु. ५० लाख, शहीद स्मृति खेलमैदान निर्माणको लागि रु. १ करोड, माहेश्वरी खेलमैदानलाई रु. २ करोड बजेट विनियोजन गरेको छ।

सीपमूलक तालिमको लागि रु. २५ लाख बजेट विनियोजन गरेको छ भने क्यान्सर, मुटुरोग, मस्तिष्कघाट, स्पाइनल कर्ड इन्जुरी जस्ता दीर्घ रोग लागेका बिरामीहरूलाई नगरपालिकाबाट दिँदै आएको रु. १५ हजार आर्थिक सहयोगलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छ।

विविध योजना तथा कार्यक्रमतर्फ ९ करोड १४ लाख रुपैयाँ विनियोजन गरेको छ।

नगरसभाको सोही बैठकमा उपप्रमुख जोशीले **'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०८२'**, **'भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०८२'** सभासमक्ष प्रस्तुत गर्नुभएको थियो।

नगरसभाको अर्को बैठक असार १० गते दिनको १ बजे बस्ने गरी स्थगित भयो।

## Word Search

Albert Einstein

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| N | N | D | R | A | U | D | E | L | E | A | L |
| K | N | O | W | L | E | D | G | E | L | V | I |
| S | E | N | M | B | S | L | E | M | E | E | S |
| T | N | E | A | E | M | R | N | A | C | L | I |
| S | N | U | T | R | A | E | I | G | T | I | M |
| E | L | E | H | T | R | S | U | N | R | M | A |
| M | T | M | G | E | T | E | S | E | I | H | G |
| P | H | Y | S | I | C | I | S | T | C | N | I |
| E | L | S | A | N | L | L | L | I | I | A | N |
| S | I | I | L | S | I | L | N | S | T | M | A |
| H | A | N | S | T | M | U | E | M | Y | R | T |
| A | C | I | R | E | M | A | E | T | I | E | I |
| P | H | Y | S | I | C | S | C | I | N | G | O |
| T | S | I | T | N | E | I | C | S | C | I | N |

ALBERT EINSTEIN
PHYSICIST
IMAGINATION
ELECTRICITY
GERMAN
KNOWLEDGE
INTELLIGENT
MAGNETISM
SCIENTIST
SMART
PHYSICS
ULM
AMERICA
MILEVA
EDUARD
ELSA
LIESERL
MUNICH
HANS
GENIUS
MATH

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

# भक्तपुर नपाको आव २०८२/८३ को अनुमानित आय-व्यय

**भक्तपुर नपाको अठारौं नगरसभाको असार ८ गते बसेको बैठकमा उपप्रमुख रजनी जोशीले प्रस्तुत गर्नुभएको आ.व. २०८२/८३ को अनुमानित आय-व्यय मन्तव्यको पूर्णपाठ**



### सभाध्यक्षज्यू एवं सभासद मित्रहरू,

● उपस्थित सम्पूर्णमा भक्तपुर नगरपालिकाको १८ औँ नगरसभामा हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्दछौँ ।

● प्रजातन्त्र पुन:स्थापनाको लागि विभिन्न चरणमा भएका जनआन्दोलन र सङ्घर्षहरूमा जीवन उत्सर्ग गर्नुभएका प्रात: स्मरणीय शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै विभिन्न समयकालमा भएका जनआन्दोलनहरूमा घाइते भएका, प्रवास तथा भूमिगत भएर राजनैतिक र सामाजिक परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्नुभएका सम्पूर्ण योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौँ ।

● नेपाल मजदुर किसान पार्टीको तर्फबाट निर्वाचित हामी जनप्रतिनिधिहरू पार्टीको सिद्धान्त र विचारलाई आत्मसात गर्दै जनताको सेवामा समर्पणभावले लागिरहेका छौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ का. नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित पुस्तक 'सय वर्षपछिको भक्तपुर' तथा पार्टीको घोषणापत्रलाई सार्थकता दिन हामी जनप्रतिनिधिहरू निरन्तर लागिरहेका छौँ र भविष्यमा समेत लागिरहनेछौँ ।

● भक्तपुर नगरलाई एक नमुना नगरको रूपमा अघि बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने पार्टीका नेता, अग्रज कार्यकर्ता, स्थानीय जनता, पूर्व जनप्रतिनिधिहरूलगायत सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ । यसरी अग्रजहरूले अँगाल्नुभएको इमानदारी तथा सत्मार्गमा हामी सम्पूर्ण जनप्रतिनिधिहरू नि:स्वार्थपूर्वक जनताको सेवामा रहने अठोटकासाथ हामी अघि बढिरहेका छौँ ।

● सम्पूर्ण नगरवासीहरूको इच्छा आकाङ्क्षाअनुरूप ऐतिहासिक एवम् सांस्कृतिक नगरका नगरवासीहरूको जनजीविकासँग जोड्दै यस्ता सांस्कृतिक गतिविधिहरूलाई भविष्यमा समेत निरन्तरता दिँदै जानेछौँ ।

● विश्व सम्पदा क्षेत्रमा सूचीकृत हाम्रो नगर भक्तपुरमा पर्यटकहरूको बढीभन्दा बढी आगमन गराउन समय समयमा विभिन्न उत्सवहरू, सन्ध्याकालीन पदयात्रा तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरी भक्तपुरको जीवन्त नगरको परिचयलाई निरन्तरता दिने सम्बन्धमा आवश्यक प्रवन्ध गर्दै आएका छौँ ।

### सभासद्ज्यूहरू,

● नेपाली युवाहरू रोजगारी तथा उच्च शिक्षा अध्ययन गर्न विदेश पलायन हुने क्रम बढ्दो छ । देश युवाविहीन र ज्येष्ठ नागरिकहरूको देशको रूपमा अघि बढिरहेको चिन्ताजनक अवस्थामा सरकारले यसको जिम्मेवारी वहन गर्नुपर्छ । नगरका युवाहरूलाई देशमै जीवनयापनको लागि आवश्यक सीपयुक्त तालिमहरू प्रदान गर्दै आएकोमा यस्ता कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिँदै उद्यमशीलताको लागि उद्यमशील ऋणलाई व्यापक बनाउने प्रयास गर्दैछौँ ।

● महिला, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत समुदाय, अति विपन्न जनसमुदाय आदिलाई सामाजिक र आर्थिक विकासको मूलधारमा ल्याउन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने प्रयास गर्दैछौँ ।

● भक्तपुर नगरपालिका सामाजिक विकासको लागि समावेशिताको सिद्धान्त अनुसार विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन एवं सुशासन लागु गरी उन्नत समाज निर्माण गर्न अघि बढिरहेको छ ।

● वि.सं. २०७९ मा भएको स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमार्फत जनतासमक्ष गरेको वचन पूरा गर्न शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खानेपानी, सरसफाइ, पर्यटन, भौतिक पूर्वाधार तथा सुशासन प्रवर्द्धन, उपलब्ध स्रोत र साधनको अधिकत्तम उपयोग गरी स्थानीय युवाहरूलाई उद्यमशील तथा स्वरोजगारलगायतका कार्यलाई प्राथमिकताकासाथ नगर प्रमुखज्यूले प्रस्तुत गर्नुभई यस सभाबाट पारित भएको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न यो बजेट केन्द्रित भएको व्यहोरा जानकारी गराउँदछौँ ।

## सभाध्यक्षज्यू,

अब म चालु आ.व. २०८१/८२ को बजेट कार्यान्वयनको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.** चालु आ.व. २०८१/८२ का लागि कुल २ अर्ब ६६ करोड ४३ लाख १० हजार रुपैयाँको अनुमानित बजेट तयार गरिएको थियो । जसमध्ये नगरपालिकाको आन्तरिक आयतर्फ ६५ करोड ८३ लाख १० हजार रुपैयाँ आम्दानी हुने अपेक्षा गरिएकोमा २०८२ जेठ मसान्तसम्ममा ४९ करोड २१ लाख २५ हजार रुपैयाँ यथार्थ आम्दानी भयो, जुन अनुमानित आम्दानीको ७४.७५ प्रतिशत हुन आउँछ । सम्पत्ति तथा भूमिकर, घर बहाल कर, पर्यटन सेवा शुल्क, व्यवसाय कर, नगरपालिकाद्वारा उत्पादित कम्पोष्ट मल बिक्री, पार्किङ तथा जल मनोरञ्जन शुल्क, छायाङ्कन दस्तुरलगायतमा चालु आ.व.का लागि अनुमान गरिए बमोजिम आम्दानी भएको देखिन्छ ।

**२.** बाह्य श्रोततर्फ राजश्व बाँडफाँडमा सङ्घ, प्रदेश र मालपोत रजिष्ट्रेशन समेत गरी १७ करोड २९ लाख १३ हजार रुपैयाँ अनुमान गरिएकोमा चालु आ.व.को जेठ मसान्तसम्ममा १५ करोड ११ लाख ८४ हजार रुपैयाँ प्राप्त भई ८७.४३ प्रतिशत प्रगति भयो । राजश्व बाँडफाँड समेत नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान, सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड नेपालबाट गरी कुल वाह्य श्रोत रु. १ अर्ब ८० करोड २२ लाख १८ हजार प्राप्त हुने अनुमान गरिएकोमा चालु आ.व.को जेठ मसान्तसम्ममा कुल १ अर्ब २५ करोड १४ लाख ९ हजार रुपैयाँ अर्थात् ६९.४४ प्रतिशत आम्दानी भएको जानकारी गराउँदछौँ ।

**३.** चालु आ.व. २०८१/८२ मा चालु खर्चतर्फ रु. १ अर्ब ५७ करोड ३ लाख १० हजार विनियोजन गरिएकोमा २०८२ जेठ मसान्तसम्मको कुल चालु खर्च १ अर्ब ६ करोड ९ लाख ४९ हजार रुपैयाँ अर्थात् ६७.५६ प्रतिशत भएको छ । असार मसान्तसम्ममा चालु खर्च बढेर रु. १ अर्ब ३० करोड ८२ लाख ९२ हजार खर्च हुने संशोधित अनुमान छ ।

**४.** पूँजीगत खर्चतर्फ चालु आ.व. २०८१/८२ मा रु. ९९ करोड ४० लाख विनियोजन गरिएकोमा २०८२ जेठ मसान्तसम्ममा रु. ४४ करोड ६४ लाख ४४ हजार अर्थात् ४४.९१ प्रतिशत यथार्थ खर्च भयो भने असार मसान्तसम्ममा उक्त खर्च बढेर रु. ५९ करोड ५३ लाख ६० हजार हुने संशोधित अनुमान छ ।

**५.** वित्तीय व्यवस्थातर्फ चालु आ.व. २०८१/८२ मा रु. १० करोड विनियोजन गरिएकोमा २०८२ जेठ मसान्तसम्ममा रु. ६ करोड २८ लाख ५४ हजार अर्थात् ६२.८५ प्रतिशत खर्च भयो भने असार मसान्तसम्ममा उक्त खर्च बढेर ११ करोड रुपैयाँ हुने संशोधित अनुमान छ ।

**६.** चालु, पूँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च जोड्दा असार मसान्तसम्ममा रु. २ अर्ब १ करोड ३६ लाख ५२ हजार गरी कुल बजेटको ७५.५७ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । पुँजीगततर्फका सम्पदा पुनःनिर्माणसँग सम्बन्धित धेरैवटा योजनाहरू तथा नगरस्तरीय गौरवका योजनाहरू चालु आ.व. मा सुरु भइसकेको र आगामी आ.व.का लागि क्रमागत योजनामा पर्ने भएकोले यथार्थ खर्च अझै बढ्ने देखिन्छ ।

## सभाध्यक्ष महोदय,

यस सम्मानित नगरसभामा अब म आगामी आर्थिक वर्ष २०८२/८३ को लागि भक्तपुर नगरपालिकाको आय–व्ययको अनुमानित विवरण पेश गर्ने अनुमति चाहन्छु ।

# अ) आयतर्फ

### क) आन्तरिक श्रोततर्फ :

**७.** सम्पति (घरजग्गा मूल्याङ्कन) तथा भूमि कर, व्यवसाय कर, घर बहाल कर, पर्यटन सेवा शुल्क, जग्गा बिक्री, नगरपालिकाबाट उत्पादित कम्पोष्ट मल बिक्रीलगायत यस नगरपालिकाको आन्तरिक आयको श्रोतका रूपमा लिंदा आ.व. २०८२/८३ को लागि कुल रु. ६४ करोड ७१ लाख १० हजार आन्तरिक आय हुने अनुमान गरिएको छ । आन्तरिक आय अनुमान गर्ने क्रममा करका दायरामा नआएका व्यवसायका शीर्षकलाई दायरामा ल्याउने र आवश्यक केही करको दरमा समयसापेक्ष समायोजन गरी करदाताहरूलाई राहत प्रदान गर्ने प्रस्ताव गरी भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०८२ मा समावेश गरिएको छ । आन्तरिक आयको विस्तृत विवरण अनुसूची–१ मा संलग्न छ ।

**ख) बाह्य श्रोततर्फ** :

**८.** राजस्व बाँडफाँडतर्फ आ.व. २०८२/८३ मा यस नगरपालिकामा नेपाल सरकारबाट रु.१० करोड ३५ लाख २५ हजार, बागमती प्रदेश सरकारबाट रु. ५ करोड ७६ लाख ३० हजार र मालपोत रजिष्ट्रेसन शुल्कबाट रु. ८ करोड गरी कुल रु. २४ करोड ११ लाख ५५ हजार प्राप्त हुने अनुमान छ ।

**९.** वित्तीय समानीकरण अनुदानतर्फ नेपाल सरकारबाट रु. १९ करोड ४१ लाख र बागमती प्रदेश सरकारबाट रु. २ करोड १२ लाख ३४ हजार गरी कुल रु. २१ करोड ५३ लाख ३४ हजार प्राप्त हुने अनुमान छ ।

**१०.** नेपाल सरकारबाट विशेष अनुदानतर्फ रु. ६८ लाख, समपुरक अनुदानतर्फ रु. १ करोड ३८ लाख, सशर्त अनुदानतर्फ रु. ४५ करोड ३९ लाख प्राप्त हुने अनुमान छ भने बागमती प्रदेश सकारबाट विशेष अनुदान रु. ६५ लाख, समपुरक अनुदान रु. १ करोड ६७ लाख, सशर्त अनुदान रु. ५ करोड ३ लाख ११ हजार प्राप्त हुने अनुमान गरिएको छ । त्यस्तै सामाजिक सुरक्षा भत्तावापत यस वर्ष रु. ३५ करोड र सडक बोर्ड नेपालको तर्फबाट रु. ६८ लाख प्राप्त हुने अनुमान छ ।

**११.** चालु आर्थिक वर्षको अनुमानित बैङ्क मौज्दात रु. ३२ करोड ४७ लाख हुने अनुमान छ ।

यस प्रकार आगामी आ.व. २०८२/८३ का लागि यस नगरपालिकाको कुल अनुमानित बजेट रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजार हुनेछ । बजेटको आयतर्फको बाह्य स्रोतको विस्तृत विवरण अनुसूचि – २ मा संलग्न छ ।

## आ) व्ययतर्फ

**१२.** आगामी आ.व. का लागि चालु खर्चतर्फ १ अर्ब ५२ करोड ५३ लाख ११ हजार रुपैयाँ अर्थात् ६१.६७ प्रतिशत र पूँजीगत खर्चतर्फ ८० करोड ४८ लाख रुपैयाँ अर्थात् ३२.५४ प्रतिशत विनियोजन गरिएको छ । चालु खर्चको विस्तृत विवरण अनुसूची–३ र पूँजीगत खर्चको विस्तृत विवरण अनुसूची–४ मा संलग्न छ ।

त्यस्तै वित्तीय व्यवस्थातर्फ रु. १४ करोड ३० लाख अर्थात् ५.७८ प्रतिशत विनियोजन गरिएको छ ।

**सभाध्यक्षज्यू,**

आगामी आर्थिक वर्षका महत्त्वपूर्ण योजना तथा कार्यक्रमहरूबारे सङ्क्षिप्तमा पेश गर्दछु ।

## शिक्षा

**१३.** भक्तपुरलाई उत्कृष्ट शैक्षिक गन्तव्यस्थल बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिँदै आएको यहाँहरू सम्पूर्णमा विदितै छ । ख्वप विश्वविद्यालय जनताको विश्वविद्यालयको रूपमा स्थापना गर्न भक्तपुर नगरपालिका निरन्तर लागिरहेको छ । साथै प्रतिनिधिसभाका माननीय सांसदको नेतृत्वमा यस सम्बन्धमा निरन्तर पहल भइरहेको छ ।

**१४.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजलगायत नगरपालिकाभित्र सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालय अनुगमन प्राविधिक समितिको सिफारिससमेतको आधारमा नगरपालिकाको आन्तरिक स्रोतबाट अनुदान दिँदै आएकोलाई यस बजेटमा पनि निरन्तरता दिइएको छ ।

**१५.** एक्काइसौँ शताब्दीको समाजमा अनुसन्धानलाई जोड दिनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै भक्तपुर नगरपालिकाले नगरभित्रका पर्यटन शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण र संरक्षण, सहकारी, कृषि, खानेपानी, वातावरण, सरसफाइजस्ता विषयहरूको अध्ययन अनुसन्धान गर्नेहरूलाई अनुसन्धान वृत्तिको व्यवस्थाको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

**१६.** भक्तपुर नगरपालिकाले राष्ट्रका लागि अत्यावश्यक विषयहरू जस्तै इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, नेपालभाषा, अर्थशास्त्र, तर्कशास्त्र र दर्शनशास्त्र अध्ययन गर्ने विद्यार्थीहरूलाई स्नातक तहदेखि विद्यावारिधिसम्मको अध्ययनमा दिँदै आएको पूर्ण छात्रवृत्तिलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरिएको छ ।

**१७.** भक्तपुर नगरपालिकाले नैतिक र व्यवहारिक शिक्षाको व्यवस्थापन गर्न विद्यालयहरूमा प्रिलिमिनरी ट्रेनिङ कोर्स (पी.टी.सी.) र बेसिक ट्रेनिङ कोर्स (बी.टी.सी) स्काउट प्रशिक्षण र खेलकुद प्रशिक्षण जस्ता गतिविधिहरूलाई निरन्तरता दिँदै बजेटको व्यवस्था गरिएको छ । अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षालाई थप प्रभावकारी बनाउन तथा नगरका विभिन्न स्वास्थ्य संस्थाहरूमा फिजियोथेरापी सेवा नियमित रूपले प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**१८.** भक्तपुर नगरमा सञ्चालनमा रहेको शैक्षिक ऋणको प्रभावकारितालाई मध्यनजर गरेर यस नगरपालिकाद्वारा वितरण गर्दै आएको शैक्षिक ऋणलाई निरन्तरता दिन रु. १ करोड ५० लाख बजेटको विनियोजन गरिएको छ ।

**१९.** नगरपालिकाभित्र सञ्चालित विद्यालयहरूमा कक्षा

५ र ८ को आधारभूत परीक्षा र कक्षा १० को एस.इ.इ. परीक्षाको तयारी परीक्षा नगरस्तरीय रूपमा सञ्चालन गर्न यस बजेटमा पनि निरन्तरता दिइएको छ । विद्यालयका शिक्षकहरूलाई समय समयमा पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्न तथा नगरपालिकाद्वारा तयार गरिएको स्थानीय पाठ्यक्रम परिमार्जन गर्न विज्ञहरूले दिएको सुझाव समावेश गरी पाठ्यक्रम निर्माण गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

**२०.** नेपाल भाषालाई स्थानीय पाठ्यक्रममार्फत विद्यालयहरूमा अध्ययन अध्यापनको व्यवस्था गर्न तथा नेपालभाषा र लिपि, मूर्तिकला, चित्रकला, प्रस्तरकला, मृत्तिकाकला, काष्ठकला, धातुकला, पौभालेखन, पेपर क्राफ्टका साथसाथै सङ्गीत एवं नृत्य कक्षाहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**२१.** भक्तपुर नगर क्षेत्रमा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिका, वडा कार्यालय तथा नगरपालिकाअन्तर्गतका विभिन्न कार्यालयहरूमा इन्टर्नशीप र कार्यस्थलमा तालिम (अन द जब ट्रेनिङ) को व्यवस्थाको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

**२२.** भक्तपुर नगरभित्रका विद्यालयहरूमा शिक्षकहरूको अभाव परिपूर्ति गर्न स्वयम्सेवक शिक्षकको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

**२३.** नगरका सामुदायिक विद्यालयहरूमा विज्ञान र गणित प्रयोगशाला स्थापना गर्न आवश्यक बजेटको विनियोजन गरिएको छ ।

**२४.** महिलाहरूलाई निरन्तर शिक्षा सञ्चालन गर्न आवश्यक बजेटको विनियोजन गरिएको छ । जनज्योति पुस्तकालयको स्तरीकरण तथा युवा विद्यार्थीहरूमा पठन संस्कृतिको विकासको लागि नगरका अन्य पुस्तकालय तथा वाचनालयहरूलाई व्यवस्थित रूपमा सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**२५.** भक्तपुर नगरपालिका वडा नं. १० कमलविनायकमा शिशु स्याहार तथा बाल विकास केन्द्र स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरिएको छ । त्यस्तै ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा डिप्लोमा तहमा नयाँ कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

नगरवासी जनताहरूको भावनाबमोजिम विभिन्न शैक्षिक विकास र शिक्षा क्षेत्रका लागि रु. ५४ करोड ४ लाख ६३ हजार अर्थात कुल बजेटको २१.८५ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

## बजेट एक झलकमा

- शिक्षा क्षेत्रका लागि रु. ५४ करोड ४ लाख ६३ हजार ।
- स्वास्थ्य क्षेत्रका लागि रु. १० करोड ३७ लाख ५० हजार ।
- सम्पदा पुनःनिर्माण तथा संस्कृति संरक्षणमा रु. १२ करोड ६८ लाख ५० हजार ।
- कृषि क्षेत्रका लागि रु. ३ करोड ८७ लाख ।
- खानेपानी क्षेत्रका लागि रु. ६० लाख ।
- वातावरण तथा सरसफाइ क्षेत्रका लागि रु. २० करोड २२ लाख ।
- पर्यटन प्रवर्द्धनमा रु. ४ करोड ९० लाख ।
- भौतिक पूर्वाधारतर्फ रु. ४८ करोड २० लाख ।
- खेलकुद क्षेत्रका लागि रु. ५ करोड । ।
- युवा तथा महिला लक्षित कार्यक्रमको लागि रु. ७५ लाख ।
- सामाजिक सुरक्षातर्फ रु. ३५ करोड ५० लाख ।
- विविध योजना तथा कार्यक्रमतर्फ रु. ९ करोड १४ लाख ।

## स्वास्थ्य

**२६.** यस नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक सुविधा सम्पन्न जनताको अस्पताल बनाउने क्रममा आगामी आ.व. बाट सीटी स्क्यान सेवा सञ्चालनको लागि खरिद प्रकृया अगाडि बढाइसकेको छ । साथै मृगौला सम्बन्धी बिरामीहरूलाई सुलभ दरमा डायलासिसको व्यवस्थासहित अस्पताल सञ्चालन, वडा वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र तथा जनस्वास्थ्य केन्द्रहरूमा थप स्वास्थ्य उपकरणको व्यवस्था र स्तरीकरण समेतका लागि रु. ५ करोड बजेटको व्यवस्था गरिएको छ ।

**२७.** नगरवासीहरूलाई निःशुल्क अक्सिजन र रगत वितरण गर्दै आएकोमा त्यसलाई निरन्तरता दिन र कडा रोग लागेका बिरामीहरूलाई दिँदै आएको आर्थिक सहयोगलाई पनि निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाइएको छ ।

**२८.** भक्तपुर नपा ७ खँचापुखु स्वास्थ्य चौकी निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गर्ने गरी रु. ७५ लाख बजेट

विनियोजन गरिएको छ ।

**२९.** आयुर्वेदिक तथा वैकल्पिक उपचार सेवालाई प्रभावकारी बनाउन आवश्यक रकम विनियोजन गरिएको छ ।

**३०.** विद्यालयहरूमा बालबालिकाहरूका लागि दन्त, आँखा साथै नाक, कान, घाँटीलगायतको स्वास्थ्य परीक्षण शिविर सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**३१.** वडा नर्स र स्वास्थ्य स्वयम्सेविकामार्फत सुत्केरी महिला स्याहार तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

स्वास्थ्य क्षेत्रका लागि आगामी आ.व.मा रु. १० करोड ३७ लाख ५० हजार विनियोजन गरिएको छ ।

## सम्पदा र सांस्कृतिक संरक्षण

**३२.** 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' भन्ने नारालाई सार्थकता दिन हाम्रो पहिचान बोकेको यहाँका सम्पदा र संस्कृति जोगाउने हामी सबैको साझा कर्तव्य हो । भक्तपुरमा रहेका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणलाई निरन्तरता दिँदै ऐतिहासिक र धार्मिक महत्त्व बोकेका विभिन्न स्थानका घाटहरू सुधारका लागि गुरुयोजना बनाई अगाडि बढाउन रु. ३७ लाख ५० हजार विनियोजन गरिएको छ ।

**३३.** भक्तपुर नपा वडा नं. ३ स्थित ऐतिहासिक थन्थु दरबार पुन:निर्माणको लागि रु. ३ करोड र लायक्‌ पाहाँ छेँको लागि रु. ८५ लाख तथा भक्तपुर नपा ४ स्थित इखालाछी मठ पुन:निर्माणलाई निरन्तरता दिन रु. १ करोड ६० लाख बजेट विनियोजन गरिएको छ ।

**३४.** इन्द्रायणी द्यःछेँ पुनर्निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गर्ने गरी रु. ३० लाख बजेट विनियोजन गरिएको छ ।

**३५.** परम्परागत बाजाको बोल लिपिवद्ध गरी क्रमशः प्रकाशन गर्न र दाफा भजनका थ्या साफूहरू आवश्यकताअनुसार पुनर्लेखन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ ।

**३६.** विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार क्षेत्रमा अवस्थित ९९ चोकको अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाउन र सम्पदा र संस्कृति प्रबर्द्धन गर्न नगरका मुख्य मुख्य सम्पदाहरूको सङ्क्षिप्त परिचय र छोटो भिडियो, मोबाइल एप र क्यूआर कोड निर्माण गरी फोटोसहितको पुस्तक प्रकाशनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**३७.** नगरपालिकाका महत्त्वपूर्ण सम्पदा क्षेत्रमा विभिन्न कारणले लामो समयदेखि निजी घरहरू जीर्णोद्धार तथा पुन:निर्माण नहुँदा सम्पदामाथि क्षति पुग्ने र नगरको मौलिक सौन्दर्यतामा आँच आउन सक्ने हुँदा सम्बन्धित घरधनीले घर नबनाएको अवस्थामा नगरपालिका आफैले लगानी गरी ती घरहरू बनाउन रु. १ करोड रकम विनियोजन गरिएको छ ।

**३८.** भक्तपुर नगरपालिका वडा नं.१ स्थित सिद्धपोखरी पेटी पुन:निर्माण कार्यको लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ ।

**३९.** भक्तपुर नपा वडा नं. ५ स्थित दही विनायक द्यःछेँ पुन:निर्माणका लागि रु. ५० लाख र वडा नं. १ स्थित इशानेश्वर मन्दिर निर्माणका लागि रु. ३० लाख रकम विनियोजन गरिएको छ ।

**४०.** विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा मौलिक स्वरूपलाई कायम राख्न परम्परागत शैलीमा घर बनाउने घरधनीहरूलाई दिँदै आएको आर्थिक अनुदानलाई निरन्तरता दिने नीतिअनुरूप रु. ३० लाख बजेट विनियोजन गरिएको छ ।

**४१.** सांस्कृतिक विधाहरूको प्रतिस्पर्धा, सांस्कृतिक बाजा प्रतियोगिता, सांस्कृतिक गुरु सम्मान, सांस्कृतिक प्रशिक्षण तालिमलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गर्नुको साथै सम्पदा क्षेत्रमा रात्रीकालीन बत्तीको व्यवस्था गर्न रु. १ करोड विनियोजन गरिएको छ ।

सम्पदा पुन:निर्माण तथा संस्कृति संरक्षणमा आगामी आ. व. का लागि रु. १२ करोड ६८ लाख ५० हजार विनियोजन गरिएको छ ।

## कृषि

**४२.** भक्तपुर नगरमा कृषिलाई आधुनिकीकरण गर्न कृषि अनुसन्धान केन्द्र स्थापना गरी जिल्लाका अन्य नगरपालिकाहरूमा समेत कृषि पकेट क्षेत्रमा कार्यरत नगरवासी किसानहरूलाई प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । साथै नगरको उपयुक्त स्थानमा आधुनिक पशु वधशाला निर्माणको लागि रु. २५ लाख विनियोजन गरिएको छ ।

**४३.** भक्तपुर नगरपालिका वडा नं. ८ लिवालीस्थित शीत भण्डार गृह निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन रु. १ करोड र वडा नं. ५ स्थित तरकारी बजार निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन रु. ३० लाख बजेट विनियोजन गरिएको छ । साथै उन्नत बीउ बिजन तथा रैथाने बाली संरक्षणसहितका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**४४.** सूचिकृत कृषकहरूलाई परिचयपत्र वितरण गरी कृषि ऋणको व्यवस्था गर्न रु. ३० लाख विनियोजन गरिएको छ। किसानहरूलाई जैविक मल तथा जैविक विषादी प्रयोगबारे अभिमुखीकरण गरी रासायनिक मल तथा विषादी प्रयोगमा न्यूनीकरण गर्दै लान आवश्यक मात्रामा प्राङ्गारिक मल उत्पादन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

आगामी आ.व. मा कृषि क्षेत्रका लागि रु. ३ करोड ८७ लाख विनियोजन गरिएको छ।

## खानेपानी

**४५.** नगरवासी नागरिकहरूलाई मेलम्चीको पानी घर घरसम्म पुऱ्याई खानेपानीको समस्याको समाधान गर्न रु. ५० लाख बजेट विनियोजन गरिएको छ।

**४६.** खानेपानीका स्रोतहरू परम्परागत शैलीमै संरक्षणका लागि अध्ययन अनुसन्धान गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

**४७.** नगरकोटलाई जलाधार क्षेत्र घोषणा गराउने पहललाई निरन्तरता दिन र उक्त क्षेत्रको संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

आगामी आ.व. मा खानेपानी क्षेत्रका लागि रु. ६० लाख विनियोजन गरिएको छ।

## वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन

**४८.** नगरभित्रका खोलाहरूको सुधार गर्ने कामलाई निरन्तरता दिई खोला किनारमा हरियाली प्रवर्द्धनका साथै भक्तपुर नगर प्रवेश गर्ने मुख्य नाकाहरूमा हरियालीसहित उपयुक्त ठाउँमा आकर्षक पार्क निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**४९.** नगरभित्रका पोखरीहरूलाई सौन्दर्यकरण गरी आयस्रोतको रूपमा विकास गर्न आवश्यक रकम छुट्याइएको छ।

आ.व. २०८२/८३ का लागि वातावरण तथा सरसफाइका लागि रु. २० करोड २२ लाख बजेट विनियोजन गरिएको छ।

## पर्यटन प्रवर्द्धन

**५०.** भक्तपुरलाई जीवन्त नगरको रूपमा परिचित गराउन आन्तरिक तथा बाह्य पर्यटन विकासमा टेवा पुऱ्याउन समय समयमा विभिन्न उत्सवहरू, सन्ध्याकालीन पदयात्रा तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्न आवश्यक बजेटको विनियोजन गरिएको छ।

**५१.** आन्तरिक र वाह्य पर्यटकहरूको सङ्ख्यामा भएको वृद्धिलाई ध्यानमा राखी आवश्यकताअनुसार व्यवस्थित शौचालय निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**५२.** आन्तरिक र वाह्य पर्यटकहरूलाई लक्षित गरी आवश्यकताअनुसार नगरका विभिन्न स्थानमा पुग्न सक्ने गरी सानो आकारको विद्युतीय सवारी साधनको व्यवस्था गर्न आवश्यक बजेटको विनियोजन गरिएको छ।

**५३.** आवश्कताअनुसार नगरका अन्य नाकाहरूमा पनि पर्यटन सूचना केन्द्र स्थापना गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

आगामी आ.व. का लागि पर्यटन प्रवर्द्धनमा रु. ४ करोड ९० लाख विनियोजन गरिएको छ।



## भौतिक पूर्वाधार निर्माण

**५४.** नगरको गौरवको योजनाको रूपमा रहेको भक्तपुर नपा वडा नं. ६ स्थित देकोचामा अरनिको सभाभवन निर्माणलाई निरन्तरता दिन रु. १४ करोड ९० लाख विनियोजन गरिएको छ।

**५५.** देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनाका लागि रु. ४ करोड बजेट विनियोजन गरिएको छ।

**५६.** भक्तपुर नपा वडा नं. १ भार्वाचो तको किवास्थित बहुउद्देश्यीय भवन निर्माण कार्यको लागि रु. १ करोड २५ लाख बजेट विनियोजन गरिएको छ।

**५७.** भक्तपुर नपा वडा नं. ५ मा सवारी साधन पार्किङ स्थलको निर्माण सम्पन्न गरी सञ्चालन गर्न र नगरका विभिन्न स्थानहरूमा आवश्यकताअनुसार थप पार्किङ स्थलको व्यवस्था गर्न रु. ६० लाख बजेट विनियोजन गरिएको छ।

**५८.** लिवाली आवास योजना र तुमचो दुगुरे आवास योजनामा कालोपत्रे गर्न बाँकी सडकहरूमा क्रमशः कालोपत्रे गर्न आवश्यक बजेट छुट्याइएको छ।

**५९.** हनुमन्ते र कासन खोलामा सडक करिडोर बनाउन आवश्यक बजेट विनियोजन गरिएको छ।

आगामी आ.व. का लागि भौतिक पूर्वाधारतर्फ ४८ करोड २० लाख रुपैयाँ अर्थात् कुल बजेटको १९.४९ प्रतिशत बजेट विनियोजन गरिएको छ।

## खेलकुद

**६०.** नियमित रूपमा आयोजना गर्दै आएको अन्तर नगर खेलकुद प्रतियोगिता र अन्तरविद्यालय खेलकुद प्रतियोगितालाई निरन्तरता दिनुको साथै नियमित खेलकुद प्रशिक्षणलाई निरन्तरता दिँदै थप खेलहरूको प्रशिक्षणको व्यवस्था मिलाउन रु. १ करोड बजेट विनियोजन गरिएको छ।

**६१.** नगरभित्रको उपयुक्त पोखरीलाई बालबालिकाहरूका लागि पौडी प्रशिक्षण केन्द्रको रूपमा विकास गर्न रु. ५० लाख रकम विनियोजन गरिएको छ।

**६२.** वडा वडामा रहेका खुला व्यायामशालाहरू थप व्यवस्थित गर्न आवश्यकताअनुसार व्यायामशालाहरू स्तरोन्नती गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**६३.** भक्तपुर नगरपालिका वडा नं. २ स्थित शहीद स्मृति खेल मैदान निर्माण गर्न रु. १ करोड र भक्तपुर नगरपालिका वडा नं. ७ स्थित माहेश्वरी खेलमैदानलाई व्यवस्थित बनाउन रु. २ करोडका साथै नगरका उपयुक्त स्थानहरूमा फुटसलको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

खेलकुद पूर्वाधार निर्माण, प्रतियोगिता सञ्चालन र खेलकुद प्रशिक्षण गरी आगामी आ.व. मा ५ करोड रुपैयाँ विनियोजन गरिएको छ।

## युवा तथा महिला लक्षित कार्यक्रम

**६४.** युवा तथा महिलाहरूलाई आत्मनिर्भर एवं स्वरोजगार बनाउनका साथै युवा उद्यमशीलता ऋण प्रदान गर्न र विभिन्न सीपमूलक तालिम सञ्चालन गर्न रु. ५० लाख बजेट विनियोजन गरिएको छ।

**६५.** नगरवासी महिलाहरूलाई श्रमशक्तिको रूपमा विकास गरी आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालिम तथा गतिविधि गर्न रु. २५ लाख बजेटको व्यवस्था गरिएको छ।

## सामाजिक सुरक्षा

**६६.** भक्तपुर नपा वडा नं. ६ अँचापोखरी परिसरमा निर्मित आदर निकेतन दिवा सेवा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**६७.** ज्येष्ठ नागरिक तथा विधुवा, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई वडा कार्यालय तथा वडामा रहेका बैङ्कहरूमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको छ।

**६८.** क्यान्सर, मुटुरोग, मस्तिष्कघात, स्पाइनल कर्ड इन्जुरी जस्ता दीर्घरोग लागेका बिरामीहरूलाई नगरपालिकाबाट दिँदै आएको रु. १५ हजार आर्थिक सहयोगलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

आगामी आ.व. का लागि सामाजिक सुरक्षातर्फ ३५ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ।

## विविध योजना तथा कार्यक्रमहरू

**६९.** यस नगरपालिकाभित्र रहेका पर्ति तथा सार्वजनिक जग्गा संरक्षणलाई निरन्तता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।

**७०.** नगरपालिकालाई आवश्यक जग्गा खरिद तथा घरजग्गा भाडाका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**७१.** विपद्को समयमा जनतालाई सुरक्षित गर्न विपद् प्रतिकार्य तथा विपद् व्यवस्थापन विशेष कार्यक्रमहरू तथा राहत, उद्धार र पुनःस्थापनाका लागि प्रकोप व्यवस्थापन कोष खडा गर्न रु. २५ लाख बजेट विनियोजन गरिएको छ।

आगामी आ.व. का लागि विविध योजना तथा कार्यक्रमतर्फ ९ करोड १४ लाख रुपैयाँ विनियोजन गरिएको छ।

**७२.** यस नगरपालिकामा एक वर्ष वा सोभन्दा बढी समय अटुट रूपमा अस्थायी तथा करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराई नगरपालिकाबाट १० प्रतिशत र योगदानकर्ताबाट १० प्रतिशत योगदानसहितको नेपाल सरकारले बनाउने योजना प्याकेज बमोजिम कार्यान्वयन हुने व्यवस्था मिलाइएको छ। यसअघि अस्थायी तथा करार कर्मचारीहरूलाई दिइँदै आएको सुविधालाई यसैमा समायोजन गरिनेछ। नगरपालिकामा मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई प्रकृया पुऱ्याई करारमा लगिने व्यवस्था गरिने छ।

नगरको समग्र विकास, सुधार र सञ्चालन गर्न नगरप्रमुखज्यूले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कुल विनियोजित बजेट रु. २ अर्ब ४७ करोड ३१ लाख ११

हजार रहने अनुमान गरिएको छ। जसमध्ये चालु खर्चतर्फ रु १ अर्ब ५२ करोड ५३ लाख ११ हजार (६१.६७ प्रतिशत), पूँजीगततर्फ ८० करोड ४८ लाख (३२.५४ प्रतिशत) र वित्तीयतर्फ १४ करोड ३० लाख (५.७८ प्रतिशत) रहने अनुमान गरिएको छ।

आगामी आ.व.का लागि यस नगरपालिकाको वडागत योजनाहरूको विवरण अनुसूची-५ मा संलग्न गरिएको छ।

**सभाध्यक्षज्यू,**

- श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरू हासिल गर्न र नगरवासीहरूलाई सेवा सुविधा उपलब्ध गराउन सकिने भएकोले लक्ष्यअनुसारको राजस्व सङ्कलन हुन आवश्यक छ। अतः म यसै बजेट वक्तव्यमार्फत भक्तपुर नगरपालिकाका समस्त करदाताहरूमा समयमै तोकिएको कर रकम तिरी जिम्मेवार नागरिक तथा विकास र सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु।
- नगरपालिकाको सीमित श्रोत साधनको अधिकतम् उपयोग गरी बजेट तयार गर्दा नगरवासीहरूका सबै चाहना र आवश्यकताहरू एकैचोटि सम्बोधन गर्न सकिने अवस्था रहँदैन। प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चिततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ।
- बजेट तर्जुमा सँगसँगै यसको सफल कार्यान्वयन अर्को महत्त्वपूर्ण पाटो हो। योजना तथा कार्यक्रमहरू समयमै प्रभावकारी रूपमा सञ्चालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको समयमा नै प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबैमा म हार्दिक अनुरोध गर्दछु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण जनप्रतिनिधि सदस्यज्यूहरू, सञ्चार जगत, नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू, प्रमुख प्रशासकीय अधिकृतज्यूलगायत समग्र कर्मचारी मित्रहरूलाई धन्यवाद व्यक्त गर्दछु। भक्तपुरको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, बागमती प्रदेश सरकार, सरोकारवाला सहयोगी सङ्घ संस्था एवं वडा र नगरस्तरीय सुझाव सङ्कलनमा उपस्थित भई महत्त्वपूर्ण सुझाव दिनुहुने नगरवासीहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु। धन्यवाद !

मिति : २०८२।३।८ गते

# तेस्रो बैठक

(२०८२ असार १० गते)

## बजेटमाथि दफावार छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार १० गते अठारौँ नगरसभाको तेस्रो बैठकमा भक्तपुर नपाको आ.व. २०८२/८३ को बजेटमाथि दफावार छलफल भयो।

बैठकमा बजेटमाथि भएको दफावार छलफलमा सभासद्हरूले भक्तपुर नगरपालिकाको प्रस्तावित बजेट स्वागतयोग्य र प्रशंसनीय भएको बताउनुभयो।

बजेटमाथिको छलफलमा भाग लिँदै सभासद् **मन्जुमैया लाखाजु**ले भक्तपुर नपाबाट सञ्चालित विभिन्न तालिम प्राप्त प्रशिक्षार्थीहरू हाल कुन क्षेत्रमा रोजगारी गरिरहेका छन् सोको तथ्याङ्क सङ्कलन गर्नुपर्ने, भक्तपुरका सांस्कृतिक सम्पदाहरूमा मन्दिरको सङ्क्षिप्त जानकारीसहितको चिनारी र पदमार्ग चिन्ह राख्नुपर्ने, देको मिवा इतापाके जग्गा एकीकरण आयोजना छिटोभन्दा छिटो सम्पन्न गर्नुपर्ने धारणा राख्नुभयो।

सभासद् **हेरा ख्याजू**ले हनुमानघाटस्थित सत्तल पुनःनिर्माण गर्नुपर्ने, कृषिमा यान्त्रीकरण गर्न बजेट विनियोजन



हेरा



श्यामसुन्दर


पुरुषोत्तम,


कृष्णलाल


इन्द्रबहादुर,


कृष्णनारायण,


कृष्णसुन्दर


कल्पना


सुमित्रा


सरिना

गर्नुपर्ने र कौसी खेती तालिमलाई पुनः सञ्चालन गर्नुपर्ने विचार राख्नुभयो ।

सभासद् **श्यामसुन्दर मातां**ले शहीद स्मृति खेलमैदान स्तरोन्नति कार्य यथाशक्य सञ्चालन गर्नुपर्ने, अस्थायी, करार, दैनिक ज्यालादारी र मासिक ज्यालादारीका कर्मचारीको नागरिक लगानी कोष र पोशाक भत्ताको विषयलाई पुर्नविचार गर्नुपर्ने बताउनुभयो ।

सभासद् **पुरुषोत्तम तमखू**ले नपाको आन्तरिक आय बढाउनेतर्फ पहल गर्नुपर्ने, इखालाछी मठ पुनःनिर्माणको लागि बजेट अपुग रहेको र नपाभित्र गठित विभिन्न टोलसुधार समिति तथा विकास संस्थाहरूमा हुने आम्दानीलाई नपामा गाभिनुपर्ने बताउनुभयो ।

सभासद् **नारायणप्रसाद त्वानाबासु**ले व्यवसाय कर र सफाइ कर वृद्धि गर्न घुम्ती टोली व्यवस्थापन गरी नगरवासीहरूलाई करको दायरामा ल्याउनुपर्ने, स्वयम्सेवक शिक्षकको पारिश्रमिक खर्चको बन्दोबस्त गर्नुपर्ने बताउनुभयो ।

सभासद् **रामसुन्दर बासी**ले वडा वडामा विनियोजित बजेट वृद्धि गर्नुपर्ने, बजेटलाई सफल कार्यान्वयनतर्फ जोड दिनुपर्ने धारणा राख्नुभयो ।

त्यस्तै सभाको विशेष समयमा सभासद्हरू **कल्पना शिल्पकार, सुमित्रा बोहजु, सरिना द्योला, इन्द्रबहादुर प्याठ, हरिरत्न गोर्खाली, कृष्णलाल किसी, हेरा छ्याजू, कृष्णनारायण दुमरु, जितेन्द्र मुनंकर्मी, श्यामसुन्दर मातां, सूर्यप्रसाद श्रेष्ठ, कृष्णगोपाल चौगुठी, कृष्णसुन्दर प्रजापति** र **गोविन्द दुवाल**ले नगरको शिक्षा, स्वास्थ्य, सहकारी, सरसफाइ, सम्पदा संरक्षण, खानेपानीलगायतका स्थानीय समस्याहरू र अन्य समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा आ–आफ्नो धारणा राख्नुभयो ।





सभामा उठेका जिज्ञासामाथि समितिका संयोजक तथा सदस्यहरूले सम्बन्धित विषयमा प्रष्ट पार्नुभयो ।

नगरसभाको अर्को बैठक २०८२ साल असार १२ गते बिहीबार दिनको १ बजे बस्ने गरी स्थगित भयो ।

# चौथो बैठक

(२०८२ असार १२ गते)

## आ.व. २०८२/८३ को बजेट सर्वसम्मतिबाट पारित



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा अठारौं नगरसभाको असार १२ गते बसेको चौथो बैठकले आर्थिक विधेयक २०८२, विनियोजन विधेयकसहित आ.व. २०८२/८३ का लागि भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित गऱ्यो ।



नगरपालिकाका उपप्रमुख रजनी जोशीले असार ८ गते नगरपालिकाको लागि भक्तपुर नगरपालिकाको रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजारको बजेट प्रस्तुत गर्नुभएको थियो ।

सभामार्फत नगर प्रमुख **प्रजापति**ले आ.व. २०८२/८३ का लागि भक्तपुर नपाको बजेटमाथि भएको छलफलमा भाग लिई आवश्यक सुझाव, जिज्ञासा र समर्थन गरी सहयोग गर्नुभएकोमा सभासद्हरूलाई धन्यवादज्ञापन गर्नुभयो ।

बजेटमाथि छलफलमा उठेका जिज्ञासाहरूमाथि प्रष्ट पर्दै उपप्रमुख **रजनी जोशी**ले बजेट सफल र पूर्ण कार्यान्वयनको लागि सबैको साथ र सहयोगको आवश्यकता रहेको, भक्तपुरलाई नमुना नगर बनाउन प्रयासरत रहेको, नगरका घाटहरूको व्यवस्थापनमा नपाले हरेक वर्ष बजेट व्यवस्था गरी काम गर्दै



आएको, खेलमैदान निर्माणका चुनौतीहरू आदि विषय सभासमक्ष अवगत गराउनुभयो ।

छलफलमा सभासद् **तारादेवी शाक्य**, **हेरा ख्याजु**, **ज्ञानबहादुर मानन्धर**, **सिद्धिराम अवाल**, **इन्द्रबहादुर प्याठ**, **सूर्यप्रसाद श्रेष्ठ**, **कृष्णगोपाल चौगुठी**, **रामसुन्दर बासी**, **नारायणप्रसाद त्वानाबासु** र **पुरुषोत्तम तमखू**ले कमलविनायक बहुउद्देश्यीय भवन निर्माणको लागि बजेट व्यवस्था गर्नुपर्ने, भूगोल, जनसङ्ख्या र आवश्यकताको आधारमा वडा बजेटको व्यवस्था गर्नुपर्ने, अव्यवस्थित वधशालाहरू व्यवस्थित गर्नुपर्ने, बालसेवक आधारभूत विद्यालय पायक पर्ने ठाउँमा स्थानान्तरणको लागि पहल गर्नुपर्ने, शिक्षक सम्मान कार्यक्रमको बजेट विनियोजन गर्नुपर्ने, शिशुस्याहार केन्द्रहरूलाई मन्टेश्वरीको अवधारणामा सञ्चालन गरिनुपर्ने, सडक बत्ती मर्मतसम्भारको लागि बजेट व्यवस्था गर्नुपर्ने, योजनाहरूको स्पष्ट जानकारी नगरवासीहरूलाई दिनुपर्ने, मंगलतीर्थ घाटस्थित दुब्येंकेगु ताहा फल्चा पुनःनिर्माण तथा घाट व्यवस्थापन गर्नुपर्ने, सहकारी समस्या व्यवस्थापन गर्न कार्ययोजनासहित बजेट व्यवस्था गर्नुपर्ने, भूकम्पबाट जीर्ण रहेका भैरवको द्यःछेँ र भद्रकाली द्यःछेँ पुनःनिर्माणमा जोड दिनुपर्नेलगायतका धारणा प्रस्तुत गर्नुभयो ।



तारादेवी,



ज्ञानबहादुर






आजको बैठकले महालेखापरीक्षकको कार्यालयबाट पेश भएको आ.व. २०७९/८० र २०८०/८१ को भक्तपुर नगरपालिकाको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको कर्मचारीहरूको उपदानसम्बन्धी उल्लेखित बेरुजुसम्बन्धमा लेखा समितिबाट पेश भएको बेरुजु समपरीक्षणका लागि पेश भएको प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो।




त्यसैगरी बैठकमा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले विदेशी शहरसँग भगिनी सम्बन्धका लागि सिचाङ जचमैत्री सङ्घ र तिब्बतस्थित नेपाली महावाणिज्यदुतावासको संयुक्त आयोजनामा Share.Build.Create Together भन्ने मूल नारासहित नेपाल र जनवादी गणतन्त्र चीनबिच दौत्य सम्बन्ध स्थापना भएको ७० औँ वर्षगाँठको अवसरमा चीनको सिचाङ स्वशासित क्षेत्र (तिब्बत) र नेपालबिच भगिनी सम्बन्ध स्थापना भएका नगरपालिकाहरूको २०८२ असार १० (जुन २४, २०२५) गते तिब्बतको ल्हासा शहरमा सम्पन्न बैठक र चीन भ्रमणको सिकाइबारे अनुभव राख्नुभएको थियो।



# आव २०८२/८३को नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि राय-सुझाव सङ्कलन

## विद्यालयका प्रअहरूसँग



भक्तपुर नगरपालिकाले आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि जेठ २२ गते भक्तपुर नपाभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरूका प्रधानाध्यापकहरूको भेला गरी राय सुझाव सङ्कलन गरेको छ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले विद्यालयको शैक्षिक सुधार र भौतिक निर्माणको लागि आर्थिक सहयोग प्रदान गरी विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा योगदान पुऱ्याइरहेको बताउनुभयो।

भक्तपुरको सुशासन सबैको लागि अनुकरणीय बनिरहेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई पढाइसँगै व्यवहारिक शिक्षा प्रदानमा जोड दिनुपर्छ भन्नुभयो।

देश समाजवादउन्मुख दिशातिर अगाडि बढ्नुपर्नेमा पुँजीवादतिर अगाडि बढिरहेको बताउनुहुँदै शिक्षामा देखाएको द्वैध शिक्षा नीतिले देशको शैक्षिक स्तर माथि उठ्न नसकेको बताउनुभयो।

उपप्रमुख **रजनी जोशी**ले नगरको शिक्षालाई उत्कृष्ट बनाउन सामुदायिक र संस्थागत विद्यालयलाई समान ढङ्गले अगाडि बढाइरहेको बताउनुहुँदै आईसीटीमा आधारित शिक्षालाई विद्यालयहरूले जोड दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा नगर शिक्षा शाखा प्रमुख **साधुराम फुयाल**ले भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरिरहेको गतिविधिबारे प्रष्ट पार्दै भक्तपुरको शैक्षिक नतिजा अन्यको तुलनामा उत्कृष्ट रहँदै आएको बताउनुभयो।

कार्यक्रममा एन.प्याब्सनका उपाध्यक्ष **रामप्रसाद खाताखो**, प्याब्सनका सचिव **प्रभात राई**, इसानका **पुरुषोत्तम ग्वाछा**, आधारभूत विद्यालय समितिका अध्यक्ष **सूर्यबहादुर फाँजु**, सार्वजनिक विद्यालय समितिका अध्यक्ष **राम हाडा**, सार्वजनिक विद्यालय संयुक्त परीक्षा समितिका अध्यक्ष **रोशनराज तुईतुई**ले आ.व. २०८२/८३ को बजेट तर्जुमाको लागि राय-सुझाव प्रस्तुत गर्नुभएको थियो।

उहाँहरूले निजी विद्यालयलाई सरकारी विद्यालयसरह तालिममा सहभागी गराउनुपर्ने, खेलकुद प्रशिक्षकको व्यवस्था गर्नुपर्ने, स्काउटबारे नयाँ नयाँ तालिम सञ्चालन गर्नुपर्ने, सांस्कृतिक गुरुहरूलाई विद्यालयमा प्रशिक्षकको रूपमा नियुक्ति गर्नुपर्ने, प्रारम्भिक बालविकास केन्द्रलाई प्रभावकारी बनाउन थप शिक्षकको बन्दोबस्त गर्नुपर्ने, नियमित रूपमा विद्यार्थीहरूलाई स्वास्थ्य परीक्षण शिविर सञ्चालन गर्नुपर्ने, विद्यालय अनुगमन प्रभावकारी बनाउनुपर्ने, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक नपुग भएका विद्यालयहरूमा अनुदानको व्यवस्था गर्नुपर्ने, नगरका उत्कृष्ट शिक्षक कर्मचारी सम्मान गर्ने कार्यक्रम ल्याउनुपर्नेलगायतका धारणा राख्नुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो।

## मजदुर र किसानहरूसँग




भक्तपुरका किसान तथा मजदुरहरूसँग राय-सुझावको लागि जेठ २६ गते एक भेला कार्यक्रम भयो।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले नेपाल कृषि प्रधान देश भएकोले कृषि क्षेत्रको विकासबाट देशको समृद्धिको यात्रा अगाडि बढ्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाले नगरवासीहरूको सल्लाह सुझावअनुसार नै नगरका गतिविधिलाई अगाडि बढाइरहेको बताउनुहुँदै निर्वाचनको घोषणापत्रअनुसार जनतामाझ गरिएका प्रतिबद्धता पूरा गर्ने काममा नपाका जनप्रतिनिधि दत्तचित्त भएर लागिरहेको बताउनुभयो।

भक्तपुर नपाले किसानहरूलाई समयसापेक्ष कृषि सम्बन्धी तालिम, सहुलियत दरमा कम्पोष्ट मल र उन्नत बीऊविजन वितरण गर्दै आइरहेको बताउनुहुँदै उहाँले परम्परागत बाली र विषादीरहित उत्पादनको लागि कृषकहरूलाई उत्साहित गर्दै आएको बताउनुभयो ।

समाजवादी देशहरूबाट सिक्दै भक्तपुर नपाले जनताको सेवा गर्दै आइरहेको बताउनुहुँदै उहाँले युवा, महिला, विद्यार्थीलाई हातमा सीप दिन विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले आ.व. २०८२/८३ को लागि भक्तपुर नपाले गर्ने कार्यक्रमको लागि सम्बन्धित सरोकारवालाहरूसँग राय सुझाव सङ्कलन गर्न भेला कार्यक्रम आयोजना गरेको बताउनुहुँदै नगरवासीहरूको सल्लाह र सुझावअनुसार नपाले काम गर्ने नीति रहेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित मजदुर र कृषक प्रतिनिधिहरूले भक्तपुरमा कृषि अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने, कृषकहरूको लागि आवश्यक पर्ने उन्नत जातका बीऊविजन र रासायनिक मल वडामार्फत वितरण गर्ने व्यवस्था हुनुपर्ने, सल्लाघारी क्षेत्रमा सार्वजनिक शौचालय आवश्यक भएको, सल्लाघारीस्थित दुग्ध चिस्यान केन्द्रलाई पुनः सञ्चालनमा ल्याइनुपर्ने, आगलागी पीडितहरूलाई समयसापेक्ष आर्थिक सहयोग बढाउनुपर्ने, राम मन्दिर पुललाई पुरानै शैलीमा संरक्षण गरी पुनःनिर्माण गर्नुपर्ने, दकर्मी पेशामा नयाँ पुस्तालाई आकर्षित गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने, करिडोर निर्माण कार्यलाई व्यापकता दिनुपर्ने, स्वास्थ्य शिविरसँगै जनचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने, परम्परागत बाजाको प्रवर्द्धन गर्नुपर्नेलगायतका सुझावहरू दिएका थिए ।

## प्राध्यापक, युवा र विद्यार्थीहरूसँग




जेठ २७ गते प्राध्यापक, युवा र विद्यार्थीहरूको भेला कार्यक्रम गरी राय सुझाव सङ्कलन गऱ्यो ।

कार्यक्रममा प्रमुख **सुनिल प्रजापति**ले स्थानीय सरकार सञ्चालन ऐनअनुसार असार १० गतेभित्र नीति तथा कार्यक्रम पारित गरी बजेट पेश गर्नुपर्ने प्रावधान रहेको बताउनुहुँदै बजेट निर्माणको क्रममा नगरपालिकाले विभिन्न भेला, छलफल र अनलाइन माध्यमबाट राय-सुझाव सङ्कलन गरिरहेको बताउनुभयो ।

युवाहरूलाई आत्मनिर्भर बनाउन नपाले युवा र महिला लक्षित सीपमूलक तालिमहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै उहाँले आफ्नो देशको विकास गर्न युवाहरूलाई प्रेरित गर्नुपर्ने बताउनुभयो ।

नगरवासीहरूको रचनात्मक सल्लाह र सुझावले नै भक्तपुरको विकास अगाडि बढिरहेको बताउनुहुँदै भक्तपुर नपाले सबै क्षेत्रमा आफ्नो पृथक पहिचान बनाउन सफल भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नगरपालिकालाई रचनात्मक सुझाव दिएकोमा धन्यवादज्ञापन गर्नुभयो भने प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले भक्तपुर नपाले जनसहभागितामा नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि राय-सुझाव विभिन्न माध्यमबाट सङ्कलन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा उपस्थित प्राध्यापक, युवा र विद्यार्थी प्रतिनिधिहरूले राममन्दिरको जाम हटाउन जनसेवा विद्यालयबाट जाने झोलुङ्गे पुल निर्माण गर्नुपर्ने, नगरभित्र सवारीसाधन क्रमशः निषेधित गर्दै जानुपर्ने भएकोले नगरपालिकाको पहलमा हल्का ईभी साधन सञ्चालन गर्नुपर्ने, नगरभित्रका सामुदायिक भवनहरू अध्ययन अनुसन्धानको कार्यमा उपयोग गर्नुपर्ने, शिक्षक सेवा आयोगबाट उत्कृष्ट अङ्क हासिल गरेका शिक्षकहरूको छनौट भनपा नहुनु चिन्ताको विषय भएकोले आकर्षित गर्ने नीतिकार्यक्रम आवश्यक भएको र सामाजिक अनुसन्धान ल्याबको शुरूवात गर्नुपर्ने बताउनुभयो ।

उहाँहरूले सामुदायिक विद्यालयमा अनुदान शिक्षकको व्यवस्था गर्नुपर्ने, ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर पहल गर्नुपर्ने, दरबार क्षेत्रस्थित लापां देगःलाई पुनःजीवन दिनुपर्ने, प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगलाई निषेध गर्दै लानुपर्ने, दाफाभजन संरक्षण गर्नुपर्ने, सामुदायिक आधारभूत विद्यालयको स्तर माथि उकास्न बजेट छुट्याउनुपर्ने, नगरका परम्परागत ध्वाकाहरू मर्मत तथा पुनःनिर्माण गर्नुपर्ने, शिक्षामा सूचना तथा प्रविधिको प्रयोगमा जोड दिनुपर्ने, शिक्षक सरुवा निर्देशिका निर्माण गरी लागू गर्नुपर्ने, स्वीमिङ पुल निर्माण गर्नुपर्ने, अग्रज किसानहरूलाई सम्मान गर्ने कार्यक्रम आवश्यक भएको, खौमाको उमामहेश्वर पुनःनिर्माण गर्नुपर्ने, सम्पदामैत्री बत्तीहरू

जडान गर्नुपर्ने, प्रत्येक वडामा एकवटा पुस्तकालय र शिशुस्याहार निर्माण गर्नुपर्ने, मेलम्चीको पानी चुहावट रोक्नुपर्ने, अपराधजन्य गतिविधि नियन्त्रण गर्नुपर्ने, नगरकोट सडकखण्डको बाटो स्तरोन्नति तथा पेटी निर्माण गर्नुपर्ने, कक्षा ९ र १० मा ऐच्छिक विषयको रूपमा कानुन विषय अध्ययन अध्यापनमा जोड दिनुपर्नेलगायतका सुझावहरू दिएका थिए।

## महिला प्रतिनिधिहरूसँग



राय सुझाव सङ्कलनकै क्रममा जेठ २८ गते महिला प्रतिनिधिहरूको भेला कार्यक्रम गऱ्यो।

नगर प्रमुख **सुनिल प्रजापति**ले भेलामा भक्तपुर नगरपालिकाले व्यापक जनतालाई फाइदा हुने विषयलाई प्राथमिकतामा राखी योजना अगाडि बढाउँदै आएको बताउनुभयो।

नगरवासीहरूबाट प्राप्त सुझावलाई प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बनाई बजेट विनियोजन गर्ने बताउनुहुँदै उहाँले जनताको साथ र सहयोगले नगरको विकास अगाडि बढेको प्रष्ट पार्नुभयो।

महिलाहरूलाई सचेत र सङ्गठित बनाउन सके समाज नै अगाडि बढ्ने बताउनुहुँदै उहाँले नपाले विभिन्न महिला केन्द्रित सीपमूलक तालिम सञ्चालन गरिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले महिलाहरू शिक्षित भए पूरै परिवार र समाज नै अगाडि बढ्ने हुँदा महिलाहरूलाई सामाजिक गतिविधिमार्फत अगाडि बढाउनुपर्ने बताउनुभयो।

कार्यक्रममा उपस्थित महिला प्रतिनिधिहरूले सबै वडामा ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी आदर निकेतन सञ्चालन गर्नुपर्ने, अपाङ्गता भएकाहरूलाई सहायक सामग्री वितरण गर्नुपर्ने, स्वास्थ्य स्वयम्सेविकाहरू सुत्केरी भेट गर्न जाँदा न्यानो कपडा वितरणको व्यवस्था गर्नुपर्ने, महिला व्यवसायीहरूलाई सहुलियत कर्जा र स्वरोजगार कार्यक्रमहरू ल्याउनुपर्ने, पाइल्स–फिस्टुला–फिसरलगायतका विषयमा पनि स्वास्थ्य शिविरहरू सञ्चालन गर्नुपर्ने, ख्वप अस्पतालमा न्युरो सेवाको उपचार सेवा समयावधि वृद्धि गर्नुपर्ने, नगरका पेटीहरू हिँड्न लायक बनाउनुपर्ने, कवाडी नियन्त्रण, दरबन्दी शिक्षकको तलब निकासा समयमै गर्नुपर्ने, खोलाको दायाँबायाँ रिटेनिङ वाल निर्माण गर्नुपर्ने, भोलाछेँ पोखरीलाई पौडी पोखरीको रूपमा विकास गर्नुपर्ने, भगवतीस्थानस्थित स्वास्थ्य केन्द्रमा सेवाहरू थप गर्नुपर्ने, कानुनी साक्षरता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, नगर बस सञ्चालन गर्नुपर्नेलगायतका सुझावहरू दिएका थिए।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभयो।

## पर्यटन व्यवसायीहरूसँग




असार २ गते भक्तपुरका पर्यटन व्यवसायीहरूको भेला गरी राय सुझाव सङ्कलन गऱ्यो।

कार्यक्रममा नपा प्रमुख **सुनिल प्रजापति**ले सरकारको नीति तथा कार्यक्रमले सबै पक्ष र क्षेत्रलाई समेटे पनि यसको कार्यान्वयन पक्ष भने फितलो रहेको बताउनुभयो।

देशको आर्थिक क्रियाकलाप फस्टाउने वातावरण निर्माण गर्नु अति आवश्यक भएको बताउनुहुँदै उहाँले बाह्य पर्यटकलाई नेपालमा आकर्षित गर्नुपर्ने र आन्तरिक पर्यटन प्रवर्द्धनतर्फ जोड दिनुपर्ने आजको आवश्यकता हो भन्नुभयो।

प्रमुख प्रजापतिले विश्वका अन्य साना देशहरूको विकास र आर्थिक समृद्धिबाट नेपालले पाठ सिक्नुपर्ने बताउनुहुँदै भक्तपुरको पर्यटन र समग्र नगरको विकासमा पर्यटन व्यवसायीहरूको साथ सहयोग आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा वातावरण तथा पर्यटन समितिका सदस्य एवम् भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले पर्यटकीय नगर भक्तपुरले आन्तरिक पर्यटन प्रवर्द्धनमा विशेष जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा उपस्थित पर्यटन व्यवसायीहरूले पर्यटक लक्षित महोत्सवहरू आयोजना गरिनुपर्ने, गल्ली गल्लीमा आगो निभाउने उपकरण राख्नुपर्ने, पोखरीहरूमा माछा पालन गर्न सकिने, रात्रीकालीन पर्यटनलाई जोड दिने, पर्यटन शुल्कलाई समयसापेक्ष ढङ्गले वृद्धि गर्नुपर्ने, आन्तरिक पर्यटन प्रवर्द्धन गर्नुपर्ने, डिजिटल मार्केटिङलाई अगाडि बढाउनुपर्ने, खाना महोत्सवहरूको आयोजना गर्नुपर्ने, पथ प्रदर्शकहरूलाई पुनर्ताजगी तालिम सञ्चालन गर्नुपर्ने, छाडा कुकुर नियन्त्रण गर्नुपर्ने, भक्तपुरमा पर्यटकको बसाइ लम्ब्याउने योजनाहरू आवश्यक भएको, पर्यटक शौचालय निर्माण गर्नुपर्ने, भक्तपुरका घरेलु तथा मौलिक वस्तुहरूको उत्पादन तथा प्रवर्द्धनमा जोड दिनुपर्ने, होटलहरूको गुणस्तर मापन र वर्गीकरण आवश्यक भएकोलगायतका सुझावहरू दिएका थिए ।



कार्यक्रममा भक्तपुर नपा पर्यटन तथा सूचना केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले पनि बोल्नुभयो ।


आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**सूचना**

भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष वर्षात्को मौसममा बाटो खन्ने स्वीकृति केही समयको लागि रोक्का गर्दै आएकोमा यस वर्ष पनि २०८२ साल असार १५ गतेदेखि २०८२ साल भाद्र मसान्तसम्म बाटो खन्ने स्वीकृति रोक्का गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गरिएको छ ।

*भ.न.पा. : नक्सा उपशाखा*






# ख्वप विश्वविद्यालय स्थापनाको लागि संयुक्त पहल जरूरी

वि.सं. २०५८ माघ २१ गते भक्तपुरको अरनिको सभाभवनमा सम्पन्न जिल्लाका बुद्धिजीवी र पेसाकर्मीहरूको बृहत् छलफल कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले एउटा महत्त्वपूर्ण विषय घोषणा गर्नुभयो। उहाँले भन्नुभयो, 'भक्तपुर जिल्लालाई देशको पहिलो स्मारक संरक्षित जिल्ला तथा पर्यटकहरूको गन्तव्य स्थल बनाउन १५ वर्षभित्र पहिलो साक्षर र प्रत्येक घरमा एक स्नातक वा सो सरहका नाचगान वा चित्रकलाका कलाकार, खेलाडी वा भाषाहरूका ज्ञाता, होटल व्यवस्थापन गर्ने र पर्यटक गाइड वा हस्तकलाका शिक्षक उत्पादन गर्न तथा हाम्रो नयाँ पुस्तालाई शताब्दीका योग्य नागरिक बनाउन हामी सबै मिलेर चिन्तन र मिहिनेत गरौँ। बिचमा कुनै बाधा-व्यवधान आएन भने, जनप्रतिनिधिहरू, शिक्षाप्रेमी बुद्धिजीवीहरू, अभिभावकहरू तथा शिक्षा कार्यालय र सबै शिक्षकहरू लागि पर्‍याैं भने भक्तपुर जिल्ला पहिलो साक्षर तथा प्रत्येक परिवारमा एक स्नातक भएको, पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला र संस्कृति जोगिएको तथा आफ्नो पहिचान भएको जिल्ला बनाउन सक्नेछौँ।'

केही दशकअघि भक्तपुरलाई फोहोरी, असभ्य र अशिक्षितहरूको सहरको रूपमा लिइन्थ्यो। भक्तपुरका कतिपय मानिसहरू 'भक्तपुरे' हुनुमा हिनताबोध गर्थे। तर, आज समयले कोल्टे फेरेको छ। भक्तपुरप्रतिको हेराइमा आमूल परिवर्तन भएको छ। आज भक्तपुरलाई सभ्य, सुसंस्कृत, सफा र शिक्षितहरूको सहरको रूपमा लिइन्छ।

जसरी रोम एक रातमा बनेको थिएन, त्यसैगरी भक्तपुर पनि एक रातमा बनेको होइन। भक्तपुरका जनताको निरन्तर त्याग, समर्पण, सङ्घर्ष र बदलाको भावनाले आजको भक्तपुर बनेको हो। भक्तपुरका अग्रजहरूले शिक्षा र सरसफाइमा दिएको जोडको परिणाम आजको भक्तपुर हो। नेपाल मजदुर किसान पार्टीको नेतृत्वमा चलेको शिक्षा र सफाइ अभियानले दशकौँपछि साकार रूप लिन थालेको हो। भक्तपुरले एसियाकै

सफा सहरको उपमा पाइसकेको छ । अर्कोतिर अपारदर्शिता र भ्रष्टाचारले देशलाई नराम्रोसँग गाँजेको अवस्थामा पनि ट्रान्सपरेन्सी इन्टरनेसनलले भक्तपुर नगरपालिकालाई पारदर्शी नगरको रूपमा पुरस्कृत गरिसकेको छ ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेका ख्वप नामका विभिन्न कलेजहरू उदाहरणीय रूपमा प्रस्तुत भइरहेका छन् । नेपालमै पहिलोपटक स्थानीय तहले ती कलेज सञ्चालन गरेको हो । यसले अन्य जिल्लाका स्थानीय निकायलाई पनि शिक्षामा लगानी बढाउन प्रोत्साहित गरेको छ । भक्तपुर देशकै एउटा नमुना जिल्लाको रूपमा अगाडि आएको छ । देशमा व्याप्त निराशाको बिचमा भक्तपुर एउटा आशाको दीप बनेको छ ।

आज भक्तपुरका जनतासँग अर्को सङ्कल्प छ – ख्वप विश्वविद्यालय स्थापना गर्ने । ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप पोलिटेक्निक इन्स्टिच्युट, ख्वप कलेज अफ इन्जिनियरिङ, शारदा क्याम्पस मावि र ख्वप कलेज अफ ल गरी सातवटा कलेज सञ्चालनमा छन् । ती कलेजहरूमा देशका सात हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । ती कलेजहरूले न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन् । भक्तपुरका जनताले मेडिकल कलेज स्थापना गर्ने र सम्पूर्ण कलेजहरूलाई एकीकृत गरेर ख्वप विश्वविद्यालय बनाउन २०६० सालदेखि पहल गरेका थिए । तर, आजसम्म सरकारले संसद्मा विधेयक प्रस्तुत गरेको छैन । स्थानीय तहमार्फत विश्वविद्यालय सञ्चालन गर्ने पवित्र उद्देश्यलाई विभिन्न ब्रान्डका सरकारहरू किन रोक्दै छन् ?

सबै जनताका छोराछोरीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिने, प्राज्ञिक वातावरणमा पठनपाठन गराई अनुशासित नागरिक तयार गर्ने, देशको विकासमा शैक्षिक क्षेत्रबाट योगदान पुऱ्याउने र भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने आदि उद्देश्यका साथ २०५६ साउन १६ गतेबाट ख्वप उच्च माध्यमिक विद्यालयको कक्षा सञ्चालन भयो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी २०५७ फागुन १५ गतेदेखि ख्वप कलेज तथा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी २०५८ असार १८ गतेदेखि ख्वप इन्जिनियरिङ कलेज सञ्चालन भयो ।

तत्पश्चात् भक्तपुर नपाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त गरी २०६० कार्तिक २८ गतेदेखि ख्वप बहुप्राविधिक अध्ययन संस्थान सञ्चालन गऱ्यो । त्यस्तै, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी २०६५ भदौ १२ गतेदेखि ख्वप कलेज अफ इन्जिनियरिङ सञ्चालन भयो ।

देशको शैक्षिक स्तर उन्नतिमा ख्वप कलेजहरूले खेलेको भूमिकालाई कसैले कम आँक्न सक्दैन । ख्वप विश्वविद्यालय स्थानीय तहद्वारा सञ्चालित हुने भएकोले पूर्णतः सामुदायिक हुनेछ र जनताप्रति बढी उत्तरदायी हुनेछ । देशको आवश्यकता र समयानुकूल पाठ्यक्रम निर्माण गरी योग्य शैक्षिक जनशक्ति निर्माणमा यसले महत्त्वपूर्ण योगदान गर्नेमा दुविधा छैन । अतः राजनैतिक पूर्वाग्रह त्यागेर सबै दल, बुद्धिजीवी, कर्मचारीलगायतले ख्वप विश्वविद्यालय स्थापनाका लागि संयुक्त पहल गर्न जरुरी छ ।

स्रोत : मजदुर दैनिक, सम्पादकीय, २०८२ जेष्ठ २१

# ख्वप विश्वविद्यालय स्थापनाका लागि हाम्रा प्रयासहरू

– रविन्द्र खर्बुजा

नेपाल मजदुर किसान पार्टीले स्थापनाकालदेखि नै शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै आएको हो । यो कुरा पार्टीका अग्रजहरूले विभिन्न अवसरमा व्यक्त अभिव्यक्ति र अन्तर्वार्ताबाट स्पष्ट हुन्छ । विद्यालय पढ्ने अवसर नपाएका धेरैजसो कार्यकर्ताहरूले तत्कालीन अवस्थामा गोप्य तवरबाट सञ्चालन भएको रात्रि कक्षाहरूमा पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) बाट शिक्षित हुने अवसर पाएका थिए । त्यतिबेला सञ्चालन हुने कक्षाहरूमा पढाइको साथसाथै देशको सामाजिक, आर्थिक र राजनैतिक अवस्था, अन्तर्राष्ट्रिय राजनीति, राजनेताहरूको जीवनी, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादबाट विभिन्न देशमा भइरहेकोआक्रमण, समाजवादी आन्दोलनहरूबारे पनि प्रशिक्षित गर्ने काम भएको थियो । परिणामस्वरूप भियतनाममाथि अमेरिकी हस्तक्षेप हुँदा त्यसविरुद्ध काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा फोटो प्रदर्शनी भए । भारतद्वारा नेपाली भूमि सुस्तामाथि अतिक्रमण गर्दा नेपालमा पहिलोपल्ट विरोध जुलुस र सभा भए । भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलन, साँढे धपाउने आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन आदि त्यसैको परिणाम हो ।

पार्टीका अग्रजहरूले देशमा पञ्चायती व्यवस्था लागु भएलगत्तै प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर देश र जनताको सेवा गर्ने लेनिनवादी सिद्धान्तअनुसार पञ्चायती चुनावलाई उपयोग गर्नुभयो । त्यो नीतिअनुरूप स्थानीय निकायमा गएका

जनप्रतिनिधिहरूले पञ्चायतभित्र रहेर जनताको पक्षमा कार्यहरू गर्नुभयो। हाम्रो पार्टीले गरेको जनताको काम पञ्चायतलाई मन परेको थिएन। अनेक बहानामा नेता तथा कार्यकर्ताहरूलाई वारेन्ट जारी गर्ने, पक्राउ गर्ने आदि कार्यहरू भइरह्यो। कतिपय नेता र कार्यकर्ताहरू भूमिगत एवं प्रवासमा बस्न बाध्य भए। त्यो कठिन अवस्थामा पनि शिक्षा प्रचारमा कार्यकर्ताहरू लागी नै रहे। सम्बन्धित निकायहरूसँग अनुमति लिएर प्रावि तथा निमावि स्कूलहरू सञ्चालन गरिए। २०३६ सालको जनमतसङ्ग्रह घोषणालगत्तै पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ भारत प्रवासबाट फर्कनुभयो। त्यस पछाडि शैक्षिक विकासका कार्यहरूमा थप तीव्रता आयो। मावि तहका विद्यालयहरू पनि सञ्चालन हुँदै गए। २०३९ वैशाख ३१ गते सम्पन्न स्थानीय निकायको निर्वाचनमा भक्तपुर नगर पञ्चायतमा प्रधानपञ्च र उपप्रधानपञ्चसहित बहुमत सदस्यहरू नेमकिपाबाट निर्वाचित भए। निर्वाचन घोषणापत्र र पार्टी निर्देशनअनुसार निर्वाचित प्रतिनिधिहरूले अन्य सङ्घ संस्थाहरूसँग समन्वय गरी महिला साक्षरता कक्षा सञ्चालन गरे। टोल–टोलमा प्रौढ कक्षाहरू सञ्चालन भए। २०४० असोज २ गते बसेको नगर पञ्चायतको बैठकले सरकारभन्दा एक कदम अगाडि बढेर नगरभित्रका सम्पूर्ण विद्यालयको निमावि तहसम्म निःशुल्क गर्ने निर्णय गऱ्यो।

२०४६ सालको जनआन्दोलनबाट पञ्चायतको अन्त्य भई प्रजातन्त्रको पुनः स्थापना भयो। आन्दोलनबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै अगाडि बढ्ने उद्देश्यअनुरूप नेमकिपाले बहुदलीय व्यवस्थाअन्तर्गतको विभिन्न निर्वाचनहरूको पनि उपयोग गऱ्यो। तत्कालीन नगरपालिकाले शैक्षिक स्तरलाई अझ अगाडि बढाउन विद्यालय सहायता कार्यक्रमको लागि बजेट बन्दोबस्त गऱ्यो। नगरभित्रका प्रावि, निमावि र माविहरूलाई भौतिक संरचनाहरूको मर्मत सम्भार एवं निर्माणको लागि आर्थिक तथा भौतिक सहयोग पनि गर्दै गऱ्यो। प्रजातन्त्र पुनः स्थापनापछिको दोस्रो स्थानीय निर्वाचन २०५४ मा नेमकिपाद्वारा जारी निर्वाचन घोषणापत्रमा नमुना विद्यालयहरू स्थापना गर्ने प्रतिबद्धता उल्लेख थियो। उक्त प्रतिबद्धताअनुसार २०५६ असार ३२ गते भक्तपुर नगरपालिकाको नगर परिषद्ले एउटा ऐतिहासिक निर्णय गऱ्यो। उक्त निर्णयमा उल्लेख थियो –

*भक्तपुर नगरका विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययन गर्ने अवसर प्रदान गर्न भक्तपुर नगरपालिकाले विद्यालय सक्षमता कार्यक्रमअन्तर्गत उच्च माविको निम्ति छुट्टै रकमको व्यवस्था गरिराखेकोमा प्रमुख प्रेम सुवालको अध्यक्षतामा भएको भक्तपुरका बुद्धिजीवी एवं स्नातकोत्तर उत्तीर्ण महानुभावहरूको बैठकबाट प्राप्त सुझावअनुसार शैक्षिक सत्र २०५६/५७ देखि आर्थिक तथा भौतिक व्यवस्था भ.न.पा.ले गर्ने गरी व्यवस्थापन र विज्ञान विषयको उच्च मावि कक्षा भक्तपुर नगरपालिका आफैले सञ्चालन गर्ने र उक्त कक्षा सञ्चालन गर्नको लागि प्रमुख प्रेम सुवालको अध्यक्षतामा सञ्चालक समिति गठन गर्ने।*

सबै जनताका छोराछोरीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिने, प्राज्ञिक वातावरणमा पठनपाठन गराई अनुशासित नागरिक तयार गर्ने, देशको विकासमा शैक्षिक क्षेत्रबाट योगदान पुऱ्याउने र भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउनेलगायतका उद्देश्यका साथ २०५६ साउन १६ गतेबाट ख्वप उच्च माध्यमिक विद्यालयको कक्षा सञ्चालन भयो। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी २०५७ फागुन १५ गतेदेखि ख्वप कलेज तथ पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्ध प्राप्त गरी २०५८ असार १८ देखि ख्वप इन्जिनियरिङ कलेज सञ्चालन भयो।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले २०५८ माघ २१ गते भक्तपुरको अरनिको सभाभवनमा आयोजित कार्यक्रममा एउटा महत्त्वपूर्ण प्रस्ताव राख्नुभयो। भक्तपुर जिल्लालाई पर्यटकीय गन्तव्यस्थल तथा शिक्षा र संस्कृतिको केन्द्र बनाउनेबारे भएको उक्त कार्यक्रममा जिल्लाका जनप्रतिनिधिहरू, शिक्षा तथा सांस्कृतिक क्षेत्रमा आवद्ध महानुभावहरू बुद्धिजीवी, शिक्षक, कर्मचारी विविध क्षेत्रका समाजसेवीको उपस्थितिमा उहाँले भक्तपुरलाई पहिलो साक्षर जिल्ला बनाउने र 'एक घर एक स्नातक' बनाउने प्रस्ताव राख्नुभएको थियो। सहभागी सम्पूर्ण महानुभावहरूले उक्त विचारको प्रशंसा गर्दै आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए। केही सहभागीहरूले ख्वप विश्वविद्यालय स्थापना गर्नुपर्ने चर्चा गर्नुभएको थियो। तत्पश्चात् भक्तपुर नगरपालिकाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त गरी २०६० कार्तिक २८ देखि ख्वप बहुप्राविधिक अध्ययन संस्थान सञ्चालन गऱ्यो। त्यस्तै, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्ध प्राप्त गरी २०६५ भदौ १२ गतेदेखि ख्वप कलेज अफ इन्जिनियरिङ सञ्चालन भयो।

ख्वप उमावि सञ्चालनलगत्तै ख्वप विश्वविद्यालयको स्थापनाको गृहकार्य सुरु भएको थियो। भक्तपुर नगरपालिका वडा नं. १७ (साबिक) सल्लाघारीस्थित कि.नं. ५४० क्षेत्रफल १०८–२–१–० भएको जग्गा मेडिकल कलेजसहित विश्वविद्यालय सञ्चालनको लागि भक्तपुर नगरपालिकालाई हस्तान्तरण हुनुपर्ने आवाज उठ्न थाल्यो। उक्त जग्गा २०२६ सालमा तत्कालीन राजा महेन्द्रले प्रतिरोपनी रु. २,०००।– का दरले

# ख्वप विश्वविद्यालय स्थापनाको कुरा नागपास खेलेजस्तो

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले चुनावी प्रचार प्रसारकै क्रममा मन्त्रालयको नियमित काम समेत गर्दै आएका छन्। २ वटा विश्वविद्यालय थप गरिँदैछ। ख्वप विश्वविद्यालय र नेपाल विश्वविद्यालयको विधेयकका लागि सदनमा पठाउनुपर्ने भएकाले कागजातमा हस्ताक्षर गरेका थिए।

(२०७९ मङ्सिर १)

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले लामो समयदेखि विचाराधीन रहेको ख्वप विश्वविद्यालय विधेयक चाँडै संसदमा पेस गर्ने तयारी भइरहेको बताएका छन्।

सोमवार प्रतिनिधि सभा बैठकमा प्रश्नोत्तर कार्यक्रममा बोल्दै उनले ख्वप विश्वविद्यालय विधेयक, २०७३ संसद् अधिवेशन अन्त्य भएका कारण निष्क्रिय भएपछि त्यसको मस्यौदा तयारीको काम पुनः सुरु गरिएको र प्रक्रिया पूरा भएपछि त्यसलाई छिट्टै संसद्मा पेश गर्ने जानकारी गराए।

(२०८० माघ २१)

'यो विश्वविद्यालय स्थापनाको लागि आवश्यक ऐन निर्माणको लागि लामो समयदेखि पहल हुँदै आएको छ र यसबारेको विधेयक सदनमा विचाराधीन पनि छ। बारम्बार सदनमा प्रस्तुत हुने तर प्रक्रिया बिचैमा रोकिने लामो रस्साकस्सीबिच फेरि ख्वप विश्वविद्यालयको विधेयक अघि बढाइने भएको छ।' - सुनिल प्रजापति

(२०८० माघ २१)

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले भक्तपुरको सल्लाघारीस्थित एक सय ८ रोपनी जग्गाको स्थलगत निरीक्षण गरेका छन्।

नेपाल ट्रष्टको नाममा रहेको उक्त जग्गा ख्वप विश्वविद्यालय स्थापनाका लागि भक्तपुर नगरपालिकाले माग गरेपछि आज उनले जग्गाको अवस्था बुझ्न त्यहाँको निरीक्षण गरेका हुन्। सो क्रममा मन्त्री अधिकारीले विश्वविद्यालय सञ्चालनका लागि उक्त जग्गा उपभोग गर्न दिने विषयमा आफू सकारात्मक रहेको बताए।

मन्त्री अधिकारीले नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायत क्षेत्रमा गरिरहेको कामको प्रशंसा गर्दै ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृतिका लागि सरकारले ढिलाइ गर्न नहुने धारणा पनि राखे।

(२०८१ असोज १)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले भक्तपुर नगरपालिकाले शिक्षामा गरेको कार्य उदाहरणीय र अनुकरणीय रहेको बताउँदै भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्वीकृति पाउनुपर्छ भन्ने विषयमा आफू सधैँ सकारात्मक रहेको बताउनुभयो।

ख्वप विश्वविद्यालय विधेयक मन्त्रिपरिषद्मा पुगेको र त्यहाँ सकारात्मक छलफल भइरहेको बताउनुभयो।

(२०८१ पुस १६)

ख्वप विश्वविद्यालय विधेयक ल्याउन सरकारलाई संसदीय समितिले निर्देशन दिएको छ। यो विषयमा लामो समयदेखि बहस हुँदै आएको तर सरकारले विधेयक नल्याएको भनेर संसद्मा आवाज उठ्दै आएको छ।

सङ्घीय संसद्को जारी अधिवेशनभित्रै विधेयक संसद्मा दर्ता गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई संसदीय समितिको निर्देशन छ।

समिति सभापति अम्मरबहादुर थापाले ख्वप विश्वविद्यालय स्थापनासम्बन्धी विधेयक ल्याउन आवश्यक रहेको बताए।

(२०८१ चैत १३)

ख्वप विश्वविद्यालय स्थापनाको कुरा नागपास खेलेजस्तो भइरहेको छ- सुनिल प्रजापति

(२०८१ भदौ १८)

स्रोत : विभिन्न वेबसाइट

सम्बन्धित जग्गा धनी र मोहीहरूबाट तत्कालीन युवराज वीरेन्द्रको नाममा राजीनामा पारित गरेका थिए। जग्गाको मूल्य तल्सिङलाई रु. १,२००।- र मोहीलाई रु. ८००।- गरी प्रतिरोपनी रु. २,०००।- तोकिएको थियो। त्यतिबेला जनताको विरोधको कुनै सुनुवाइ भएन। त्यसकारण, उक्त जग्गा भक्तपुरवासीहरूले नै उपभोग गर्न पाउनुपर्ने धारणा २०४६ सालको आन्दोलनपश्चात् उठेको थियो। ख्वप उमावि सञ्चालन भएपछि जनप्रतिनिधिहरू त्यो जग्गा प्राप्त गर्न गम्भीरतापूर्वक लागेका थिए। २०५८ जेठ १९ गतेको दरबार हत्याकाण्डपछि र २०६० वैशाख २१ गतेको प्रतिगमनविरुद्ध पाँच दलको आन्दोलन घोषणापछि उक्त कुरा अलि सेलायो। उक्त जग्गा २०६२ असार २१ गते तत्कालीन राजा वीरेन्द्रको नामबाट नारायणहिटी राजदरबारको नाममा नामसारी भयो। २०६४ पुस २२ गते नेपाल ट्रस्ट ऐन २०६४ को प्रमाणीकरणसँगै सो जग्गा नेपाल ट्रस्टको नाममा ल्याइयो। तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्या र निजको परिवारको सम्पत्ति नेपाल सरकार मातहतको नेपाल ट्रस्टको स्वामित्वमा राख्ने निर्णय २०६३ कार्तिक २१ गतेको सात दल र नेकपा माओवादीका शीर्ष नेताहरूको बैठकले गरेको थियो।

राजपरिवारको उक्त जग्गा नेपाल ट्रस्टको स्वामित्वमा जानुभन्दा अगाडि २०६४ जेठ ९ गते बसेको भनपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज सञ्चालक समितिले कलेजको लागि माग गर्ने निर्णय गरेको थियो। सो निर्णयअनुसार २०६४ जेठ १० गते ८ दलका शीर्ष नेताहरू समेतलाई बोधार्थसहित प्रधानमन्त्रीको कार्यालयमा पत्र दर्ता भयो। ९ महिना पछाडि २०६४ पुस २२ गते ट्रस्ट ऐन २०६४ प्रमाणीकरण भएकै दिन ट्रस्टका तत्कालीन अध्यक्ष एवं गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई सम्बोधन गरी मेडिकल कलेजसहितको विश्वविद्यालय स्थापनाको लागि जग्गा उपलब्ध गराउने निवेदन परेको थियो। त्यसअघि पटक-पटक मौखिकरूपमा ताकेता गर्ने कार्य पनि हुँदै थियो। तर, हालसम्म सुनुवाइ भएन।

झन्डै २ वर्षपछाडि २०६६ आश्विन १९ गते नेपाल ट्रस्टले ख्वप इन्जिनियरिङ कलेजलाई एक पत्र पठायो। पत्रमा उल्लेख भएअनुसार २०६६ असोज ६ गते बसेको ट्रस्टको बैठकले आफ्नो स्वामित्वमा रहेको भक्तपुर सल्लाघारीको सो जग्गामा अन्य केही संस्थाहरूले पनि व्यापारिक प्रयोगको लागि भाडामा पाउन माग गरेको हुँदा सम्बन्धित कलेजको राय बुझ्ने निर्णय गरेको थियो। नेपाल ट्रस्टको उक्त पत्र प्राप्त भएपछि २०६६ कार्तिक २० गते ख्वप इन्जिनियरिङ कलेजले त्यस पत्रको प्रतिउत्तर पठायो। प्रतिउत्तरमा भनिएको थियो, 'नेपाल ट्रस्ट ऐन २०६४ को दफा ५,२ खण्ड (क) मा विश्वविद्यालय, महाविद्यालयजस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्ने वा त्यस्ता संस्था सञ्चालनका लागि अनुदान प्रदान गर्ने र सोही दफाको खण्ड (ख) मा अस्पताल वा स्वास्थ्य चौकीजस्ता सार्वजनिक चिकित्सालयहरू खडा गरी तोकिएबमोजिम सञ्चालन गर्न सकिने भनी स्पष्ट उल्लेख भएकोले मेडिकल कलेजसहितको विश्वविद्यालय सञ्चालन गर्न जग्गा उपलब्ध गराउनुपर्छ। उक्त जग्गा तत्कालीन राजाले भक्तपुरका जनतालाई बाध्य पारी धेरै सस्तोमा खरिद गरेको हुँदा भनपाद्वारा सञ्चालित कलेजहरूकै लागि प्राप्त गर्ने जिल्लावासीहरूको अग्राधिकारसमेत हो।' पत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पनि पठाइएको थियो।

२०६८ साउन ४ गते सभासद् सुनिल प्रजापति र निर्वाचित मेयर प्रेम सुवालसहितको एक प्रतिनिधिमण्डलले तत्कालीन गृहमन्त्री तथा ट्रस्टका अध्यक्ष कृष्णबहादुर महरासँग पनि उहाँकै कार्यकक्षमा भेट गर्‍यो। भेटघाटमा सल्लाघारीस्थित उक्त जग्गा र ख्वप विश्वविद्यालयबारे छलफल भएको थियो। सो अवसरमा मन्त्री महराले आफूले गृह मन्त्रालयको जिम्मेवारी लिनुपूर्व उक्त जग्गा व्यापारिक प्रयोजनको लागि बहालमा दिने निर्णय गरिसकेको बताउँदै आफूले उक्त निर्णय बदल्ने वचनबद्धता प्रकट गरेका थिए।

यसअघि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजबाट २०६४ मङ्सिर १४ गते तत्कालीन शिक्षा तथा खेलकुदमन्त्री प्रदिप नेपालसँग ख्वप विश्वविद्यालय विधेयक २०६४ व्यवस्थापिका संसद्बाट पारित गर्नको लागि मस्यौदा पेस गरेको थियो। विश्वविद्यालय अनुदान आयोगको राय लिने मन्त्रीस्तरीय निर्णयपश्चात् २०६४ मङ्सिर २५ गते शिक्षा मन्त्रालयले विश्वविद्यालय अनुदान आयोगमा परिपत्र गर्‍यो। एक महिना नबित्दै २०६४ पुस २० गते र २०६४ फागुन २६ गते गरी दुई पटकसम्म विश्वविद्यालय अनुदान आयोगले आफ्नो राय शिक्षा तथा खेलकुद मन्त्रालयमा पठायो। अहिलेसम्म विधेयक पारितको आवश्यक प्रक्रिया अगाडि बढ्न सकेन। प्रदिप नेपालपछि सर्वेन्द्रनाथ शुक्ला शिक्षामन्त्री बने। त्यतिबेला पनि सांसद सुनिल प्रजापति र निर्वाचित प्रमुख प्रेम सुवालसमेतको टोली पुगेर छलफल गरेको थियो। मन्त्री शुक्लाले अब विश्वविद्यालय विधेयक अलग अलग नभई एउटै छाता ऐनको रूपमा आउने विश्वास दिलाएका थिए। २०६८ असार १९ गते जनप्रतिनिधिहरूकै एक टोलीले शिक्षामन्त्री गङ्गाधर तुलाधरसँग भेटेर ख्वप विश्वविद्यालयको विधेयक २०६४ प्रति अत्यन्त सकारात्मक

रहेको विधेयक पारित गर्नको लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् संविधानसभा सदस्य नारायणमान बिजुक्छेँले औपचारिक तथा अनौपचारिकरूपमा राष्ट्रपति र प्रधानमन्त्रीहरूसँगको भेटघाटमा ख्वप विश्वविद्यालयको विधेयक पारित गर्ने र १०८ रोपनी जग्गा प्राप्त गर्नेबारे छलफल गर्नुभएको थियो । विभिन्न सभा समारोहको साथसाथै व्यवस्थापिका संसद्को बैठकहरूमा पनि समय–समयमा त्यसबारे चर्चा भएका थिए । अन्य केही विश्वविद्यालयका विधेयकहरू पारित भइरहेको छ । तर, ख्वप विश्वविद्यालय विधेयक हालसम्म गर्भमै छ । आशा गरौँ, त्यो विधेयक छिट्टै पारित हुनेछ । मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय सञ्चालन हुनेछ ।

(लेखक भक्तपुर नगरपालिकाका पूर्वजननिर्वाचित वडाध्यक्ष हुनुहुन्छ ।)

स्रोत : युनिभर्सिटी, भदौ–असोज, २०६८ / अनलाइनमजदुर, २०८२ जेठ २४

### फेरि तयारी

## ख्वप विश्वविद्यालय विधेयक पारित गर्नुपर्ने

प्रतिनिधिसभाको असार ७ गते बसेको बैठकमा नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले सर्वसाधारण जनताका छोराछोरीलाई उत्पादन श्रमसँग जोडिएको उच्च शिक्षा दिलाउन भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय विधेयक यसै अधिवेशनमा पारित गर्नुपर्ने प्रस्ताव राख्नुभएको थियो ।

प्रतिनिधिसभाको असार ९ गते बसेको बैठकमा शिक्षामन्त्री रघु पन्तले भक्तपुर नगरपालिकाअन्तर्गत सञ्चालन हुने ख्वप विश्वविद्यालय विधेयक संसद्मा पेस गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।

स्रोत : भ्नी नेवाः, फेसबुक

### सच्याउनु होस्

'भक्तपुर' को गताङ्कको पृष्ठ ४३, दोस्रो कोलमको दोस्रो अनुच्छेदको पहिलो वाक्यमा **'एक घर एक स्नातक' को घोषणा विसं २०५८ सालमा** हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनु हुन अनुरोध छ ।

## ख्वप विश्वविद्यालयको विधेयक किन ल्याइँदैन ?

– सञ्जय

ख्वप विश्वविद्यालयको विधेयक किन संसद्मा ल्याइँदैन र किन पारित गरिँदैन ? यो सबै नेपालीको प्रश्न हो । यो मेचीदेखि महाकालीसम्मका चाँदनी दोधाराका जनताको आवाज हो । यो एमालेका योगेश भट्टराई, माओवादीका देवेन्द्र पौडेल, रास्वपाका सन्तोष परियार, सुमना श्रेष्ठ, मनोज केसीलगायतका नेता, सांसदहरूले पनि आवाज उठाएका छन् । शिक्षा, देश विकासको पूर्वाधारको पनि पूर्वाधार हो । सरकारले लाखौँ, करोडौँ खर्चेर विद्यार्थीहरूलाई महँगो निजी र विदेशी कलेजमा डाक्टर पढ्न जान बाध्य पार्दै छ । भक्तपुर नगरपालिकाले रु. १५ लाखमा डाक्टर पढाउँछ, ख्वप विश्वविद्यालयको स्वीकृति दिनुभन्दा किन दिँदैन ? शिक्षासँग सम्बन्धित विभिन्न संसदीय समिति, उपसमितिका सांसदहरूले निरीक्षण, अनुगमन गरिसकेका छन् । उनीहरूले ख्वप विश्वविद्यालय खोल्न दिनुपर्छ; पूर्वाधार छ, क्षमता छ, तागत छ भनेर राय दिएका छन् ।

विभिन्न शिक्षामन्त्री र अन्य मन्त्रीहरू आउँछन्, निरीक्षण गर्छन् । अवलोकन गर्छन् र आफ्नो तर्फबाट सक्दो प्रयास गर्छु भनेर आश्वासन दिन्छन् । विज्ञ, बुद्धिजीवी, विश्लेषकहरूको साथ, समर्थनको कुरा त आफ्नो ठाउँमा छँदै छ । सबै प्रक्रिया पूरा भएर संसद् टेबुल गर्न मात्र बाँकी भएको भनिएको उक्त विधेयक आजभन्दा भन्दै भोलि भन्दा भन्दै १० वर्ष बितिसक्यो ।

जबकि पछि दर्ता भई प्रस्तुत पूर्वाधार नभएका अन्य विश्वविद्यालयको विधेयक पारित भएर पनि सञ्चालनमा आइसकेको छ । शासक दलका आफ्ना मान्छेका विश्वविद्यालय तुरुन्त स्वीकृत गर्ने तर देशको एउटा अभिन्न अङ्ग स्थानीय सरकारले मागेको ख्वप विश्वविद्यालयको स्वीकृति किन दिन नहुने भनी सबै क्षेत्रका जनताले औँला उठाएका छन् ।

सरकारले अहिले हलो अड्काउने काम गर्न थालेको छ । सरकारको यो हलो अड्काउने कामले देशको बाँझो शैक्षिक खेतलाई उर्वर बनाएर हरियाली बनाउने काम जबरजस्ती रोकिएको छ । असल, देशभक्त शैक्षिक जनशक्ति उत्पादन गर्ने काम रोकिएको छ । देशमै स्थानीय तह भक्तपुर नगरपालिकाले खोल्न लागेको अनुसन्धान, उत्पादन श्रम जोडिएको शिक्षा, सीपको व्यवस्था गर्ने ख्वप विश्वविद्यालय खोल्न लागेको हो । राणा, पञ्चले मात्र जनतालाई पढ्न,

विद्यालय, कलेज खोल्न दिएन भने यिनीहरूले पनि त्यही राणा, पञ्चको बाटो रोजेका छन्। उनीहरूलाई गरिबका छोराछोरीहरू शिक्षित हुने, पढ्न, लेख्न सक्ने, जान्ने होला भन्ने डर छ। उनीहरू नक्कली नागका सौखिन भएका छन्। देशलाई शिक्षित र समृद्ध पार्नुपर्छ। गरिब जनताका कोही पनि छोराछोरी पढ्नबाट वञ्चित हुनु हुँदैन। उनीहरूले पढ्ने वातावरण बनाउन स्थानीय सरकारलाई गाउँगाउँमा पुऱ्याउने सुगारटाइ गरे। तर, व्यवहार र परिणाममा गर्न खोज्नेलाई गर्न दिएको छैन। त्यसैले उनीहरू संविधान, ऐन नियममा स्थानीय तहले विश्वविद्यालय चलाउने व्यवस्था छैन भनी गैरप्रजातान्त्रिक कुतर्क गरिरहेका छन्। देशको शैक्षिक उर्बर भूमिलाई जबरजस्ती बाँझो बनाउने काम कसले गऱ्यो ? यसमा कुन कुन विदेशीका दलाल वा विदेशीको हात छ त्यो पछि जनताले थाहा पाउने नै छन्।

देशको लागि संविधान हो, संविधानको लागि देश होइन। त्यस्तै शिक्षाको हकमा पनि त्यही हुन्छ। संविधान, ऐन, नियम, कानुन आफैले हेर्दैन, देख्दैन र काम गर्दैन। यसलाई सरकार र जनताले देशको उन्नतिको लागि इमानदार र देशभक्त भएर उपयोग गर्ने हुन्। अपरिवर्तनीय संविधान, ऐन, कानुन दुनियाँमा कहीं कतै छैन। यो देशको आवश्यकताअनुसार परिवर्तन गर्दै जाने कुरा हो। यदि कुनै संविधान ऐन, कानुनले देश र जनताको हित, रक्षा गर्दैन भने जनताको बलले त्यसलाई रद्दीको टोकरीमा फ्याँकिदिनेछ। पञ्चायती संविधान जनताले फ्याँकेकै थिए। तर, गणतान्त्रिक संविधान ल्याए पनि त्यसले देश र जनताका बहुसङ्ख्यकको हित, सेवा गर्दैन भने त्यसलाई पनि जनताले फालेर समाजवादी संविधान ल्याउनु पर्छ र ल्याउने छ।

शासक दलहरूले देशको संविधान दुरूपयोग गरेर, यसको भावना र मर्मविपरीत देशघाती एमसीसी, महाकाली सन्धि पास गरेका थिए। बिप्पा सम्झौता, विदेशी लगानी बोर्ड आदि पास गरेका थिए। यदि उनीहरू देशभक्त, इमानदार, नैतिकवान भएका भए ती पास हुने थिएनन्। देशको पैसा, सम्पत्ति विदेशमा थुपार्न दिने थिएन। विदेशीलाई वंशजको नागरिकता सिनेमाको टिकट दिएजस्तो दिने थिएन। तर, देशकै शैक्षिक भूमिलाई उर्बर बनाउने, बाध्यतावस बिदेसिएका करोडौं युवाहरू पढ्ने नाममा विदेश गएका लाखौं विद्यार्थीहरूलाई यहीं पढ्ने र काम गर्ने वातावरण बनाइदिने ख्वप विश्वविद्यालयको स्वीकृति माग्दा संविधानमा व्यवस्था नभएको अट्टो थपेर रोक्ने प्रयास किन गर्छन् ? सोचनीय छ।

दल ठूलो बनाउन, बहुमत जुताउन, अर्काको दल फोर्न, नेता, सांसदहरू चोर्न रातारात अध्यादेश जारी गर्नसक्ने, अनि सर्पको खुट्टा सर्पले नै देख्छ, थाहा हुन्छ भनेजस्तै आफ्नो पनि पार्टी फोड्ने, नेता, मन्त्री, सांसद चोर्ला भनेर अरू दल फोर्नासाथ नेता, सांसद चोर्ने काम सक्नासाथ तुरुन्त यथावत संवैधानिक, कानुनी प्रावधान कायम गर्न चोर बाटो लिन सक्ने शासक दलहरू राम्रो सोच, इमानदार भएको भए, त्यस्तो असल काम गर्न चाहेको गर्न सक्थे। तर, यसलाई उनीहरूले पारित गर्ने आँट गर्न सकिरहेको अवस्था छैन।

उनीहरूलाई ख्वप विश्वविद्यालय ल्याउन डराउनुका थुप्रै कारणहरू भएको अनुमान लगाउन गाऱ्हो छैन। एमालेका बुद्धिजीवी, प्राध्यापक भनिएका एक नेताले भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय दिनु हुँदैन। उसलाई ख्वप विश्वविद्यालय दियो भने बाँकी देशभरका २७६ नगरपालिकाले पनि माग्यो भने के गर्ने ? देशले ठेग्न सक्छ ? भनी प्रश्न गरे। म सरकार (केपी ओली) लाई भनेर यसलाई जसरी पनि रोक्न लगाउँछु भन्ने सङ्कीर्ण, देशघाती, शिक्षाविरोधी अभिव्यक्ति दिएको सञ्चारमाध्यममा सुनिएकै हो। यो उनको अभिव्यक्तिले 'बुद्धिजीवीहरू पनि मूर्ख हुन्छन्' भनेर उहीबेला चीनमा माओले गर्नुभएको खबरदारीलाई यहाँ कतै प्रमाणित गरेको त होइन भन्ने शङ्का उब्जिएको छ।

पहिलो कुरा त २७६ वटा नगरपालिका सबैले विश्वविद्यालय चलाउने क्षमता राख्दैन भन्ने कुरा सामान्य मानिसलाई पनि थाहा भएको हो। चलाउन सक्यो भने देशको लागि यो भन्दा ठूलो विकास अरू के हुनसक्छ र। एमाले, काङ्ग्रेस, माओवादीलगायतका शासक पार्टीका नेता, कार्यकर्ता जनप्रतिनिधि भई हाँकेको देशमा नगरपालिका, गाउँपालिकाहरू थुप्रै छन्। उनीहरूले पनि क्षमताअनुसारका नमुना विश्वविद्यालय, कलेज, मेडिकल कलेज, विश्वविद्यालय चलाएर देखाए त्यो देशको हितमा हुनेछ। विश्वमा थुप्रै देशहरूले नगर विश्वविद्यालयहरू चलाएका छन्। हाम्रो देशका त्यस्तै कलेज, विश्वविद्यालयले स्थानीय प्रकृति, भाषा, कला, संस्कृति, भूगोल, इतिहास, राजनीति, कूटनीति, अर्थनीतिका बारेमा पढाइ, अध्ययन, अनुसन्धान आदिले देशलाई समृद्ध बनाउनेछ। यसमा सरकारले पूर्ण सहयोग गर्नुपर्छ। यसले देशको सन्तुलित विकास गर्न मद्दत गर्दछ। विद्यार्थीले आफ्नै गाउँठाउँमा गुणस्तरीय शिक्षा लिन वा पढ्ने अवसर भई काठमाडौँमा धाइराख्नुपर्ने छैन। अनि शिक्षक, प्राध्यापकहरू थुप्रैले त्यहीं रोजगारी पाउनेछन्।

भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय स्वीकृति दिनुपर्छ। देशका २७६ वटा नगरपालिकामध्ये पहिलो नगरपालिकाको रूपमा शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माण, सांस्कृतिक सम्पदाको संरक्षणमा जनताको साथ र

सहयोगमा नमुनाको रूपमा काम गरेर देखाइ देला भन्ने पिर हो सरकारलाई ? के एमाले, काङ्ग्रेसलगायतका शासक पार्टीका नेता, मन्त्री, सांसदले चलाइरहेको निजी विद्यालय, मेडिकल कलेजहरू बन्द होला भन्ने पिर हो ? चर्को शुल्क लिएर मोटो आम्दानी लिइरहेका शैक्षिक संस्था धरापमा पर्लान् भन्ने पिर हो ? विदेशी कलेजको सम्बधनको साइनबोर्ड झुन्ड्याएर चलाइरहेका थुप्रै कलेजहरू देशमा सञ्चालित छन्। जसले विदेशको कुरा पढाउँछ। उनीहरूले विदेशी माटोकै सेवा गर्ने सस्तो ज्यामी तयार पार्छ। यसले त्यस्ता कलेजहरूलाई पक्कै असर पार्छ। त्यस्तै देशमा कम्युनिस्ट विचारको, प्रभाव पर्ला, बढला भन्ने पिर विदेशीको पनि होला।

नेमकिपा मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराअनुसार देश र जनताको सेवामा निरन्तर अगाडि बढिरहेको सच्चा कम्युनिस्ट पार्टी हो। यसले पार्टीको सिद्धान्तअनुसार आफ्नो ठाउँबाट सक्दो देश र जनताको सेवा गरिरहेको छ। देश र जनताको निःस्वार्थ सेवा गर्नुबाहेक त्यो दलको अरू कुनै स्वार्थ छैन। नेमकिपाको यहीं सिद्धान्त, विचार र कामले उनीहरू कामिरहेका होलान्।

ख्वप विश्वविद्यालय देशकै सबैभन्दा सानो नगरपालिकाले खोल्न लागेको छ। नेमकिपाले एमाले, काङ्ग्रेस, माओवादीलगायतका शासक दलले जस्तो विचार, सिद्धान्त, आचरण, नैतिकता र इमानलाई पद र सुविधासँग साट्दैन। यो कुनै विदेशी शक्तिसँग झुक्दैन। यसले झूटको राजनीति गर्दैन। यसले चुनावमा पैसा सामान बाँड्दैन; जाँड, रक्सी, भोज पनि खुवाउँदैन। यसले जनतामा देशभक्ति भावना बाँड्छ। यसले शासक, पुँजीपति, धनीलाई पोस्दैन। ख्वप विश्वविद्यालय संविधान कानुन संशोधन गरेर सञ्चालन गर्न दिँदा हामीले आफ्नो खुट्टामा आफैले बञ्चरोले हान्नुसरह हुनेछ भन्ने डर उनीहरूलाई छ।

यदि उनीहरू कम्युनिस्ट भएका भए, प्रजातन्त्रवादी भएका भए, देशभक्त भएका भए त्यस्तो डराउनु पर्ने कुनै कारण छैन। बरु, गौरव गर्नुपर्ने थियो। ढिलो चाँडो उनीहरूको घैंटोमा घाम लाग्नेछ र स्वीकृति दिन कर लाग्नेछ। यसले पढ्न बिदेसिएका विद्यार्थीहरूले देशमै पढ्ने अवसर पाउनेछन्। देश आफ्नै खुट्टामा उभिने छ। त्यसैले, देश र जनताको निःस्वार्थ सेवा र हितको लागि सभ्य र उन्नत समाज बनाउनको लागि चाँडोभन्दा चाँडो भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालयको स्वीकृति दिनुपर्छ। यसले देश र नेपाली जनताको दीर्घकालीन कल्याण गर्नेछ।

स्रोत : कञ्चन खबर, २०८२ वैशाख ५

# ख्वप विश्वविद्यालयको विधेयक पारित गर्नु राष्ट्रको हितमा हुनेछ

– श्रीराम

आजको युग विज्ञान र प्रविधिको युग हो। आजको दिनमा मानिसका हरेक क्रियाकलाप विज्ञान र प्रविधिसँग जोडिएको छ। मानिसमा नयाँ नयाँ विज्ञान, प्रविधि, सूचना तथा सञ्चारलगायत अन्य क्षेत्रमा विकास भएको नयाँ नयाँ आधुनिक प्रविधिको बारेमा जान आवश्यक छ। व्यक्तिहरूलाई रचनात्मक जागरुक, आत्मविश्वासी र अनुशासित नैतिक जिम्मेवारी कर्तव्यवान बनाउन विकास भएको नयाँ नयाँ विज्ञान र प्रविधिसँग परिचित गराउन आवश्यक छ।

आजको दिनमा शिक्षालाई व्यक्तिको जीवन जिउने कलाको रूपमा विकास गर्न आवश्यक छ। शिक्षा प्रणाली अव्यवहारिक हुनु भनेको एटम बम बनाए जस्तो हो, जुन जतिबेला पनि पड्कन सक्छ, जोसुकैलाई पनि हानि गर्न सक्छ, जे सुकै पनि हानि हुन सक्छ, गलत शिक्षा प्रणालीले समाजमा निराशा, बेरोजगारी, गरिबी, अनैतिक भावनाको विकास गर्छ साथै समाजमा हत्या, हिंसा, लुट, चोरी, बलात्कारलगायतका व्यापक विकृतिको विकास हुन्छ। समाज अन्धकारतिर धकेलिन्छ। सुशासन र पारदर्शी सरकारको परिकल्पनासमेत गर्न सकिँदैन।

यस्तो समस्यालाई मध्यनजर गर्दै भक्तपुर नगरपालिकाले ख्वप कलेज सञ्चालनमा ल्याएर शिक्षालाई व्यावहारिक र जीवनोपयोगी हुनुपर्ने विषयमा जोड दिँदै आएको छ। ख्वप कलेजले समाजलाई बुद्धिजीवीकरण, कला संस्कृति सम्पदाको संरक्षण र संवर्द्धन, देशको मौलिक परम्परागत ज्ञान र प्रविधिको अनुसन्धान, देशभक्त, इमानदार, नैतिकवान र सक्षम जनशक्ति तयार गर्न जोड दिँदै आइरहेको छ।

ख्वप कलेजले विश्वविद्यालयको लागि आवश्यक मापदण्ड पूर्वाधार जनशक्ति, आधुनिक प्रयोगशाला, कानुनी र आर्थिक मापदण्डहरू पूरा गरिसकेको छ। सरकारले हालसम्म विश्वविद्यालयको लागि अनुमोदन गरेको छैन।

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालयको प्रस्ताव

अघि सारेको थियो । राजश्री जनक मदन भण्डारीले विश्वविद्यालयको लागि प्रस्ताव राखेको थियो । तर, अधिकांशले विश्वविद्यालयको लागि अनुमति पाइसकेको छ । तर, ख्वप कलेजले आजसम्म विश्वविद्यालयको लागि अनुमति पाउन सकेको छैन ।

ख्वप कलेजमा करिब ७० जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । अनुसन्धानमूलक, व्यवहारिक उच्च शिक्षा दिन, उच्च शिक्षामा जनताको पहुँच पुऱ्याउन, देश विकासमा सहयोग गर्न, आवश्यक दक्ष जनशक्ति विकास गर्न, स्वदेशमै स्तरीय शिक्षा प्रदान गर्न व्यावहारिक र जीवन उपयोगी शिक्षाको लागि भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालयको माग गरेको हो ।

आर्थिक वर्ष २०८०/८१ अनुसार नेपालका करिब १ लाख १३ हजारभन्दा धेरै विद्यार्थीले विदेशमा अध्ययन गर्नको लागि NOC प्राप्त गरेका छन् ।

शैक्षिक सत्र र परीक्षा समयमा नहुनु, राजनीतिक सङ्गठनको दबाबमा शैक्षिक तालिका पटकपटक परिवर्तन गर्नु, दुई वर्षमा सक्ने कोर्स चार वर्ष हुँदा पनि नसक्नु, उत्तरपुस्तिका जाँचमा लापरबाही र विद्यालयमा हुने यस्तो अनेक राजनीतिक गतिविधिलाई रोक्न ख्वप विश्वविद्यालय आवश्यक छ ।

ख्वप विश्वविद्यालयको लागि स्वीकृति दिएर उच्च गुणस्तरीय शिक्षाको लागि सरकारले बाटो खोलिदिनुपर्छ । शिक्षामा हुने राजनीति रोकिनुपर्छ र शिक्षा उत्पादनमूलक, जीवन उपयोगी, खोज र अनुसन्धानलाई प्रोत्साहन गर्न ख्वप विश्वविद्यालयलाई स्वीकृति दिनुपर्छ ।

शिक्षामा हुने राजनीतिक हस्तक्षेप अन्त्य गर्दै सरकार उत्पादनमुखी र अनुसन्धानमुखी शिक्षालाई प्रोत्साहन गर्न अग्रसर हुनु आवश्यक छ । ख्वप कलेजको समर्पण, आधारभूत संरचना, दक्षता र निरन्तरको प्रयासलाई सम्मान गर्दै उच्च गुणस्तरीय, जीवनोपयोगी र समावेशी शिक्षाको मार्ग प्रशस्त गर्न सरकारले अब ढिला नगरी ख्वप विश्वविद्यालय विधेयक पारित गर्नुपर्छ । ख्वप कलेजले उच्च गुणस्तरीय, व्यावहारिक, अनुसन्धानमूलक र जीवनोपयोगी शिक्षाको प्रवर्द्धन गर्दै आएको छ । शिक्षाजस्तो संवेदनशील र राष्ट्रिय विकासको आधारभूत क्षेत्रलाई राजनीतिक भागबन्डा र उपेक्षाबाट मुक्त गर्दै ख्वप विश्वविद्यालयको विधेयक पारित गर्नु राष्ट्रको हितमा हुनेछ । सरकारले ख्वप विश्वविद्यालयलाई कानुनी मान्यता प्रदान गरेर गुणस्तरीय उच्च शिक्षाको ढोका खोल्नुपर्छ ।

स्रोत : मजदुर दैनिक, २०८२ जेठ २१

# नेमकिपाप्रति पूर्वाग्रह ?

भक्तपुर नगरपालिकालाई राज्यले ख्वप विश्वविद्यालयलाई सञ्चालन अनुमति दिएमा १५ लाखमा MBBS (डाक्टर) पढाइदिने भनेको पनि १०-१२ वर्ष भैसकेको छ । मापदण्ड सबै पूरा गरेको छ, ७-७ वटा कलेज सफलतापूर्वक सञ्चालन गरेको अनुभव छ ।

अनि ख्वप विश्वविद्यालयको आर्थिक भार सरकारले वहन गर्नु नपर्ने, नगरपालिका आफैले ब्यहोर्ने भन्दा स्वीकृत गरेका छैनन् । यस १०-१२ वर्षको अवधिमा काङ्ग्रेस, एमाले, माओवादी, रास्वपाका कयौँ सरकार आए गए तर भनपाले आम जनताका छोराछोरीले पनि चिकित्सा शास्त्र पढ्न पाउन्, डाक्टर हुन पाउन् भनी ल्याएको जनभक्ती योजना कुनै पनि सरकारले अघि बढाएन । जबकी संसद् र सडकमा समेत ख्वप विविले सम्बन्धन किन नपाउने भनी सत्तारूढ सांसदहरूले समेत प्रश्न नतेर्स्याएका होइनन् । तर मेडिकल माफियाहरूको दबाब हो कि ? शासक नै माफिया हो कि माफियाको दलाल ? या शासक नै गरिब जनताको शिक्षा विरोधी सामन्ती मानसिकताका हुन् ? या नेमकिपाप्रति पूर्वाग्रह हो ?

स्रोत : भ्मी नेवाः, फेसबुक



# संसद्‌मा नेमकिपा

## 'सरकारले सभामुखलाई दबाब दिएर जनप्रतिनिधिको आवाज नसुनी संसद् चलाउनु उचित होइन'

– प्रेम सुवाल

असार २ गते बसेको प्रतिनिधिसभाको बैठकमा आव २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल भयो ।



उक्त छलफलमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद **प्रेम सुवाल**ले भन्नुभयो– जनताले संसद्‌मा जनप्रतिनिधि चुनेर पठाउनुको अर्थ आफ्ना समस्या सरकारमार्फत समाधान गराउन हो । सरकारले सभामुखलाई दबाब दिएर जनप्रतिनिधिको आवाज नसुनी संसद् चलाउनु उचित होइन ।

एउटा राजनीतिक पार्टी निश्चित सिद्धान्त र वर्ग आधारमा स्थापना र सञ्चालन भएको हुन्छ । आर्थिक र विदेश मामिला एउटै भएका राजनीतिक पार्टीहरूको अलग अस्तित्व जरुरी छैन । नेपाली काङ्ग्रेसले सामन्त र पुँजीपतिवर्गको सेवा गरेको हुँदा गरिब वर्ग यो पार्टीबाट टाढा हुँदै छ । एमाले र माओवादीसमेत नेकाको समर्थनमा सरकारमा गएर सामन्त र पुँजीपतिवर्गकै सेवामा लाग्नुले यी पार्टीहरूको औचित्य पनि सकिँदै छ ।

भिजिट भिसाको नाममा नेपाली युवालाई बेचबिखन गर्नेहरूमाथि छानबिन हुनु आवश्यक छ । अघिल्ला सरकारले भिजिट भिसाको नाममा मानव तस्कर गरेको नजिर देखाएर यो सरकारले पनि मानव तस्कर चालु राख्नु देश बेच्नुसरह हो । अघिल्ला सरकारले गरेको अपराध यो सरकारले किन बोक्ने ? मानव तस्करका दोषीहरूलाई तत्काल कारबाही हुनुपर्छ ।

राष्ट्रिय समाजवादले देशलाई फासीवादमा लानेछ भने प्रजातान्त्रिक समाजवादले पुँजीवादमा लाने हो । विदेशी पुँजीको कारण राष्ट्रिय पुँजी समाप्त हुनेछ । यो संसद् संविधानअनुसार उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने वैज्ञानिक समाजवादतर्फ अघि बढ्नु आवश्यक छ ।

नीति खोट भए अपराध बढ्छ । खोटो नीति बनाउनेहरू अपराधी हुनेछन् । जनतासँग उठाएको कर र विदेशसँग लिएको ऋणको बजेट सरकारमा गएका पार्टीहरूले आ–आफ्नो पार्टी कार्यालय र जनवर्गीय सङ्गठनको भवन बनाउनमा लगाउनु पनि भ्रष्टाचार नै हो । के सरकार यो बजेटलाई 'मामाको धन फुपूको श्राद्ध' बनाउनेतर्फ लागेको हो र ? नैतिकता हृदय र मस्तिष्कको आवाज हो । यो बजेटमा सरकारमा गएका दल र तिनका नेताहरूको नैतिकता हराएको छ । नेपाल मजदुर किसान पार्टीले देश र जनताका समस्या समाधानका लागि संसद्‌मा उठाएका योजनाहरूमा सरकारले बजेट राखेको छैन, राख्नु जरुरी छ ।

गिटी, ढुङ्गा, बालुवा भारतलाई बेच्न चुरे दोहन गर्ने यो बजेटको व्यवस्थाले अन्ततः देशको दोहन गर्नेछ । यो बजेट औषधिको ट्याबलेट, टुथपेस्ट, सिमेन्ट बनाउन आवश्यक चुनढुङ्गा भारतलाई बिक्री गर्न ल्याइएको जस्तै छ । बहुदल पुनःस्थापनासँगै सुरु भएको चुरे दोहन अहिले देश दोहनमा परिणत भइरहेको छ । सरकारहरूले राज्यकोष दोहन गर्नु देश र जनतामाथि विश्वासघात हो ।

यो बजेटमा १ हजारको २० वटा, १ लाखको २४ वटा अर्थात् १ करोड मुनिका योजना ४ हजार ओटाभन्दा बढी राखिएको छ ।

के सङ्घीय सरकार एउटा पालिकाको वडा बजेट बनाउने स्तरमा खस्केको हो र ?

विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, देशभित्र रोजगारी, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, स्वास्थ्य उपचार निःशुल्क, व्यक्तित्व विकासमा समान अवसर, आ–आफ्नो जिल्लाभित्र मात्र बसाइँसराइ हुने कानुन बनाई देशको सन्तुलित विकास गर्ने, स्थानीय तहलाई स्वायत्तता र विकेन्द्रीकरण बनाउने, किसानहरूको लागि पर्याप्त मलको व्यवस्थालगायत बन्दोबस्त हुनु आवश्यक छ ।

यो बजेटमा भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने ख्वप विश्वविद्यालय विधेयक पनि संसद्को यसै अधिवेशनबाट पारित गराउने सरकारको प्रतिबद्धता आउनु जरुरी छ ।'

# भ्रष्टाचार तथा अनियमितता हुने ठाउँमा बजेट पठाउन बन्द गरौं !

- सुरेन्द्रराज गोसाई



मेरो हातमा गत वर्ष र यो वर्षको नीति तथा कार्यक्रम छ। गत सालको नीति तथा कार्यक्रम के-कति लागु भयो र के कति भएनन् ? समीक्षा आवश्यक छ। यो सालको नीति तथा कार्यक्रम के-कति लागु गर्ने योजना छ ? प्रतिबद्धता चाहिन्छ।

यसमा भनिएको छ, 'एक घर एक धारा'। २०८१ सालको नीति तथा कार्यक्रममा पनि भनिएको थियो – 'एक घर एक धारा'। एउटामा १८६ र अर्कोमा ११६ बुँदा छन्। यति नै मात्र हो भिन्नता ! जनतालाई यसरी झुक्याउँदै, अल्मल्याउँदै जाने कतिञ्जेलसम्म ? हिजोका कुरा खुइलियो, आजको फेरि सुन्नुहोला भनेर चटके बन्न मिल्छ ? हामी कतिञ्जेल यसरी सरकार चलाउँछौं ? कतिञ्जेल समाजलाई हामी ढाँट्छौं ? इमानदारीको एक अंश बाँकी रहेकाले जिम्मा लिनैपर्छ। इमानदारी नै बाँकी नभएकाहरूले त जे बोले पनि भयो, जस्तो सपना देखाए पनि भयो। केही नगरे पनि गरेका छौं भनेर फेरि भोट माग्न हिँडे पनि भयो।

सरकारमा रहेकाहरूले विगतका नीति तथा कार्यक्रमबारे फूलबुट्टा भरेर बोलेको हिजो पनि सुनेका थियौं। तिनले नै पछि निराशा व्यक्त गरे। तसर्थ, यो पटक मौन बस्न म अनुरोध गर्दछु। हुँदै नहुने कुराहरू, गर्नै नसकेका कुराहरू, गर्दै नगरेका कुराहरू हामी गर्छौं भन्नु त्यो ढाँट भयो, छलकपट भयो। त्यो बेइमानी भयो। त्यो बेइमानीको पात्र बनेर हामी राजनीतिमा कतिञ्जेल सक्रिय बन्न सक्छौं ? एकदिन बनौंला, दुई दिन बनौंला, तर सधैं-सधैं त्यस्तो ढाँटको राजनीति चल्दैन। मेरो विनम्रतापूर्वक आग्रह यही नै हो।

नेपालीमा एउटा भनाइ छ, 'लुटको धन फुपूको श्राद्ध'। राज्यको धन वा जनताको धनमा दलगत, गुटगत रजाइँ चल्दै छ। हामी त्यो मानसिकताबाट प्रेरित भइरहेका छौं। त्यो अपराध हो। यो असह्य र दण्डनीय अपराध हो। यस्ता खालका अपराधहरू दोहोऱ्याउनु नितान्त बेइमानी हो, देशद्रोहको मुद्दा लाग्ने सम्भावना रहेको विषय हो। अहिले दैनिक रूपमा खबरहरू आइरहेका छन्। गृहमन्त्री, अर्थमन्त्रीका कुराहरू, कर फेरबदलका कुराहरू। यसरी राजनीति कतिञ्जेल चल्छ ? नेपाली जनताले त हेरिरहेकै छन्। संसारका जानकारहरूको अगाडि हाम्रो इज्जतको अंश जोडिनुपर्छ भन्ने हामीलाई लाग्छ कि लाग्दैन ? अहिलेको सन्दर्भमा अमेरिका, क्यानडा, अस्ट्रेलिया, दुबई, मलेसियामा नेपालीहरूले पसिनाको धारा बगाइरहेका छन्। उता ५०।६० डिग्री तापक्रममा काम गरिरहेका नेपाली दाजुभाइहरू, दिदीबहिनीहरूले हाम्रो नीति तथा कार्यक्रम सुनिरहँदा तिनले के भन्दा हुन् ? के यहाँ न्याय भइरहेको छ ? हाम्रो घरमा पढिरहेका छोराछोरीहरूमा सन्तुष्टिको भाव जगाउन सकिरहेका छौं ? धिकार्दैनन् तिनीहरूले ?

कतिवटा नीति तथा कार्यक्रमपछि काठमाडौंमा फोहोरको समस्या हट्छ ? कतिवटा नीति तथा कार्यक्रमपछि सुन्दर सहरहरूको निर्माण गर्न सक्छौं ? कतिवटा नीति तथा कार्यक्रमसम्म प्रधानमन्त्री ओलीको भाषामा भन्ने हो भने बिचमा खाँबो भएको प्रदेश सदन हेरिरहनुपर्ने ? कतिवटा नीति तथा कार्यक्रमसम्म हेटौंडा आउने बाटोको यो दुर्दशा बेहोरिरहनुपर्ने ? यसप्रति हामी जवाफदेही बन्नुपर्दैन ? के प्रजातन्त्र भनेको बेइमानी भयो ? लुटतन्त्र भयो ? के प्रजातन्त्र भनेको जवाफदेहिता होइन ? जब जवाफदेहिताको अन्त्य हुन्छ तब जय नेपाल भन्नुको कुनै अर्थ हुँदैन। जब हामी बेइमानी निरन्तर गर्छौं, हजार पटक जय नेपाल भन्नुस्, नेपालले तपाईंलाई सराप्नेछ। यस विषयमा हामी गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छौं।

नीति तथा कार्यक्रमलाई हामीले जनमुखी भनेर सरकारमा रहेकाहरूले आत्मप्रशंसा गरेको सुन्यौं। परिवर्तनकेन्द्रित भनेर पनि सुन्यौं। कतिपटक यही कुरा दोहोऱ्याइरहने ? दलमुखी भयो कि नेतामुखी ? हामी पश्चगामी भयौं कि के भयो इतिहासले बताउनेछ। बिचौलियाकेन्द्रित काम कुराहरू गर्ने अनि हामीले फेरि फूलबुट्टा भरेर परिवर्तनकेन्द्रित, जनमुखी

भन्ने ? यही नीति तथा कार्यक्रमको अन्त्य वा दाहसंस्कार कहिले हुनेछ भने बजेटको प्रस्तुतिसँगै ! अनि स्वयम् शासक दलका नेताहरूले विरोधको स्वरमा बोल्नुहुनेछ ।

हामी बसाइँसराइको अत्यन्त कष्टकर समयमा छौँ । गाउँबाट सहर र सहरबाट कता ? यो बसाइँसराइबाट जुन दुर्भाग्य बेहार्दै छौँ भोलिको इतिहासले आजका नीति तथा कार्यक्रमका निर्माता तथा पदधारीहरूलाई प्रश्न सोध्नेछन् – 'कसको बेइमानी र अकर्मण्यताको कारण नेपाल यसरी यति साह्रो खुम्चियो ? पहाडहरू कसरी रित्तिए ? त्यहाँका बस्ती खोइ ? हिमालहरूमा मानव बस्ती खोइ ?' किन यहाँ बाँदरराज भयो भनेर सोध्ने बेलामा कसले जवाफ दिने ? वाग्मती प्रदेश सरकारले जवाफको लागि तयारी गर्नुहोला । आज मानिस काठमाडौँ उपत्यकाकेन्द्रित भइरहेका छन् । सारा दुनियाँलाई काठमाडौँ उतारेर के देश जोगिन्छ ? के देश देशको रूपमा बाँकी रहन्छ ? यस विषयमा वाग्मती प्रदेशले चिन्तन गरोस्, मनन गरोस्, स–साना सहरहरू निर्माण गर्ने बुद्धि चाँडै आओस् । मानिसहरूलाई रोजगार र सेवा वितरण गरेर जबसम्म हामी दीर्घकालीन रूपमा जान सक्दैनौँ तबसम्म हाम्रो समस्या सधैँ उस्तै हुनेछ । त्यसकारण सरकारले पाइला चाल्ने भनेको दीर्घकालीन सोचका साथ हो । दीर्घकालीन सोचका साथ योजना तय गर्ने खालको कार्यक्रम आवश्यक छ । आजको निम्ति मात्र होइन भोलिको निम्ति सोचौँ !

हामीले धेरै–धेरै दुर्घटनाहरू बेहोरिसक्यौँ । फेरि–फेरि पनि यस्ता विरामहरू गर्ने छुट छैन । प्रजातन्त्रको नाउँमा होस् या गणतन्त्रको नाउँमा होस् जुनसुकै नाउँमा जनतामाथिको यो दमन, अन्याय–अत्याचार, अव्यवस्था, अस्तव्यस्तता लामो समय कायम राख्नु हुँदैन । बसाइँसराइ रोक्नुपर्छ । मानिस जहाँ जन्मेको हुन्छ, त्यस ठाउँमा स–गौरव बाँच्न पाउने अधिकार राख्छ । त्यस विषयमा हामी गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदछौँ ।

बजेट वितरण प्रणालीमा सैद्धान्तिक रूपमा परिवर्तन ल्याउन माननीय मुख्य मन्त्रीजीलाई विनम्रतापूर्वक अनुरोध गर्दछु । जहाँ भ्रष्टाचार हुँदैन, त्यहाँ बजेट पठाऔँ, जहाँ चुहावट हुँदैन त्यहाँ बजेट पठाऔँ । अति भयो ! कार्यकर्ता पाल्नको निम्ति, कार्यकर्ता व्यवस्थापन गर्नको निम्ति, मतदाताहरूलाई धूप बालेर रिझाउनको निम्ति बजेट लाने र बजेट दिने प्रचलनबाट जबसम्म हामी मुक्त हुन सक्दैनौँ, हाम्रा नीति तथा कार्यक्रम मात्र होइन सरकार स्वयम् असफल हुनेछ । हामीलाई चिन्ता लाग्छ । हामीले ७८ वर्ष त यहाँ बेहोर्‍यौँ । हामीले कार्यकर्ता रिझायौँ । हामीले बिचौलियाहरूलाई रिझायौँ । बेइमानहरूलाई रिझायौँ । बेइमानहरूलाई रिझाउनका निम्ति के हामी माननीय बनेका हौँ ? सोझा सिधा जनताको मत लिने, मजदुर र किसानको मत लिने अनि निमुखा जनताको मत लिने, दलित–पीडित, शोषित–पीडित जनताको मत बटुल्ने अनि काम गर्ने मुट्ठीभरका मानिसहरूको निम्ति ? के त्यसैको निम्ति हामी मन्त्री बन्छौँ ? त्यसैको निम्ति हामी सरकारमा गएका हौँ ? यो प्रश्नको जवाफ इमानदारीपूर्वक सबै ठाउँमा दिऊँ । अनि हामीले केही भए पनि परिवर्तनको प्रत्याभूति गर्न पाउनेछौँ । त्यसकारण बेइमानी, भ्रष्टाचार हुने ठाउँमा, अनियमितता हुने ठाउँमा बजेट पठाउन बन्द गरौँ !

अब हामी एउटा मोडालिटीमा जाऔँ, श्रमदानबिना अब हाम्रो विकास निर्माण टिक्नेवाला छैन । जनताको आफ्नो अपनत्वको विकास गर्न हामी बिफल भयौँ भने जनतासँग हात उठाएर माफी मागौँ ! जनतालाई हामीले हारगुहार गरौँ ! जनतासमक्ष आह्वान गरौँ ! हामी सबै मिलेर विकास निर्माण अगाडि बढाऔँ ! हामी सबै मिलेर आफ्नो गाउँ–ठाउँ–बस्ती निर्माण गरौँ ! हाम्रो भौतिक संरचना हाम्रो आफ्नै सम्पत्ति हुन् भन्ने भावना नदिइकन करोडौँ अर्बौं रुपैयाँ पठाए पनि त्यो टिक्नेवाला छैन । श्रमदान, जनसहभागिताको मामिलामा युवा र विद्यार्थीहरू परिचालन गरौँ ! उनीहरूमा पनि स्वयम्सेवीको भावना विकास गरौँ ! जबसम्म स्वयम्सेवी भावना दिन सक्दैनौँ हामीले खर्बौंरुपैयाँ खन्याए पनि देश बन्दैन भन्ने कुरा प्रमाणित भइसकेको छ । हाम्रो अनुभवले त्यही भन्छ । यो विषय सामान्य लाग्ला । पैसा खर्च नगरिकन केही पनि बन्दैन भन्ने पनि यहाँ छन् । तर होइन, विकास निर्माणको निम्ति योगदान गर्न र सेवा गर्न अनुरोध गरौँ !

विगत ७ वर्षदेखि निरन्तर हामीले एउटा प्रस्ताव राख्दै आएका छौँ– संविधानको मर्मबमोजिम समाजवादउन्मुख बन्दोबस्तको तयारी । समाजवादउन्मुख भनेपछि गर्भदेखि चिहानसम्म भन्छौँ । अहिले कम्तीमा शिशुस्याहारदेखि आदर निकेतनसम्मको योजना तर्जुमा गरौँ ! के हामी बुढापाका हुँदैनौँ ? हाम्रो उमेर पनि त जान्छ नि ! भोलि हामीलाई पनि चाहिने भनेको आदर निकेतन होला ! पछि पछुताउन नपरोस् । विदेश गएका भाइबहिनीहरू आएर हेर्लान् भनेर नबसौँ ! हाम्रै समाजले हेर्ने हो हाम्रा अग्रजलाई, ज्येष्ठ नागरिकहरूलाई । यही सोचका साथ तयारी गर्नुपर्छ । सहकारी तथा स्थानीय पालिकाहरू परिचालन गरेर हाम्रो देशमा जन्मेका शिशुहरूको जिम्मा हामी लिन्छौँ, उनीहरूको लालनपालन शिक्षा–दीक्षादेखि लिएर बुढो भएसम्मको निम्ति । त्यतिसम्मको खाका अलि अलि गर्दै कोर्दै जाऔँ ! हामी जरुर सफल हुनेछौँ । त्यसको निम्ति हामी सारा जनता एकताबद्ध बनौँ ! यो कुरा सम्भव छ । त्यसकारण, मुख्यमन्त्रीको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदछौँ ।

(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले वाग्मती प्रदेश सरकारद्वारा प्रदेशभामा प्रस्तुत आव २०८२/८३ को नीति तथा कार्यक्रममाथि जेठ २० गते भएको छलफलमा व्यक्त विचार)

# सङ्घीयताको जग विकेन्द्रीकरण र स्वायतत्ता

- सृजना सैंजू



भक्तपुरको काँक्राबारीस्थित घिसिङ डाँडामा अवैध प्लटिङ भइरहेको वाग्मती प्रदेश सरकारले नदेखेको हो या नदेखेझैँ गरेको ? प्रदेश सरकारतिर हेरेर जनता यतिबेला प्रश्न गर्दै छन् । दैनिक २५ देखि २७ वटासम्म डोजर चलाइँदै छन् । २२ रोपनी सामुदायिक वन र ६ रोपनी पर्ती जग्गा अतिक्रमण पुष्टि भइसकेको छ । जनताले प्रयोग गर्दै आएको खानेपानीको मुहानसमेत म्हासेर, सिङ्गो बस्ती जोखिममा पारेर निजी प्लटिङ गर्न कसले स्वीकृति दियो ? स्थानीय जनताको चर्को विरोधबिच कुन शक्ति, कुन तत्त्वले प्लटिङ रोकिएन ? कारबाही भएन ? जनताको प्रश्न छ ।

हरेक वर्षको नीति तथा कार्यक्रममा नाराबाजीसहित लेखिएको हुन्छ, 'सामुदायिक र राष्ट्रिय वन संवर्द्धन गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने' खानेपानीको मुहान मास्ने गलत काम गएको वर्ष नगरकोटमा पनि भयो, जलाधार क्षेत्रमा खेलमैदान बनाइयो, त्यो पनि वाग्मती प्रदेश सरकारकै बजेटमा । त्यही कारण वर्सेनि भक्तपुरवासीले खानेपानीको अभाव खेप्नुपर्छ । यी दृष्टान्तले प्रदेश सरकारको व्यवहार पुष्टि हुन्छ – मुखमा राम राम बगलीमा छुरा । जनताको बस्ती, खानेपानीको मुहान, सार्वजनिक वन/सम्पत्ति पनि जोगाउन नसक्ने प्रदेशले गर्छ के ? गाउँबस्तीतिर यही चर्चा छ । सचेत जनता भन्दै छन् – भूपी शेरचन बाँचेका भए 'घुम्ने मेचमाथि अन्धो मान्छे होइन, घुम्ने मेचमाथि प्रदेश सरकार' लेख्थे, सायद !

आजभन्दा ६०/६१ वर्षअगाडि अर्थात् सन् १९६४ मा ४५ किलोमिटर लामो हेटौँडा–काठमाडौँ रोपवे बनेको थियो । काठमाडौँ उपत्यकामा ट्रलिबस गुडेको थियो । त्यो विकासको निम्ति निकै गह्रुङ्गो स्टिल मानिस आफैले बोके, आफ्नै श्रमले रोपवे बनाए । आज विज्ञान प्रविधिको द्रुत विकास भइरहेको समयमा पनि रज्जुमार्गको अवधारणा किन आउँदैन ? हामीले ७ वर्षमा पटक पटक भन्यौँ, दिगो यातायात विकास र आत्मनिर्भर यातायातको निम्ति रज्जुमार्ग उपयुक्त विकल्प हो, नेपालजस्तो भौगोलिक अवस्थिति भएको देशका लागि । हामी देख्दै भोग्दै छौँ – काठमाडौँ–हेटौँडा सडकहरूको दुरवस्था, हरेक वर्ष यसरी नै भत्किन्छन्, पुरिन्छन् । राजधानीबाट राजधानी पुग्ने बाटो त बन्दैन भने अन्यत्र कस्तो होला ? अनुमान गर्नसक्छौँ । नीति तथा कार्यक्रम सडक सञ्जाल र मार्ग निर्माणको योजनाले भरिभराउ छ । पूर्वाधार निर्माण बजेटको ५०–६० प्रतिशत हिस्सा सडक बनाउने शीर्षकमा छुटिन्छ । पूर्वाधार भनेको सडक मात्र होइन । बाटोघाटो बनाउनु मात्रै विकास होइन । यसपालिको बजेटले यो कुरामा ध्यान देवस् ।

अहिलेको विकास भनेको मानवीय स्रोत एवम् श्रमशक्तिलाई देशमै रोक्नु हो । जनसङ्ख्यालाई जनशक्तिमा बदल्नु हो । पुराना उद्योगहरू बिउँताउने, नयाँ सुरुआत गर्ने बेला अझै भएन र ? बिदेसिएको ठूलो जनशक्ति, विज्ञहरूलाई फर्काउन निकै ढिला भएन र ? पछिल्लो तथ्याङ्कअनुसार हरेक ३ मिनेटमा एक जना नेपाली युवा बिदेसिन्छ । एक दिनमा २२५१ जना युवा कामकै लागि, मजदुरीकै लागि बिदेसिन्छन् भन्ने सुन्दा शासकका मुटु किन दुख्दैन ? सरकारहरू किन उदासीन छन् ? स्वास्थ्य क्षेत्र नाजुक छ । देशको स्वास्थ्य क्षत्रको ठूलो जनशक्ति अर्थात् डाक्टर र नर्सहरू बढी बिदेसिन किन बाध्य हुँदै छन् ? यो अवस्था सुधार्न कम्तीमा वाग्मती प्रदेशले प्रयास गर्नुपर्थ्यो । नीति कार्यक्रममै वाग्मती प्रदेश सरकार चुकेको छ । अचम्म लाग्छ, प्राथमिकता पनि तोक्न नसकेको, संवेदनशील क्षेत्रको सम्बोधन गर्न नसकेको नीति कार्यक्रम निकै वैज्ञानिक भएको प्रशंसा हुन्छ यहाँ । कुन कोणबाट वैज्ञानिक ? यो नीति कार्यक्रम त व्यावहारिकसमेत छैन ।

विकासको एउटा महत्त्वपूर्ण पूर्वाधार शिक्षा हो । कहिले लागु हुन्छ STEM शिक्षा ? भीमबहादुर शैक्षिक

गुणस्तर सुधार भनेको के हो ? यहाँ गाउँघरतिर सरकारी विद्यालयका भवनहरू विद्यार्थी नभएर खाली छन् । शिक्षाको गुणस्तर गएको एसईई परीक्षाफलमा देखिएकै हो । विद्यालय शिक्षा, त्यसमा पनि प्राथमिक तह बलियो नभएसम्म देशको शिक्षा मात्र होइन अर्थतन्त्रको जग पनि बलियो हुनसक्दैन । वाग्मती प्रदेशले अन्तर्राष्ट्रिय रिफरेन्समा चिन्तन या काम गर्नुपर्ने हो । विद्यालय तहदेखि विद्यमान द्वैधशिक्षा नीतिलाई फेर्न वाग्मती प्रदेश सरकारले के गर्ने ? स्पष्ट दृष्टिकोण छैन ।

शैक्षिक क्षेत्रमा छिमेकी देशहरूले कसरी विकास गरे भन्ने एउटा रिपोर्ट छ, 'The Making of China and India in the 21st Century: Long run Human Capital Accumulation from 1900-2020' (अनुसन्धानकर्ताहरू नितिन कुमार भारती र ली याङको अध्ययन) । चीनले शिक्षामा तल्लो तहबाट माथिल्लो तहतर्फ अर्थात् Bottom–up approach अवलम्बन गऱ्यो । भारतले त्यसको ठीक उल्टो Top–down approach अँगाल्यो । चीनले शिक्षालाई सस्तो, अनिवार्य र सबैको पहुँचमा लग्यो । विद्यालयमै प्राविधिक शिक्षा, व्यावसायिक शिक्षामा जोड दियो । यही शिक्षा पद्धतिबाट चीनको औद्योगिक विकासमा मद्दत पुग्यो । आजको चिनियाँ अर्थतन्त्रको आधार र समृद्धि विद्यालय शिक्षालाई प्राथमिकतामा राख्नुको प्रतिफल पनि हो भन्ने अध्ययनको सार छ । भारतको अनुभव फरक छ, भारतले उच्च शिक्षालाई बढी जोड दियो, विश्वविद्यालय, आइटीहरूको स्थापना र तालिमहरूमा बढी ध्यान दियो । यसो हुँदा भारतको आर्थिक विकासमा बाधा पुगेको समीक्षा छ । एउटा विकासशील देश या प्रदेशको नाताले यो अनुभवतर्फ पनि विचार गर्ने हो कि ? विद्यालय शिक्षामा यथोचित परिवर्तन या सुधारको बाटो खोज्ने हो कि ?

हामीले ७ वर्ष बोल्यौँ, प्रजातन्त्र या सङ्घीयताको जग विकेन्द्रीकरण र स्वायत्तता नै हो । सुदृढ सङ्घीयताको आधार आत्मनिर्भर प्रदेश हो । यो सिद्धान्त र दृष्टिकोणले नीति तथा कार्यक्रम भिजेको देखिएन । ७ वर्षसम्म सङ्घीयताको मर्म उपेक्षा हुँदा प्रदेश केन्द्रको छाया या सेतो हात्ती बनेको सत्य नकार्न सकिन्न ।

(वाग्मती प्रदेश सभामा जेठ १४ गते प्रस्तुत 'वाग्मती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम' माथि छलफलको क्रममा नेपाल मजदुर किसान पार्टीका सांसद सूजना सैँजूले जेठ १९ गते व्यक्त गर्नुभएको मन्तव्य)

# प्रेरणीय

## रिस कसरी शान्त पार्ने ?

कुनै सहरमा एक महिला थिइन् । उनलाई साधारणभन्दा साधारण कुरामा पनि झनक्क रिस उठ्थ्यो । उनको यस्तो बानीका कारण पूरै परिवार हैरान थियो । उनको रिसका कारण घरमा जहिल्यै कलह र अशान्तिको माहोल बनिरहेको हुन्थ्यो ।

एक दिन तिनै महिलाको ढोकामा एक साधु भिक्षाटनका क्रममा पुगे । उनले साधुलाई भिक्षा दिँदै गर्दा आफ्नो समस्याबारे बताउँदै भनिन्– साधु महाराज, ससाना कुरामा पनि रिस उठेर म हैरान भइरहेकी छु । मेरो यस्तो समस्याले परिवारमा जहिल्यै अशान्ति हुन थालिसक्यो । यसबाट छुटकारा पाउने कुनै उपाय छैन ?

उनको समस्या सुनिसकेपछि साधुले आफ्नो झोलाबाट एउटा सानो सिसी निकालेर ती महिलालाई दिँदै भने– जबजब तिमीलाई कसैबाट या कुनै कुराबाट रिस उठ्छ, त्यतिखेर यसबाट तीन–चार थोपा मुखमा हाल्नु र १० मिनेटसम्म मुखमै राखिराख्नु । त्यतिन्जेल मुख नखोल्नू । याद गर्नू, बीचमै मुख खोल्यौ भने औषधीले काम गर्दैन ।

महिलाले साधुले भनेअनुसार औषधी सेवन सुरु गरिन् । र, सात दिनमै उनको रिसाउने बानी छुट्यो । सात दिनपछि तिनै साधु पुनः उनको ढोकामा आइपुगे । साधुलाई देख्नासाथ ती महिला उनको पाउमा परिन् । उनले भनिन्– साधु महाराज, हजुरले दिएको औषधी सेवन गरेपछि मेरो रिस अचानक गायब भयो । अब त मलाई कत्ति पनि रिस उठ्दैन । मेरो परिवारमा पनि अब त शान्तिपूर्ण माहोल छ । यस्तो अचुक औषधीका लागि हजुरलाई धेरै धेरै धन्यवाद छ ।

साधुले भने– तिमीले जेलाई औषधी ठानेर सेवन गऱ्यौ, त्यो सामान्य पानीमात्र थियो । तिमीले पानीलाई औषधी ठानेर सेवन गऱ्यौ र १० मिनेटसम्म चुपचाप बस्यौ । त्यसैले, तिम्रो रिस शान्त भएको हो । रिसको औषधी भनेकै मौनता हो ।

भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ ।

wgjh|ah|rfo§f] ;Demgfdf

# बिर्सिएका विभूति : धनवज्र बज्राचार्य



राजकुमार दिक्पाल



धनवज्र बज्राचार्य

**नयराज गुरुकुलका ज्येष्ठ र सम्भवतः सबैभन्दा अब्बल शिष्य थिए- धनवज्र। तर, जसरी उनी उपचार अभावमा अल्पायुमै बिते, जनमानसमा उनको सम्झना पनि विलुप्त हुँदैछ।**

एक दिन अन्वेषक मित्र वसन्त महर्जनसँग यो पङ्क्तिकारले इतिहासकार धनवज्र बज्राचार्यबारे थोरै जिज्ञासा मात्र के राखेको थियो, एकै वाक्यबाट पूरै उत्तर मिल्यो। 'अरू त अरू धनवज्र बित्नुभएको यतिका वर्ष भइसक्यो, उहाँको निधनमा आजसम्म कसैले शोकसभासम्म गर्ने कष्ट उठाएनन् !' वसन्तजीको जवाफ थियो।

इतिहासकार इमानसिंह चेम्जोङ (सन् १९०४–१९७५) का कृतिहरू पढेर इतिहास अध्ययनमा रुचि जागेको यो पङ्क्तिकारले खासगरी लिम्बू समुदायले चेम्जोङप्रति देखाएको श्रद्धाभाव र विभूतीकरणलाई प्रत्यक्ष रूपमा देख्न, भोग्न र थोरै लेख्न पनि भ्याएको छ।

हरेक वर्ष जनवरी १ मा काठमाडौँ लगायत पूर्वी नेपालका विभिन्न ठाउँमा मात्र होइन, लिम्बूहरू पुगेका विदेशमा समेत चेम्जोङको जन्मजयन्ती भव्यतापूर्वक मनाइन्छ। ठाउँ–ठाउँमा उनका पूर्ण कद र अर्धकदका सालिकहरू प्रतिस्थापित हुनुले पनि मृत्युपर्यन्त उनले पाएको सम्मान निकै अनुकरणीय लाग्छ।

तर नेपालका अन्य इतिहासकारहरूले समुदायगत रूपमा यस्तो सम्मान पाउन सकेको देखिँदैन। यसको ज्वलन्त उदाहरण हुन्, धनवज्र बज्राचार्य। बज्राचार्यको हकमा उनको योगदानको स्वामित्व ग्रहण गर्नेहरूको अभाव देखिएको मात्र होइन, राज्य पनि मौन बसिदियो। सबैभन्दा विडम्बना त, उनको योगदानले ज्ञानको चक्षु उज्यालो बनाउनेहरूले पनि आँखा चिम्लिदिए।

परिणाममा धनवज्र आज विस्मृत पात्र बनेका छन्। यो नेपाली समाजको एउटा अँध्यारो पाटो हो।

## इतिहासकारका गुरु

चेम्जोङको शतवार्षिकीको अवसरमा त्रिभुवन विश्वविद्यालय, नेपाल तथा एशिया अध्ययन केन्द्र (सिनास) का तत्कालीन निर्देशक निर्मल तुलाधरसँग भेट गर्न पुग्दा त्यहाँ इतिहासकार प्रा.डा. टेकबहादुर श्रेष्ठसँग यो पङ्क्तिकारको भेट भएको थियो। चेम्जोङले सिनासको पूर्व रूप 'इनास' हुँदा किरात विशेषज्ञको रूपमा त्यहाँ रहेर अनुसन्धान गरेका थिए, जहाँ श्रेष्ठ पनि अनुसन्धानरत थिए।

एक सञ्चारकर्मीको नाताले मैले श्रेष्ठसँग त्यसबेला चेम्जोङको बानीव्यवहार र स्वभाव बारे जिज्ञासा राखेको थिएँ। सिनास साँच्चिकै गौरवलाग्दो अनुसन्धान केन्द्र त्यो बेलाको सम्झना गर्दै श्रेष्ठले बारम्बार धनवज्रको नाम लिएका थिए। 'मेरा गुरु... मेरा गुरु...!' थिए श्रेष्ठले बारम्बार बज्राचार्यप्रति श्रद्धा र निष्ठा प्रकट गरेका थिए।

२००९ सालमा नयराज पन्तले स्थापना गरेको गुरुकुलीय परम्पराको अध्ययनबाट बज्राचार्य दीक्षित भए। उनी १८ वर्षसम्म उनै गुरुकुलीय परम्पराको अध्ययनबाट दीक्षितहरूद्वारा स्थापित संशोधन मण्डलको एक परिपक्व सदस्यको रूपमा इतिहास अध्ययन, अन्वेषण र संशोधनमा सक्रिय रहे। आफूसमेत २१ जना इतिहास संशोधकमध्ये ६ जनालाई र संशोधन मण्डलका सबभन्दा कान्छा सदस्यलाई संस्कृत भाषा र शोध पद्धतिमा प्रवेश गराउनमा बज्राचार्यको ठूलो योगदान रहेको इतिहासप्रधान पत्रिका 'पूर्णिमा' को पूर्णाङ्क ८७ (२०५१ मंसीरः ५१) पढ्दा थाहा हुन्छ।

आफ्नो सम्पूर्ण जीवन लिच्छविकालदेखि शाहकालसम्मको इतिहासको खोजीमा समर्पण गरेर नेपालीजनमा इतिहास सम्बन्धी ज्योति बालेका बज्राचार्य आफ्नो घरैनेरको वीर अस्पतालमा २० असार २०५१ मा सधैँका लागि अस्त हुँदा भने एक्लै थिए, उनको अन्तिम सास कसैले भेट्न पाएन ।



२०३० सालमा 'लिच्छविकालको अभिलेख' कृतिका लागि पाएको मदन पुरस्कार ग्रहण गर्दै बज्राचार्य । तस्बिरः मपुपु

२०२७ सालसम्म बज्राचार्य संशोधन मण्डलमा आवद्ध भई इतिहासको खोजीमा सक्रिय रहे । त्यसपछि उनी त्रिविको सिनास पुगे । प्रशस्तै अनुसन्धान गरे । देहान्तपछि उनका कृतिको मूल्याङ्कन गर्ने एउटा परियोजना प्रा.डा. सुरेन्द्र केसीलाई प्राप्त भएको थियो ।

एक भेटमा केसीले मलाई सुनाएका थिए, *'मैले धनवज्रको कृति मूल्याङ्कनपछि उनलाई नेपालको एक नम्बरको इतिहासकार घोषणा गरेँ । मैले यस्तो मूल्याङ्कन गर्दा केही इतिहासकार रिसाए पनि । धनवज्रले लेखेको* ***'लिच्छविकालको अभिलेख'*** *नेपालको इतिहासमा असाध्यै विशाल महत्त्वको कृति हो, त्यसैको आधारमा मैले यस्तो घोषणा गरेको थिएँ ।'*

**'लिच्छविकालको अभिलेख'** ले २०३० सालको मदन पुरस्कार समेत पाएको थियो ।

धनवज्र बज्राचार्यका मुख्य कृति र आलेखमा कौटिल्यको अर्थशास्त्रको ऐतिहासिक व्याख्या (२००९), इतिहास संशोधन (२०१० देखि २०२० सम्म), शक्तिबल्लभ अर्ज्यालको जयरत्नाकर नाटक (२०१४), गल्लीमा फ्याँकिएको कसिङ्गर (२०१८), इतिहास संशोधनको प्रमाणप्रमेय (२०१९), ऐतिहासिक पत्र सङ्ग्रहको दोस्रो भाग (२०२१), पूर्णिमा पत्रिका (पूर्णाङ्क १ देखि २४ सम्म अनुसन्धानमूलक लेख) हुन् ।

## धनवज्र बज्राचार्यका मुख्य कृति र आलेखमा

- कौटिल्यको अर्थशास्त्रको ऐतिहासिक व्याख्या (२००९),
- इतिहास संशोधन (२०१० देखि २०२० सम्म),
- शक्तिबल्लभ अर्ज्यालको जयरत्नाकर नाटक (२०१४),
- गल्लीमा फ्याँकिएको कसिङ्गर (२०१८),
- इतिहास संशोधनको प्रमाणप्रमेय (२०१९),
- ऐतिहासिक पत्र सङ्ग्रहको दोस्रो भाग (२०२१),
- पूर्णिमा पत्रिका (पूर्णाङ्क १ देखि २४ सम्म अनुसन्धानमूलक लेख) हुन् ।

यसवाहेक बज्राचार्यले **गोरखाको ऐतिहासिक सामग्री (२०२७), टिस्टुङपालुङ भेगको ऐतिहासिक सामग्री (२०२८), लिच्छविकालका अभिलेख (२०३०), दोलखाको ऐतिहासिक रूपरेखा (२०३१), पञ्चाली शासन पद्धतिको ऐतिहासिक रूपरेखा (२०३५), शाहकालका ऐतिहासिक सामग्री (२०३७), गोपाल राजवंशावली (२०४२), मध्यकालको अभिलेख (२०५६)** र **गोपाल राजवंशावलीको ऐतिहासिक विवेचना (२०६४)** लाई पनि पुस्तकाकार दिन भ्याए ।

यी पुस्तकहरूमध्ये कतिपयमा एकल लेखन र कतिपय सहपाठी ज्ञानमणि नेपाल, प्रा.डा. कमलप्रकाश मल्ल र प्रा.डा. टेकबहादुर श्रेष्ठहरूको सहयोग लिए । उनले 'पूर्णिमा' पत्रिकामा प्रबन्धक र प्रकाशकको रूपमा पनि राम्रैसँग पसिना बगाएका थिए ।

यसरी नेपालको इतिहासको अध्ययन, अन्वेषण, लेखन र विश्लेषणमा समर्पित उनले आफ्नो व्यक्तिगत जीवनलाई भने महत्त्व दिएनन् । परिणामतः उनलाई मधुमेह र उच्च रक्तचापले च्याप्दै लग्यो, दुवै मिर्गौलाले काम गर्न छाड्यो । प्रतिकूल स्वास्थ्यका कारण हिँडडुल गर्न नसके पनि उनले **'मध्यकालको अभिलेख'** घरैमा बसेर लेखिसिध्याएका थिए ।

...

गएको मंसीरमा यो पङ्क्तिकार गुरुङ समुदायका बौद्धविद्रोही सुकदेव गुरुङबारे केही जिज्ञासा लिएर इतिहासकार प्रा.डा. त्रिरत्न मानन्धरसँग भेट गर्न पुगेको थियो । त्यसबेला गोरखामा आफूलाई नौ सरकार बौद्धबादशाह घोषणा गरेका

गुरुङको जेलमा मृत्यु भएको प्रमाण मिल्ने १९३३ चैत वदी रोज १ को आधिकारिक कागज फेला परेको बडो रोचक घटना मानन्धरबाट सुन्न पाइएको थियो। जुन यसप्रकार छः

एक दिन धनवज्र प्रभातकालीन भ्रमणका क्रममा आफ्नो घर मासंगल्लीबाट निस्केर हनुमानढोका हुँदै हिँडिरहेका थिए। हनुमानढोका प्रहरी कार्यालय अगाडि एउटा ट्रक रोकिएको थियो। उनी पनि त्यहाँ टक्क अडिए। त्यहाँ धमाधम प्रहरी कर्मचारीहरू कसिङ्गरका रूपमा फ्याक्न पुराना कागजका ठेलीहरू ट्रकमा लोड गर्दै थिए। ट्रक नजिकै पुगेर हेर्दा एउटा कागजमा धनवज्रको आँखा पर्‍यो। त्यसपछि धनवज्रले प्रहरी कर्मचारीलाई एक दिनका लागि ती कागजपत्र नफ्याँकिदिन आग्रह गरे। शुरूमा त प्रहरीहरू मानेका थिएनन्। निकै ठूलो प्रयास गरेर धनवज्रले एक दिनका लागि ती कागजपत्र नष्ट गर्नबाट बचाउन सफल भए।

भोलिपल्ट बज्राचार्यलाई केही कागज सङ्कलन गरी सिनासमा लैजाने सफलता मिल्यो। यदि संयोगले उनको आँखा ती कागजातमा नपरेको भए, इतिहासको एउटा महत्त्वपूर्ण प्रमाण अर्थात् सुकदेव तथा सुपति गुरुङहरूले गरेको विद्रोहको सत्य माटोमा मिल्ने थियो। त्यही प्रमाणकै आधारमा आज गुरुङ समुदायले आफ्नो पुर्खाको विद्रोहलाई सप्रमाण दाबी गर्ने अवसर पाएका छन्।

...

## बेखबर, बेवारिस

यी विद्वान रोगले थलिएर घरको एउटा कुनामा बेखबर एक्लै बसिरहेका थिए। वैशाख २०५१ को एक दिन, शेषराज शिवाकोटी (तत्कालीन उपसचिव, हालः उच्च अदालतका मुख्य न्यायाधीश) आफ्ना गुरु तथा बज्राचार्यका सहपाठी ज्ञानमणि नेपाललाई भेट्न कलङ्की पुगेका थिए। ज्ञानमणिले शेषराजलाई धनवज्रको गम्भीर स्वास्थ्य समस्याबारे जानकारी दिए।

टेम्पो चढी फर्केका शिवाकोटी तत्कालीन शाही नेपाल वायुसेवा निगम अगाडि उत्रिए, र सरासर बज्राचार्य निवास पुगे। एकछिन त भेट्न नमिल्ने भन्दै परिवारका सदस्यले रोक्न पनि खोजे। तर, शिवाकोटी एक छिन पर्खेर परिवारका सदस्यको आँखा छली बज्राचार्यको शयनकक्ष पुगे।

एकान्तको न्यास्रोपूर्ण क्षणहरूमा गम्भीर रोगसँग लडिरहेका धनवज्रले शिवाकोटीलाई भेट्नासाथ अनुहार उज्यालो बनाए। उनीबाटै थाहा भयो, मिर्गौला फेर्न त्यसबेला भारतको मद्रास जान चिकित्सकले सुझाएको कुरा। तर समस्या थियो, खर्चको। आफूसँग मिर्गौला प्रत्यारोपणका लागि दुई लाख रुपैयाँ समेत नभएको पीडा बज्राचार्यले सुनाए।

यी वृत्तान्त सुनिसकेपछि यी विद्वानका लागि केही गर्न सकिन्छ कि भन्ने अठोट बोकेर शिवाकोटी सरासर न्यूप्लाजा पुगी साप्ताहिक 'युगसंवाद' मा बज्राचार्यबारे आफै समाचार तयार पारी सम्पादकलाई बुझाए। अनि उनी कालिकास्थान उक्ले, साप्ताहिक 'समीक्षा' को कार्यालयमा। उनलाई सम्पादक विनोद दीक्षितबाट धनवज्रबारे एउटा लेख लेख्न प्रस्ताव आयो।

**जीवनको सम्पूर्ण ६३ वर्ष नेपालको इतिहास अन्वेषण र विश्लेषणमा समर्पण गर्ने विद्वान बज्राचार्यलाई मुखले सम्झने त धेरै होलान्, तर उनको योगदान उजिल्याउने कर्ममा भने एक्ला शेषराज शिवाकोटी शेष देखिन्छन्।**

यी दुई साप्ताहिकमा शेषराजले चलाएको मिडिया अभियानको प्रभाव पर्‍यो। त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपति केदारभक्त माथेमाको आँखा परेछन्, यी समाचार र लेखमा।



शेषराज शिवाकोटी

बज्राचार्यले सिनासमा १९ वर्ष सेवा गरेका रहेछन्। उपकुलपति माथेमाले आफ्नो अधिकार प्रयोग गरेर एक वर्ष थप गरी बज्राचार्यलाई पेन्सन पाउन योग्य बनाए। उनको

बाँकी रहेको सात वर्षको एकमुष्ट पेन्सन १९ असार २०५१ मा बैङ्क खातामा जम्मा पनि भयो । तर विधिको खेल, भोलिपल्टै बज्राचार्यले भौतिक लोकबाट विदा लिए ।

२० असारमा बज्राचार्य नियमित मिर्गौला डायलासिसका लागि घरबाट पैदल एक्लै वीर अस्पताल पुगेका थिए । डायलासिसकै क्रममा उनको निधन भयो । उनको उपचारमा खट्नेहरू शुरूमा त अलमल्ल परे । एक्लै अस्पताल गएकाले उनको शव कसलाई बुझाउने भन्नेबारे अस्पताल प्रशासनले केही समय त पत्तोसम्म पाएन । त्यो समय अस्पतालले बज्राचार्यको शव मुर्दा घरमा राखेको थियो । बल्ल उनीहरूले उनको घर अस्पताल नजिकै रहेछ भन्ने थाहा पाए र परिवारलाई सम्पर्क गरे ।

जसरी यी विद्वानको शव झन्डै बेवारिस बन्यो, त्यसैगरी आज उनको स्मृति पनि बेवारिसे जस्तै बन्न पुगेको छ ।

## 'शेष' शिवाकोटी

धनवज्र बज्राचार्य जस्तै विद्वानहरूको स्मृति र अभिनन्दन गर्दै आएका शिवाकोटीले आजसम्म १९६ वटा ग्रन्थको सम्पादन र प्रकाशन गरिसके । बज्राचार्य बारे मात्र उनले सात वटा स्मृति ग्रन्थ प्रकाशित गरिसकेका छन् । उनले बज्राचार्यका गुरु नयराज पन्तको जन्मजयन्तीको अवसर पारेर २६ साउन २०६४ मा आफ्नो सम्पादनमा **'धनवज्र बज्राचार्य: स्मृति र स्पन्दन'** नामको ३०० पृष्ठको ग्रन्थ प्रकाशनमा ल्याए । पुस्तकमा ७५ पृष्ठ लामो भूमिका धनवज्रका चेला नयराजका छोरा डा. महेशराज पन्तले लेखेका छन् । २०७१ सालमा पनि शिवाकोटीले **'धनवज्र बज्राचार्य: दृष्टिकोण'** नामक ग्रन्थ निकाले । यसमा पनि डा. पन्तले नै भूमिका लेखेका छन् ।

यत्तिले मात्र यी विद्वतपूजकलाई चित्त बुझेनछ । उनले **'धनवज्र बज्राचार्य शोध सम्मान र पुरस्कार'** समेत स्थापना गरे, जसबाट प्रा.डा. त्रिरत्न मानन्धर (२०६४), प्रा.डा. विजय मानन्धर (२०६९), प्रा.डा. सुरेन्द्र केसी (२०७०), दिलबहादुर क्षेत्री र शोभा पोखरेल (२०७१) सम्मानित भइसकेका छन् । यस्तै डा. जगमान गुरुङ (हाल: नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति) लाई 'धनवज्र बज्राचार्य विद्या साधना सम्मान' समर्पण गरिसकिएको छ ।

जीवनको सम्पूर्ण ६३ वर्ष नेपालको इतिहास अन्वेषण र विश्लेषणमा समर्पण गर्ने विद्वान बज्राचार्यलाई मुखले सम्झने त धेरै होलान्, तर उनको योगदान उजिल्याउने कर्ममा भने एक्ला शिवाकोटी शेष देखिन्छन् ।

*स्रोत: हिमालखबर, सोमबार, ५ असोज, २०७७*

# सिनासमा थन्किएको देशको इतिहास



वसन्त महर्जन

वंशावली तथा भनेका, सुनेका कुराका नयाँ प्रस्तुतिलाई नै नेपालको इतिहास मान्नुपर्ने बाध्यताबाट मुक्ति दिने काम बाबुराम आचार्य, नयराज पन्त लगायतका केही व्यक्तित्वहरूबाट थालनी भयो ।

इतिहास अध्ययन तथा लेखनमा भएका गल्ती औँल्याउने तथा आफू पनि अध्ययन, अनुसन्धान तथा लेखनमा संलग्न संस्थामा 'संशोधन मण्डल' बन्यो, जसको स्थापना तथा नेतृत्व नयराज पन्तले गरे ।




धनवज्र वज्राचार्य

नेपाली इतिहासको प्रमुख स्रोतका रूपमा लिइने शिलालेखहरूको सङ्कलन तथा प्रकाशनको काम सर्वप्रथम विदेशबाट भयो । विदेशी विद्वानहरूमा नै सीमित इतिहासको अध्ययन अनुसन्धानको कार्यमा पछि स्वदेशी विद्वानहरू पनि सरिक भए । नयराज पन्तद्वारा सञ्चालित पाठशालाका शिष्यहरू नयाँ अभिलेखको खोजी, उतार्ने, अध्ययन र व्याख्या गर्ने तथा पहिल्यै प्रकाशनमा आइसकेका शिलालेखको पुन:परीक्षणमा लागे ।

यस क्रममा शिलालेखहरूको सङ्कलन, पाठशुद्धि तथा व्याख्याले ठूलो फड्को मार्‍यो । संशोधन मण्डलको विशेषता के थियो भने, यसले गल्ती औँल्याउने मात्रै होइन, सही कुरा

देखाउने तथा आफूबाट गल्ती नगर्ने प्रयास पनि गर्‍यो।

संशोधन मण्डलको गठनपूर्व गुरुकुलका शिष्यहरू इतिहास संशोधकका रूपमा सक्रिय थिए। शुरूमा २१ जना सदस्य सक्रिय संशोधन मण्डल विधिवत् दर्ता गराउँदा नयराजसहित आठ जनामात्र बाँकी थिए।

२०२८ सालमा संशोधन मण्डलबाट धनवज्र बज्राचार्यको बहिर्गमन, त्यसपछि उनको त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धान केन्द्र (सिनास) मा प्रवेशलाई लिएर लामो समयदेखि विवाद, आलोचना र हिलो छ्यापाछ्यापसमेत हुँदै आएको देखिन्छ।




त्रिवि जयन्तीमा मन्तव्य दिँदै धनबज्र बज्राचार्य। तस्बिरः सौजन्य महेशराज पन्त

संशोधन मण्डलको आदर्श उच्च स्तरको भए पनि वृत्ति–विकासमा सहायक थिएन। गुरुकुलीय शिक्षा पद्धतिमा शैक्षिक प्रमाणपत्र पाइँदैनथ्यो र औपचारिक क्षेत्रमा प्रवेश पाउन मुश्किल हुन्थ्यो। सीमित स्रोत साधनमा चल्नुपर्ने यसको अर्को बाध्यता थियो। यी अप्ठेराबीच पनि सीमित घेरा अनि अपजसको भागीदार हुनुपरेका कारण पनि हुनसक्छ, सदस्यहरूको बहिर्गमन जारी रह्यो।


धनवज्रका गहकिला कृतिहरूमा **'लिच्छविकालका अभिलेख'** हो जसले २०३० सालको मदन पुरस्कार जित्यो। नेपाल र एशियाली अनुसन्धान केन्द्र (त्रिवि) को सेवामा रही लेखिएको भए पनि यो ग्रन्थको गर्भधारण संशोधन मण्डलमै भएको मान्नुपर्दछ। धनवज्रको यो कृतिको अध्ययनबिना लिच्छविकालको अध्ययन अद्यापि अपुरो मानिन्छ।

## धनवज्रको नियति

सरकारी सेवामा प्रवेश गर्दा कुनै पनि व्यक्तिले धर्म खुलाउनुपर्ने अनिवार्य प्रावधान छ। आफ्नो कुलायन धर्म बौद्ध भए पनि धनवज्रले सिनासमा नेपाली इतिहास तथा प्राचीन लिपि विषयमा अनुसन्धान सम्बन्धी विद्वतवृत्ति करारपत्र (१ भदौ २०२७–३२ साउन २०३०)मा 'हिन्दू' लेखाएका थिए। करार पत्रमा यस अवधिमा पारिश्रमिक वा ज्याला लिई र अन्य कुनै पनि सेवा पेशा आदिमा संलग्न नरहने प्रतिबद्धता लिइएको थियो। वास्तवमा बज्राचार्यलाई सिनासमा लैजाने काम एउटा यस्तो घेराबाट भएको थियो, जसको संशोधन मण्डलको कामहरूसँग असहमति मात्र होइन, तीव्र विवाद र कतिपय अवस्थामा गालीगलौज नै चल्थ्यो। त्यसैले पनि धनवज्रले संशोधन मण्डलबाट आफूलाई अलग पार्नुपर्ने भयो।

झट्ट हेर्दा धनवज्रले संशोधन मण्डल त्यागेको देखिए पनि नयराज पाठशालामा गुरुले सिकाएको इतिहास लेखनको कौशल भने बोकेरै हिँडेका थिए। यस अर्थमा उनले संशोधन मण्डलको अंशलाई नै सिनासमा लगे भन्दा अत्युक्ति हुँदैन। तर, संशोधन मण्डलका आधारभूत मूल्य र मान्यताबाट उनी टाढा भएको भने सत्य हो।

लिच्छविकालका १९० वटा अभिलेखको सङ्कलन, अध्ययन, अनुवाद तथा व्याख्या गरिएको **'लिच्छविकालका अभिलेख'** काम धनवज्रले संशोधन मण्डलमा छँदै सकिसकेका थिए।




धनबज्र बज्राचार्य लिखित केही कृति।

मध्यकालको अभिलेख, गोपालराजवंशावलीको ऐतिहासिक विवेचना तथा सहलेखनमा शाहकालका अभिलेख, नुवाकोटको ऐतिहासिक रूपरेखा, गोरखाको ऐतिहासिक सर्वेक्षण, दोलखाको ऐतिहासिक रूपरेखा, टिष्टुङ्ग चित्लाङ भेकको ऐतिहासिक सामग्री, पाञ्चाली शासनपद्धतिको ऐतिहासिक विवेचना आदि प्रकाशित छन्। त्यसो त सिनास प्रवेश गर्नुअघि पनि उनका थुप्रै कृति प्रकाशित भइसकेका थिए।

स्वास्थ्यस्थिति बिग्रँदै गएपछि जेठ, २०५१ मा धनवज्रले सिनासबाट स्वेच्छिक अवकाश लिए। त्यही वर्ष (२०५१) को २० असारमा उनको निधन भयो।

इतिहासका धरोहर धनवज्रबारे राज्यले विशेषतः सिनासले खोजखबर गर्नुपर्दथ्यो, उपचारका लागि चाहिने बन्दोबस्त पनि गर्नुपर्दथ्यो तर समयमै केही हुन सकेन। देहावसानको पाँच वर्षपछि उनको **'मध्यकालको अभिलेख'** प्रकाशित भयो। विसं १५७२–१८२३ सालसम्मका पाटन क्षेत्रमा भेटिएका अभिलेखहरू समावेश उक्त ग्रन्थमा थुप्रै गल्ती पनि भेटिएका छन्।

ठूलो प्रयासपछि सिनासकी तत्कालीन सह–प्रशासक दामिनी वैद्यको प्रयासमा धनवज्रको घरमा रहेका सम्पूर्ण पाण्डुलिपि सिनासमा ल्याइयो। २ वैशाख २०६४ मा औपचारिक रूपमा धनवज्रका कान्छा छोरा डा. सिद्धार्थवज्र बज्राचार्यबाट ती सामग्री हस्तान्तरण भयो। यही अवधिमा **'गोपालराजवंशावलीको ऐतिहासिक विवेचना'** प्रकाशित भयो।

संयोग के भने त्यो बेला यो पङ्क्तिकार पनि सिनासमै संलग्न थियो। त्यति मात्र होइन धनवज्रको परिवारबाट उपलब्ध गराइएका ती सामग्री हिफाजत गर्ने, केलाउने तथा वर्गीकरण गरेर सूची बनाउने काममा संलग्न हुने अवसर समेत पाएको थियो।

धनवज्रका सामग्रीमा उपत्यकाका विभिन्न ठाउँमा रहेका शिलालेखहरूको नेपाली कागजमा उतार 'फ्यासिमिल' पनि थियो। कतिपय शिलालेखको उतार थियो। उनकै हस्तलिखित पाण्डुलिपिहरू पनि थिए। खोज्दै जाँदा अन्य पाण्डुलिपि पनि भेटिए, जसमा सम्बन्धित लेखकको नाम भने छैन।

ती सामग्रीका आधारमा सिनासले प्रा. दिनेशराज पन्तलाई **'पूर्वमध्यकालका अभिलेख'** को सम्पादनको जिम्मा दियो। विक्रमको दशौँ शताब्दीदेखि १५३७ सालसम्मका १४३ वटा अभिलेख समावेश गरिएको यो ग्रन्थ २०६८ सालमा प्रकाशित भयो। तर, धनवज्रको सङ्कलनमा रहेका काठमाडौँ र भक्तपुरका अभिलेखहरूको बेग्लाबेग्लै पाण्डुलिपिले भने अझसम्म पुस्तकको रूप ग्रहण गर्न सकेको छैन। यतातिर ध्यान जानु नै उनीप्रतिको शब्दश्रद्धा हुनेछ।

*स्रोत : हिमालखबर, सोमबार, ५ असोज, २०७७*

# एक 'धुरन्धर ऐतिहासिक' को दुःखान्त



सुजित मैनाली

नेपालको इतिहास लेखन परम्परामा धनवज्र वज्राचार्य (वि.सं. १९८८–२०५१) को अग्रणी स्थान छ। नेपाली इतिहासका मूल सामग्रीहरूको पहिचान गरी तिनको परिशिलन र प्रकाशन गर्ने प्रामाणिक कोटीका एकाध ऐतिहासिकमध्येमा उनी पर्छन्।




नेपालको ज्ञात इतिहास आरम्भ हुनु अघिदेखि शाहकालसम्मको अवधिबारे प्रकाश पार्नेगरी एकल र अन्य व्यक्तिसँगको सहकार्यमा उनले थुप्रै ग्रन्थको लेखन, सम्पादन, अनुवाद र व्याख्या गरेका छन्। यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा उनका अनुसन्धानमूलक लेख छापिएका छन्। यी कामका कारण उनी नेपाली इतिहासबारे काम गरेका त्यस्ता अग्रगण्य ऐतिहासिकमध्येमा दरिन्छन्, जसबारे चर्चा गर्दा उनको व्यक्तित्वको मात्र नभई नेपाली इतिहास लेखन परम्पराकै एउटा महत्त्वपूर्ण अध्यायको चर्चा हुनपुग्छ।

## शिक्षाको सोपान


काठमाडौँको मासंगल्लीमा बस्ने वज्राचार्य परिवारमा वि.सं. १९८८ चैत १६ गते धनवज्रको जन्म भएको थियो। उनका बाबुको नाम दुर्गावज्र र आमाको नाम तीर्थकुमारी हो। धनवज्रको परिवार पुस्तौँदेखि वैद्य पेसामा संलग्न थियो। धनवज्र सानो छँदा मासंगल्लीस्थित उनको पुर्ख्यौली घरमा पीयूषवर्षी औषधालय सञ्चालित थियो।

वैद्य पेसामा दक्ष बन्न आयुर्वेदको ज्ञान चाहिन्छ।

आयुर्वेदका आधार-ग्रन्थ संस्कृत भाषामा लेखिएका छन् । ती ग्रन्थ छिचोल्न संस्कृत भाषाबारे जानकार हुनुपर्छ । यस कुराको महसुस धनवज्रका जेठा दाजु दिव्यवज्र (वि.सं. १९७६-२०५६) ले गरेका थिए । दिव्यवज्र आयुर्वेद विद्याको खस्कँदो अवस्थाप्रति चिन्तित पनि थिए । यो कुरा आफ्ना सहपाठीसमेत रहेका संस्कृत वाङ्मयका विद्वान पं. नयराज पन्त (वि.सं. १९७०-२०५९) को सान्निध्यमा रहेर उनले वि.सं. २०१६ देखि २०२० 'आयुर्वेद-रक्षा' नामक पर्चाका १६ वटा अङ्क छापेको सन्दर्भबाट पनि पुष्टि गर्छ ।

आयुर्वेद र संस्कृत भाषाप्रतिको दिव्यवज्रको यस्तो रुझानका कारण उनले पाठशाला चलाउन भनेर नयराजलाई आफ्नो पुर्ख्यौली घरको एउटा क्षेत्र निःशुल्क प्रदान गरे । त्यसबाट प्राचीन भारतीय पद्धतिको शिक्षा प्रणाली ब्यूँताई संस्कृत वाङ्मयका धुरन्धर पण्डितहरूको पुस्ता तयार गर्ने ध्येयसहित पाठशाला सञ्चालन गर्न खोजिरहेका नयराजलाई सहयोग मिल्यो । घरमै पाठशाला खुल्दा नयराजबाट आफ्ना भाइ धनवज्र र छोरो गौतमवज्रले संस्कृत भाषामा प्रशिक्षित हुने मौका पनि पाउँछन् भन्ने दिव्यवज्रको बुझाइ थियो ।

वि.सं. १९९७ मा स्थापना भएको नयराजको पाठशालामा धनवज्र शिष्य बने । त्यसअघि उनले देवीदत्त पराजुली, श्रीनाथ पाण्डे, ऋषभदेव शास्त्री आदिसँग पढेका थिए । वि.सं. २००३ मा १६ वर्षको छँदा धनवज्रले नयराजलाई गुरु थापे । त्यस घटनाले धनवज्रको जीवनलाई नयाँ मोड दियो । गुरुको प्रेरणाबाट उनले व्याकरण र काव्यसहित संस्कृत वाङ्मय, प्राचीन लिपि, पञ्चाङ्ग, प्राचीन संवत्, अभिलेख र प्रतिमालक्षण अध्ययन आदि विषयको कठोर प्रशिक्षण लिए । वैद्य पेसामा प्रविण बन्न भनेर नयराजलाई गुरु थाप्न पुगेका उनी प्रकारान्तरमा अब्बल ऐतिहासिकका रूपमा ख्यात भए ।



धनवज्र वज्राचार्य

नयराजको पाठशाला भिन्न थियो । अन्यत्र सयमा ३३ अङ्क ल्याउने विद्यार्थीलाई उत्तीर्ण गराइन्थ्यो । त्यस्तो शिक्षालाई नयराजले त्रिखण्डी अर्थात् एक तिहाइमात्रै बुझे पुग्ने शिक्षा भनी पन्छाए । विकल्पमा उनले पढेको विषयमा विद्यार्थीहरू शतप्रतिशत दक्ष बन्नैपर्ने शिक्षणविधि लागू गरे । प्राचीन भारतीय शिक्षापद्धति पछ्याउँदै उनले आधार ग्रन्थहरूको नित्य पाठ गरी तिनलाई कण्ठ गर्नुपर्ने नियम बसाले । एकपटक प्रमाणपत्र हासिल गरेको विद्यार्थी सधैँ विद्वान कहलिन सक्दैन, आफूले आर्जन गरेको विद्वता कायम राख्न शास्त्रलाई शस्त्रझैँ निरन्तर साँध लगाइरहनुपर्छ भन्ने मान्यता अन्तर्गत रहेर उनले विद्यार्थीलाई उत्तीर्ण भएको प्रमाणपत्र नदिने र पाठशालाबाट बिदा भएपछि पनि विद्यार्थीहरूले आजीवन स्वाध्यायमा प्रवृत्त हुनुपर्ने मान्यता लागू गरे । एकसाथ दुई भाषामा पाण्डित्य हासिल गर्न असम्भव छ भनी उनले पाठशालामा अङ्ग्रेजी लगायत पश्चिमी भाषाको अध्ययनमाथि रोक लगाए ।

एकसाथ परम्परागतसँगै नूतन प्रतित हुने शिक्षा प्रणाली भएको पाठशालामा धनवज्रले लगनशील भई आठ वर्षसम्म अध्ययन गरे । यसबारे उनी स्वयंले लेखेका छन्, 'श्रीगुरु नयराज पन्तको निर्देशनमा संशोधनमण्डलद्वारा सञ्चालित नयाँ ढङ्को 'आठवर्षे पढाइ' वि.सं. २००३ देखि २०१२ भित्र मैले पूरा गरें । 'प्रमाणपत्रको भरमा होइन; कार्यक्षमताको भरमा अगाडि बढ' भन्ने सो विद्यापीठको घोषित सिद्धान्त छ ।'

पाठशालामा छँदा उनी नयराजका सर्वाधिक योग्य, भरपर्दा र प्रिय शिष्य बने । अध्ययन सिध्याएपछि पनि उनी पाठशालामै शिक्षक र शोधार्थीका रूपमा सक्रिय रहे ।

पाठशालामा अध्ययनरत धनवज्रसहितका शिष्यहरू इतिहास सम्बन्धी अध्ययनमा प्रविण बनेपछि कल्पना र यथार्थ छ्यासमिस मिसिएका वंशावलीहरूलाई मुख्य आधार बनाई नेपाली इतिहास लेख्ने क्रममा अल्पविराम लाग्यो । पाठशालाले अभ्यासमा ल्याएको शोधविधिका कारण वंशावलीलगायत सामग्रीमा उपलब्ध विवरणलाई तत्कालीन अभिलेखमा उपलब्ध तथ्यहरूसँग रुजु गराउने र त्यस्ता विवरणहरू एकअर्कासँग

बाभिmए तत्कालीन अभिलेख्य प्रमाणलाई आधिकारिक मान्ने विधिले त्यसपछिका दिनमा प्रश्रय पायो। नेपालमा इतिहास लेखनको यस्तो विधि संस्थागत गराउन नयराज र उनका आधा दर्जनभन्दा बढी शिष्यहरूको मुख्य हात छ। त्यसमध्ये पनि धनवज्रको योगदान विशिष्ट छ। लिच्छविकालदेखि शाहकालसम्मका महत्त्वपूर्ण अभिलेखहरूको पाठ उतार गरी उनले गरेको तिनको अनुवाद र व्याख्यालाई माथ गर्ने ग्रन्थ त्यसयता प्रकाशन हुन नसकेको तथ्यले पनि यस्तो दाबीलाई बल पुऱ्याउँछ।

## प्रारम्भिक प्रकाशन

नयराजको पाठशालामा विद्या आर्जन गर्दै जाँदा पर्चा लेखनबाट धनवज्रको औपचारिक लेखन यात्रा सुरु भयो। इतिहास संशोधनप्रति नयराजको गहिरो अभिरुचि थियो। उनकै प्रेरणाबाट उनका शिष्यहरू पनि इतिहास संशोधन सम्बन्धी काममा लागे। यही मेसोमा धनवज्रले वि.सं. २००९ देखि सहपाठीहरूसँग मिलेर 'इतिहास-संशोधन' शीर्षकमा पर्चा लेख्न सुरु गरे।

'इतिहास-संशोधन'को भाषा आक्रामक थियो। वि.सं. २०२० असार ७ गते भोलानाथ पौडेलसँग मिलेर धनवज्रले प्रकाशन गरेको 'इतिहास-संशोधन'मा भनिएको छ, 'रायल-नेपाल-एकेडेमीका सदस्य सचिव श्रीसूर्यविक्रम ज्ञवाली बी.ए.बी.टी.ज्यू पढ्ने, खोज्ने काममा नलागी जथाभावी कल्पित कुरा लेखी नेपालको इतिहासलाई भ्रष्ट पार्दै हुनुहुन्छ।' त्यसअघि वि.सं. २०१६ मंसिर १५ गते प्रकाशित 'इतिहास-संशोधन'मा धनवज्रले '...तीनै थरी धूर्त (विदेशीका भक्त, चाकडीबाज, जातिगत भ्रमात्मक कुरा फैलाउने) तथा टप्परटुइयाँदेखि हामीले सावधान भई रहनुपरेको छ र तिनको रहस्योद्घाटन गर्दै जानुपरेको छ' भनी लेखेका थिए। त्यसैताका पाठशालाबाट 'सावधान-पत्र' शीर्षकमा छापिएका इतिहासप्रधान पर्चाहरूको लेखनमा पनि धनवज्र संलग्न भए।

'इतिहास-संशोधन'मा उठान गरिएका विषय प्राज्ञिक हिसाबले महत्त्वपूर्ण भए तापनि तिनको भाषा पाठ्यसामग्री बन्न नमिल्ने किसिमको थियो। यही कुरा महसुस गरी धनवज्रकै सम्पादनमा वि.सं. २०१९ मा पाठशालाले जगदम्बा प्रेसबाट **'इतिहास-संशोधनको प्रमाण-प्रेमय (पहिलो भाग)'** छाप्यो। त्यसमा व्यक्तिलक्षित आक्षेपहरू हटाएर इतिहास सम्बन्धी लेखनमा बारम्बार दोहोरिएका त्रुटि औँल्याइ सपार्ने काम गरिएको छ। पाठ्यसामग्रीका रूपमा मान्यता पाओस् भनेर नै यो ग्रन्थ तयार गरिएको थियो भन्ने कुरा नयराजले लेखेको यस ग्रन्थको 'उपोद्घात' मा रहेको निम्न श्लोकबाट पनि सिद्ध हुन्छ –

*सच्चा नै इतिहासजन्य घटना यो देशमा फैलियून्,*
*विद्यार्थीहरु पाठ्यपुस्तक पनि प्रामाणीकै नै पढून्।*
*भन्ने आशयले कडा श्रम गरी यो साधना गर्दछु,*
*घेरैका ननिका कुराकन सही बाँचिरहेको म छु।।*

पाठशालामा छँदा धनवज्रले इतिहास सम्बन्धी लेख छाप्ने, ऐतिहासिक अभिलेख र पत्र खोजी गरी प्रकाशन गर्ने, संस्कृतमा लेखिएका नेपाली इतिहास सम्बन्धी सामग्रीहरू नेपालीमा उल्था गर्ने आदि काम पनि गरे।

वि.सं. २०१८ मा त्यस पाठशालाले विधिवत रूपमै आफ्नो नाम 'संशोधन-मण्डल' राख्यो। त्यसको तीन वर्षपछि वि.सं. २०२१ वैशाखबाट संशोधन-मण्डलले नेपालको इतिहास लेखन परम्परामा सार्थक हस्तक्षेप गर्ने उद्देश्यले इतिहास-प्रधान त्रैमासिक पत्रिका 'पूर्णिमा'को प्रकाशन सुरु गऱ्यो। पत्रिकाका सम्पादकद्वय थिए, गौतमवज्र वज्राचार्य र महेशराज पन्त। संशोधन-मण्डलमा माथिल्लो कक्षाका विद्यार्थीले तल्लो कक्षाका विद्यार्थीलाई पढाउने परिपाटी रहेकाले धनवज्रबाट गौतमवज्र र महेशराजले पनि शिक्षा लिएका थिए। यस अर्थमा उनीहरू धनवज्रका शिष्य थिए। धनवज्रले 'पूर्णिमा'को प्रबन्धकको जिम्मेवारी सम्हालेका थिए। यसका अतिरिक्त 'पूर्णिमा'मा छापिनेलगायत सामग्रीको लेखनमा संशोधन-मण्डलका सदस्यहरूलाई परिचालन र मार्गदर्शन गर्ने जिम्मा पनि गुरुले धनवज्रलाई नै दिएका थिए।

'पूर्णिमा'को पहिलो अङ्कमा धनवज्रको नाममा **'श्रीकलहाभिमानी राजा'** शीर्षकको लेख छापियो, जुन लिच्छविकालीन शासक अंशुवर्माबारे थियो। त्यस लेखको आरम्भमै भनिएको छ, 'नेपालको इतिहासमा अरू कालमा भन्दा लिच्छविकालमा अनेक कुरामा विशिष्ठता पाइन्छन्। त्यसबेलाका विद्याको तह, आकर्षक कला, व्यवस्थित शासन पद्धतिले हाम्रो मनमा प्रभाव नपारी छोड्दैन।' यसबाट धनवज्रमा लिच्छविकालप्रति बढी अभिरुचि थियो भन्ने कुरा भल्किन्छ। यो कुरा 'पूर्णिमा'मा त्यसपछिका दिनमा छापिएका उनका लेखहरूको विषयवस्तु र वि.सं. २०२८ मा संशोधन-मण्डलबाट अलग भएपछि उनले लेखेका ग्रन्थहरूको साङ्गोपाङ्ग अध्ययन गर्दा पनि स्पष्ट हुन्छ।

## अर्को मोड

संशोधन-मण्डलमा आबद्ध भएर धनवज्रले इतिहास लेखन परम्परामा सार्थक हस्तक्षेप गरे पनि त्यसबाट उनको वृत्ति चल्न सकेन। पर्चा र पत्रिका बेचेर आएको पैसाबाट इतिहास-संशोधकहरूको गर्जो टर्नसक्ने अवस्था थिएन।

काठमाडौँको हुनेखाने परिवारका मानिस भए पनि नियमित आम्दानीको स्रोत नहुँदा उनको आर्थिक जीवन खस्किँदै गएको थियो। विद्याको एकोहोरो उपासक बन्दा धनकी देवीबाट उनको परिवारको आर्थिक जीवनमा वज्रपात हुनथालेको थियो। यो कुरा धनवज्रका पुत्र अशोकले 'नेपालको इतिहासलेखनमा धनवज्र वज्राचार्यको योगदान' शीर्षकको किताबका लेखक सुरेन्द्र केसीसँग भनेको निम्न कुराले पनि सिद्ध गर्छ, 'खालि पढ्ने-पढाउने र अनुसन्धान गर्ने काममा मात्र लाग्दा मेरा पिताजीको आर्थिक अवस्था ठीक थिएन। मेरो जन्मदिनको दिन उहाँले मलाई केही चीज दिन खोज्नुभयो। तर, उहाँसँग कत्ति पनि पैसा थिएन। उहाँले कसै गरे पनि पैसा खोज्न सक्नुभएन। अनि साइकल चढेर पाटन जानुभयो र पूर्णिमाको ग्राहकसँग भुक्तानी गरेर पैसा ल्याउनुभयो ... तर त्यो पैसा संशोधन-मण्डलको कोषमा जम्मा गर्नुपर्थ्यो। उहाँले संशोधन-मण्डलको कोषमा जम्मा गरेर त्यो पैसा फेरि संशोधन-मण्डलबाट सापटी लिएर आफ्नो मनको धोको पूरा गर्नुभयो, मेरो जन्मोत्सवमा मलाई केही उपहार दिएर। मेरो बाको मनमा खल्लो पार्ने यस्तो आर्थिक सङ्कट त कति परे कति ... ।'

जीविकोपार्जनका लागि धनवज्रले वि.सं. २०२७ भदौ १ गतेदेख त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाल अध्ययन संस्थान (जसको नाम पछि गएर 'नेपाल एसियाली अनुसन्धान केन्द्र' राखियो) मा तीनवर्षे करार सेवा अन्तर्गत जागिर सुरु गरे। त्यसप्रति प्रसन्नता व्यक्त गर्दै नयराजले वि.सं. २०२७ चैत २३ गते आफ्नो डायरीमा लेखेका छन्, 'धनवज्रले त्रिभुवन विश्वविद्यालयमा अस्थायी अध्यापक पाएकोमा म अत्यन्त प्रसन्न छु। उनको यो पद स्थायी होस्। विश्वविद्यालयका उच्च प्राध्यापकहरूले पाएसरह सम्मान तथा वृत्ति उनलाई प्राप्त होस्। उनको आदर्शले संशोधन-मण्डलका अरू सदस्यहरूको पनि प्रगति हुन सकोस् भन्ने मेरो भित्री इच्छा छ।'

---

'त्रिभुवन विश्वविद्यालयमा जागिरे, इतिहासका अरूअरू अध्यापक-अन्वेषकहरूभन्दा धनवज्र वज्राचार्यको ल्याकत कता हो कता माथिल्लो भए पनि प्रचलित पद्धतिबाट उनी पराजित हुनपुगे। पराजयको विषादले उनी क्रमशः आधिव्याधिग्रस्त भई अकालमै कीर्तिशेष भए।'

---

त्यसउप्रान्त पनि धनवज्रको पाण्डित्य खस्किन नपाओस् भनी नयराजले योजना बनाए, 'धनवज्र वज्राचार्य प्रतिसप्ताह एक दिन आफूले पढेको अष्टाध्यायी, महाकाव्य, अमरकोष, रघुवंशहरू कण्ठस्थ सुनाउन् र हर्षचरितको अर्थ गरुन्। उनको लेख प्राञ्जल भइसकेको हुनाले उनले लेख देखाउनुपर्ने आवश्यकता छैन।'

त्यतिन्जेल धनवज्रलाई गुरु र संशोधन-मण्डलको आदर्श बोझिलो लाग्न थालिसकेको थियो। उनी थाकिसकेका थिए। संस्कृत वाङ्मयको अन्वेषणमार्फत नेपालमा बौद्धिक पुनर्जागरण ल्याउने संशोधन-मण्डलको ध्येयमा निरन्तर लागिपर्ने अठोटलाई उनको निरन्तर गहिरिँदै गएको विपन्नताले ओझेल पारिसकेको थियो। अन्ततः वि.सं. २०२८ मा उनले गुरुसमक्ष राजीनामा बुझाए, 'पूज्य श्रीगुरुका चरणतलमा प्रणामपूर्वकपत्रमिदम्। बराबर शरीरमा अस्वस्थ्यता आउन लागेको र कामको बोझले गर्दा आजकल बढी परिश्रम गर्न नसक्ने भएँ। यसो हुनाले पढाइ स्वीकार गराउने काम पूरा गर्न सकूँला जस्तो लागेन। यसकारण कति इच्छा नभए तापनि संशोधन-मण्डलको सदस्यताबाट राजीनामा दिँदैछु। वचन पूरा गर्न नसकेकोमा क्षमा चाहन्छु।'

संशोधन-मण्डलबाट अलग हुने धनवज्रको निर्णय उनको जीवनको दोस्रो महत्त्वपूर्ण मोड थियो। यसबारे सुरेन्द्र केसीले लेखेका छन्, 'हुन त आधारभूत रूपमा नयराज पन्तको पाठशालामा गुरुले सिकाएको इतिहास लेखनको कौशललाई उनले परित्याग गरेनन्। त्यहाँ पनि नयाँनयाँ कृतिहरू लेख्ने, छपाउने कार्य जारी नै रहयो। प्रामाणिक र विचारोत्तेजक लेखरचनाहरू प्रकाशित हुँदै रहे। तर, संशोधन-मण्डलको जुन गुरुत्वपूर्ण कार्य उनीसमेतको समूहले मण्डलमा रहेर गर्ने गरेको थियो, अब त्यो संलग्नता, प्रतिबद्धता र अभियान भने उनको जीवनको लक्ष्य रहेन।'

केसीले भनेको कुरा धेरै हदसम्म सही भए पनि संशोधन-मण्डलबाट अलग भएपश्चात उनको गुरुत्वपूर्ण कार्य खस्कियो भन्ने कुरा सकार्न सकिँदैन। त्यसपछिका दिनमा पनि उनको कार्यकुशलतामा ह्रास आएन। बरु बटवृक्ष अर्थात् गुरुको छायाबाट अलग्गिएपछि उनको प्रतिभाले अझ फिँजारिने मौका पायो।

वि.सं. २०३० मा **'लिच्छविकालका अभिलेख'** नामक उनको बृहत् ग्रन्थ नेपाल तथा एसियाली अनुसन्धान केन्द्रबाट छापियो। त्यसले उनलाई देशभित्र र बाहिर ख्याति दिलायो। त्यस ग्रन्थलाई उनको बौद्धिक जीवनको उत्कर्ष मान्न सकिन्छ। नेपाल तथा एसियाली अध्ययन केन्द्रबाट आजका मितिसम्म प्रकाशित किताबमध्ये यो अब्बल त हुँदै हो, साथै नेपाली इतिहासबारे लेखिएका उत्कृष्ट किताबहरूमध्ये पनि एक हो।

उनको निधनपछि नेपाल तथा एसियाली अध्ययन केन्द्रबाट 'मध्यकालका अभिलेख' (२०५६), 'गोपालराज वंशावलीको

ऐतिहासिक विवेचना' (२०६४) र 'पूर्वमध्यकालका अभिलेख' (२०६८) छापिए। अन्य अनुसन्धाताहरूसँग मिलेर उनले जीवनकालमै थुप्रै किताबहरूको अनुवाद, सम्पादन तथा लेखन गरे, जसमध्ये 'गल्लीमा फ्याँकिएका कसिङ्गर' (२०१८), 'त्रिरत्नसौन्दर्यगाथा' (२०१९), 'दोलखाको ऐतिहासिक रूपरेखा' (२०३१), 'नुवाकोटको ऐतिहासिक रूपरेखा' (२०३२), 'पाञ्चाली शासनपद्धतिको ऐतिहासिक विवेचना' (२०३५), 'शाहकालका अभिलेख' (पहिलो भाग) (२०३७), 'द गोपालराज वंशावली' (सन् १९८५) आदि केही हुन्। यसका अतिरिक्त 'पूर्णिमा', 'कन्ट्रिब्युसन्ज् टु नेपालीज् स्टड्इज', 'मधुपर्क', 'गोरखापत्र', 'खेलुइता' लगायत पत्रपत्रिकामा उनका अनुसन्धानमूलक लेख छापिएका छन्।

## कसरी सम्झिने ?


संशोधन-मण्डलबाट अलग भएका धनवज्रको प्राज्ञिक जीवन परिस्कृत बन्दै जाने क्रम नरोकिए पनि जीवनको नयाँ मोडले उनको व्यक्तित्वको ढाँचालाई चाहिँ पूरै बदलिदियो। पाण्डित्यमा उनी त्रिभुवन विश्वविद्यालय र नेपाल तथा एसियाली अध्ययन केन्द्रका सहकर्मीहरूभन्दा अब्बल थिए। विलियम हेज्लिटरलाई उद्धृत गरी महेशराज पन्तले लेखेझैँ त्रिभुवन विश्वविद्यालयका अध्यापकहरूमाझ 'उनको सबैभन्दा नराम्रो अरू कसैको सबभन्दा राम्रोभन्दा राम्रो' हुने अवस्था थियो। तर, उनीसँग कक्षा उत्तीर्ण गरेको प्रमाणपत्र थिएन। यसले गर्दा करारमा जागिर सुरु गरेपछि आफूभन्दा कमजोर पात्रको अनुयायीसरह देखिएर उनले अनुसन्धानकर्ममा सरिक हुनुपऱ्यो। धनवज्रको यस्तो कमजोरीको फाइदा उठाउँदै त्रिभुवन विश्वविद्यालयका स्थायी जागिरेहरूलाई आ-आफ्नो कीर्ति चम्काउने अवसर मिल्यो।

उनको नामभन्दा अगाडि तुलसीराम वैद्यको नाम राखेर त्रिभुवन विश्वविद्यालयबाट 'गोरखाको ऐतिहासिक सामग्री' (२०२९) र हेमन्त राणा नाम अगाडि राखेर 'टिस्टुङ-चित्लाङ भेगका ऐतिहासिक सामग्री' (२०२९) नामक किताब छापिए। त्यसबखतको धनवज्रको निरीहताबारे महेशराज पन्तले लेखेका छन्, 'धनवज्र वज्राचार्यले ... उनको खुट्टामा पनि बाँध्न नसुहाउने भने पनि हुने कालिदासको शब्द सापटी लिने हो भने 'नायं मे पादरजसापि तुल्यः' अर्थात् 'मेरो खुट्टाको धूलो बराबर पनि छैन यो' जस्ता, आफूभन्दा विद्या र वयस् दुवैमा कान्छाको नाउँ अगाडि राखी आफ्ना पुस्तक छाप्नुपऱ्यो।'

प्रमाणपत्र बिनाको शिक्षा लिएका धनवज्र प्रचलित औपचारिक शिक्षा लिएका आफूभन्दा अल्पपठित सहकर्मी र त्यस्तो शिक्षालाई मात्र मान्यता दिने विश्वविद्यालयको परिवेशबीच च्यापिए। यसले मनोवैज्ञानिक रूपमा उनलाई कमजोर पार्दै लग्यो। संशोधन-मण्डलमा छँदाताकाको उनको आत्मविश्वास र रवाफ हरायो। यस सन्दर्भमा प्रयागराज शर्मा र कमलप्रकाश मल्लले भनेको निम्न कुरा महेशराजले धनवज्र सम्बन्धी आफ्नो लेखमा उद्धरण (अङ्ग्रेजीबाट अनुवादसहित) गरेका छन्, '(नाउँ चलेका मानिसहरूको विरोधमा) जवानीमा (शिक्षाविषयक) जिहाद छेड्ने कामबाट झन्डै पर्लक्क पल्टी आफू बढी नरम हुँदा उनले कहिल्यै कसैलाई खिस्रिक्क पारेर वा कसैको आलोचना गरेर चित्त दुखाएनन्। आफ्नो क्षेत्रका, आफूसँगै काम गर्ने साथीहरू र कम उमेरका विद्वान्हरूलाई उनी धेरैजसो सदाशयमय सुझाव दिन्थे। 'कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्'मा छापिन आएका लेखको विषयमा त्यस पत्रिकाका सम्पादकको हैसियतले यहाँ यो लेख नछापिने भयो वा सच्याएर ल्याऊ भनी कसैलाई भन्न पनि उनी अक्सर धकाउँथे।'

सायद यस्तै बदलावको कारण होला, त्रिभुवन विश्वविद्यालय प्रवेश गरेपछि उनी गुरु नयराजबाट टाढिँदै गए। यसबारे महेशराजको लेखको निम्न अंश उद्धरण गर्नु उपयुक्त हुन्छ, 'पढ्न आएदेखि गुरुपूर्णिमाको दिन गुरुपूजा गर्न र दसैँमा टीका थाप्न गुरुकहाँ आउने धनवज्र वज्राचार्य विस्तारै ती पर्वमा पनि आउन छोडे। गुरुचेलाको सामान्य भलाकुसारी पनि बाटामा भेट हुँदामात्रै हुनथाल्यो।'

प्राज्ञिक जीवनका आरोह-अवरोह पार गर्दै जाँदा धनवज्रले



धनवज्र वज्राचार्य

प्रचलित पाश्चात्य पद्धतिको शिक्षालाई न त पूरै नकार्नसके, न त आफूले सिकेको गुरुकुलीय शिक्षालाई सर्लक्कै सकार्नसके। त्यस्तो द्विविधामा अल्झिएका उनको प्रतिभालाई त्रिभुवन विश्वविद्यालयका अध्यापकहरूले दुरुपयोग गरे। त्यस्ता अध्यापकको पङ्क्तिमा संशोधन–मण्डलका प्रखर आलोचक कमलप्रकाश मल्ल (वि.सं. १९९३–२०७५) पनि थिए। संशोधन–मण्डलका सदस्यहरूसँग पौंठेजोरी खेल्न तम्सिए पनि उनी इतिहास अध्ययनबारे राम्रोसँग प्रशिक्षित थिएनन्। उनलाई लिच्छविकाल र मल्लकालमा प्रचलित भाषा, लिपि, संवत् आदिको पर्याप्त ज्ञान थिएन। यसकारण इतिहास सम्बन्धी अन्वेषण गर्ने काममा उनी चाहेजति फैलिन सकिरहेका थिएनन्।

त्यतिकैमा संशोधन–मण्डल छोडेर आएका धनवज्रसँग कमलप्रकाशले सम्पर्क बढाए। अन्ततः दुईजनाको सहलेखनमा वि.सं. २०४२ (सन् १९८५) मा जर्मनीबाट **'द गोपालराज वंशावली'** प्रकाशन भयो। मल्ल राजा स्थितिराजको पालामा तयार भएको गोपालराज वंशावली भ्रष्ट संस्कृत र नेवारी भाषामा लेखिएको छ। विज्ञहरूका अनुसार, यसका अक्षर पढ्न र अर्थ गर्न तत्कालीन भाषा र लिपिमा बलियो पकड चाहिन्छ। त्यस्तो क्षमता धनवज्रसँग थियो। संशोधन–मण्डलमा छँदै उनले त्यहाँका अन्य शोधार्थीहरूसँग मिलेर गोपालराज वंशावली पढेका थिए। त्यसमा आधारित उनका केही लेख 'पूर्णिमा'मा छापिएका पनि थिए। संशोधन–मण्डलबाट निस्किएपछि धनवज्रले गोपालराज वंशावलीका अक्षरहरू उतारी तिनलाई नेपाली भाषामा अनुवाद गर्ने कष्टसाध्य काम गरे। धनवज्रले गरेको वंशावलीको नेपाली अनुवादलाई अङ्ग्रेजी भाषामा अनुवाद गर्ने लगायत काम गरी कमलप्रकाश मल्लले त्यस ग्रन्थको सहलेखकमा धनवज्रसँगै आफ्नो पनि नाम राखे, जसबारे **'द गोपालराज वंशावली'**को भूमिकामा पनि उल्लेख छ।

धनवज्रले वि.सं. २०३१ मा एसियाली अध्ययन संस्थानमा उपप्राध्यापक सरहको स्थायी नियुक्ति पाए। वि.सं. २०४२ मा उनी इतिहास विषयका सहप्राध्यापकमा पदोन्नति भए। त्यस्ता धुरन्धर ऐतिहासिकलाई सहप्राध्यापकमै सीमित गरेर त्रिभुवन विश्वविद्यालयले प्रतिभाको कदर गर्ने एउटा उत्तम अवसर गुमायो।

समयक्रममा धनवज्रलाई मधुमेह र उच्च रक्तचापले गाँज्यो। आफूबाट फगत फाइदा उठाउन खोज्नेहरूबाट घेरिएका उनलाई औपचारिक शिक्षाको डिग्री नहुनु लगायत कारणले चिन्तित तुल्याएको थियो भनी जगदीशचन्द्र रेग्मीले लेखेका छन्। समयक्रममा उनको मुटु र किड्नीमा समस्या देखिन थाल्यो। उनले नियमित डायलसिस गर्नुपर्ने अवस्था आयो। उपचारका क्रममा सञ्चित बिदाहरू सकिएपछि विश्वविद्यालयले उनलाई सेवामा फर्किन ताकेता गर्न थाल्यो। अन्ततः उनले जागिरबाट राजीनामा दिन बाध्य हुनुपर्‍यो। त्यसपछिका दिनमा रोगसँग सङ्घर्ष गरी बाँच्नु नै उनको जीवनको एकमात्र प्रयोजन बन्न पुग्यो।

वि.सं. २०५१ असार २० मा नियमित डायलसिस गर्न भनेर उनी वीर अस्पताल पुगेका थिए। अस्पतालको शय्यामा उनको निधन भयो। उनको मृत्युबारे टिप्पणी गर्ने क्रममा महेशराजले जगदीशचन्द्रको माथि उल्लेखित कुरामा सहमति जनाउँदै लेखेका छन्, 'त्रिभुवन विश्वविद्यालयमा जागिरे, इतिहासका अरू अरू अध्यापक–अन्वेषकहरूभन्दा धनवज्र वज्राचार्यको ल्याकत कता हो कता माथिल्लो भए पनि प्रचलित पद्धतिबाट उनी पराजित हुनपुगे। त्यही पराजयको विषादले गर्दा उनी क्रमशः आधिव्याधिग्रस्त भई अकालमै कीर्तिशेष भए।'

धनवज्रको शेषपछि नेपाल तथा एसियाली अनुसन्धान केन्द्रले सुरेन्द्र केसीमार्फत धनवज्रबारे किताब लेखाएर र उनीसमेतको नाममा विद्वत्वृत्ति स्थापना गरेर उनलाई बाँचुन्जेल यथोचित कदर दिन कन्जुस्याइँ गरी गरेको भूल सपार्न खोजेको छ। केन्द्रलाई प्राज्ञिक उचाइ दिलाउन यथेष्ट योगदान गरेका धनवज्रप्रति केन्द्रले गर्नसक्ने काम अरू पनि छन्। शेषपछि उनको परिवारले केन्द्रलाई बुझाएका अप्रकाशित पाण्डुलिपिहरू प्रकाशन गर्ने तत्परता देखाएर केन्द्रले धनवज्रको ऋण तिर्ने शृङ्खला सुरु गर्न सक्छ। **'लिच्छविकालका अभिलेख'** लगायत धनवज्रका किताब बजारमा पाउन छाडेको वर्षौं बितिसकेको छ। बजारमा ती किताबको माग अद्यापि छ। त्रिभुवन विश्वविद्यालय परिसरबाटै उनको किताबको फोटोकपी बिक्री भइरहेको छ।

योजनाविहीनताका कारण तिनको पुनर्मुद्रण गर्ने काममा केन्द्र उदासीन रहँदै आएको छ। आफैँले ती ग्रन्थ पुनर्मुद्रण गरेर अथवा अन्य प्रकाशन संस्थालाई पुनर्मुद्रण गर्ने अनुमति दिएर केन्द्रले धनवज्रका किताबहरू सर्वसुलभ बनाउन सक्छ। यसका साथै केन्द्रबाट प्रकाशित हुने 'कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टडइज्'को सम्पादक मण्डलले धनवज्र सम्बन्धी विशेषाङ्क प्रकाशन गरी आफ्ना संस्थापक सम्पादकप्रति आदर दर्शाउन सक्छन्। सन् १९९६ मा छापिएको 'कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टडइज् २३(१)' को अङ्क धनवज्रको नाममा समर्पित छ। यद्यपि यसमा छापिएका २० वटा लेखमध्ये तीनवटा मात्र धनवज्रबारे छन्। हरेक वर्ष उनको नाममा एउटा विद्वत सम्भाषण अथवा प्राज्ञिक गोष्ठी गरेर पनि केन्द्रले धनवज्रको योगदानको कदर गर्ने र एकजना विलक्षण कलमजीवीलाई सदैव सम्झिरहने सन्दर्भ दिलाउन सक्छ।

*स्रोत : कान्तिपुर, चैत्र २०, २०७७*

# सुशासनको लागि उच्च पदाधिकारीहरूको सम्पत्ति छानबिन आवश्यक

विवेक

ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई विश्वको बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा राख्दै आएको छ। कसैले भन्दैमा त्यसलाई स्वीकार्नैपर्छ भन्ने त छैन तर देशको सबै क्षेत्रमा भ्रष्टाचार व्याप्त भएको भने साँचो हो। अन्तर्राष्ट्रिय रूपमा बेइज्जत हुँदा पनि हाम्रा शासक दलका नेताहरूमा कुनै लाजशरम छैन। 'जे गर्दा पनि हुन्छ' भन्ने मानसिकताले भ्रष्टाचार सामान्यीकरण हुँदै गएको छ।

शासन सत्तामा गएका नेताहरूको जीवनस्तरमा एकाएक परिवर्तन आउनु, चप्पल पड्काएर काठमाडौँ छिरेका नेताहरू २–४ वर्ष मन्त्री र सांसद बनेपछि काठमाडौँमा आलिसान महल, करोडौँको बैङ्क ब्यालेन्स, करोडौँ जाने कारको मालिक बन्नु र अर्बपति व्यापारीहरूलाई समेत माथ हुने जीवनशैली अपनाउन सक्नु भ्रष्टाचारकै सबुत हुन्। ती नेताहरूका न कुनै ठुलठुला उद्योगहरू छन् न त कुनै पेसा व्यवसाय नै। तर कसरी अर्बौंको सम्पत्तिको मालिक बने ? के यसबारे छानबिन हुनुपर्ने होइन ?

राजतन्त्रमा राजावादीहरूले जथाभावी राज्यको ढुकुटीमाथि ब्रह्मलुट गरेको, देशको सम्पत्ति राजपरिवारको निजी सम्पत्तिझैँ खर्च गरेको र दरबार नजिककाहरूले जे गर्दा पनि 'पञ्चखत माफ' हुने अवस्था थियो। जनताले त्यसको विरोधमा आन्दोलन गरेर २०४६ सालमा नेपालमा बहुदलीय व्यवस्था स्थापना गरेका थिए। त्यो आन्दोलनको नेतृत्व तहमा बस्नेहरूमध्ये अहिले सरकारको नेतृत्व गरिरहेकाहरू नेताहरू पनि छन्।

त्यतिबेला राजावादीहरूले गर्न हुने नहुने जे पनि गर्थे भने अहिले एमाले, काङ्ग्रेस र माओवादी नेताहरूले पनि त्यही गर्दै छन्। दलका नेताहरूले प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्रीजस्ता उच्च ओहोडामा पुग्नु भनेकै अकुत सम्पत्ति आर्जन गर्ने अवसर ठानेका छन्। ती नेताहरूले कानुनबमोजिम वार्षिक रूपमा सम्पत्ति सार्वजनिकीकरण गर्ने प्रचलन पनि आवश्यक ठानेनन्। कुनै औपचारिक निकायले मन्त्री बन्नु अघि र पछिको सम्पत्ति छानबिन गर्ने हो भने एकाधबाहेक अधिकांश मन्त्रीहरूको सम्पत्ति आकाश जमिनको फरक भएको पाउन सकिन्छ। मन्त्री, सांसद, मुख्यमन्त्री वा जुनसुकै उच्च पदमा आसीन निश्चित आयस्रोत भएका पदाधिकारीको अप्रत्यासित सम्पत्ति बढेको देखिएमा भ्रष्टाचारको अनुमान गर्नुपर्ने हुन सक्छ।

यतिबेला माधव नेपालविरुद्ध पतञ्जली योगपीठको जग्गा हिनामिना प्रकरणमा भ्रष्टाचार मुद्दा दर्ता भएको छ। त्यस मुद्दाले नेपालको राजनीतिलाई तरङ्गित बनाएको छ। यो अझै केही दिन चलिरहनेछ। नेपालमा यस्ता चर्चाहरू चल्नुलाई अस्वाभाविक रूपमा लिनु आवश्यक छैन किनभने गृहमन्त्रीको राजिनामा माग गरेर अहिले संसद् अवरुद्ध भइरहेको छ। अब संसद्मा फेरि एउटा नयाँ विषयले प्रवेश पाउनेछ, त्यो हो पतञ्जली जग्गा प्रकरण।

मन्त्रिपरिषद्को निर्णयलाई नीतिगत निर्णयको परिभाषा गर्दै त्यसउपर छानबिन र मुद्दा दर्ता हुँदैन भने भाष्य खडा गर्दै आएका प्रधानमन्त्री, मन्त्रीहरूलाई माधव नेपालमाथिको मुद्दा दर्ताले झस्काइदिएको हुनुपर्छ। नेपालको संविधानले सबै नागरिक समान छन् कानुनभन्दा माथि कोही पनि रहन नसक्ने कुरा स्वीकारेको छ तर, यस अधिसम्म मन्त्रीपरिषद्ले जे जस्तो देशघात र जनघात हुने निर्णय गरे पनि प्रधानमन्त्री र मन्त्रीहरू अख्तियारबाट बच्दै आएका थिए। पहिलोपटक पूर्वप्रधानमन्त्रीविरुद्ध मुद्दा चलाएर देशलाई नै यसले सकारात्मक सन्देश दिएको छ।

माधव नेपालसँग केही समयअघि एक पत्रकारले उनको कोटेश्वरस्थित निवासमै पुगेर व्यापार व्यवसायबिना करोडौँ रुपैयाँ कसरी जोर्नुभयो भनी साधेका थिए। त्यतिबेला नेपालको जवाफ थियो – 'करोड कुन ठुलो कुरा हो।' त्यो भिडियो सार्वजनिक भएको दुई महिना नबित्दै अहिले माधव नेपालविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता भएको छ।

पतञ्जली जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाललाई रु. १८ करोड ५८ लाख ५० हजार बिगो र बिगो बराबर जरिवाना तथा १० देखि १४ वर्षसम्म कैदको माग दाबी गरेको छ। मुद्दाको अनुसन्धानको क्रममा अख्तियारले बयान लिने सिलसिलामा नेपालले मन्त्रीपरिषद्को नीतिगत निर्णयमा अख्तियारले छानबिन गर्न नमिल्ने बयान दिएका थिए। हुन त यसअघि मन्त्रीपरिषद्को निर्णयभित्र गएर कुनै मुद्दामा पनि छानबिन भएको थिएन। त्यसले प्रधानमन्त्री र मन्त्रीहरूलाई कानुनविपरीत काम गर्न उत्साहित गर्दै लगेको देखिन्छ।

माधव नेपाल २०६६ जेठ ११ गतेदेखि २०६७ माघ २२ सम्म प्रधानमन्त्री भएका थिए। बालुवाटारको सरकारी जग्गा निजी बनाएर बेचबिखन गर्ने काम पनि त्यतिबेलै भएको थियो। त्यस काण्डमा पूर्वप्रधानमन्त्रीहरू नेपाल र बाबुराम भट्टराईको प्रत्यक्ष संलग्नता देखिए पनि अख्तियारले मुद्दा नै

चलाएन। अदालतले तत्कालीन भूमिसुधार मन्त्रीहरू डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीविरुद्ध मुद्दा चलाए पनि एउटै मन्त्रीपरिषद्ले गरेको निर्णयमा अध्यक्षता गर्ने प्रधानमन्त्रीहरू प्रतिवादी नहुने सोही निर्णयको आधारमा मन्त्रीपरिषद्का सदस्यहरू दोषी ठहर गर्नु न्यायोचित नहुने आसयसहित फैसला गरी जोशी र श्रेष्ठलाई सफाइ दिएको थियो भने तत्कालीन भूमिसुधार मन्त्रालयका सचिव, अन्य कर्मचारीहरू र जग्गा कारोबारीहरू धेरैलाई दोषी ठहर गरी सजाय गरेको थियो। त्यो काण्डका कतिपय अभियुक्तहरू अहिले पनि जेलमा छन्।

भारतीय नागरिक रामदेव र बालकृष्ण आचार्य मुख्य पदाधिकारी रहेको पतञ्जली योगपीठलाई हदबन्दी छुटमा जग्गा खरिद गर्ने स्वीकृति दिएर २ महिना नबित्दै त्यही जग्गा बिक्रीको लागि मन्त्रीपरिषद्ले निर्णय गर्नुमा स्पष्ट रूपमा खोट देखिन्छ। ८१५ रोपनी हदबन्दीमा जग्गा किन्न छुट पाउने स्वीकृति पाएर पतञ्जलीले ५९३ रोपनी खरिद गरेकोबाट राज्यलाई ठूलो हानि नोक्सानी भएको देखिन्छ। त्यो मुद्दामा को को दोषी छन् त्यो भने स्पष्ट हुनैपर्छ। कोही पनि दोषी उम्कन र निर्दोष कसैले पनि सजाय पाउनु हुँदैन। अहिले नेपालीहरूको अपेक्षा यही नै छ।

नीतिगत निर्णयको स्पष्ट परिभाषाको आवश्यकता निकै लामो समयदेखि खोजिँदै आएको विषय हो। अख्तियारले नीतिगत निर्णयभित्र गएर छानबिन गर्न नमिल्ने भन्ने कानुनी प्रावधानबाट फाइदा लिएर यसअघिका चेयर एयर काण्ड, लाउडा काण्ड, वाइडबडी काण्डबाट तत्कालीन प्रधानमन्त्री र सम्बन्धित मन्त्रीहरू बच्दै आएका थिए। अहिले संसद्को राज्य व्यवस्था समितिअन्तर्गत उपसमितिले 'मन्त्रीपरिषद्को निर्णयमाथि पनि कानुनी परीक्षण हुन सक्ने' व्यवस्थासहितको प्रतिवेदन समितिमा बुझाएको सार्वजनिक भएको छ। तर, प्रधानमन्त्री ओली र विपक्षी दलका नेता शेरबहादुर देउवा उक्त प्रावधानप्रति सकारात्मक नभएको कारण प्रक्रिया अघि बढ्न नसकेको सांसदहरूको भनाइ छ।

२०४६ सालपछि प्रधानमन्त्री हुनेहरूमा माधव नेपाल नै भ्रष्टाचारको मुद्दा खेप्ने पहिलो प्रधानमन्त्री भने होइनन्। २०६१ सालमा प्रतिगमनको समयमा शेरबहादुर देउवालाई मेलम्ची खानेपानीमा भ्रष्टाचार गरेको आरोपमा पक्राउ गरेको र पछि सर्वोच्च अदालतले मुद्दा खारेज गरेको कारण प्रक्रिया अगाडि बढ्न नसकेको हो।

अहिले एकीकृत समाजवादीले माधव नेपालविरुद्ध मुद्दा चलाइएकोलाई राजनैतिक प्रतिशोध र षड्यन्त्रको संज्ञा दिएको छ। पार्टी नेताहरूले राजनैतिक रूपमै प्रतिवाद गर्ने बताएका छन्। पार्टीका उपाध्यक्ष प्रकाश ज्वालाले भनेका छन्– अध्यक्षमाथि मुद्दा चलाइनु राजनैतिक प्रतिशोध लिँदै षड्यन्त्रमूलक प्रहार भएको हाम्रो निष्कर्ष छ। हामी यसलाई राजनैतिक रूपमा प्रतिवाद गर्छौं। (कान्तिपुर २३ जेठ)

कसैलाई आरोप लगाउँदैमा अपराधीको रूपमा परिभाषित गर्नु सही हुँदैन। अदालतलाई स्वतन्त्र, निष्पक्ष रूपमा छानबिन गरी न्याय दिने वातावरण तयार गर्नु यतिखेरको सबैको कर्तव्य हुन आउँछ। अदालतबाट अन्तिम निर्णय नहुञ्जेल जोकोहीलाई अपराधी भन्न मिल्दैन।

एकीकृत समाजवादीले प्रधानमन्त्री ओलीमाथि नै 'प्रतिशोधको भावना' ले गराएको आरोप लगाउँदै आएको छ। आरोप जस्तोसुकै लगाइए पनि प्रतिशोध होइन भने पुस्टि गर्ने जिम्मेवारी अब सरकारको हो। न्यायालयले स्वतन्त्र र निष्पक्ष न्याय दिने धेरैको अपेक्षा छ। कुनै पनि व्यक्ति कानुनभन्दा माथि छैन भन्ने सन्देश यो मुद्दाले दिएको छ। अहिले धेरै पूर्वप्रधानमन्त्री र मन्त्रीहरूको निद्रा भङ्ग भएको हुनुपर्छ। यसले संसद्मा विचाराधीन नीतिगत निर्णयसम्बन्धी उपसमितिले दिएको प्रतिवेदनअनुसार सांसदहरूलाई अगाडि बढ्न पनि बल पुऱ्याउने नै छ। अहिले अख्तियारलगायत संवैधानिक आयोगमा पदाधिकारीहरू शासक दलहरूको भागबन्डामा नियुक्त हुने प्रचलन छ। यसलाई रोक्न नसकेसम्म निष्पक्ष न्यायको कल्पना गर्न पनि सकिँदैन। आफूलाई नियुक्ति दिने नेतालाई कसरी भ्रष्टाचारको मुद्दा चलाउन सकिन्छ र? कसरी उनको विरुद्ध न्यायाधीशले फैसला गर्न सक्छन्? यो सहजै अनुमान गर्न सकिने विषय हो।

हो, कसैप्रति प्रतिशोधले मुद्दा लगाउनु उचित हुँदैन। प्रतिशोधको भावनाले दलका नेताहरूले काम गर्न थाले भने देशमा अराजक स्थिति सिर्जना हुन सक्छ। एकले अर्कोलाई सिध्याउने खेलमा मात्र लाग्यो भने नेपालले पनि पाकिस्तान र बङ्गलादेशको जस्तो स्थितिको सामना गर्नुपर्ने अवस्था आउन पनि सक्छ। त्यसैले प्रतिशोध होइन, सत्य तथ्य प्रमाणको आधारमा स्वतन्त्र र निष्पक्ष न्यायको लागि सबै लाग्नु आवश्यक छ।

२०४६ सालदेखि हालसम्म शासन सत्तामा पुगेका प्रधानमन्त्री, मन्त्रीहरू, आयल निगम, विद्युत् प्राधिकरण, नेपाल वायु सेवा निगमलगायतका मुख्य मुख्य पदमा पुगेका पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्नेतर्फ सरकार अघि बढ्नुपर्छ। त्यसबाट नेपालमा भएको भ्रष्टाचारको जरा थाहा पाउन सकिन्छ।

गिरीबन्धु टी स्टेट, ओम्नी काण्ड, माओवादी नक्कली लडाकुहरूको भुक्तानी काण्डलगायतमा को को दोषी छन्? पछि स्पष्ट हुँदै जानेछ। सुशासनको लागि वर्तमान र पूर्व उच्च ओहोदाका पदाधिकारीहरूको सम्पत्ति छानबिनलाई भ्रष्टाचार नियन्त्रणको मुख्य आधार बनाउन सकिन्छ कि!

# स्वतन्त्र न्यायालय र आलमको रिहाइले उठेका प्रश्नहरू



रामप्रसाद प्रजापति

## स्वतन्त्र, निष्पक्ष र निर्भिक न्यायालय

स्वतन्त्र न्यायपालिकाको सिद्धान्तले न्यायालय सरकारका अन्य अङ्गहरू व्यवस्थापिका (संसद्) र कार्यपालिका (मन्त्रीपरिषद्) बाट अलग र स्वतन्त्र हुनुपर्दछ भनिन्छ। न्यायालयले जुनसुकै विषयमा निर्णय वा फैसला गर्दा सरकारका अन्य अङ्गहरूको कुनै किसिमको प्रभाव वा दबाब महसुस नगरी स्वतन्त्र, निष्पक्ष र निर्भिक रूपमा गर्नुपर्दछ।

त्यसका साथै न्यायालयले आफै निर्णय वा फैसला गर्ने होइन। न्यायालयको काम न्यायाधीशले गर्ने हो। त्यसैले न्यायाधीशले आफ्नो कर्तव्य पालना गर्ने क्रममा कसैको दबाब वा प्रभावमा नपरी स्वतन्त्र रूपमा न्याय निरुपण गर्नुपर्दछ। साथै निष्पक्ष अर्थात् पक्षपात नगरी, कसैको डर, त्रास, धाक धम्कीबाट प्रभावित नभई निर्भिक र निडर भई न्याय निरुपण गर्नुपर्ने हुन्छ।




यस अर्थमा न्यायाधीशले आफ्नो कर्तव्य पालनाको सिलसिलामा कुनै पक्षको पद, पैसा र मोलाहिजामा परी फैसला गर्ने होइन कि बरु कानुन, सबुद प्रमाणका आधारमा फैसला गर्नुपर्ने हुन्छ।

हालै उच्च अदालत जनकपुरको वीरगञ्ज इजलासले पूर्वमन्त्री एवं नेपाली काङ्ग्रेसका नेता मोहम्मद आफताब आलमसमेत विरुद्धको कर्तव्य ज्यान मुद्दामा गरेको सफाइको फैसलापछि धेरै प्रश्नहरू उठेका छन्।

१७ वर्षअघि पहिलो संविधानसभा निर्वाचनका बेला निर्वाचन प्रभावित पार्न २०६४ चैत २७ गते आफैले बनाउन लगाएको बम बिस्फोट हुँदा घाइते भएका युवाहरूलाई जिउँदै इँट्टाभट्टामा जलाएको आरोपमा २०८१ वैशाख १३ गते रौतहट जिल्ला अदालतले आलम, उनका भाइ मोहम्मद महताब आलम, शेख सेराज र बद्री सहनीलाई जन्मकैदको सजाय सुनाएको थियो।

जिल्ला अदालतले अनुसन्धान प्रतिवेदन, साक्षी बयान, मानवअधिकार सङ्गठनको प्रतिवेदन, घटनास्थलको फोटोग्राफबाट बम बिस्फोट भएको र हत्याको तथ्य स्थापित भएको ठहर गरेको थियो।

तर उच्च अदालत, जनकपुरले भने बम बिस्फोटको वारदात वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकेको, घाइते भनिएका त्रिलोकप्रसाद र ओसी अख्तरलाई ट्याक्टरमा हाली राजा ईँटाभट्टामा लगी पोलेको भन्ने ठोस सबुद प्रमाण भेटिन नसकेको र विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनले पनि यसलाई पुष्टि गर्न नसकेकोले अभियोग स्थापित नहुने भन्दै आलमलगायत चारै जना प्रतिवादीहरूलाई सफाइ दिने फैसला गर्‍यो। फैसला लगत्तै १ वर्ष १ महिना १ दिनमा आलम नख्खु जेलबाट रिहा समेत भइसकेका छन्।

## आलम कानुनको बलमा छुटे कि सत्ताको शक्तिमा ?

कान्तिपुर दैनिकले जेठ १६ गते आफ्नो सम्पादकीयमा आलम कानुनको बलमा छुटे कि सत्ताको शक्तिमा ? भन्ने प्रश्न उठाएको छ।




२०६४ चैत २७ गते भएको विस्फोटको घटना गुपचुप राखेर घाइतेहरूलाई उपचार गर्न भारत पठाएको अरूलाई मुख खोले जे पनि हुन सक्ने धम्की दिएर चुपचाप पारेको

अभियोगपत्रमा उल्लेख छ । विस्फोट भएको तीन दिनपछि एमाले उम्मेदवार शैलेन्द्र शाहले घटनाबारे प्रहरीमा निवेदन दिएका थिए । तर, मुद्दा अघि बढेन ।

मारिएको भनिएका त्रिलोकका पिता र ओसीकी आमाले जिल्ला प्रहरी कार्यालय, सरकारी वकिलको कार्यालय, रौतहटदेखि उच्च अदालत सरकारी वकिल, वीरगन्ज र महान्यायाधिवक्ताको कार्यालय, काठमाडौँसम्म हारगुहार गरेका थिए ।

यसैबिच छोरा ओसी अख्तरको न्यायका लागि गौर, रौतहटदेखि, वीरगन्ज, हेटौडा र काठमाडौँ धाइरहेकी आमा रुक्सनालाई ८ माघ २०६७ का दिन साँझ गोली हानी हत्या गरियो । उनको हत्यापछाडिको पृष्ठभूमिमा को थियो ? कसको स्वार्थ थियो भन्ने विषयमा अहिलेसम्म गहन अनुसन्धान नभएको बताइन्छ ।

यसरी वृद्ध आमाबुबाको हारगुहारपछि पनि अनुसन्धान नै नभएपछि उनीहरू सर्वोच्च अदालत पुगेका थिए । सर्वोच्च अदालतले २०६९ सालमा गम्भीररूपले अनुसन्धान गरी मुद्दा चलाउन सरकारका नाममा निर्देशनात्मक आदेश दियो ।



उच्च अदालत, जनकपुरका न्यायाधीशहरू अर्जुन महर्जन र खुसीप्रसाद थारूको इजलासले आलमसहित चारै जनालाई निर्दोष भन्दै जेठ १४ मा सफाइ दिएको छ।

सर्वोच्च अदालतले आदेश दिएको सात वर्षपछि २०७६ असोजमा मात्रै पक्राउ गरी सरकारले मुद्दा चलाएका थिए । मुद्दा चलाएको करिब ५ (पाँच) वर्षपछि २०८१ वैशाख १३ गते रौतहट जिल्ला अदालतले कर्तव्य ज्यान मुद्दामा आलमसहित ४ जनालाई जन्मकैदको फैसला सुनाएको थियो ।

जिल्ला अदालतले गरेको फैसला उल्टी गरी सबैलाई सफाइ दिई रिहा समेत गर्दा राजापुर वरपर शान्तिसुरक्षा र सामाजिक मनोविज्ञान, पीडित परिवार र न्यायका लागि सहयोग गरेका व्यक्ति तथा संस्थाको सुरक्षाप्रति संशय बढेको बताइन्छ ।


खोइ ज्यान ?
खरानी भयो,
खोइ खरानी ?
उड्यो !

यसरी २०६४ चैत २७ मा भएको विस्फोटको घटना तत्काल अनुसन्धान नहुनु, एमाले उम्मेदवारले घटनाबारे प्रहरीमा निवेदन दिएकोमा पनि झिनो अनुसन्धान हुनु, मुद्दा चलाउन नपर्ने जिल्ला सरकारी वकिलदेखि महान्यायाधिवक्ताको कार्यालयसम्मको निर्णयविरुद्ध सर्वोच्च अदालतले २०६९ मा बल्ल अनुसन्धान गर्न निर्देशनात्मक आदेश दिनु, निर्देशनात्मक आदेश जारी भएको ७ (सात) वर्षसम्म पनि अनुसन्धान नहुनु, यसबिचमा आलम पटक पटक सांसद तथा नेपाल सरकारको मन्त्रीपरिषदका मन्त्रीसमेत हुनुजस्ता उतारचढाव अस्वाभाविक देखिन्छ । आलम रौतहट क्षेत्र नं. २ बाट चार पटक सांसद र पटक पटक मन्त्री समेत बनेका थिए । उनका छोरा राजिक आलम राजपुर नगरपालिकाका प्रमुख छन् ।

साथै नेपाल काङ्ग्रेसका सभापति शेरबहादुर देउवाको आलमलाई छुटाउन बारम्बार प्रयास गरिरहने भनाइले यो मुद्दालाई थप विवादास्पद बनाएको छ ।

यस्तो पृष्ठभूमिमा उच्च अदालतबाट हालै भएको फैसला स्वतन्त्र र निष्पक्ष रहेको भन्ने कुरामा शङ्का उत्पन्न भएको छ । साथै पीडित परिवारलाई ठूलो चोट पुगेको हुनुपर्छ ।

जबसम्म शक्तिशाली, पहुँचवाला व्यक्तिहरूले कानुनलाई प्रभावित पार्ने गरेको समाजमा महसुस गरिन्छ, तबसम्म सामान्य नागरिकले न्याय पाउने आशा गर्न गाह्रो हुने महसुस गरिन्छ । साथै न्याय प्रणालीमा सुधारको आवश्यकता पुष्टि गर्दछ ।



नेका सभापति शेरबहादुर देउवाले आफताबको मुद्दा अदालती प्रक्रियामा रहेकाले प्रक्रियाबाटै उनलाई छुटाउन आफू प्रयासरत रहेको बताएका थिए-'शेख अफ्ताब जेलमा हुनुहुन्छ, उहाँलाई छुटाउन म आफ्नो तर्फबाट लागिरहन्छु।'

यस्ता पहुँचवाला व्यक्तिहरू संलग्न फौजदारी वा दुनियावादी फौजदारी मुद्दा किन नहोस् सुरु अनुसन्धान नै फितलो बनाउने, प्रमाण नष्ट गर्ने, अनुसन्धान प्रतिवेदन नै कमजोर किसिमले पेश गर्ने गर्दा कालान्तरमा न्यायालयले फौजदारी कसुरका घटनामा संलग्नको कसुरलाई शङ्कारहित तवरबाट पुष्टि गर्ने सबुद प्रमाणको प्रचुरतामा ऱ्हास आउने हुँदा प्रहरी र सरकारी वकिलको सफलता झिनो हुँदै जाने गरेको देखिएको पाइन्छ ।

हो, प्रहरी, सरकारी वकिल, न्यायाधीश र स्वतन्त्र कानुन व्यवसायीहरूसमेत अहिले राजनीतिक भागबण्डाको खेलमा कहीँ न कहीँ जोडिने गरेकोले यी र यस्ता प्रश्नहरू बारम्बार उठ्ने गरेको पाइन्छ ।

भाटभटेनी सुपरस्टोरले नेपाल सरकारलाई दशकौँअघि तिर्न बुझाउनपर्ने १० अर्ब अर्थात् १००० करोड रुपैयाँ हालसम्म पनि नेपाल सरकारलाई बुझाएको छैन । जबकि सर्वोच्च अदालतबाट समेत भाटभटेनी सुपरस्टोरले नेपाल सरकारलाई १० अर्ब रुपैयाँ बक्यौता कर तिर्नु बुझाउनुपर्ने ठहर गरी फैसला भएको समेत वर्ष दिन नाघिसक्यो ।

उद्योगी व्यापारीहरूले नेपाल विद्युत प्राधिकरणलाई तिर्नु बुझाउनुपर्ने अर्बौं रुपैयाँ विभिन्न बहानामा हालसम्म तिरेको अवस्था छैन ।


यसरी प्रभावशाली र सत्तासीन दलहरूसँग कुम जोडेर काम गर्ने व्यक्ति र कम्पनीहरूले नेपाल सरकारलाई तिर्नपर्ने बक्यौता तिर्न बुझाउन बाँकी गर्ने, फौजदारी मुद्दामा संलग्नहरू न्यायिक प्रक्रियाबाट उम्कने, उन्मुक्ति दिने काममा सत्तामा पटक पटक पुगेका राजनीतिक दलहरूको संलग्नता दबाब र प्रभाव नै हो भन्नेमा दुईमत नहोला ।

त्यसैले न्यायालयको निर्णय वा फैसलामा न्यायालय, अदालतका न्यायाधीशहरू उपर मात्रै प्रश्न उठेको भन्नुभन्दा यो प्रश्न सत्तासीन राजनीतिक दलहरूप्रति पनि लक्षित छन् ।

देशमा व्याप्त अन्याय अत्याचार, भ्रष्टाचार अनियमितता, पक्षपात, बेरोजगारी, अभाव, तस्करी, राजनीतिक अपराधीकरण, वैदेशिक हस्तक्षेप, सिनामा समस्यालगायतका सम्पूर्ण समस्याहरूको लागि सरकारमा पटक पटक पुगेका राजनीतिक दलहरू र ती दलका नेताहरू नै दोषी हुन् । व्यापक जनताले यो वास्तविकता बुझेर एकदिन ती सबै दल र दलका नेताहरूलाई सजाय दिने निश्चित छ ।


स्रोत : श्रमिक साप्ताहिक, २०८२ जेठ २१

# बासिबियाँलो




क) दिइएका जोडा अङ्कलाई रेखा नकाटी जोड्नुहोस् । उत्तर यसै अङ्कमा दिइएको छ ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नझिकी अर्को धर्को तान्नुहोस् ।




**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वातावरण अध्ययन

# काठमाडौँ उपत्यकाका वन, पार्क र पोखरीले सहरको तापक्रम १.६ डिग्री सेल्सियससम्म घटाउने




## काठमाडौँ उपत्यकाका ३०१ पार्क, १३० वन क्षेत्र र २६ पोखरीहरूको वैज्ञानिक विश्लेषणले देखायो तापक्रम नियन्त्रणका रणनीति

काठमाडौँ, जून XX – काठमाडौँ उपत्यकामा सहरी वन, पार्क र पोखरीहरूलाई रणनीतिक रूपमा प्रयोग गर्दा तापक्रम १.६ डिग्री सेल्सियससम्म घटाउन सकिने एक नयाँ अध्ययनले देखाएको छ। यो अध्ययन हालै Urban Climate (Volume 61, June 2025, 102493) नामक अन्तर्राष्ट्रिय पत्रिकामा प्रकाशित भएको छ र उपत्यकाका विभिन्न ब्लू–ग्रीन (blue–green) क्षेत्रहरूले कसरी सहरलाई चिसो बनाउन मद्दत गर्छन् भनी पहिलो पटक विस्तृत रूपमा विश्लेषण गरेको छ।


अन्तर्राष्ट्रिय सात संस्थाका अनुसन्धानकर्ताले संयुक्त रूपमा गरेको यो अध्ययनले स्याटेलाइट डेटा र मेसिन लर्निङ एल्गोरिदमको प्रयोग गरी ३०१ पार्क, १३० वन टुक्रा र २६ पोखरीको विश्लेषण गरेको हो। अध्ययनका प्रमुख लेखक तथा अमेरिकास्थित Jackson State University का विद्यावारिधि (PhD) विद्यार्थी र ओराइज फेलो **सौरभ भट्टराई**का अनुसार, 'हरेक सहरी क्षेत्रमा एउटै किसिमको समाधानले काम गर्दैन। हरियाली थप्दा मात्र पुग्दैन, ती ठाउँहरू सावधानीपूर्वक डिजाइन गरिनुपर्छ र सहरको बनोटसँग सुगठित रूपमा जोडिनुपर्छ।'

## बढ्दो तापक्रमको चुनौती

सन् १९७६ यता काठमाडौँ उपत्यकाको अधिकतम तापक्रम हरेक वर्ष ०.०३८ डिग्री सेल्सियसले बढेको छ, र केन्द्रीय सहरी क्षेत्र वरपरभन्दा २–३ डिग्री सेल्सियस बढी तातो पाइएको छ। यसलाई नै ताप टापु भनिन्छ। पछिल्लो दशकमा सतही माटोको आर्द्रता औसत २.१ % गिरावट र केही स्थानमा ३५ % सम्मको गिरावट देखिएको छ। प्रा. डा. **रकि ताल्चाभडेल** (जैक्सन स्टेट युनिभर्सिटी) चेतावनी दिन्छन्, 'उपत्यकाको कुल क्षेत्रफलको २८ % मा ६३ % जनसङ्ख्या बस्छ। यी उच्च घनत्व क्षेत्र तत्काल उपाय नअपनाए ताप टापु झन् तीव्र हुने छ।'

## भिन्नता


शोधले देखाएको छ कि ब्लू–ग्रीन क्षेत्र नजिक तापमान कम हुन्छ, र दूरी बढ्दै जाँदा तापक्रम बढ्दै जान्छ। उदाहरणका लागि, स्वयम्भू वन क्षेत्रमा तापमान ३१.९ डिग्री सेल्सियस




थियो भने केही मिटरको दूरीमा रहेको सहरी क्षेत्रमा ३६.० डिग्री सेल्सियस पुग्यो– यो ४.१ डिग्री सेल्सियसको अन्तर हो। युएन पार्क नजिकको भवन क्षेत्र ३८.२ डिग्री सेल्सियस पुगेको बेला पार्कभित्रको तापक्रम ३४.३ डिग्री सेल्सियसमात्र थियो। त्यस्तै भक्तपुरको परम्परागत पोखरी नः पुखूमा ३९.६ डिग्री सेल्सियस मापन भयो, जबकि नजिकैको सहरी क्षेत्रमा ४२.५ डिग्री सेल्सियस पुग्यो।

यी तथ्याङ्कहरूले सन् २०१८–२०२३ का पाँच गर्मी महिनाहरूमा रेकर्ड गरिएका उच्चतम चिसो पार्ने प्रभावहरूलाई जनाएको छ, जसले सबैभन्दा तातो समयमा यी ब्लू–ग्रीन क्षेत्रहरूले कति सहायता गर्न सक्छन् भन्ने कुरा प्रस्ट्याउँछ।

त्यस्तै, काठमाडौँ रानीपोखरीको बिच भागको तापमान ३७.१ डिग्री सेल्सियस रहँदा वरपरको सडक क्षेत्रमा ३९.८ डिग्री सेल्सियस पुग्यो। पानीको छेउबाट लगभग २५० मिटर भित्रसम्म शीतलता महसुस गर्न सकिने देखिएको छ, विशेषगरी पहिलो १५० मिटर क्षेत्रमा धेरै प्रभावकारी भएको देखिन्छ।





यसैगरी भक्तपुरको ऐतिहासिक सिद्ध पोखरी आसपासको तापक्रम सहरका घना बस्ती क्षेत्रको तुलनामा उल्लेखनीय रूपमा कम देखिएको छ। सिद्ध पोखरी नजिकको तापक्रम ३६.० डिग्री सेल्सियस मापन गरिएको छ, जबकि नजिकैको घनाबस्तीमा तापक्रम ३८.५ डिग्री सेल्सियस पुगेको थियो।




अनुसन्धानकर्ताहरूका अनुसार पोखरीको आसपास रहेका हरियाली क्षेत्र र खुला स्थानहरूले गर्मी कम गर्न सहयोग पुऱ्याइरहेका छन्। विशेषगरी पोखरीदेखि करिब १५० मिटर टाढा पुग्दासम्म हरियाली क्षेत्र अझ बाक्लो देखिन थालेपछि तापक्रम अझ घट्दै गएको पाइन्छ। यसले सहरी क्षेत्रका तापक्रम घटाउन खुला हरित क्षेत्रहरूको भूमिका कत्तिको महत्त्वपूर्ण छ भन्ने पुष्टि गर्छ।

ललितपुरस्थित ऐतिहासिक पिम्बहाल पोखरीले पनि वरपरको क्षेत्रलाई चिसो बनाउन उल्लेखनीय भूमिका खेलेको पाइएको छ। पोखरीको आसपासको तापक्रम ३८.३ डिग्री सेल्सियस मापन गरिएको थियो भने वरिपरिको बाक्लो बसोबास क्षेत्रको तापक्रम ४०.४ डिग्री सेल्सियस पुगेको थियो। पोखरीको शीतल प्रभाव करिब ३०० मिटर टाढासम्म पनि महसुस गर्न सकिन्छ।




समग्रमा हेर्दा, साना र ठुला सहरी वनहरूले सबैभन्दा धेरै तापक्रम घटाउने देखिएको छ – औसतमा १.२ डिग्री सेल्सियससम्म। त्यसपछि समग्रमा पार्कहरूले अधिकतम ०.९ डिग्री सेल्सियस र पोखरीहरूले करिब ०.८५ डिग्री सेल्सियसले तापक्रम घटाउने देखिएको छ।

तर, यी खुला स्थानहरूले दिने चिसो प्रभाव वरपरको भू–आवरणमा भर पर्छ। हरियाली बढी भएको क्षेत्रमा यस्ता नीलो–हरियो क्षेत्रहरूले तापक्रम अधिकतम १.६ डिग्री सेल्सियसले घटाउन सक्छन्। तर, बाक्लो निर्माण क्षेत्रहरूमा भने औसतमा यो प्रभाव घटेर ०.३ देखि ०.६ डिग्री सेल्सियसमा सीमित हुन्छ।

## फरक क्षमता, फरक प्रभाव

सहरी वनहरूको आकार बढेमा तिनीहरूले दिने चिस्याउने प्रभाव पनि उल्लेखनीय रूपमा बढ्ने देखिएको छ। अध्ययन अनुसार, यदि वन क्षेत्र दोब्बर गरियो भने चिस्याउने प्रभाव करिब ३० प्रतिशतले बढ्ने सम्भावना देखिन्छ।

पार्कहरूको हकमा भने आकार र चिस्याउने प्रभावबिच मध्यम सम्बन्ध देखिएको छ। यद्यपि, पार्कले कति प्रभावकारी रूपमा तापक्रम घटाउँछन् भन्ने कुरा तिनको कुल आकारभन्दा पनि भित्री डिजाइनमा बढी निर्भर गर्छ। अनुसन्धानले देखाउँछ कि वृक्षवृत्तको आवरण प्रतिशत चिसो प्रभावमा निर्णायक छ। साना पार्कहरूमा यदि उच्च क्यानोपी (छहारी) क्षेत्र १ प्रतिशतले बढाइयो भने चिस्याउने प्रभाव औसतमा ०.९९ डिग्री सेल्सियसले बढ्ने देखिएको छ। ठूलो पार्कहरूमा यो प्रभाव अझ उल्लेखनीय देखिएको छ – १ प्रतिशत वृक्ष क्यानोपी वृद्धि हुँदा चिस्याउने प्रभाव १.७६ डिग्री सेल्सियसले

बढ्न सक्छ ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. **विष्णु प्रसाद पाण्डे**ले सहरी क्षेत्रमा खुला स्थानको सीमितता भए पनि सही स्थान र संरचनामा निलो–हरियो क्षेत्रहरू विकास गरिएमा प्रभावकारी चिसो वातावरण कायम गर्न सकिने बताए । 'यो केवल धेरै रूख रोप्ने कुरा होइन,' उनले भने, 'पार्कको भित्री संरचना–रूखको क्यानोपी, घाँस र पक्की सतहको अनुपात–ले यसको चिस्याउने क्षमता निर्धारण गर्छ, मात्र साइजले होइन ।'

## सहरअनुसार फरक रणनीति आवश्यक

अनुसन्धान टोलीले फरक सहरी क्षेत्रका लागि फरक रणनीति अपनाउन सिफारिस गरेको छ । अत्यधिक घना सहरी क्षेत्रमा जल स्रोतजस्ता तत्त्वहरूलाई प्राथमिकता दिनु पर्ने, साथै छानामा आधारित समाधानहरू–जस्तै वर्षा पानी सङ्कलन ट्यांकी (cistern), परावर्तक पोखरी, हरियाली छाना र छाना खेती–लाई प्रवर्द्धन गर्न सुझाव दिइएको छ । त्यस्तै, त्यस्ता क्षेत्रका परिपक्व रूखहरूलाई जोगाउनुपर्ने सल्लाह दिइएको छ ।

बिचको सङ्क्रमण क्षेत्रहरूमा साना वन क्षेत्र विस्तार गर्ने, साथै ठुलो वृक्ष क्यानोपी भएको पार्कहरूको डिजाइनमार्फत छायाँ वृद्धि गर्ने रणनीति उपयुक्त हुने बताइएको छ । हरियाली वर्चस्व भएका क्षेत्रहरूमा भने विद्यमान वन क्षेत्र तथा हरित बफर क्षेत्रहरूको संरक्षण गर्नु भविष्यमा 'सहरी तातो टापु' बन्नबाट जोगिन महत्त्वपूर्ण हुनेछ ।

नेदरल्याण्डको ग्रोनिङ्गेन विश्वविद्यालयका डा. **प्रज्वल प्रधान**ले यो अध्ययन विश्वभर लागु गर्न सकिने बताए । 'हामीले काठमाडौँ उपत्यकामा आधारित अध्ययनमार्फत विश्वभरका सहरहरूले सिक्न सक्ने खाका प्रस्तुत गरेका छौँ । यो सहरी क्षेत्रको ताप नियमन क्षमता आकलन गर्न प्रयोग गर्न मिल्ने एउटा फ्रेमवर्क हो, जुन जुनसुकै सहरमा पनि लागू गर्न सकिन्छ,' उनले भने ।

अमेरिकी सेनाको इन्जिनियर अनुसन्धान तथा विकास केन्द्रका डा. **नवराज प्रधान**ले चेतावनी दिँदै भने, 'यदि तत्काल ठोस कदम चालिएन भने तापक्रम वृद्धिले जनस्वास्थ्य प्रणालीमाथि दबाव सिर्जना गर्नेछ, चिसो पार्न आवश्यक ऊर्जा माग बढ्नेछ र कमजोर समुदायहरू सबैभन्दा बढी प्रभावित हुनेछन् ।' अध्ययन अनुसार, यदि व्यापक शीतकरण रणनीतिहरू कार्यान्वयन गरियो भने सहरी क्षेत्रमा चिसो बनाउने ऊर्जा माग १५ देखि २५ प्रतिशतसम्म घटाउन सकिन्छ, जसले विद्युत् खर्च घटाउनुका साथै जनस्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्न सक्छ ।

## सामान्य नागरिकका लागि के गर्न सकिन्छ ?

सहरमा गर्मीको अवस्था बुझ्न सर्वसाधारणले साधारण थर्मोमिटरको प्रयोग गरेर पार्क, सडक, गल्लीजस्ता ठाउँहरूमा बिहान र बेलुका तापक्रम मापन गर्न सक्ने सिफारिस गरिएको छ । यसले विभिन्न स्थानबिचको तापक्रम अन्तर बुझ्न सहयोग गर्छ र निलो–हरियो क्षेत्रले कति प्रभाव पारिरहेका छन् भन्ने कुरा प्रत्यक्ष अनुभव गर्न सकिन्छ ।

यदि कसैले चाह्यो भने थर्मोमिटर वा अन्य सामान्य उपकरणहरूको प्रयोगमार्फत यस्ता हरित क्षेत्रहरूको महत्त्व आफैले अवलोकन गर्न सक्छन् ।

अनुसन्धान टोलीले दिउँसोको १२ बजेदेखि ३ बजेसम्मको समय अत्यधिक गर्मीको हुनाले त्यस अवधिमा बाहिरी क्रियाकलाप नगर्न सल्लाह दिएको छ । साथै, दैनिक यात्राको लागि रूखहरूले घेरेका सडक वा पार्क नजिकका बाटो छनोट गर्न सुझाव दिइएको छ ।

गर्मीबाट हुने स्वास्थ्य प्रभावहरू चिन्ने चेतावनी पनि दिइएको छ, जस्तै अत्यधिक पसिना आउनु, हल्का टाउको दुःखाइ वा थकान महसुस हुनु । गम्भीर लक्षण देखिएमा तत्काल चिकित्सकीय सहायता लिनुपर्ने उल्लेख गरिएको छ ।

व्यक्तिगत रूपमा गर्मी व्यवस्थापन गर्न हल्का र फुल्का लुगा लगाउने, पानीको बोतल साथमा राख्ने र घामबाट बच्न छाता वा टोपी प्रयोग गर्ने उपायहरू उपयोगी ठहरिएका छन् ।

सार्वजनिक सहभागिताको दृष्टिले नगरपालिकाको वृक्षरोपण कार्यक्रममा सहभागी हुन, रुखको जातमा पिपल, बर र नीमजस्ता स्थानीय जातमा प्राथमिकता दिन सिफारिस गरिएको छ । साथै, पोखरी सरसफाइ अभियानमा संलग्न हुने र पोखरी पुरिने अवैध कार्यहरू सम्बन्धित निकायमा जानकारी गराउने जिम्मेवारी पनि नागरिकहरूले लिन सक्ने उल्लेख गरिएको छ ।

### अनुसन्धान टोली:

प्रमुख लेखकः सौरभ भट्टराई, Jackson State University, अमेरिका

प्रमुख सल्लाहकारः डा. रकि ताल्चाभडेल, Jackson State University, अमेरिका

सहयोगी संस्थाहरूः Jackson State University, Tribhuvan University, University of Massachusetts Amherst, International Water Management Institute, University of Groningen, Potsdam Institute for Climate Impact Research, US Army Engineer Research and Development Center.

सम्पर्क: सौरभ भट्टराई

इमेलः saurav.bhattarai@students.jsums.edu

पूरा अध्ययनको लागि:
https://doi.org/10.1016/j.uclim.2025.102493



# हतियार व्यापारीहरू युद्ध अपराधी हुन्



एन राइट

सन् २०२५ मे ८ को दिन मैले 'अक्सफोर्ड युनियन' बहसमा बोल्ने सम्मान पाएँ। बहसको विषय थियो, 'यो सभा हतियार उद्योगलाई युद्धअपराधको दोषी करार गर्छ।' विषयको पक्षमा बोल्ने मेरी सहयोद्धा थिइन् केटी गालघर लागघर। उनी न्युयोर्कस्थित प्रतिष्ठित संस्था 'संवैधानिक अधिकार केन्द्र' की अधिवक्ता हुन्।



केटी गालघर

सो बहसमा मैले राखेका विचार तल दिन्छु। बहसको अन्त्यमा केटी र मैले विषयको पक्षमा बोल्यौँ भने विपक्षीले पनि आफ्नो विचार राखे। सहभागी विद्यार्थीमध्ये अधिकांशले हतियार उद्योगहरूलाई युद्धअपराधको दोषी मान्नुपर्ने पक्षमा मत जाहेर गरे।

## मेरो प्रस्तुति

अमेरिकी सेनामा म युरोप र ल्याटिन अमेरिकाको कमान्डमा थिएँ। अमेरिकी विदेश मन्त्रालयलमा मैले १६ वर्ष काम गरेँ। त्यस क्रममा मैले निकारागुआ, ग्रेनाडा, सोमालिया, उब्जेकिस्तान, किर्गिजस्तान, सियरा लियोन, माइक्रोनेसिया, अफगानिस्तान र मङ्गोलियामा काम गरेँ। यीमध्ये अधिकांश देशमा द्वन्द्व चलिरहेको थियो र हतियारको खरिदले त्यसले घिउ थपिरहेको थियो।

अमेरिकाको सरकारी सेवाबाट मैले सन् २००३ मार्चमा राजीनामा दिएँ। इराकमा नरसंहारकारी हतियार भएको झूटो आरोपमा बुस सरकारले इराकमाथि हमला गर्ने निर्णय गरेपछि म सरकारी सेवाबाट बाहिरिएँ। बेलायतको ब्लेयर सरकार पनि त्यही झूटको पछि लाग्यो।

आजको यो बहसमा म विषयको पक्षमा विचार राख्दै छु। अमेरिकी हतियार उद्योगका मालिक र तिनका कारिन्दाहरूलाई तिनको हतियारले गर्दा मारिएका निर्दोष जनताप्रति जवाफदेही बनाउनुपर्छ। मेरो विचार यसमै केन्द्रित रहनेछ।

## जवाफदेही हुनुपर्ने वैधानिक आधार

अन्तर्राष्ट्रिय कानुनबाट कुरा थालौँ। अन्तर्राष्ट्रिय फौजदारी अदालतले रोम संहिताको दफा २५(३)(ग) मा युद्ध अपराधमा सहयोग वा दुरुत्साहन गर्ने (कर्पोरेटका कार्यकारीसहित) व्यक्ति अपराधका भागिदार हुन सक्छन् भनिएको छ। यसका लागि निज व्यक्तिले आफूले प्रदान गरेको साधन अपराध गर्नमा प्रयोग हुन्छ भनी थाहा पाएको हुनुपर्छ।



नुरेम्बर्ग इजलासमा नाजी युद्धअपराधलाई आकार दिने क्रुप कम्पनी र त्यस्का सहयोगीहरूलाई पनि कठघरामा उभ्याइएको थियो

यो सिद्धान्त हिजोआजको होइन। दोस्रो विश्वयुद्धमा नुरेम्बर्ग इजलासबाट यो सिद्धान्त जन्मेको थियो। त्यस इजलासमा नाजी युद्धअपराधलाई आकार दिने इजी फार्बेन र क्रुप कम्पनीका कार्यकारी प्रमुखहरूलाई पनि कठघरामा उभ्याइएको थियो। कर्पोरेटहरूको भागिदारी सैद्धान्तिक विषय मात्र होइन। यो वैधानिक नजीर हो।

## बेवास्ता गरिएका सन्धिहरू

बिक्री गरिने हतियारको न्यूनतम मापदण्ड तय गर्ने केही सन्धिहरू छन्। यिनले (युद्धअपराध मान्न सकिने) अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लङ्घनमा छेकबार लगाउन सक्छन्।




तर, यसलाई व्यवहारमा ल्याउन देशले त्यसलाई सदर गर्नुपर्छ। संरा अमेरिकाले गरेको छैन।

सन् २०१३ मा राष्ट्रसङ्घको महासभाले अस्त्र व्यापार सन्धि अङ्गीकार गऱ्यो। त्यस सन्धिले विश्वभरि हुने हतियार व्यापारको न्यूनतम मापदण्ड तोक्यो। सो मापदण्डअनुसार आफूले पैठारी गर्ने हतियारबाट (युद्धअपराधलगायत) मानवअधिकार कानुनको गम्भीर उल्लङ्घन नहोस् भनेर हतियार बिक्री गर्ने मुलुकले निर्क्योल गर्नुपर्छ।

सन् २०१३ मा संरा अमेरिकाले यो सन्धिमा हस्ताक्षर गऱ्यो। तर, अमेरिकी सिनेटले त्यसलाई अनुमोदन गरेन। सन् २०१९ मा ट्रम्प सरकारले त्यो हस्ताक्षरबाट पूर्णतः बाहिरियो।

बाइडेन सरकारले ट्रम्पको निर्णय उल्ट्याएन। उल्टो, सो सन्धिमा हस्ताक्षर गरे अमेरिकी सार्वभौम सत्तामा आँच आउँछ भन्यो। यो दाबीको वास्तविक अर्थ अर्कै थियो। वास्तवमा, मानवअधिकार कानुन लत्याउँदै जवाफदेही नबनी जहाँ र जहिले मन लाग्यो युद्ध थाल्ने आफ्नो क्षमतामा आँच आउँछ भनेको थियो अमेरिकाले।

अमेरिकी हतियारबाट सर्वसाधारणलाई मर्न र घाइते हुनबाट जोगाउने अर्को नीति हो – परम्परागत अस्त्र स्थानान्तरण नीति। सन् १९७७ मा कार्टर सरकारले यो नीति ल्याएको थियो।

यो नीतिले सर्वसाधारण नागरिकको रक्षा गर्नुपर्ने महत्त्वमा जोड दियो। यसरी अन्य हतियार प्रदायक देशभन्दा अमेरिकालाई फरक पार्न खोजियो। नीति भन्छ, 'संरा अमेरिका र प्रापक देश दुवैका जनताबिच हतियार प्रसारको वैधानिक तथा जनसमर्थन हानिनोक्सानीबाट सर्वसाधारण जनताको रक्षामा निर्भर रहन्छ।' त्यस्तै सो नीतिले सर्वसाधारणको सुरक्षालाई बढावा दिएर अन्य हतियार प्रसारक र संरा अमेरिकाबिच भिन्नता कायम गर्नुपर्छ भन्छ।

सो नीतिले अमेरिकी हतियारलाई युद्धअपराध वा जघन्य अपराध गर्नमा प्रयोग गरिएको छ/छैन भनी निर्क्योल गर्न कडा मापदण्ड लागु गऱ्यो।

यद्यपि, बाइडेन सरकारको पालामा त्यो प्रतिबद्धताबाट अमेरिका पछि हट्यो। संरा अमेरिकाले अहिले इजरायलले गाजामा चलाइरहेको जातिसंहार र पश्चिम किनारमा जातीय सफायालाई ठूलो सैन्य सहयोग गर्दै छ। यसरी उसले आफ्नो स्थापनामा तय भएका नीतिहरूको उल्लङ्घन गर्दै छ।

'नागरिक क्षति निवारण तथा प्रतिक्रिया कार्यालय' सर्वसाधारणको मृत्यु हुने जोखिमबारे पूर्व समीक्षा गर्ने अमेरिकी निकाय हो। अहिले ट्रम्प सरकार यो निकायलाई खारेज गर्ने ताकमा छ।

## हतियार उद्योगको आकार

सन् २०२३ मा विश्वको सैन्य बजेट २४ खर्ब डलर थियो। विश्वका शीर्षस्थ हतियार कम्पनी हुन् – लकहीड मार्टिन, रेथियन (अहिले आरटिएक्स), बोइङ, नर्थरोप ग्रुमान र जनरल डायनामिक्स। यी पाँचवटै कम्पनी अमेरिकी हुन्। यिनले सुरक्षाका लागि हतियार उत्पादन गर्दैनन्; नाफाका लागि गर्छन्।

## मृत्युका व्यापारीहरूको फौजदारी इजलास

'मृत्युका व्यापारीहरूको फौजदारी इजलास' अधिवक्ता, विद्वान तथा नागरिक अध्येताहरूको जनसंस्था हो। विगत तीन वर्षमा यस संस्थाले बोइङ, लकहीड मार्टिन, आरटिएक्स,



नर्थरोप ग्रुमान र जनरल एटोमिक्स कम्पनीविरुद्ध प्रचुर प्रमाण जम्मा गरेको छ ।

'नागरिक इजलास' ले प्रमाणको रूपमा पेश गर्न मिल्ने ४० वटा एकघन्टे भिडियो तयार पारेको छ । यी कम्पनीका कार्यकारीहरूलाई तिनका (सेतो फोस्फरस, क्लस्टर बम लगायत) हतियारले धेरै सर्वसाधारणलाई हानि पुऱ्याउने र युद्धअपराध पनि हुन सक्ने कुरा थाहा थियो । प्रमाणले यही भन्छन् ।

सन् २०२५ जनवरीमा 'नागरिक इजलास' मा न्यायाधीशको पदमा आसिन दस विश्व चर्चित विज्ञले यी कम्पनीलाई युद्धअपराध, मानवताविरुद्ध अपराध र जातिसंहारमा स्वेच्छाले सहभागी भएकोमा दोषी ठहऱ्याएका छन् ।

## वर्तमान युद्धग्रस्त क्षेत्र

हाल गाजा, पश्चिम किनार, युक्रेन, रुस र लेबननका सर्वसाधारण नागरिक यिनै कम्पनीमा बनेका हातहतियारले मर्दै छन् । लकहीड मार्टिन, आरटिएक्स, नर्थरोप ग्रमान, बोइङ र जनरल डायनामिक्सले यी स्थानमा जातिसंहार गरिँदै छ र बच्चा–बुढा नभनी जथाभावी तिनका हतियारको प्रयोग हुँदै छ भन्ने बुझ्दाबुझ्दै पनि हतियार आपूर्ति गर्दै छन् ।



फ्रान्सेस्का अल्बानिज

अतिक्रमित प्यालेस्टिनी भूभागमा मानवअधिकारका लागि राष्ट्रसङ्घकी विदेश आयुक्त फ्रान्सेस्का अल्बानिजले सन् २०२४ मार्चको आफ्नो प्रतिवेदनमा लेखिन्, 'जातिसंहार गरिएको भन्न मिल्ने पर्याप्त आधार छन् ।'

उनी र उनीजस्ता जातिसंहारका धेरै विज्ञको भनाइ किनारमा परेका धारणा होइनन् । यी धारणा अन्तर्राष्ट्रिय स्तरका व्यक्तित्वका वैधानिक बुझाइ हुन् ।

## राजनीतिक भ्रष्टाचार र घुम्ने ढोका

हतियार बिक्री अन्तर्राष्ट्रिय मुद्दामात्र नभई अमेरिकाको घरेलु अर्थनीति पनि हो । अमेरिकाका सबैजसो राज्यमा हतियार उत्पादन हुन्छ । यिनले अमेरिकी संसद्लाई पनि हातमा लिएका छन् । हतियार उद्योगको प्रभाव निकै गहिरो छ । चुनावमा विभिन्न दललाई दिइने चन्दा र सरकार–उद्योगबिच घुम्ने चोर ढोकाले यो प्रभावलाई प्रगाढ बनाएको




छ ।

अमेरिकी सेनामा २९ वर्ष बिताएर मैले कर्नेलको रूपमा राजीनामा दिएँ । यसबिच मैले अमेरिकाको विशेष युद्धकला केन्द्रमा पढाइने थल युद्धकला र जेनिभा अभिसन्धि पढाएँ । मैले अमेरिकाको विशेष कारबाही बल तथा ८२ औँ वायुसेना युनिटलाई त्यहाँ पढाएकी थिएँ ।

अमेरिकी विदेश मन्त्रालयमा थप १६ वर्ष बिताउँदा मैले धेरै देशको नीति निर्माणमा पनि काम गरेँ । यस्ता नीति तय गर्दा हतियार उद्योगका उच्च अधिकारीका साथै अमेरिकी सरकारका युद्धसम्बद्ध अधिकारी भित्र र बाहिरबाट संलग्न हुन्छन् ।

युद्धअपराधका दोषी हतियार उद्योगलाई समाउनुको अर्थ ती उद्योगका व्यक्तिहरूलाई युद्धअपराधका दोषी मान्नु हो ।

मैले चोर ढोकाबाट यताउता गर्ने त्यस्ता धेरै व्यक्तिलाई आफ्नै आँखाले देखेकी छु । यिनीहरू युद्ध तय गर्ने सरकारका विभिन्न पदमा आसिन हुन्छन् त कहिले यिनै व्यक्ति हतियार उद्योगका उच्चअधिकारी बनेर आउँछन् । युद्धमा हतियार बेच्न दिएर यी वरिष्ठ अधिकारीहरूले करोडौँ डलर कमाउँछन् ।

नीति निर्माताहरूले तय गरेका युद्धमा हुने कारबाहीलाई युद्धअपराध मानिने अवस्थामा हतियार उद्योगका अधिकारीहरूलाई पनि ती अपराधको दोषी मान्नुपर्छ । किनभने, तिनीहरूमध्ये अधिकांश व्यक्ति भर्खरै सेनासम्बद्ध सरकारी रोजगारी गरेर आएका व्यक्ति नै हुन्छन् ।

हतियार उद्योगका उच्च अधिकारीहरू आफूलाई हतियार उत्पादनसँग मात्र सरोकार भएको र हतियारको प्रयोगमा आफ्नो केही भूमिका नहुने बताउँछन् ।

तर, हामी यी वरिष्ठ अधिकारीहरूलाई कहिले सरकारमा पसेको त कहिले निस्केर हतियार उद्योगमा काम गरिरहेको भेट्छौँ। त्यसैले प्रत्येक सरकारका युद्ध नीतिहरूमा यिनको गहिरो प्रभाव हुन्छ। सत्तामा कुन राजनीतिक पार्टी छ भन्ने कुरासँग यिनको कुनै सरोकार हुन्न।

अमेरिकी सरकारको जवाफदेही कार्यालयको सन् २०२१ को प्रतिवेदन भन्छ – विगत पाँच वर्षमा अमेरिकाका १७ सय उच्च सरकारी अधिकारीहरू विभिन्न हतियार उद्योगका उच्च पदमा गएका थिए। यसको अर्थ प्रतिवर्ष ३०० व्यक्ति सरकारी सेवाबाट हतियार उद्योगमा गएका थिए।

त्यस्तै 'जिम्मेवार शासनकलाका लागि क्विन्सी संस्थान' को नयाँ रिपोर्टले उच्चपदस्थ जर्नेल तथा एडमिरलबिच पनि यो अभ्यास भएको देखाउँछ। विगत पाँच वर्षमा ८० प्रतिशत अवकाशप्राप्त चारतारे जर्नेल र एडमिरल हतियार उद्योगका बोर्ड सदस्य, सल्लाहकार, लबी वा परामर्शदाता बन्न गएका थिए।

उदाहरणको लागि जलसेनाका अपरेसन प्रमुख एडमिरल जोन रिचर्डसन अवकाशपछि बोइङ कम्पनीमा काम गर्न गएका थिए। अवकाशको दुई महिनापछि उनी बोइङ कम्पनीको बोर्ड सदस्य बनेका थिए। आर्थिक वर्ष २०२२ मा बोइङ कम्पनी (अमेरिकी रक्षा मन्त्रालय) पेन्टागनबाट ठेक्का पाउने छैटौँ ठूलो कम्पनी थियो। उसले पाएको ठेक्काको कुल रकम १४ अर्ब ८० करोड डलर बराबर छ।

अवकाश लिएपछि उच्च ठेकेदारको काम गर्न गएका अर्का चारतारे अफिसर हुन् जर्नेल जोसेफ डनफोर्ड। उनी पहिले मरिन कोरमा थिए। संयुक्त चिफ अफ स्टाफको अध्यक्षको पदबाट उनले सन् २०१९ सेप्टेम्बरमा अवकाश लिएका थिए। पाँच महिनापछि उनी डनफोर्ड लकहीड मार्टिनको बोर्ड निर्देशक बनेका थिए।

सरकारी जागिरबाट सैन्य उद्योगमा जाने अर्को चर्चित उदाहरणमध्ये एक हुन् डिक चेनी। जर्ज एच डब्लु बुशको सरकारमा रक्षामन्त्री बनेर उनले दुई ठूलो सैन्य कारबाही हुन दिएका थिए। पहिलो, सन् १९८९ मा 'अपरेसन जस्ट कज' भयो भने सन् १९९१ मा 'अपरेसन डेजर्ट स्टर्म' भयो। क्लिन्टनको सरकार छँदा उनले अवकाश लिएका थिए। त्यसपछि सन् १९९५-२००० मा उनी हेलिबर्टन कम्पनीको अध्यक्ष तथा कार्यकारी प्रमुख बनेका थिए। यो कम्पनीले यी सैन्य कारबाहीहरूमा अर्बौं डलर नाफा कमाएका थिए।

सन् २००० मा डिक चेनी अमेरिकाको उपराष्ट्रपति पदमा निर्वाचत भए। उनी जर्ज डब्लु बुश सरकारको पालामा अफगानिस्तान र इराकमा युद्ध थाल्न मुख्य भूमिका खेल्ने व्यक्ति थिए। त्यसबेला पनि हेलिबर्टनले अमेरिकी सेनालाई सैन्य सामग्री तथा सेवा बेचेर अर्बौं डलर नाफा कमाएको थियो।

## रासायनिक अत्याचार र युद्ध अपराध




कम्पनीविशेषका अधिकारीहरूले युद्ध गर्ने तरिका र हतियार प्रयोगको तरिका तय गर्छन्। यस्तो बेला उनीहरू आफू कार्यरत कम्पनीकै हतियार प्रयोग गर्छन्। जस्तो, मोनसान्टो र डो केमिकलका वरिष्ठ अधिकारीहरूले उच्चपदस्थ सरकारी अधिकारीलाई स्वास्थ्यका दृष्टिले निकै हानिकारक ठहरिएको 'एजेन्ट ओरेन्ज' प्रयोग गर्न मनाएका थिए।

यी रसायनलाई भियतनामजस्ता देशमा भयावह रूपमा छर्किएको थियो। यसको असरले गर्दा ५ लाखभन्दा बढी बालबालिका जन्मौटे विकलाङ्ग जन्मिँदै आएका छन्। भियतनामका तीन पुस्ताले यी रसायनको मार झेलिरहेका छन्। तिनीहरू उपचार गराइरहेका अस्पताल र आरामगृहको मैले भ्रमण गरेकी छु। मैले अमेरिकी सेनाका पूर्वलडाकुहरूसँग भियतनाम घुमेँ। यी पूर्वलडाकु र तिनका छोराछोरी पनि 'एजेन्ट ओरेन्ज'ले ग्रस्त थिए।

'एजेन्ट ओरेन्ज' उत्पादन गर्ने कम्पनी र त्यसलाई मान्छे अनि पशुपन्छीमा प्रयोग गर्न आदेश दिने व्यक्तिहरूलाई युद्धअपराधको मुद्दा लगाउनुपर्छ।

मान्छेले ठूलो मूल्य चुकाउनुपर्ने थाहा पाइसकेपछि पनि यी कम्पनीहरूले यसको प्रयोगको लागि लबिङ गरिरहे। यही हो साँठगाँठ र युद्धअपराध।

## माल्टामा इजरायलको बमबारी युद्धअपराध

गत दुई हप्ता म युरोपेली देश माल्टामा थिएँ। दोस्रो विश्वयुद्धको बेला यो सबैभन्दा बढी बमबारी गरिएको इलाका थियो। आज फेरि त्यहाँ बमबारी भयो।

गत हप्ता सन् २०२५ मे २ को दिन एउटा निहत्था जहाज 'कन्सायन्स' माथि विष्फोटक हतियार खसालियो। बम माल्टाको समुद्री सीमानजिकै खसेको थियो। 'कन्सायन्स' (चेतना) आफैमा एउटा अपिल हो। गाजामा जातिसंहार र

सुडानमा भोकमरी चलाइएको छ। यस्तो अपराध भइरहेको बेला यी अपराध रोक्न विश्वको चेतना परिचालन गर्नुपर्छ।



इजरायलले निःशस्त्र जहाज 'कनसायन्स' माथि आक्रमण

'कनसायन्स' माथिको बमबारीबारे बताइहालौँ। 'कनसायन्स' एउटा अभियान हो। गाजाविरुद्ध इजरायलले अवैध रूपमा लगाएको नाकाबन्दी तोड्न यसका जहाजलाई प्रयोग गरिँदै छ। सन् २०१० यता म यो सङ्गठनमा आबद्ध छु। त्यो वर्ष इजरायल सरकारले एउटा निःशस्त्र जहाजमाथि आक्रमण गऱ्यो। जहाजको नाम थियो माभी मारमारा। त्यसमा ६०० भन्दा बढी मान्छे सवार थिए। आक्रमणमा परेर १० व्यक्ति मारिएका थिए भने ५० जना घाइते भएका थिए। त्यो जहाजमा म पनि थिएँ। मैले एक नागरिक जहाजमा इजरायलले गरेको सैन्य आक्रमण देखेँ।

विश्वको कुनै पनि देशले आजसम्म 'कन्सायन्स' जहाजमाथि गरेको बमबारीको छानबिन गर्न माग गरेको छैन। सर्वसाधारणहरू चढेको जहाजमा विष्फोटक प्रयोग गर्नु युद्ध अपराध हो। तैपनि, कुनै देशले घटनाको छानबिन गर्नुपर्ने आवाज उठाएको छैन। हामीले अनौपचारिक छानबिन गऱ्यौँ। पछि हामीले विज्ञ टोलीबाट अनुसन्धान गर्नुपर्ने माग गऱ्यौँ। अनुसन्धानबाट इजरायलको सी-१३० विमान माल्टातर्फ उडेको देखिएको छ। माल्टाको हवाइक्षेत्रमा प्रवेश गरे नगरेको स्पष्ट छैन। कम्तीमा माल्टाले पत्तो पाउने गरी त्यो विमान आएको थाहा लाग्यो।

सी-१३० विमानले विभिन्न हातहतियार बोक्न र खसाल्न सक्छ। यसले विष्फोटक पदार्थ बोकेका ड्रोनहरू पनि बोक्न सक्छ। 'कन्सायन्स' मा बसेको टोलीले जहाजमा विष्फोट हुनुभन्दा ठिक अघि जहाजमाथि आकाशमा ड्रोनहरू उडेको आवाज सुनेका थिए।

माल्टाले सन् २०२५ अप्रिल ६ मा अनुसन्धान अधिकारी पठाएको थियो। उनी एक विज्ञ थिए। 'कन्सायन्स' जहाजको आधिकारिकता र हतियारका अवशेषको जाँचबुझ गर्न, सो हतियारको उत्पादक पत्ता लगाउनुका साथै हतियार प्रयोगको विधि बुझ्न उनलाई पठाइएको थियो।

माल्टा सरकारले 'कन्सायन्स' का यात्रुलाई अनुसन्धाताको रिपोर्ट उपलब्ध गराएको छैन। जहाजमा हतियारको कुनै अवशेष नभेटिएको खबर छ। गाजाविरुद्ध इजरायलले लगाएको नाकाबन्दी तोड्नका लागि प्रयोग गरिएका सबै जहाजमा घातक हतियार हुने गरेको इजरायलले आरोप लगाउँदै आएको छ।

'गाजा फ्लोटिला' मा बसेका १२ राष्ट्रका अभियन्ताहरू निहत्था नागरिक जहाजमा बमबारी गर्ने निकायका साथै त्यहाँ प्रयोग गरिएका हतियारका उत्पादकहरूमाथि युद्धअपराधको मुद्दा चलाउन माग गर्छन्।

हतियार उत्पादक तटस्थ खेलाडी होइनन्। तिनले युद्धबाट नाफा कमाउँछन्। त्यसैले तिनले नीति निर्माणमा प्रभाव पार्छन् र जानाजान नरसंहारकारी हतियार आपूर्ति गर्छन्। तिनीहरूलाई जवाफदेही नबनाउने हो भने हामीले दण्डहीनतालाई सामान्य बनाउनेछौँ।

जघन्य अत्याचारमा घिउ थप्ने कम्पनीका कार्यकारी प्रमुखहरूलाई पनि अत्याचार गर्नेहरूलाई हेरिने मापदण्डले हेरिनुपर्छ।

(अमेरिकी सेना तथा कूटनीतिक नियोगमा काम गरिसकेकी लेखिका पूर्वकर्नेल एन राइट (Ann Wright) शान्ति अभियन्ताको रूपमा क्रियाशील छिन्।)

स्रोत : कोभर्ट एक्सन। सम्यक/ श्रमिक, जेठ २१ गते

# जीवन-आचरण

## स्वर्गको अधिकारी को ?

एक पटक विधाताले आफ्नो दूतलाई पृथ्वीमा यो पत्ता लगाउन पठाए कि पृथ्वीमा स्वर्ग आउन पाउने भक्तजन कति छन् ? दूतले आएर संसारका हजारौँ भक्तहरू एवं पुजारीहरूको नाम ठेगाना आफ्नो रजिस्टरमा लेखे। पृथ्वीबाट बिदा भएर स्वर्गतिर लाग्ने बेलामा उनले एउटा अन्धा चौबाटोमा लालटेन बालेर उभिएको देखे तर वास्ता गरेनन्। विधाताले जब दूत को रजिस्टर हेरे यसमा अन्धाको नाम थिएन। विधाताले स्वर्गको सच्चा अधिकारीको परिभाषा दिँदै दूतका रजिस्टरलाई रद्द गरे र अन्धो नै स्वर्गको सच्चा अधिकारी बताए जसले पूजापाठ नगरे पनि सहयोग गर्न अन्धकारमा बटुवाहरूलाई बाटो देखाउने काम गरिरहेको थियो। त्यसैले यही नै स्वर्गको सच्चा अधिकारी हो।'


# विलियम हार्भि : रक्त सञ्चार सिद्धान्तका प्रतिपादक



राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** कुनै पनि वस्तुलाई एकस्थानबाट अर्को स्थानमा लैजाने कार्यलाई परिवहन भनिन्छ । विगतमा मानिसहरू आफैले विभिन्न सामानहरू बोकेर परिवहनको कार्य गर्दथे । काठको र धातुको पाङ्ग्राको आविष्कार भएपछि रथ, गाडा आदिको माध्यमबाट परिवहन गर्न थालियो । रबरको टायरको आविष्कारपछि विभिन्न सवारी साधनहरू बस, ट्रक, कार, जीप, हवाइजहाज, हेलिकोप्टर आदि परिवहनको मुख्य माध्यमको रूपमा प्रयोग गर्न थालियो । परिवहनका साधनहरूको विकास भएसँगै पृथ्वी क्रमशः सानो हुँदै गएको महसुस हुन थालेको छ । हाल हवाइजहाज जस्तो परिवहनको साधनको विकासले पृथ्वीको विभिन्न स्थानहरूमा मानिसहरू सहजै पुग्न सक्ने र विभिन्न स्थानमा पाइने वस्तुहरू आफू बस्ने स्थानमा उपभोग गर्न पाइरहेका छन् । यसरी नै हाम्रो मानव शरीरमा पनि परिवहनको कार्य रक्त सञ्चार प्रणालीले गर्दछ भनी धारणा राख्ने र रक्त सञ्चार प्रणाली सम्बन्धी सिद्धान्त सर्वप्रथम प्रतिपादन गर्ने अङ्ग्रेज वैज्ञानिक विलियम हार्भि (William Harvey 1578-1657) थिए ।

उनले नै रक्त सञ्चारमा मुख्य भूमिका मुटुको हुन्छ भनी व्याख्या गरेका थिए । उनले रक्त सञ्चार प्रणालीबारे पत्ता लगाउनु पूर्व छातिभित्रबाट सुनिने मुटुको ढुकढुकीलाई अन्तर्मनको आवाज (वास्तवमा मुटुमा रहेको भल्भहरू बन्द र खुल्दाको आवाज हो) भनेर विश्वास गरिन्थ्यो । यसरी नै रगत कलेजोमा बन्छ र मांशपेशीले खपत गर्छ भन्ने मान्यता थियो । रक्तनली धमनीमा हावा भरिएको हुन्छ भनी भनिन्थ्यो । हार्भि नै पहिलो व्यक्ति थिए, जसले सिस्टमिक र पल्मोनरी रक्त सञ्चार प्रणाली, मुटु, फोक्सो, धमनी, नसा जस्ता रक्त सञ्चार प्रणालीसँग सम्बन्धित अङ्गहरूको कामबारे पूर्ण र विस्तृत जानकारी ठीकसँग पत्ता लगाए । उनले सर्वप्रथम रक्त सञ्चार सम्बन्धी पूर्ण र सही तथ्य अगाडि ल्याए । यसरी हार्भि जीवविज्ञान क्षेत्रमा वैज्ञानिक पद्धतिको प्रयोग गर्ने पहिलो व्यक्ति हुन् । उनको आविष्कारको अनुसरण हालका वैज्ञानिकहरूले गर्दै आएका छन् । हार्भिको सन् १६२८ मा प्रकाशित पुस्तकबाट आधुनिक शरीर विज्ञान सम्बन्धी अध्ययनको सुरुवात भएको मानिन्छ ।



विलियम हार्भि

**बाल्यकाल र शिक्षा :** हार्भिको जन्म सन् १५६८ को अप्रिल १ मा इङ्ल्याण्डको Folkestone, भएको थियो । उनको पिताको नाम Thomas Harvey र माताको नाम Joane Harvey थियो । उनको सात दाजुभाइ र दुई दिदीबहिनीहरू थिए । उनका पिता जमिनदार हुनुका साथै सफल व्यापारी पनि थिए । उनका पिता पछि गएर Folkstone का मेयर पनि बने । उनी सम्पन्न परिवारमा हुर्केका थिए । उनी सात दाजुभाइमा सबभन्दा जेठा थिए । उनले सन् १५८८ देखि १५९३ सम्म ब्रिटेनको King's School, Canterbury, Kent मा पढे । त्यसपछि उनले १५९३ देखि १५९९ सम्म Gonville र Caius College, Cambridge मा मानविकी र औषधी विज्ञान अध्ययन गरे । त्यसपछि उनले आफ्नो समयको युरोपको प्रसिद्ध चिकित्सा कलेज University of Padua मा अध्ययन गरे । त्यस कलेजमा


रहँदा उनी प्रसिद्ध शरीरशास्त्री र शल्यचिकित्सक Hieronymous Fabricius का प्रिय विद्यार्थी थिए । हार्भिको आविष्कारमा उनको प्रभाव पनि उल्लेखनीय छ । Hieronymous Fabricius ले सन् १५७४ मा मानव रक्तनली शिरामा भल्भ हुन्छ भनी पत्ता लगाएका थिए यद्यपि उनले यसलाई सन् १६०३ मा मात्र प्रचारमा ल्याए । अरस्तुको प्रमुख समर्थक इटालियन दार्शनिक Cesare Cremonini बाट पनि हार्भिले सिक्ने अवसर पाएका थिए । उनले सन् १६०२ अप्रिल २५ मा इटालीको Padua विश्वविद्यालयबाट डाक्टर उपाधी हासिल गरे । उनलाई विश्वविद्यालयका शिक्षकहरूले अद्वितीय प्रतिभा भएको, उच्च सीप र दक्षता युक्त, तिक्ष्ण बुद्धि, राम्रो स्मरण शक्ति र भविष्यको लागि आशलाग्दो विद्यार्थी भनेका थिए । त्यसपछि उनी चिकित्सकको रूपमा कार्य गर्न ब्रिटेन फर्के ।




**विवाह :** हार्भिले सन् १६०४ मा Elizabeth Browne सँग विवाह गरे । उनको श्रीमती लण्डनका प्रसिद्ध चिकित्सक Launcelot Browne की छोरी थिइन् । Launcelot Browne ब्रिटेन र स्कटल्याण्डका राजा James I का निजी चिकित्सक थिए । हार्भिको कुनै सन्तान नभएपनि आफ्नो श्रीमतीलाई अति नै माया गर्दथे ।

**कार्य र अनुसन्धान :** हार्भिले सन् १६१८ मा राजा James I को निजी चिकित्सकको रूपमा नियुक्ति पाए । त्यसपछि उनी उक्त पदमा सन् १६२५ सम्म रहेर कार्य गरे । उनले यस अवधिमा प्रसिद्ध दार्शनिक Sir Francis Bacon लगायत विभिन्न महत्त्वपूर्ण व्यक्तिहरू, प्रसिद्ध लेखकहरू लगायत विशिष्ट व्यक्तिहरूसँग रहेर कार्य गर्ने मौका पाए । सन् १६२५ मा विरामी James I को नाजुक अवस्थामा हार्भिको नेतृत्वमा चिकित्सक टोलीले उपचार गरेका थिए । उपचार सफल नभएपनि उनको नेतृत्वको उपचार प्रक्रियाबाट सन्तुष्ट भएर Charles I ले उनलाई विशेष पुरस्कार दिएका थिए । त्यसपछि उनीहरूबिचको सम्बन्ध पछिसम्म सुमधुर रह्यो । सन् १६३६ देखि करिब एकवर्षसम्म उनले कूटनीतिक प्रतिनिधिको रूपमा युरोपको विभिन्न देशहरूको भ्रमण र चिकित्सकको रूपमा कार्य गरे ।

हार्भिले अङ्ग्रेज राजाको निजी चिकित्सकको रूपमा नियुक्ती पाएपछि उनले आफ्नो अध्ययन रक्तनलीहरू धमनी र शिराको अध्ययनमा केन्द्रित गरे । यसको लागि उनले जनावर र मृत मानव शरीरमाथि अनगिन्ती परीक्षण गरे । यसै क्रममा उनले शिरामा चेप्टो भल्भ रहेको पत्ता लगाए । हुन त शिरामा भल्भ हुन्छ भनी उनीभन्दा पहिला पत्ता लागिसकेको थिए तर रगत भल्भ हुँदै मुटुतिर जान्छ भनी पत्ता लगाउने उनी पहिलो व्यक्ति भए । उनले रगत खुट्टा, पाखुरा र टाउकोको पछाडिबाट मात्र शिरा हुँदै मुटुतर्फ बग्छ भन्ने कुरा पनि पत्ता लगाए । उनले रक्त सञ्चारको




मानव शरीरमा रक्त सञ्चार सम्बन्धी परीक्षण

अनुसन्धानको क्रममा जनावरमाथि श्रृङ्खलाबद्ध रूपमा परीक्षण गरे । यसैक्रममा उनले धमनी र शिरामध्ये एउटालाई बाँधेर परीक्षण गरे । यसको उद्देश्य रगत कतातिर बग्दछ भन्ने पत्ता लगाउनु थियो । उनले कहिले धमनीलाई थिचेर त कहिले शिरालाई थिचेर रगत बग्ने दिशा र स्थान अवलोकन गर्दथे । यसबाहेक उनी धमनी र शिरा दुवैलाई एकैपटक थिचेर पनि परीक्षण गर्दथे । धमनी र शिरामाथि गरिएका विभिन्न परीक्षण र अवलोकनबाट उनले धमनी र शिराले रक्त सञ्चारमा कार्य गर्ने तरीका पत्ता लगाए । साथै रगत धमनीबाट शिरातर्फ बग्दछ भन्ने कुरा पनि पत्ता लगाए ।

अब हार्भि मुटुको अध्ययनमा लागे । अध्ययनकै क्रममा उनले मुटुले पानी तान्ने पम्पले जस्तै रगतलाई तान्ने र पठाउने कार्य गर्दछ भनी पत्ता लगाए । रगतलाई शरीरमा फैलाउन मुटुले नै रगतलाई फोक्सो र धमनीमा पठाउँछ भनी थाहा पाए । उनले विभिन्न जनावरलगायत मानिसको शरीरले रगत उपभोग गर्दैन तर रगतले हावा र विभिन्न पोषक तत्त्वहरू बोकेर शरीरमा निरन्तर बगिरहन्छ भनी पत्ता लगाए । आफ्नो रक्त सञ्चार सम्बन्धी निरन्तर प्रयोग र अवलोकनको आधारमा सन् १६२५ मा रक्त सञ्चार प्रणाली सम्बन्धी पूर्ण तथ्य बाहिर ल्याए । यसमा उनलाई दुईवटा समस्या देखापर्‍यो । पहिलो, उनको सफल परीक्षणले धमनीबाट रगत शिरामा जान्छ भन्ने त पत्ता लाग्यो तर धमनीबाट शिरामा कसरी रगत जान्छ भन्ने देखाउन सकेनन् । यसको कारण हार्भिको पालामा सूक्ष्मदर्शक यन्त्रको आविष्कार नभएको हुनाले अति मसिना केशिकाहरू देख्न सक्ने सम्भव थिएन । हार्भिको मृत्यु भएको तीनवर्ष पछि ईटालीका मार्सेलो मल्पिधीले सूक्ष्मदर्शकयन्त्रको सहायताबाट केशिका पत्ता लगाए । यसले हार्भिको खोजलाई पूर्णता दियो । उनको दोश्रो समस्या त्यसबेला मुटुलाई आत्मा र चेतना रहने स्थान भनी धार्मिक विश्वास प्रवल थियो । तर, उनको अनुसन्धानले मुटु आत्मा र चेतनाको रहने स्थान नभई मांशपेसीले बनेको पम्प हो जसले रगतलाई तान्ने र पठाउने कार्य गर्दछ भनी पत्ता लाग्यो । यसले गर्दा आफ्नो अनुसन्धानबाट प्राप्त नतिजालाई प्रचारमा ल्याउँदा राजा र धार्मिक विश्वासमा रहने मानिसहरूबाट नकारात्मक प्रतिक्रिया आउन सक्ने प्रवल सम्भावनाको डर थियो । यसबाट उनको राजाको निजी चिकित्सकको रोजगारी खोसिने र आमजनतामा क्रोध उत्पन्न होला भनेर चिन्तित भए ।

सन् १६२८ मा एउटा जर्मन प्रकाशकले उनको खोज र आविष्कारको निचोड समेटिएको ७२ पृष्ठको पुस्तक ' De Motu Cordis' (मुटुको धडकन र रक्त सञ्चारको बारेमा)





हार्भिको पुस्तक 'De Motu Cordis'

ल्याटीनी भाषामा प्रकाशन गर्‍यो । यो पुस्तक मुटुको कार्य र मानव रक्त सञ्चारबारे विस्तृत विवरण भएको पहिलो पुस्तक थियो । उनले पुस्तक ल्याटिनी भाषामा प्रकाशित गर्नुको कारण धेरै अङ्ग्रेजी पाठकहरूले पढ्न नसकुन र चर्चलगायत आमनागरिकको कोपभाजनमा पर्नु नपरोस् भनेर थियो । यस पुस्तकमा उनले मानव रक्त सञ्चार प्रणालीलाई विस्तृत रूपमा वर्णन गरेका थिए । उनले लेखेका थिए 'मुटुले रगतलाई पम्प गर्छ र यो रक्तनलीहरू मार्फत शरीरभरि सञ्चार हुन्छ ।' जुन त्यस समयको प्राचीन ग्रीकका वैज्ञानिक गेलेनको परम्परागत सिद्धान्तको विपरित थियो । तर, हार्भिको पुस्तक प्रकाशन भएको कुरा युरोपभरि फैलियो । त्यसबेला १६०० वर्ष अघि लेखिएको प्राचीन ग्रिक वैज्ञानिक गेलेनको पुस्तकमा उल्लेख गरिएको तथ्य 'हामीले खाएको खानालाई कलेजोले रगतमा परिणत गर्दछ र हाम्रो शरीरले शक्ति आर्जन गर्न उपभोग गर्छ' भनेका थिए । साथै मानिसको छातीभित्र सुनिने ढुकढुकी अन्तमनको आवाज र मानिसको आँट, साहस, माया, स्नेह आदि मुटुको कारण हुन्छ भन्ने मान्यता थियो । साथै रगत धमनीबाट नभई नशाबाट बग्छ भनिन्थ्यो । यसको विपरित हार्भिले पुस्तकमा आफ्नो अनुसन्धानको तथ्य लेखेपछि राजा लगायत आममानिसहरू उनीदेखि रिसाए । अब उनी पहिले जस्तै प्रख्यात नभई धार्मिक आस्थाविरोधी कार्य गरे भनी कुख्यात हुन गए । उनका थुप्रै सेवाग्राही उनीबाट टाढिए । उनले पाइआएको

सम्मान क्रमशः अपमानमा परिवर्तन भयो । तर उनको खोज सही थियो । त्यसैले सन् १६५० मा उनको पुस्तक रुक्तसञ्चार प्रणालीको पाठयपुस्तकको रूपमा स्वीकार गरियो । यसैगरी हार्भिले जनावरहरूको प्रजजन सम्बन्धी पनि अनुसन्धान गरेका थिए । यस सम्बन्धी पुस्तक 'De Generatione Animalium' सन् १६५१ मा प्रकाशित गरे । जसमा उनले प्रजनन र भ्रूण विकासबारे आफ्नो अनुसन्धानबाट प्राप्त जानकारीहरू लेखेका थिए । उनले विशेष गरी फुलपारुवा जनावरहरूमा जस्तै कुखुराको अण्डाभित्र बच्चा कसरी बन्दछ र स्तनधारी जनावरहरूमा पोथीको शरीरभित्र कसरी भ्रूण बन्दछ भनी अनुसन्धान गरेका थिए । यसरी नै भ्रूण बन्नमा शुक्रकीट र डिम्वको भूमिकाबारे पनि अनुसन्धान गरेका थिए । उनको अनुसन्धान र जिज्ञासा राम्रो थियो तर सूक्ष्मदर्शक यन्त्रको आविष्कार नभएकोले यसको प्रामाणिक अनुसन्धान गर्न सम्भव थिएन ।

उनी स्वभावले एक शान्त र अध्ययनशील व्यक्ति थिए । उनी आफ्नो अनुसन्धानमा गहिरो रुचि राख्दथे । उनले आफ्नो जीवनको अधिकांश समय चिकित्सा र वैज्ञानिक अनुसन्धानमा समर्पित गरे ।



रक्त सञ्चार सम्बन्धी व्याख्या गर्दै हार्भि

## रगतसम्बन्धी केही तथ्यहरू :

क) रगत रातो र हल्का क्षारीय गुण भएको तरल पदार्थ हो । वयस्क मानिसको शरीरमा कुल तौलको लभगभ ७ देखि ८ प्रतिशत वा अन्दाजी ५.५ लिटर रगत हुन्छ ।

ख) रगतमा ५५ प्रतिशत प्लाज्मा र ४५ प्रतिशत रक्तकोषहरू (राता रक्तकोष, सेता रक्तकोष र प्लेट्लेट्स) हुन्छ ।

ग) मानव शरीरमा भएका ११ वटा प्रणालीहरूमध्ये एउटा रक्त सञ्चार प्रणाली हो । यस प्रणालीले अन्य प्रणालीलाई संयोजन गर्दछ । यो प्रणालीको मुख्य अङ्ग मुटु हो । यसले शरीरका विभिन्न भागहरूबाट रगत सङ्कलन गर्ने र विभिन्न भागहरूमा रगत पम्प गरेर पठाउने कार्य गर्दछ ।

घ) रक्तकोषहरूमा राता रक्तकोषहरू कुल रगतको ४० प्रतिशत हुन्छ । यो स्पोन्जी हाडमा रहेको बोनम्यारोमा बन्दछ र १२० दिनपछि कलेजो र फियोमा नष्ट हुन्छ ।

ङ) सेता रक्तकोषहरू कुल रगतको १ प्रतिशत हुन्छ । यो बोनम्यारोमा बन्दछ र दुई हप्तापछि फियोमा नष्ट हुन्छ ।

च) प्लेट्लेटस कुल रगतको ४ प्रतिशत हुन्छ । यो रेड बोनम्यारोमा बन्दछ र २ वा ३ दिनपछि फियोमा नष्ट हुन्छ ।

छ) रगतले परिवहन अन्तर्गत अक्सिजन र कार्बन डाइअक्साइड, पोषक तत्त्वहरू, हर्मोन, इन्जाइम्स र अनावश्यक पदार्थहरूलाई शरीरको एक भागबाट अर्को भागमा पुऱ्याउँछ ।

ज) रगतले नियन्त्रण अन्तर्गत शरीरको तापक्रम नियन्त्रण, पानीलगायत अन्य तरल पदार्थ र रासायनिक पदार्थको नियन्त्रण गर्दछ ।

झ) रगतले रोगका किटाणुसँग लडेर शरीरलाई रोग लाग्नबाट बचाउने, चोटपटक लागेको ठाउँमा रगत जमाएर रगत बग्नबाट बचाउने र एण्टीबडी उत्पादन गरेर रोगविरुद्ध लड्ने क्षमता वृद्धि गर्दछ ।

ञ) मानिसको रगतको समूह A+, A-, B+, B-, AB+, AB-, O+, O- गरी आठ प्रकारको हुन्छ । प्रत्येक व्यक्तिमा यीमध्ये एउटा समूहको रगत हुन्छ ।

ट) रक्त समूहको प्रकार सर्वप्रथम Karl Landsteiner ले सन् १९०१ मा पत्ता लगाएका थिए ।

ठ) मानव रक्त सञ्चार प्रणालीलाई सिस्टमिक र पल्मोनिक रक्त सञ्चार गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

ड) प्रत्येक थोपा रगतमा 200 to 300 million (1 million = दशलाख) राता रक्तकोषहरू हुन्छ ।

ढ) रक्तदान गरिएको रगत बढिमा ४२ दिनसम्म मात्र उपयोगी हुन्छ । यसकारण नियमित रक्तदान गर्नु महत्त्वपूर्ण र आवश्यक हुन्छ ।

ण) रगत शुद्धिकरणमा फियोको (Spleen) भूमिका महत्त्वपूर्ण हुन्छ ।

त) राता रक्तकोषहरूले मात्र शरीरलाई आवश्यक अक्सिजन लैजान सक्छ ।

थ) रगतमा भएको प्लाज्माले इन्जाइम्स र हर्मोनलाई शरीरका अन्य तन्तुहरूसम्म पुऱ्याउँछ ।

द) रगतमा सेता रक्तकोषहरू अत्यधिक मात्रा (एकलाख देखि चारलाख) भएमा रक्त क्यान्सर हुन्छ । यसको कारण यस अवस्थामा सेता रक्तकोषहरूले रगतमा रहेका अरू रक्तकोषहरूलाई नष्ट गर्छ ।

ध) रगतमा भएको प्लेट्लेटसले फाइब्रिनोजिनसँग मिलेर रक्त नली काटिँदा रगत जम्न मद्दत गर्दछ । रगतमा फाइब्रिनोजन

र प्लेट्लेटसको कमी भएमा शरीरमा सानो चोटपटक लाग्दा पनि रगत जम्दैन। यस्तो अवस्थालाई हिमोफिलिया (haemophilia) भनिन्छ।

न) वयस्क पुरुषको शरीरमा ५ लिटरदेखि ६ लिटर वा औसत ५.५ लिटर रगत हुन्छ भने वयस्क महिलामा ४ लिटरदेखि ५ लिटरसम्म रगत वा औसत ४.५ लिटर रगत हुन्छ।

## मानव मुटुसम्बन्धी केही तथ्यहरू :

क) मानव शरीरमा वयस्क पुरुषको मुटुको तौल अन्दाजी २८० ग्रामदेखि ३४० ग्रामसम्म हुन्छ वा औसत ३०० ग्राम जति हुन्छ भने महिलाको मुटुको तौल २३० ग्रामदेखि २८० ग्रामसम्म हुन्छ वा औसत २५० ग्राम जति हुन्छ।

ख) भर्खर जन्मेको शिशुको मुटुको धड्कन सबैभन्दा बढि वा प्रति मिनेट ७० देखि १९० पटकसम्म हुन्छ। जबकि आराम लिएर बसेको वयस्क मानिसको मुटुको धडकन प्रति मिनेट ६० देखि १०० पटकसम्म हुन्छ। तर रिसाउँदा, तनावमा रहँदा वा व्यायाम गरेको अवस्थामा मुटुको धड्कन बढ्न जान्छ।

ग) मानव मुटु छातीको बिचमा रहे पनि केही मात्रामा बाँयातिर ढल्केको हुन्छ।

घ) सामान्य अवस्थामा मानव मुटु दैनिक १,००,००० पटक धड्किन्छ। मुटुको ढुकढुकीको आवाज मुटुमा रहेको भल्भहरू खुलेको र बन्द हुँदाको कारणले हो।

ङ) मुटुले प्रतिदिन औसत ७,५७१ लिटर रगत पम्प गर्दछ र उक्त रगतले दैनिक १९,३१२ किलोमिटर दूरी पार गर्दछ।

च) तनाव हर्मोन विशेष गरी विहानपख (१ बजेदेखि ५ बजे) बढी सक्रिय हुने भएकोले हृदयघातको खतरा दिउँसोभन्दा बिहानपख बढी हुन्छ। बारहरूमा सोमबारको विहान हुने बढी सम्भावना हुन्छ। यसको कारण सोमबार विहान रक्तचाप बढ्ने, मुटुको धड्कन बढ्ने र तनाव हर्मोन बढ्नाले हो।

छ) मानव विकासको विभिन्न कालखण्डदेखि नै मुटुलाई सोच र संवेग (माया, प्रेम, स्नेह, आँट आदि) को प्रतिक मानिन्छ। यी कार्यहरूको लागि मानव मस्तिष्कको भूमिकालाई न्यून मानिन्छ। वास्तवमा यसको लागि मुटुको कुनै भूमिका हुँदेन।

ज) मानव मुटुभित्र चारकोठाहरू हुन्छन् जसमध्ये माथिल्लोतिर रहेका दुईवटा कोठाहरूलाई क्रमशः दाँया र बाँया अरिकल भनिन्छ भने तलतिर रहेका दुईवटा कोठाहरूलाई क्रमशः दाँया र बाँया भेन्ट्रिकल भनिन्छ।

झ) मानव मुटुभित्र एकातिर मात्र खुल्ने चार प्रकारको भल्भहरू ट्राइकस्पिड भल्भ, बाइकस्पिड भल्भ, एओटिक भल्भ र पल्मोनिक भल्भहरू हुन्छ।

ण) मुटुको रगत प्रवाहमा विविध कारणले एकदम कम हुने वा अवरुद्ध हुने अवस्थामा मुटुको कार्यलाई बाधा पुग्न गई व्यक्तिलाई निकै गाह्रो हुन्छ। यस अवस्थालाई हृदयघात भनिन्छ। यो एकदम गम्भीर आपातकालीन अवस्था हो। यस अवस्थामा बिरामी सक्षम भएपनि हिँडडुल गर्न दिनु हुँदैन।

ट) मुटुको तौल मानिसको उमेर, उचाइ र तौल अनुसार वृद्धि हुँदै जान्छ।

## हार्भि सम्बन्धी केही तथ्यहरू :

क) उनी University of Padua मा पढ्दा होनहार, तिक्ष्ण बुद्धि, राम्रो स्मरण शक्ति भएको विद्यार्थीको रूपमा लिइन्थ्यो।

ख) उनका पिताका सातजना छोराहरू र दुईजना छोरीहरूमध्ये उनी सबभन्दा जेठा थिए। पछि गएर उनका पाँचजना भाइहरू लण्डनका सफल व्यापारी बने।

ग) सुरुमा हार्भिको गुरु र पछि साथी Hieronymus Fabricius ले शिरामा एकातिर मात्र खुल्ने भल्भबारे पत्ता लगाएका थिए तर यसको कार्यबारे अनभिज्ञ थिए। पछि हार्भिले शिरामा रहेको एकातिर मात्र खुल्ने भल्भको कार्य रगतलाई विपरित दिशामा बग्न नदिने रहेको पत्ता लगाए।

घ) हार्भिको मुख्य आविष्कार मानव शरीरमा मुटुको कार्य र रक्त सञ्चार प्रणालीबारे हो।

ङ) हार्भिको रक्त सञ्चार सम्बन्धी आविष्कारभन्दा पहिला चिकित्सकहरू 'रक्त सञ्चारको स्रोत कलेजो हो र यसले सम्पूर्ण शरीरमा रगत प्रवाह गर्दछ' भन्ने कथनमा विश्वास गर्दथे।

च) उनका ससुरा Dr. Lancelot Browne शाही चिकित्सक थिए। उनी Queen Elizabeth I, King James I, र Queen Anne of Denmark का निजी चिकित्सक थिए।

छ) हार्भिको रक्त सञ्चार सम्बन्धी अनुसन्धानमा King Charles I को विशेष रुचि थियो। यसकारण परीक्षणको लागि आवश्यक विभिन्न जनावरहरू हार्भिलाई उपलब्ध गराएका थिए।

ज) हार्भि Padua university मा पढ्दै गर्दा विलियम शेक्सपियरले हेलमेट पुस्तक प्रकाशित गरेका थिए।

झ) उनी ४० वर्षको हुँदा 'उत्कृष्ट चिकित्सक' को सम्मान पाएका थिए। त्यसपछि सन् १६१८ देखि उनी King James को निजी चिकित्सकको रूपमा नियुक्ति पाए।

ञ) उनी ५४ वर्षको उमेरमा सन् १६३२ मा King Charles का निजी चिकित्सकको रूपमा नियुक्ति पाए।

ट) उनको पालामा पश्चिमी चिकित्सा क्षेत्रमा १६०० वर्ष पहिले गेलेनले लेखेको रक्त सञ्चार सम्बन्धी धारणालाई धेरैले विश्वास गर्दथे।

ठ) उनी ५० वर्षको हुँदा सन् १६२८ मा उनको अनुसन्धानको अद्वितीय कृति De Motu Cordis (the Motion of the Heart) प्रकाशित गरे । यस कृतिको अङ्ग्रेजीमा पूरा शीर्षक Anatomical Studies on the Motion of the Heart and Blood in Animals थियो ।

ड) पुस्तक प्रकाशित भएपछि हार्भि मुटुको कार्य र मानव रक्त सञ्चार प्रणाली सम्बन्धी सही रूपमा व्याख्या गर्ने पहिलो व्यक्ति भए ।

ढ) चिकित्सा शास्त्रको विद्यार्थीको रूपमा University of Cambridge मा पढ्दा सन् १५९३ मा हार्भिले ६ वर्षको लागि छात्रावाससहित पूर्ण छात्रवृत्ति प्राप्त गरेका थिए ।

ण) हार्भि Padua University मा पढ्दा रक्त सञ्चार सम्बन्धी अध्ययन र अनुसन्धानमा प्रमुख उत्प्रेरणाको स्रोत उक्त विश्वविद्यालयको शिक्षक Hieronymus Fabricius थिए ।

त) उनले सन् १६०४ मा College of Physicians मा सदस्य भए र सन् १६०७ मा Fellow of the College भए ।

थ) उनी सन् १६१५ मा College of Physicians df Lumleian Lecturer बने ।

द) उनले सन् १६५१ मा ७३ वर्षको उमेरमा College of Physicians लाई नयाँ पुस्तकालय भवन बनाइदिएका थिए । कलेजले उनको सम्मानमा उक्त भवनमा उनको अर्धकदको सालिक राखिदिएको थियो ।

ध) उनको वैज्ञानिक अध्ययन र अनुसन्धानको लागि जीवनकालमा कुनै पनि मेडल र पुरस्कार प्राप्त गरेनन् तर पछि उनको वैज्ञानिक कार्यको सम्मान गर्दै Queen Mary University of London ले उनको नामबाट वैज्ञानिक अध्ययनको लागि William Harvey Medal पुरस्कार दिन थालियो ।

**जीवनको उत्तरार्ध र निधन** : विलियम हार्भिको रक्त सञ्चारको खोजले चिकित्सा विज्ञानमा क्रान्ति ल्यायो । उनको कार्यले आधुनिक शरीर विज्ञानको आधार तयार गर्‍यो । चिकित्सकहरूलाई मानव शरीरको कार्यप्रणाली बुझ्नमा ठुलो योगदान पुर्‍यायो । हार्भिको उत्तरार्ध जीवनमा gout, kidney stones र insomnia जस्ता रोगहरूबाट ग्रसित भए । उनले सन् १६५१ मा आफ्नो अन्तिम अनुसन्धान Exercitationes de Generatione Animalium (Exercises on the Generation of Animals) प्रकाशित गरे ।

जीवनको उत्तरार्धमा विभिन्न रोगहरूबाट पीडित हुनुको साथै श्रीमतीको मृत्यु र नि:सन्तानको कारण अफिमजस्तो लागुपदार्थ सेवन गरेर उनले आफ्नो जीवन समाप्त गर्न कोसिस गरेका थिए तर उनी विफल भए । उनको मृत्यु सन् १६५७ जुन ३ मा ७९ वर्षको उमेरमा Roehampton, London, United Kingdom मा cerebral hemorrhage (मस्तिष्कमा रक्तस्राव) वा एकप्रकारको स्ट्रोकको (Stroke) कारण उनको



सोभियत सङ्घमा प्रकाशित हार्भिको चित्र अङ्कित हुलाक टिकट

एकजना भाइको घरमा भएको थियो । उनको मृत्यु अघि नै श्रीमतीको मृत्यु भइसकेको थियो ।

उनको पार्थिव शवलाई Hempstead गाउँमा समाधिस्थ गरिएको थियो ।

हार्भिको निधन भए पनि उनले गरेको कार्यले चिकित्सकहरूलाई मानव शरीरको कार्यप्रणाली बुझ्नमा ठुलो सहयोग पुर्‍याएको थियो । यसकारण उनको निधनपछि पनि विश्वले उनलाई चिकित्सा इतिहासको एक महान् व्यक्तित्वको रूपमा सम्मान गर्दै आएको छ ।

## सन्दर्भ सामग्रीहरू :


क) आजको विज्ञान : विकास बज्राचार्य : खोजी प्रकाशन गृह ।

ख) कक्षा १० विज्ञान : जनक शिक्षा सामग्री केन्द्र (वि.सं. २०८०) ।

ग) On the Motion of the Heart and Blood in Animals : William Harvey : MT Kessinger Publishing 2005

घ) William Harvey, Master of Medicine : Power, D'Arcy : Whitefish, MT Kessinger 2005


ङ) गुगल

# Gorky in America (XI)



# The City of the Yellow Devil

Maxim Gorky




## The Mob

...The window of my room overlooks a square; all day long people pour into it from five streets very much like potatoes rolling out of sacks. They mill around and then scurry on, and again the streets suck them into their gullets.

The square is round and filthy, like a pan long used for frying meat but never yet scoured. Four streetcar lines lead into this crowded circle and almost every minute cars jammed with people come rolling in, screeching on the turns. They rush along with a hasty, troubled clang of iron while above them and under their wheels sounds the harrowing drone of electricity. The dusty air is charged with the sickly rattling of their windowpanes and the shrill squeak of their wheels against the rails. The infernal music of the city wails incessantly—a savage battle of raucous sounds that stab and choke one another, evoking strange and somber fantasies.

...A mob of frenzied monsters armed with huge tongs and knives and saws and everything else that can be made of iron, writhes like a mass of worms, eddies in dark insanity over the body of a woman whom it has clutched with its greedy hands and thrown to the ground, into the dirt and dust—and it tears at her breasts, cuts her flesh, drinks her blood, rapes her, and fights over her blindly, hungrily, tirelessly.

Who this woman is cannot be seen; she is buried under a huge dirt-yellow mass of people who have fastened themselves on her from every side, twining their bony bodies around her, clinging wherever there is room for their greedy lips, and sucking the lifeblood from every pore of her body.... In the throe of a voracious and indefatigable craving, they kick one another away from their prey, strike, trample, crush and destroy one another. Each one wants as much as he can get, and they all tremble in a feverish paroxysm of fear lest they be left with nothing.

They gnash their teeth, the iron clangs in their hands; moans of pain, howls of greed, cries of disappointment, the roar of hungry, rage—all this merges in a funereal wail over the corpse of the murdered prey, which lies torn and despoiled by thousands of rapes, and sullied by all the multicoloured filth of the earth.

And merging with this savage wail is the miserable anguish of die defeated, who have been kicked aside and now slobber repulsively in hungry longing for the joy of a full stomach; weak and cowardly, they cannot fight for it.

That is the picture drawn by the music of the city.

..................

It is Sunday. People do not work.

Because of this many faces wear downcast, perplexed, almost worried, looks. Yesterday had a simple and definite meaning

they worked from morning till evening. They woke up at the usual hour and went to the factory or office or out into the street. They stood or sat in customary and therefore comfortable places. They counted money, sold goods, dug earth, chopped wood, cut stone, drilled and forged—they worked with their hands all day. They went to bed feeling a familiar weariness—and today they have awakened to find idleness staring them questioningly in the eye, demanding that its void be filled....

They were taught to work but not to live, and so the day of rest is a hard day for them. Tools quite capable of creating machines, cathedrals, great ships and pretty little knickknacks of gold, they do not feel themselves capable of filling in the day with anything except their everyday mechanical work. Cogs and wheels, they feel they are human beings in the factories, offices and shops; there they join with cogs and wheels like themselves to make up one harmonious organism which busily creates values from the living fluid of its nerves—but not for itself.

Six days of the week life is simple. It is a huge machine, and they all are its cogs; each knows his place in it and each assumes that he is familiar with and understands its blind, grimy face. But on the seventh day—the day of rest and idleness—life looms before him in a strange dismantled guise. Its face breaks up—it loses its face....

They roam the streets, they sit in the saloons and in the park, they go to church, they stand on street corners. There is movement, as usual, but one feels that in a minute, or perhaps in an hour, it will stop in suspense—something is lacking in life, and something new is striving to enter it.

No one is quite conscious of this feeling, no one can express it in words, but everyone is painfully aware of something unusual and disturbing. All the small, intelligible meanings have suddenly fallen out of life, like teeth out of gums.

People stroll along the streets; they board streetcars, they chat; outwardly they are composed—there are fifty-two Sundays in a year, and they have long since developed the habit of spending them all in the same manner. But everyone feels that he is different from what he was yesterday, and that his comrade is not the same, either—somewhere inside there is a gnawing, throbbing emptiness, and from within it something obscure, troubling—terrifying, perhaps—may all of a sudden emerge...

Each senses a covert doubt stirs within himself, and instinctively he tries to avoid facing it....

Impulsively they huddle close to one another, merge into groups; they stand silently on street comers, staring at what goes on about them; more and more living segments come up to them, and the striving of the parts to make a whole creates a mob.

..................

...Unhurriedly the men fall in with one another. A common feeling, a troubled hollowness within the breast, draws them into a heap—as a magnet draws iron filings. Almost without glancing at one another they stand shoulder to shoulder, drawing up closer and closer—and in a corner of the square a thick black body with a myriad head takes form. Mutely expectant, sullen and tense, it is almost motionless. The body has taken shape, and immediately after the spirit becomes manifest; a wide and dull face is formed, and hundreds of blank eyes acquire a common expression and a common stare—a watchful, suspicious stare which unconsciously searches for that which instinct fearfully apprises it off.

**(To be continued)**

## तस्बिरमा केही गतिविधि




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति भक्तपुर नपाद्वारा पुन:निर्मित लक्ष्मीनरसिंह मन्दिरमा सहयोगी सम्पूर्णमा धन्यवादज्ञापन कार्यक्रममा । (जेठ २७ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नवप्रवेशी शिक्षकहरूलाई भक्तपुरमा स्वागत गर्नुहुँदै । (जेठ ३० गते)



भक्तपुर नपाको आयोजनामा सञ्चालित एड्भान्स पाक शिक्षा तालिम समापन तथा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण कार्यक्रम । (जेठ २० गते)



भक्तपुर नपाको घरदैलो नर्सिङ सेवाका नर्सहरू साना विद्यार्थीहरू माझ

## तस्बिरमा केही गतिविधि




भक्तपुर नपा वडा नं. २ स्थित इन्द्रायणी द्यःछेँ पुन:निर्माणको क्रममा गजुर प्रतिस्थापन । (असार ४ गते)



भक्तपुर नपा र चाँगुनारायण नपाको संयुक्त आयोजनामा खानेपानी मुहान पोखरीमा सरसफाइ । (जेठ २२ गते)



भक्तपुर नपा वडा नं. ९ ब्रह्मायणी खोलासँगैको पाटीमा छाना छाउने कार्यमा श्रमदान ।

## तस्बिरमा केही गतिविधि




भक्तपुर नपाले भक्तपुरबाट सरुवा भई जानुभएका प्रजिअ गोपालप्रसाद अर्याललाई असार ८ गते बिदाई (बायाँ) र भक्तपुरमा सरुवा भएर आउनुभएका प्रजिअ भरत मणी पाण्डेलाई असार ११ गते स्वागत कार्यक्रम गऱ्यो ।




जनवादी गणतन्त्र चीनको सिचाङ स्वशासित क्षेत्र (तिब्बत) को शान नान नगरपालिकाका प्रमुख शान्भु सिरेनसँग भक्तपुर नपाको प्रतिनिधि टोलीको भेट । (असार ११ गते)

## तस्विरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र धुलिखेल नपाका प्रमुख अशोक ब्यान्जुविच पालिकाबाट सम्पादन हुने कार्यबारे अनुभव आदानप्रदान । (असार १७ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा ख्वप अस्पतालको प्रतिनिधिमण्डलले धुलिखेल अस्पतालको स्थलगत अवलोकनको क्रममा धुलिखेल अस्पतालका कार्यकारी निर्देशक डा. रामकण्ठ माकजुसँग । (असार १७ गते)




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति भक्तपुर नपाको अठारौं नगरसभामा आव २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै । (असार ६ गते)




भक्तपुर नपाका उपप्रमुख रजनी जोशी भक्तपुर नपाको अठारौं नगरसभामा आव २०८२/८३ को बजेट प्रस्तुत गर्नुहुँदै । (असार ८ गते)

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## बैठक सङ्ख्या- ८०

## मिति २०८२ वैशाख २४ गते, बुधबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. | कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. | प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### मन्दिर उद्घाटन

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. ४ ग:हितिस्थित यस नगरपालिकाद्वारा पुनः निर्माण सम्पन्न लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन तथा उक्त मन्दिर सम्बन्धी विवरण समावेश गरिएको "लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माण–२०८२" पुस्तक सार्वजनिकीकरण कार्यक्रम मिति २०८२।२।६ गते, भक्तपुर नगरपालिका वडा नं. ४ ग:हितिमा गर्ने निर्णय गरियो।

सोही दिन नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य माननीय प्रेम सुवालको प्रमुख आतिथ्यतामा **'जनप्रतिनिधि वहाल भएको तीन वर्ष'** कार्यक्रम ख्वप इन्जिनियरिङ्ग कलेजको सभा हलमा गर्ने निर्णय गरियो।

### समितिका निर्णय अनुमोदन

नपाका विभिन्न समितिका निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**शिक्षा, स्वास्थय संस्कृति समिति**

**मिति २०८२।१।२१ गते**

१. यस नगरपालिबाट प्रकाशन गरिएको **'खेलकुद स्मारिका–२०८१'** पुस्तक सम्पादन गर्ने सम्पादक श्री विष्णु गोपाल कुसीलाई रु.१५,०००।– (अक्षेरूपी पन्ध्र हजार रूपैयाँ) पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

२. यस नगरपालिकामा छात्रवृत्ति पाऊँ भनी पेश भएका निवेदकहरूमध्ये देहाय बमोजिम विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो :

क. रुसेल सिल्पकार – इतिहास, संस्कृति पुरातत्त्व – स्नातकोत्तर
ख. रविन्द्र प्रसाद कुसी – नेपाल भाषा – स्नातकोत्तर
ग. सविन दुवाल – इतिहास, संस्कृति, पुरातत्त्व – स्नातकोत्तर
घ. राजकुमार साखकर्मी – संस्कृति – स्नातकोत्तर
ङ. मनिला प्रजापति – राजनीति शास्त्र – स्नातकोत्तर

३. यस नगरपालिकाका सफाइ मजदुर, स्वास्थ्य स्वंसेविका र स्वास्थ्यकर्मीहरूलाई इन्फ्लुएन्जा भ्याक्सिन उपलब्ध गराउने निर्णय गरियो।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०८२।१।१७ गते**

१. फोहोर मैला व्यवस्थापनको लागि कुहिने फोहोर कटर मेशिन (Organic Waste Shredder Machine– १३०० केजी/प्रति घण्टा) खरिद तथा स्पेशिफिकेशन बनाउने निर्णय गरियो।

२. नकुहिने फोहोर मैला व्यवस्थापनको लागि यस नगरपालिकाको वडा नं. २ स्थित "डोको रिसाइक्ल्स' संस्थासँग

हालका लागि समन्वय गर्ने निर्णय गरियो।

३. डिभिजन वन कार्यालय, सानो ठिमी, भक्तपुरद्वारा पठाएको हरित पार्क निर्माण सम्बन्धी पत्रानुसार हरित पार्क निर्माणका लागि उपयुक्त स्थान छनौट गरी पठाउने भने बमोजिम यस नगरपालिकाको वडा नं. १० स्थित बाल उद्यान छनौट गरी नगरकोट सव डिभिजन कार्यालयमा पत्राचार गर्ने निर्णयगरियो।

## युवा तथा खेलकुद समिति

**मिति २०८२।१।२२ गते**

१. मध्यपुर नगरपालिका २ नं. वडा कार्यालयको आयोजनामा २०८२ वैशाख २७-२९ गतेसम्म हुने भक्तपुर जिल्लाव्यापी वडा स्तरीय व्याटमिन्टन प्रतियोगितामा यस भक्तपुर नगरपालिकाको १ देखि १० वडा कार्यालयका व्याटमिन्टन खेलाडीहरूलाई सहभागी गराउने र उक्त सहभागी हुने खेलाडीहरूको लागि दर्ता शुल्क र आवश्यक व्यवस्था गर्ने निर्णय गरियो।

## आर्थिक समिति

**मितिः २०८२।१।१४ गते**

१. मितिः २०८१।८।१८ गते प्रकाशित सूचना अनुसार प्राप्त निवेदकहरूलाई मिति २०८२।१।१२ गते लिएको अन्तर्वार्ताबाट निम्नानुसार ब्यक्तिहरूलाई निम्नानुसारको युवा उद्यमशील ऋण प्रदान गर्नेनिर्णय गरियो-

| क्र.सं. | आवेदकको नाम र थर | वडा नं. | गर्न चाहेको व्यवसाय | ऋण माग रकम |
|---|---|---|---|---|
| १ | सजना सुवाल | ५ | विद्युतीय सामग्री मर्मत | ३०००००।०० |
| २ | जगतेश्वरी खर्बुजा | २ | मिठाई भण्डार | ३०००००।०० |
| ३ | सुचिता ध्वंजू | ८ | तयारी पोशाक | ३०००००।०० |
| ४ | रेणु सिन्ताकल | १ | सिलाइ | ३०००००।०० |
| ५ | गोपाल किसी | ८ | कम्प्युटर ट्रेनिङ | ३०००००।०० |
| ६ | नारायण सुन्दर बोयजू | २ | फर्निचर वर्कशप | ३०००००।०० |
| ७ | सविता डंगोल | २ | दही पसल | ३०००००।०० |

२. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रानुसार समदर्शी वचत तथा ऋण सहकारी संस्था लि. को सम्बन्धमा परेको उजुरीका बारेमा यस कार्यालयको निर्णयबाट आ.व. २०७५/०७६ देखि आ.व. २०७९/८० सम्मको हिसाब किताब चेक जाँच गरी प्रतिवेदन पेश गर्न रजिष्टर्ड लेखापरीक्षक श्री कृष्ण राम पही र यस कार्यालयका आन्तरिक लेखा परीक्षक श्री विनोद आगञ्जालाई खटाइएकोमा निजहरूबाट यस कार्यालयमा मिति २०८१।११।२७ गते दर्ता नं. ९०३० मा पेश भएको प्रतिवेदनका सम्बन्धमा छलफल हुँदा निम्नानुसार बुँदाहरूमा सुधार गरी ३० दिनभित्र पेश गर्ने निर्णय गरियो।

## तपसिल

**क.** प्रतिवेदनको ५.९.४ अनुसार सहकारीको नियमानुसार संस्थाका पदाधिकाहरूमध्येबाट ४९ प्रतिशतले ऋण लिन पाउने र कुल पूँजीको अधिकत्तम १० प्रतिशत नबढ्ने गरी ऋण दिन सक्ने व्यवस्था भएकोमा केहीपदाधिकारीहरूको एकाघर परिवारको दुई (२) जना सदस्यलाई ऋण दिएको हुँदा सो सीमा नाघेको औंल्याएको हुँदा सो विषयलाई नियमानुसार गरी प्रतिवेदन पेश गर्ने।

**ख.** प्रतिवेदनको ५.२६ बाट प्रबन्ध निर्देशक (मुख्य ब्यवस्थापक) हरिराम लवजुको दैनिक हाजिरी मात्र भएको र समय नखुलेको भनी औंल्याइएकोले समय नखुलाई हाजिरी मात्र गरी तलब खानु आर्थिक अनियमिता भएकोले सो सम्बन्धमा आवश्यक छानबिन गरी निज व्यवस्थापकबाट स्पष्टीकरण लिई कानून बमोजिम आवश्यक कारबाही गर्ने।

**ग.** प्रतिवेदनको ५.२८ संस्थाका विभिन्न ऋणी सदस्यहरूलाई ऋण दिने प्रयोजनको लागि सञ्चालक समितिको निर्देशन बमोजिम संस्थाको लेखा/प्रशासन प्रमुखको व्यक्तिगत ऐच्छिक खातामा संस्थाको पदाधिकारी, प्रबन्ध निर्देशक र विभिन्न शेयर सदस्यहरूबाट आवश्यकता अनुसार रकम जम्मा गरेको देखिन्छ। उक्त रकम आवश्यकताको आधारमा निजको सोही खाताबाट विभिन्न शेयर सदस्यहरूलाई ऋण चुक्ता गर्न रकम दिएको देखिन्छ। केही समय पछि उक्त रकम सम्बन्धित शेयर सदस्यहरूबाट फिर्ता लिई निजको खातामा रकम जम्मा गरी कारोबार गरेको देखिएको भनी प्रतिवेदनमा उल्लेख भएकोले सुधार गर्नु हुन।

**घ.** प्रतिवेदनको ५.३६ मा संस्थाको विनियमको दफा ८(ख) अनुसार संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्नुका साथै संस्थाको सेवा तथा सुविधा उपभोग गर्न र संस्थालाई सेवा सुविधा प्रदान गर्ने व्यक्ति तथा संस्था हुनुपर्नेमा कार्यक्षेत्रभित्रका मात्र नभई अन्य क्षेत्रका समेत सदस्य बनाई सेवा सुविधा प्रदान गरेको भनी प्रतिवेदनमा उल्लेख भएकोले कार्यक्षेत्र बाहिरका व्यक्तिहरूलाई सदस्यबाट हटाई ऋण चुक्ता गराउनु हुन।

**ङ.** प्रतिवेदनको ५.३९ मा सदस्य नं. ६७४ का मैया देवी मानन्धरलाई मिति २०७२।७।१३ गते ऋण लगानी गरेकोमा सोको धितो रोक्का नदेखिएको भनी उल्लेख भएकोले धितो रोक्का गरी रोक्काको प्रतिलिपी पेश गर्नु हुन।

**च.** प्रतिवेदनको ५.४२ एउटै समय अवधिमा केही ऋणहरूलाई ऋण लगानी गर्दा ऋणको ब्याज दर ऋण दिएको समयमा र सञ्चालक समितिले ब्याज दर हेरफेर गरी लागू गरेको ब्याज दर नै कायम हुने गरी ऋण लगानी गरेको देखिएको औँल्याइएका हुँदा एउटै समयमा ब्याजदर फरक फरक गरी निर्धारण भएकोले एउटै ब्याज दर निर्धारण गर्नु हुन ।

**छ.** प्रतिवेदनको ५.४३ मा ऋण परिचालन तथा असुली नीति २०६९ को नियम १५(क) मा आफ्नै शेयर र बचतको दोब्बर अधिकत्तम सीमा १ लाखसम्म ऋण लगानी गर्दा जमानी एकाघरको १ जना र संस्थाको १ जना भएपछि ऋण अधिकृत वा सेवा केन्द्र प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था गरेकोमा केही सदस्यहरूलाई आफैले बनाएको नीति नै प्रयोग नगरी ऋण प्रवाह गरेको देखिएकोले नीति अनुसार गरी प्रतिवेदन पेश गर्नु हुन ।

## कृषि समिति

**मिति २०८१।१२।२७ गते**

१. मिति २०८१ चैत्र २८ गतेदेखि मिति २०८२ वैशाख ७ गतेसम्म सञ्चालन हुने औद्योगिक शान्ति मेला, १०८ रोपनीमा भक्तपुर नगरपालिकाद्वारा उत्पादित CNBM प्रविधिबाट उत्पादित कम्पोष्ट मल प्रदर्शनी तथा बिक्री गर्ने तथा सो प्रदर्शनीको लागि मल प्रदर्शनीको लागि आवश्यक जनशक्ति लागि श्यानिटेशन उपशाखालई जिम्मा दिने । सो मेला अवधिभर खुद्रा कम्पोष्ट मलमा समेत ५० प्रतिशत छुट दरमा बिक्री गर्ने ।

## निर्माण समिति

**मिति२०८२।१।२३गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भुतिपाखामा ढल निकास व्यवस्थापन कार्य | १० | ढल निकास पूर्वाधार विकास | १,०५२,३२०।८६ | | | | | | | | |
| २ | तपाकेमा ढल व्यवस्थापन कार्य | १ | ढल निकास पूर्वाधार विकास | ६५,१३३।०८ | | | | | | | | |
| ३ | सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | ४ | सडक बत्ती | ९९६१८।२४ | | | | | | | | |
| ४ | सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | ५ | सडक बत्ती | ९९६१८।२४ | | | | | | | | |
| ५ | water Pump तथा Automatic water level control Systemजडान कार्य, भनपा कार्यालय | २ | मर्मत | ९७,१४६।१० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख) रि. ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भक्तपुर नपा वडा नं. ९ तौलाछैं (लिवी) मा बहुउद्देशीय सामुदायिक भवन निर्माण | ९ | सङ्घीय सरकार सशर्त अनुदान ( आ.व. २०८०/८१) | ३,००८,७५०।३३ | ४,२८५,०४१।६१ | | | | | | | |
| २ | गोल्मढी गःहिति उत्तरतर्फको पाटी पुनःनिर्माण कार्य | ७ | नपा | २,१०५,७४४।६७ | १,९८८,६६२।५४ | | | | | | | |
| ग) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | पुरानो जगाति पुल निर्माण ( डीपीआर सहित) कार्य | ८ | सङ्घीय सरकार सशर्त अनुदान | ५,३४४,०१८।१८ | | | उ.स.अ. : श्री बालगोबिन्द तचामो अ.स.स. : श्री कृष्णप्रसाद कोजु | | | | | |
| २ | भनपा वडा नं. ८ को सडक फुटपाथमा बिरूवा दुबो र जाली राख्ने कार्य | ८ | वातावरण तथा पर्यटन समिति | ५६२,५८३।६३ | | | उ.स.अ. : श्री रामकाजी शिल्पकार अ.स.स. : श्री कृष्णलाल किसी | | | | | |
| ३ | भुतिपाखामा ढल निकास व्यवस्थापन कार्य | १० | ढल निकास पूर्वाधार विकास | १,०५२,३२०।८६ | | | उ.स.अ. : श्री राजन दुवाल अ.स.स. : श्री कृष्ण नारायण दुमरू | | | | | |
| ४ | CNBM कम्पोस्ट प्लान्टमा ब्लक छपाइ कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र पूर्वाधार निर्माण | २,९७५,८४९।५१ | | | उ.स.अ. : श्री इश्वरीमान दुमरू अ.स.स. : श्री कृष्ण नारायण दुमरू | | | | | |
| घ) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | खँचा पुखु स्वास्थ्य चौकी निर्माण कार्य ( तेस्रो चरण) | ७ | बागमती प्रदेश विशेष बजेट नपा | १४,२४६,१६१।८७ | कबोल अङ्क ९१,३१,२६२।६३ | प्रथम रनिङ्ग बिल | २,१८२,७०८।८३ | २,१८२,७०८।८३ | २,१८२,७०८।८३ | आंशिक सम्पन्न | Newa Construction, मध्यपुर थिमि ५, भक्तपुर | चौथो रनिङ्ग बिल रू. १५,४१,५८७।६५ भुक्तानी दिने |

# बैठक सङ्ख्या– ८१

## मिति २०८२ जेठ २ गते, शुक्रबार

## निर्णयहरू

### स्वागत

चिनीयाँ जनप्रतिनिधि सभाका उप सभामुख श्री सियाओ चिएलाई सांस्कृतिक बाजागाजा, नाचगानसहित स्वागत गर्ने र सोको लागि आवश्यक खर्च यस नगरपालिकाबाट व्यवस्था गर्ने निर्णय गरियो ।

### पुस्तक प्रकाशन

'लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माण – २०८२' पुस्तक ५००० प्रति प्रकाशित गर्ने र सोको लागि प्रकाशनको खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

### अनुदान सहयोग

भक्तपुर नगरपालिकाको 'भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड २०६०, तेश्रो संशोधन' अनुसार भक्तपुर नगरपालिकाबाट भक्तपुर नगरको विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा परम्परागत शैलीका घर तथा भवन निर्माण गर्ने नगरवासीहरूलाई प्रोत्साहन स्वरूप घर तथा भवन निर्माण गर्ने क्रममा मोहडातर्फ प्रयोग हुने काठ, इँट्टा र झिँगटी खरिदको लागि भक्तपुर नगरपालिकाले दिने अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार अनुदान माग निवेदन सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट पेश भएको प्रतिवेदन र भ.न.पा. नक्सा उपशाखाले पेश गरेको सिफारिसको आधारमा निम्न बमोजिमका घरधनीहरूलाई अनुदान सहयोग दिने निर्णय गरियो–

| क्र.सं. | घरधनीको नाम | निर्माण स्थल | कि.नं. | क्षेत्रफल | मुल्याङ्कन रकम रु. | अनुदान रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण देवी सिवन्जार | हाल ५ साविक ११ | २३३ र ७७८ | ०-०-३-२ र ०-०-२-३ | ३१३६३४.६४ | ३०००००.०० |
| २ | लक्ष्मीप्रसाद मधिकर्मी र उत्तमप्रसाद मधिकर्मी | हाल ४ साविक १२ | ३७७ र ३७५ | ०-१-०-२ र ०-०-२-२ | ३९९०७६.९७ | ३०००००.०० |
| ३ | मनिषा साख | हाल ५ साविक ८ | ५९९ | ०-०-३-२ | १०४५९६.४४ | १०४५९६.४५ |
| ४ | सुमित्रा नायभा श्रेष्ठ | हाल ९ साविक ३ | २१८ | ०-१-१-२ | २४४२९०.५७ | २४४२९०.५८ |
| ५ | राधेश्याम तुल्सीबाख्यो | हाल ५ साविक ११ | ४० | ०-२-०-१ | १२११७०.६४ | १२११७०.६४ |
| ६ | शिवप्रसाद श्रेष्ठ | हाल ९ साविक १ | २५४ | ०-२-१-० | १०५०८६.५२ | १०५०८६.५३ |
| ७ | सुलोचना धुख्वा | हाल ३ साविक १३ | २७२ | ०-२-२-३ | ३९१५४१.२५ | ३०००००.०० |
| | | | | जम्मा रकम रु. | १६,७९,३९७.०३ | १४,७५,१४४.१७ |

पुनश्चः निवेदकहरूमध्ये निवेदक श्री कृष्णप्रसाद तुल्सीबाख्योले भ.न.पा. वडा नं. ७ साविक ६ स्थित कि.नं. २६४ क्षे.फ.०-३-०-० जग्गामा बनेको घरको लागि अनुदान माग गरिएको सम्बन्धमा निजले सोही वडाको कि.नं. २६२ क्षे.फ. ०-११-१-० रहेको कित्ता जग्गामा बिना स्वीकृती झरतिला ढल निकास माथि पोल उठाई टहरा निर्माण गरिएको सम्बन्धमा भ.न.पा.बाट मिति २०८१।२।१४मा निर्णय पर्चा भएकोमा उक्त निर्णय अनुसार हालसम्म मापदण्डमा परेको भाग नहटाइएको हुँदा निजलाई हाललाई अनुदान सहयोग नदिने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

नपाको विभिन्न समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

#### शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

**मिति २०८२।१।३० गते**

१. भक्तपुर नगरपालिकाद्वारा विभिन्न नगर स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य केन्द्रहरुका लागि आवश्यक पर्ने औषधीहरू खरिदका लागि मिति २०८२।१।१७ गते भएको सम्झौता अनुसार प्राप्त हुने औषधीहरू सम्बन्धित निकायबाट प्रमाणिकरण भए नभएको यकीन गरी प्रतिवेदन पेश गर्न पाटन अस्पतालका वरिष्ठ फर्मासिस्ट सूर्य नारायण गाईजुलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहारा तथा बाल विकास केन्द्रहरू सञ्चालन तथा व्यवस्थापनको लागि उपनिर्देशक दिपेन्द्र प्रजापतिले पेश गर्नु भएको वार्षिक कार्य योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै मिति २०८२ वैशाख २९ गते आयोजना गरिएको शिशु स्याहार केन्द्रका शिक्षिका तथा आया दिदीहरूलाई एक दिने तालिमको आयोजना गर्ने निर्णय गरियो ।उक्त तालिमका प्रशिक्षकहरू लिना श्रेष्ठ र अर्चना भण्डारीलाई एक घण्टाको १ हजारको दरले आठ घण्टाको (दुई जनालाई) कर बाहेक रु.१६,०००।– (अक्षेरूपी रु. सोह्र हजार रुपैयाँ पारिश्रमिक दिने निर्णय गरियो ।

#### सूचिरकण समिति

**मिति २०८२।२।१ गते**

१. भ.न.पा. अन्तर्गत सूचिकरण समितिको मिति २०८०।०४।०१ गते नक्सा पास/नक्सा सूचिकरणको लागि निर्णयार्थ भ.न.पा.को कार्यपालिका बैठकमा पेश गर्ने भनी निर्णय भएअनुसार निम्न अनुसारको नक्सावालाको नक्सा पास/सूचिकरण गर्ने निर्णय गरियो–

| क्र.सं. | निवेदकको नाम/थर | निर्माणठेगाना | कि.नं. | क्षेत्रफल | समितिको सिफारिस | सूचिकरण समितिको सिफारिस मिति |
|---|---|---|---|---|---|---|
| १. | कृष्ण भक्त दुवाल | भनपा वडा नं. ८ | ३४३ | | सूचिकरण हुने। | २०८०।११।२२ |
| २. | एम बहादुर लामा | भनपा वडा नं. १ | ४४८ | ०-२-१-० | सूचिकरण हुने। | २०८०।११।२२ |
| ३. | शारदा मैया कोजु | भनपा वडा नं. १ | ७४३ | ०-३-०-० | नक्सा पास हुने। | २०८०।११।२२ |
| ४. | रेणु श्रेष्ठ | भनपा वडा नं. १० | ४०४ | ०-२-२-० | नक्सा पास हुने। | २०८१।०१।०४ |
| ५. | मोहन कृष्ण सिल्पकार | भनपा वडा नं. ६ | ९८३ र ९८४ | ०-१-०-१ र ०-८-२-२ | सूचिकरण हुने। | २०८०।०४।०१ |
| ६. | कृष्ण लक्ष्मी चवाल | भनपा वडा नं. ४ | १२५६ | ०-१-२-२ | सूचिकरण हुने। | २०८०।०४।०१ |
| ७. | लक्ष्मी कुमार सुवाल | भनपा वडा नं. ४ | १००७ र १०१० | ०-१-१-२ र ०-१-१-२ | पास एवं सूचिकृत समेत गर्नुनहुने। | २०८०।०४।०१ |

## आर्थिक तथा लेखा समिति

**मिति २०८२।२२१गते**

१. साथीभाई वचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्षले सहकारी संस्था एक्लौटी रूपमा सञ्चालन गरी संस्थाको पैसा अपचलन गरेकोले अध्यक्षको घरजग्गा श्रीसम्पत्ति रोक्का राखी आवश्यक कारवाही गरी पाउन भनी सञ्चालक समितिका ७ जना पदाधिकारीहरूबाट यस कार्यालयको दर्ता नं. १०८०४ मिति०८२।१।३१ गतेको निवेदनमा छलफल हुँदा भक्तपुर नगरपालिकाबाट अनुगमन गरी कार्यालयमा बोलाई छलफल गर्दा पनि एक्लौटी रूपमा संस्था सञ्चालन गरी नगरपालिकाबाट दिइएको सुझावसमेत बेवास्ता गरेको देखिएकोले संस्थाका अध्यक्ष श्री अनिल कुमार न्यौपानेको एक्लौटी नाममा मालपोत कार्यालय,भक्तपुरमा दर्ता भएको भक्तपुर जिल्ला भक्तपुर नगरपालिका साविक वडा नं. १७ हालको वडा नं. १ नक्सा सिट १(ख) कित्ता नं. १८३९ र ५७२० क्षेत्रफल क्रमशः ०-१-२-२ र ०-११-२-० रोक्का राखी रोक्का पूर्जी पठाई दिन सम्बन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

२. श्री जय भवानी वचत तथा ऋण सहकारी संस्था लि. का लेखा समितिका पदाधिकाहरूको निवेदन सम्बन्धमा छलफल हुँदा उक्त संस्थाका उपाध्यक्ष श्री सुनाम सुब्बा र व्यवस्थापक श्री रोजिना श्रेष्ठले संस्थाको रकम अपचलन गरी संस्था नखोलेको र सम्पर्कमा नआएकोले कारबाहीको लागि पर्न आएको निवेदन अनुसार भक्तपुर नगरपालिकाको आर्थिक समितिको निर्णय अनुसार ७ दिनभित्र सम्पर्कमा आउन पत्राचार गर्दा समेत सम्पर्कमा नआएकोले श्री जय भवानी बचत तथा ऋण सहकारी संस्था लि.का उपाध्यक्ष श्री सोनाम सुब्बा र व्यवस्थापक श्री रोजिना श्रेष्ठलाई आवश्यक कारबाहीको लागि प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

## नगर विपद व्यवस्थापन समिति

**मिति २०८२।२।१ गतेक**

१. मिति २०८२।०१।१७ गते बुधबारका दिन भ.न.पा. वडा नं. ८ लिवालीमा सञ्चालन गरेको फर्निचर उद्योगमा आललागी भई उद्योगमा रहेको काठ, प्लाई, तयारी सामानहरू, मेशिनरी सामानहरू र २ तले टहरा आगलागीबाट क्षति भएकोले आर्थिक सहयोग पाऊँ भनी उद्योग धनी श्री रमेश लागेले यस कार्यालयमा निवेदन पेस गर्नुभएको र उक्त आगलागी सम्बन्धमा भ.न.पा.वडा नं. ८ समितिको कार्यालयबाट स्थलगत डोर खटाई क्षति विवरणसहित सर्जमिन मुचुल्का समेत पेस भएकोले अध्ययन गरी छलफल हुँदा पीडितलाई राहत स्वरूप रु. ४०,०००।- (अक्षेरुपी चालिस हजार) मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२. विपद व्यवस्थापन तथा प्रतिकार्य कार्यको लागि आवश्यक हुने न्यूनत्तम खोज उद्धार सामग्रीहरू सबै वडा समिति कार्यालयहरू र नगरपालिका कार्यालयमा व्यवस्था गर्नको लागि १५ सेट खरिद गर्ने निर्णय गरियो-

**भक्तपुर नगरपालिका वडास्तरमा राख्न आवश्यक हुने न्यूनत्तम खोज उद्धार सामग्रीहरू**

| क्र.सं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | कंक्रित/सिमेन्ट कटर | १/१ | |
| २ | रुख कटर चेन शो | १ | |
| ३ | आईरन कटर मेशिन | १ | |
| ४ | भऱ्याङ्ग डब्बल | १ सेट | |
| ५ | बाल्टिन | ५ | |
| ६ | डोरी | २०० मि. | बलियो |
| ७ | सेफ्टी हेल्मेट | ५ | गुणस्तरीय |
| ८ | बञ्चरो | २ | |
| ९ | आँसी/हँसिया | २ | |
| १० | कोदालो, बेल्चा | २/२ | |
| ११ | पिक | २ | |
| १२ | लिभर/गल | २ | |
| १३ | घन ५ किलो | २ | |
| १४ | टर्चलाइट/हेडलाईट | ४ | |
| १५ | सिठ्ठी | केही | |
| १६ | हावा भर्ने डुंगा | १ | |
| १७ | लाईफ ज्याकेट | ४ | |
| १८ | हाते करौंती | २ | |
| १९ | प्राथमिक उपचार सामग्री | | |
| २० | स्ट्रेक्चर | १ | |
| २१ | Fife Extiguisher | | |
| २२ | सानो हामर | २ | |
| २३ | मार्तोल | १ सेट | |
| २४ | tube | २ | |
| २५ | Test pin | १ | |
| २६ | Safety belt | १ | |
| २७ | विरुवा काट्ने कैची | १ | |

**निर्माण समिति**

**मिति२०८२।०२।०१गते**

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | खँचा शिशु स्याहार केन्द्रमा मर्मत तथा रंगरोगन कार्य | ७ | मर्मत | ९८,७५५।६७ | | | | | | | | |
| २ | धालाखुसीमा पानी निकास व्यवस्थापन कार्य | १ | मर्मत | ९९,६६१।७३ | | | | | | | | |
| ३ | राम मन्दिरमा अवस्थित शौचालयको झ्याल तथा खापा मर्मत कार्य | ४ | मर्मत | ९७,८९६।९१ | | | | | | | | |
| ४ | महेश्वरी पुलदेखि ब्रह्मायणी पुलसम्मको खोला र लर्के खोला सुधार कार्य | ८ | मर्मत | ८१९,०९७।०२ | | | | | | | | |
| ख) रि. ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बिस्का जात्रामा योसिंद्योको लागि फलामे च्वलं बनाउने कार्य | ४ | मर्मत | २०४,८५६।३३ | २०२,०५२।८६ | | | | | | | |
| २ | न:पुखु पर्खाल पुन:निर्माण कार्य | १ | नपा | २,६३४,९०४।०२ | २,६५९,८४१।०९ | | | | | | | |
| ग) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | नगरका विभिन्न सडकहरूको स्तरोन्नती कार्य | ४, ६, ८ र १० | सडक स्तरोन्नती | ल.ई. रकम १,८४,९८,५३२।८९ | कबोल रकम १,२७,४३,६७२।८ | | ३,२१४,७२८।३४ | ३,२१४,७२८।३४ | ३,२१४,७२८।३४ | आंशिक सम्पन्न | Standard Asphalt and Construction Company Pvt. Ltd., Liwali, Bhaktapur | |
| २ | बाराही पुल परिसरमा एप्रोच रोड र रिटेनिङ्ग वाल निर्माण कार्य (आ.व.२०७९/८०) | ३ | बाराही पुल परिसरमा एप्रोच रोड र रिटेनिङ्ग वाल निर्माण कार्य | ल.ई. : ३,०६,७१,९७१।२५ | कबोल रकम : १,५३,१२,३५२।०२ | प्रथम रनिङ्ग बिल | २,१९३,८८८।७९ | २,१९३,८८८।७९ | २,१९३,८८८।७९ | सम्पन्न | रिना कन्स्ट्रक्सन प्रा.लि. | पाँचौ रनिङ्ग बिल रू. २८,८३,२९१।३५ भुक्तानी |
| | | | | | | दोस्रो रनिङ्ग बिल | ३,३१६,९२२।९५ | ३,३१६,९२२।९५ | ३,३१६,९२२।९५ | | | |
| | | | | | | तेस्रो रनिङ्ग बिल | २,६४६,८१२।७० | २,६४६,८१२।७० | २,६४६,८१२।७० | | | |
| | | | | | | चौथो रनिङ्ग बिल | ३,६२५,५४९।९१ | ३,६२५,५४९।९१ | ३,६२५,५४९।९१ | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पाँचौ रनिङ्ग बिल | २,८८३,२९१।३५ | २,८८३,२९१।३५ | २,८८३,२९१।३५ | | |
| | | | | | | जम्मा | १४,६६६,४६५।७० | १४,६६६,४६५।७० | १४,६६६,४६५।७० | | |
| ३ | घुम्ती शौचालय(Mobile Toilet) बनाउने कार्य | नपा | वातावरण तथा पर्यटक समिति | ल.ई. ९,९९,१८३।६७ | कबोल रकम ९,९०,४४५।०० | | ९९०,४४५।०० | ९६८,१५९।९९ | ९९०,४४५।०० | सम्पन्न | B.B. Engineering Pvt. Ltd., lydL | कार्य सम्पन्न गर्न सम्झौता को म्यादभन्दा ४५ दिन बढी लिएकोले कबोल रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले रु. २२,२८५।०१ कट्टा गरी रु.९,६८,१५९।९९ मात्र भुक्तानी गर्ने |
| ४ | सिज पलि पाटी पुन:निर्माण कार्य | १० | नपा | २,८१३,७९१।१९ | | ६५०,०००।०० | १,०३७,१७५।०० | ३८७,१७५।०० | १,३०७,८४३।५४ | आंशिक सम्पन्न | ज्ञान कुमार मगजु | |
| ५ | न:पुखू पर्खाल पुन:निर्माण कार्य | १ | नपा | २,६५९,८४१।०९ | | ६५०,०००।०० | १,८१३,३३६।०० | १,१६३,३३६।०० | २,४४६,९८२।७२ | सम्पन्न | नरेश बज्राचार्य | |
| ६ | ठुलो ब्यासी बाटो ढुंगा छपाइ कार्य | २ | बागमती प्रदेश सशर्त अनुदान | ५,४६४,७७८।३४ | पहिलो पेश्की | १,६००,०००।०० | २,३९८,८०१।२० | ७९८,८०१।२० | २,५५४,१९३।१७ | सम्पन्न | सत्यनारायण बासुकला | दोस्रो पेश्की फछ्र्यौट गरी रु. ८,००,५८४।८० भुक्तानी गर्ने |
| | | | | | दोस्रो पेश्की | १,८००,०००।०० | २,६००,५८४।८० | ८००,५८४।८० | ४,७४५,१८०।७७ | | | |
| | | | | | जम्मा | ३,४००,०००।०० | ४,९९९,३८६।०० | १,५९९,३८६।०० | ७,२९९,३७३।९४ | | | |
| ७ | नपली स्वास्थ्य चौकीमा रेलिङ बनाइ जडान कार्य | १ | मर्मत | ७६,०१४।१५ | | | ७५,२०१।५० | ७५,२०१।५० | ७८,२००।६९ | सम्पन्न | रामसुन्दर दुवाल (अमानत) | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पाइपलाइनदेखि सुकुना फाँटसम्म जाने बाटोमा ग्राभेलिङ्ग कार्य | १० | मर्मत | ८७,८७३। ८९ | | २६,०० ०।०० | ८०,०० ०।०० | ५४,०० ०।०० | ९१,९०३ ।५० | सम्पन्न | बाल कृष्ण कार्की ( अमानत) | |
| ९ | ज्ञानकुञ्ज टोल सिंहख्वाते क्षेत्रको बाटोहरूमा ग्राभेल तथा बेस हाली मर्मत गर्ने कार्य | १ | मर्मत | ८५,६४६। ३३ | | | ८५,१० ४।६४ | ८५,१० ४।६४ | ८७,५२ २।७८ | सम्पन्न | नवराज धौगोडा ( अमानत) | |
| १० | भनपा भवनको उत्तरपश्चिम दिशामा गेट निर्माण कार्य | २ | मर्मत | ५०,२०७। ६३ | | | ४९,९४ ८।१७ | ४९,९४ ८।१७ | ५०,२३६ ।७८ | सम्पन्न | सुरेन्द नकर्मी ( अमानत) | |
| ११ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (चैत महिनाको) | १-१० | मर्मत | ९२४९८। ८८ ( ज्याला) | | | ज्याला ८५,२० ०।०० | ज्याला ८५,२० ०।०० | ८९,७० ९।३८ | सम्पन्न | ( राधे श्याम भैनात्व ) अमानत | जिन्सी शाखाबाट प्राप्त पुरानो निर्माण सामग्री प्रयोग भएको |
| १२ | बिस्का जात्रामा योसिंद्योको लागि फलामे च्वलं बनाउने कार्य | ४ | मर्मत | २०२,०५ २।८६ | | | १९७,४ २८।८७ | १९७,४ २८।८७ | २०१,५ ९३।७० | सम्पन्न | सुरेश छुकां | |
| १३ | CNBM कम्पोस्ट प्लान्ट सञ्चालनार्थ थ्रिफेज मिटर जडान कार्य | १० | मर्मत | ३२५,०० ७।७४ | | १००, ०००। ०० | ३०६,८३ ४।६७ | २०६,८३ ४।६७ | ३२२,१० ८।४८ | सम्पन्न | गोविन्द राम थुसा | |
| १४ | सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | ४ | सडक बत्ती | ९९६१८। २४ | | | ८३,७० २।११ | ८३,७० २।११ | १२३,४ ४४।६० | सम्पन्न | राम प्रजापति ( अमानत) | |
| १५ | सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | ५ | सडक बत्ती | ९९६१८। २४ | | | ८२,९८ ८।०० | ८२,९८ ८।०० | १२४,५ ५२।०० | सम्पन्न | बाल कृष्ण खुली मुली ( अमानत) | |
| १६ | ६ KVA online Ups जडान कार्य, भनपा कार्यालयमा | २ | मर्मत | १३६,७३० ।०० | | | १०५,० ००।०० | १०५,० ००।०० | १२७,०७ ९।६५ | सम्पन्न | S-power BPE Pvt. Ltd., kalanki, kathmandu | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. आ.व. २०८१/०८२ मा यस नगरपालिका वडा नं. ८ स्थित महेश्वरी पुलदेखि ब्रम्हायणी पुलसम्मको खोला र लर्के खोला सुधार कार्य योजना सञ्चालन गर्न वडा प्राविधिकबाट रु. ८,१९,०९७।०२ लगत इष्टिमेट भई आएको हुँदा उक्त ल.ई. स्वीकृत गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिका क्षेत्रभित्र छायाङ्कन गर्ने स्थान भाडा लिने लगायतका कार्यक्रमको लागि अग्रिम बुकिङ्ग गर्ने व्यवस्था रहेको र सो अनुसार बुकिङ्ग गर्दा कहिलेकाहीं विभिन्न कारणले कार्यक्रम सार्नुपर्ने तथा स्थगित वा रद्द गर्दा बुझाएको रकम फिर्ता दिनुपर्ने माग आउने गरेको सम्बन्धमा त्यस्तो अवस्था आएमा रकम फिर्ता गर्नुपर्दा कार्यक्रम हुने दिनभन्दा ३ दिन पहिले जानकारी दिएमा बुझाएको रकम (लाग्ने दस्तुर/कर) को २५ प्रतिशत कट्टी गरी बाँकी रकम फिर्ता दिने र ३ दिनभित्र अग्रिम जानकारी दिएमा ५० प्रतिशत कट्टी गरी बाँकी रकम फिर्ता दिने (कार्यक्रमको दिन वा सोभन्दा पछि निवेदन दिएमा फिर्ता नदिने) साथै प्राकृतिक कारण वा मनासिब कारण देखाई समय परिवर्तनको लागि अग्रिम जानकारी दिएमा रकम फिर्ता नगरी पछिल्ला दिनमा सार्ने गरी निःशुल्क समय परिवर्तन गर्ने सम्बन्धी मिति २०८२।०१।१९ मा सदर भएको टिप्पणीको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।– नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।– नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००।– को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।– (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

## एड्भान्स पाक शिक्षा तालिमका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको आयोजनामा सञ्चालित एड्भान्स पाक शिक्षा तालिम समापन तथा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण कार्यक्रम जेठ २० गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो।

तालिममा २० जना प्रशिक्षार्थीहरू सहभागी थिए।

कार्यक्रममा प्रमुख **प्रजापति**ले नागरिकलाई आत्मनिर्भर र आर्थिक रूपले सबल बनाई स्वरोजगार बनाउने उद्देश्यले भक्तपुर नपाले युवा र महिला लक्षित सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

सबै मान्छे सबैमा पूर्ण नहुने तर उसमा विशेष क्षमता र विशेषता हुने बताउनुहुँदै उहाँले मानव जीवनको दैनिक जीवनयापनसँग सम्बन्धित पाक शिक्षा धेरै राम्रो व्यवसायको रूपमा रहेको चर्चा गर्नुभयो।

नेपाल संसारकै राम्रो हावापानी भएको देश भएको बताउनुहुँदै उहाँले अब नेपालीहरू विदेश जाने होइन, विदेशीलाई नेपाल भित्र्याउने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर सांस्कृतिक र पर्यटकीय नगरको रूपमा विकास भइरहँदा यहाँ पर्यटन प्रवर्द्धनमार्फत आर्थिक गतिविधि चलायमान बनाउने धेरै सम्भावनाहरू रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले श्रमलाई सम्मान गर्ने बानीको विकास गर्नुपर्ने बताउनुभयो।

उपप्रमुख **रजनी जोशी**ले पाक शिक्षा कला र सिर्जनशीलतासँग पनि जोडिएको पेशा हो भन्नुहुँदै मौलिक खानाका परिकारहरूलाई होटल व्यवसायीहरूले प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो। उहाँले पाक शिक्षालाई अभौतिक सम्पत्तिको रूपमा व्याख्या गर्नुहुँदै मौलिक खानाको माध्यमबाट पनि भक्तपुरको पहिचान कायम गर्न सकिने बताउनुभयो।

कार्यक्रमका सभापति कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले प्रशिक्षार्थीहरूले तालिमबाट सिकेको ज्ञान र सीपबाट आफ्नो जीवनलाई अझ परिस्कृत बनाउन टेवा पुग्ने विश्वास गर्दै आजका प्रशिक्षार्थी भोलिको व्यवसायीको रूपमा विकास हुन प्रेरणा दिनुभयो।

कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**, वडा सदस्य **हेरा ख्याजु**, पाक शिक्षा तालिम प्रशिक्षक **विष्णु श्रेष्ठ**, प्रशिक्षार्थी **रमेश कायस्थ**ले तालिमको उपलब्धी र महत्त्वमाथि प्रकाश पार्नुभयो।

## प्रमुख प्रजापतिसँग बालविकासका विद्यार्थीको साक्षात्कार



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सिकाइको जग प्रारम्भिक शिक्षादेखि नै बलियो बनाउनुपर्ने बताउनुहुँदै शिक्षाबिना समाजको विकास सम्भव नभएको बताउनुभयो।

नगर प्रमुख प्रजापतिसँग जेठ १९ गते भक्तपुर नपा वडा नं. ८ लिबालीस्थित बालविकास इङ्ग्लिश स्कूलमा कक्षा ९ र १० मा अध्ययरत विद्यार्थीको साक्षात्कार कार्यक्रममा उहाँले भक्तपुर नगरपालिकाले सञ्चालन गरेका कलेजहरूसँगै भक्तपुरमा सञ्चालित अधिकांश सामुदायिक विद्यालयहरूको शैक्षिक स्तरमा विगतको तुलनामा निकै सुधार भएको बताउनुभयो।

२०३६।३७ सालतिर भक्तपुरको शिक्षा निकै कमजोर अवस्थामा रहेको र त्यसबेला चिट चोरेर पास गर्नुलाई सामान्य रूपमा लिइने बताउनुहुँदै २०३६ सालमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) १० वर्षको भारत प्रवासबाट नेपाल फर्केपश्चात् लामो प्रयासपछि भक्तपुरका विद्यालयहरूमा चोरी गर्ने काम समाप्त भएको र गुणस्तरीय शिक्षाको लागि प्रतिस्पर्धा चलेकै कारण आजको गुणस्तरीय शिक्षा सम्भव भएको बताउनुभयो।

२०५६ सालमा का. रोहितले १५ वर्षभित्र भक्तपुरमा 'एक घर एक स्नातक' बनाउने घोषणा आज सार्थक बनिसकेको बताउनुहुँदै नेतृत्व गर्नेहरूले सुधार गर्न चाहे देश र समाजमा सकारात्मक परिवर्तन सम्भव छ भन्ने एउटा दरिलो उदाहरण भक्तपुरले प्रस्तुत गरेको उहाँले बताउनुभयो।

भक्तपुरको शैक्षिक स्थिति आजको अवस्थासम्म ल्याइपुऱ्याउन यहाँका अगुवाहरूको महत्त्वपूर्ण योगदान रहेको बताउनुहुँदै उच्च शिक्षा प्रदान गर्ने कलेज र विश्वविद्यालयले शैक्षिक गुणस्तरमा वृद्धि नगरेसम्म देश छोडेर विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई रोक्न नसकिने प्रमुख प्रजापतिले प्रष्ट पार्नुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा सँगसँगै यहाँको स्वास्थ्य, खेलकुद, विकास निर्माण, सरसफाइलगायत समग्र नगरको सन्तुलित विकासमा जोड दिँदै आएको बताउनुहुँदै भक्तपुरको शिक्षालाई मोडलको रूपमा लिएर विभिन्न नगरपालिकाका जनप्रतिनिधिले आ-आफ्नो पालिकामा यस्तै प्रकारको कलेजहरू सञ्चालन गरिसकेको र गर्ने प्रक्रिया पाएको र यो भक्तपुरवासीहरूको लागि गौरवको विषय हो भन्नुभयो।

कार्यक्रममा बालविकास इ. स्कूलका विद्यार्थीहरूले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक, नपाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय, नगर प्रमुखको राजनीतिक जीवन र भोगाई, भक्तपुर नपालाई भ्रष्टाचारमुक्त नगर बनाउन सक्नुका आधार, विद्यालय शिक्षा सुधारमा भक्तपुर नपाका नयाँ कामहरू, सडक सुरक्षा, विद्यालयहरूमा छिकोङ खेल व्यवस्था, सांस्कृतिक गुरुहरूलाई बाजा सिकाउन विद्यालयहरूमा पठाउन नपाको योजना, ख्वप अस्पतालमार्फत नगरका विद्यालयहरूमा स्वास्थ्य परीक्षण कार्यक्रमलगायतका विषयमा आ-आफ्नो जिज्ञासा राखेका थिए।

तत्पश्चात् प्रमुख प्रजापति र शिक्षक-विद्यार्थीहरूबिच मायाको चिनो र नपाका प्रकाशनहरू आदानप्रदान भएको थियो।

## पाहाँ छेँ सत्तल शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ३ दरबार क्षेत्रमा अवस्थित पाहाँ छेँ सत्तल पुन:निर्माणको लागि जेठ २२ गते शिलान्यास गर्नुभयो।

शिलान्यास कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुरका अन्य सम्पदाहरू जस्तै पाहाँ छेँ सत्तल पनि प्राप्त प्रमाणहरूको आधारमा मौलिक स्वरूपमा पुन:निर्माण गर्न जोड दिनुभयो।



भक्तपुर घुम्न आउने आन्तरिक र बाह्य पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको बताउनुहुँदै उहाँले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने भक्तपुर नपाको लक्ष्य विस्तारै पूरा हुँदैछ भन्नुभयो।

भक्तपुरमा रोजगारी सिर्जनाका धेरै अवसरहरू रहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले आन्तरिक पर्यटन प्रवर्द्धनमा विशेष जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले भक्तपुर नपाले यहाँका सम्पदाहरू आफ्नै स्रोतमा संरक्षण गर्दै आएको बताउनुहुँदै नगरपालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यले नपा अगाडि बढिरहेको बताउनुभयो।



सम्पदा शाखा प्रमुख **रामगोविन्द श्रेष्ठ**ले भक्तपुरको दरबार क्षेत्रमा अवस्थित पाहाँ छेँ सत्तल ऐतिहासिक रूपले महत्त्वपूर्ण रहेको चर्चा गर्नुहुँदै सत्तल पुरानै स्वरूपमा पुन:निर्माण

गर्न अध्ययन भइरहेको बताउनुभयो।

कार्यक्रममा पाहाँ छैं सत्तल पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष **रामहरि गोरा** र कार्यपालिका सदस्य **सुनिता अवाल**ले पनि बोल्नुभएको थियो।

## भक्तपुरको खानेपानी मुहान पोखरीमा सरसफाइ




भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिकाको संयुक्त आयोजनामा विश्व वातावरण दिवसको अवसरमा जेठ २२ गते चाँगुनारायण नपा वडा नं. ६ स्थित खानेपानी मुहान पोखरीमा सरसफाइ कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले खानेपानीका मुहानहरू सुक्ने क्रम बढिरहँदा खानेपानी आपूर्तिमा समस्या भइरहेको बताउनुहुँदै मानवीय क्रियाकलापले गर्दा पनि पानीका स्रोत र मुहानहरू फोहोर हुने र सुक्ने गरेको बताउनुभयो।

वनविनासले पनि खानेपानीका मुहानहरूमा क्षति पुऱ्याइरहेको बताउनुहुँदै उहाँले मुहान पोखरीलाई संरक्षित क्षेत्रको रूपमा विकास गर्न आवश्यक पहल गरिरहेको बताउनुभयो।

खानेपानीको नयाँ नयाँ स्रोतहरू पनि खोजी हुनुपर्ने र पानीको स्रोतलाई संरक्षण गर्नु सबैको दायित्व हो, प्रमुख प्रजापतिले भन्नुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वातावरण समितिका संयोजक **रवीन्द्र ज्याख्व**ले भक्तपुरको खानेपानी मुहान पोखरी भक्तपुर र चाँगुनारायण नपाबिच आपसी समन्वय र सहकार्यमा संरक्षण गर्ने कार्य हुँदै आएको बताउनुहुँदै खानेपानीको स्रोतमा मानवीय गतिविधिबाट हुने प्रदूषण रोक्न सम्बन्धित निकायबाट पहल हुनुपर्ने बताउनुभयो।

चाँगुनारायण नपा वडा नं. ६ का वडाध्यक्ष **धनबहादुर तामाङ**ले मुहानपोखरी संरक्षण र सरसफाइलाई चाँगुनारायण नपाले पनि प्राथमिकताका साथ अगाडि बढाइरहेको बताउनुहुँदै मुहानमा विभिन्न अवाञ्छित गतिविधि रोक्ने विषयमा पहलहरू भइरहेको र मुहान संरक्षणको लागि तारबार लगाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो।

कार्यक्रममा काठमाडौँ उपत्यका खानेपानी संस्था लि. भक्तपुरका प्रमुख **अनिलकुमार त्रिखत्री**ले खानेपानी मुहान संरक्षण गर्ने अभियानमा नगरवासीहरूको सहभागिता प्रशंसनीय भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वातावरण समितिका सदस्य मन्जुमैया लाखाले पनि बोल्नुभएको थियो।

सरसफाइ कार्यक्रममा भक्तपुर नपा र चाँगुनारायण नपाका जनप्रतिनिधि, कर्मचारी, स्काउट, नेपाल प्रहरी र स्थानीयहरूको सहभागिता रहेको थियो।

## केही झलक













# भक्तपुर नपाको विकास निर्माण पारदर्शी र स्थानीय स्रोतमा आधारित



भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा भोलाछेँ पाटी उद्घाटन एवं महालक्ष्मी द्यःछेँ छाना मर्मत, वडा कार्यालय भवन छाना मर्मत र भोलाछेँ बाटो ढुङ्गा छपाइ कार्यको हिसाब सार्वजनिकीकरण कार्यक्रम जेठ २४ गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका प्रमुख **सुनिल प्रजापति**ले सांस्कृतिक नगर भक्तपुरको मठ, मन्दिर, पाटीपौवा, बाटोघाटो सम्पदा पुनःनिर्माण कार्य ठेक्कापट्टामा नभई स्थानीय उपभोक्ता समितिमार्फत पारदर्शी रूपमा स्थानीय स्रोत, साधन र श्रम प्रयोग गरी विकास निर्माण कार्य भइरहेको बताउनुभयो ।

उहाँले माटो जोडाइमा थन्थु दरबार पुनःनिर्माण कार्य भइरहेको बताउनुहुँदै नगरमा विभिन्न सभा सम्मेलनको लागि ध्यान दिई अरनिको सभा भवन निर्माणाधीन अवस्थामा रहेको बताउनुभयो ।

ख्वप आदर निकेतन सञ्चालन गर्न आवश्यक पहल भइरहेको जनाउनुहुँदै उहाँले पर्यटन विकासको लागि कोसेली घर व्यवस्था गर्नेतर्फ लागिरहेका छौँ भन्नुभयो ।

उहाँले युवाहरू विदेसिरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्नुहुँदै भक्तपुर नगरपालिकाले युवा लक्षित विभिन्न सीपमूलक तालिमहरू कम्प्युटर, पाक शिक्षा, जग्गा नापजाँच, सिलाइ बुनाइ, जुत्ता सिलाउनेलगायतका तालिमहरू सञ्चालन गरी व्यवसाय प्रवर्द्धनका लागि ५ लाखसम्मको व्यवसाय ऋण उपलब्ध गराइरहेको बताउनुभयो ।



नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रअनुसार अक्षरसः पालना गरिरहेको चर्चा गर्नुहुँदै उहाँले राजनैतिक कार्यकर्ताहरू लक्ष्य प्राप्त गर्न निरन्तर लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भनपा ६ नं. वडाका वडाध्यक्ष एवं कार्यक्रमका सभापति **हरिराम सुवाल**ले वडाको विकास निर्माण कार्यमा वडावासीहरूको राय, सुझाव साथ सहयोगमा काम अघि

बढिरहेको चर्चा गर्नुभयो ।

कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले घरघरैबाट कुहिने र नकुहिने फोहोर छुट्याई फोहोर सङ्कलन व्यवस्थापनमा सहयोग गर्न आग्रह गर्नुहुँदै भक्तपुर नगरपालिकाले सफाइ क्षेत्रमा भइरहेको खर्च कम गरी अन्य शिक्षा, स्वास्थ्य क्षेत्रमा सुधार गर्न थप टेवा मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

वडा सदस्य **गोविन्द दुवाल**ले धनी र गरिब नहुने समाजवादी व्यवस्था स्थापना गर्न नेपाल मजदुर किसान पार्टी सङ्घर्षरत रहेको चर्चा गर्नुहुँदै सत्तासीन दलहरू ठेक्कापट्टा, कमिसन, भ्रष्टाचार गर्न लिप्त रहेको बताउनुभयो ।

कार्यक्रममा भोलाछैँ पाटी पुनःनिर्माण उपभोक्ता समितिका कोषाध्यक्ष **सानुमैया बजिकों**, महाकाली द्यःछैँ छाना मर्मत उपभोक्ता समितिका अध्यक्ष **वीरेन्द्र जति**, वडा कार्यालय भवन छाना मर्मत उपभोक्ता समितिका कोषाध्यक्ष **सानुमैया बजिकों**, भोलाछैँ बाटो ढुङ्गा छपाइ कार्य उपभोक्ता समितिका अध्यक्ष **मञ्जु खोटेजा**ले खर्चबारे जानकारी दिनुभयो ।



समाजसेवी **गोपीकृष्ण चाँगुभारी** र वडा सदस्य **सिद्धिराम अवाल**ले पनि आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

## लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माणमा सहयोगी सबैमा धन्यवादज्ञापन कार्यक्रम



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा पुनःनिर्माण सम्पन्न भक्तपुर नपा वडा नं. ४ गःहितिस्थित लक्ष्मीनरसिंह मन्दिर उद्घाटन, क्षमापूजा र ब्वः छायगु कार्यक्रममा सहयोगी सम्पूर्णमा धन्यवादज्ञापन कार्यक्रम जेठ २७ गते भयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण कार्य भक्तपुर नपाको अहिलेसम्मकै उत्कृष्ट र गौरव गर्न लायक काम हो भन्नुभयो ।




मन्दिर पुनःनिर्माणमा आर्थिक, भौतिक र जनश्रमदान गर्ने सबैमा नगरपालिकाको तर्फबाट धन्यवादज्ञापन गर्नुहुँदै उहाँले जनताको साथ र सहयोग भएमा मौलिक सम्पदाहरूलाई पुनःजीवन दिन सक्षम छन् भन्ने दरिलो उदाहरण भक्तपुरले देखाएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाले मन्दिर पुनःनिर्माणसँगै अध्ययन अनुसन्धानकर्ताहरूको लागि महत्त्वपूर्ण सामग्री मन्दिरसँग सम्बन्धित सम्पूर्ण विवरण समावेश गरी पुस्तक प्रकाशन गरेको जानकारी दिनुहुँदै मन्दिर पुनःनिर्माणले भक्तपुरको पर्यटन विकासको लागि पनि महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले लामो समयदेखि जीर्ण अवस्थामा रहेको लक्ष्मीनरसिंह मन्दिर पुरानै स्वरुपमा पुनःनिर्माण गर्नु चुनौतीपूर्ण र उपलब्धीमूलक भएको बताउनुहुँदै जनताको साथ र सहयोगले पुनःनिर्माण कार्यले पूर्णता पाएको बताउनुभयो ।

लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण उपभोक्ता समितिका सचिव **शिवराम किजु**ले रु. ४ करोड ८३ लाखमा सम्पन्न उक्त मन्दिर पुनःनिर्माणको क्रममा विभिन्न सङ्घ संस्था, दाफा भजन, गुठीलगायतबाट रु. २२ लाख ६६ हजार बराबरको आर्थिक सहयोग सङ्कलन भएको बताउनुभयो ।

कार्यक्रमका सभापति मन्दिर पुनःनिर्माण समितिका अध्यक्ष **न्हुछेराम भेले** र लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण अनुगमन समिति सदस्य **पशुपति प्रजापति**ले मन्दिर



पुनःनिर्माणसँगै भक्तपुरवासीहरूमा उत्साह थपेको बताउनुहुँदै उपभोक्ता समितिबाट कुनै पनि काम गर्दा अपनत्वको भावनाको विकास भएको र सबैको साथ र सहयोग पनि प्राप्त भएको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपाका वडा निरीक्षक **विजय लोहला**ले पनि बोल्नुभएको थियो ।

## प्रमुख जिल्ला अधिकारी अर्यालको बिदाइ



भक्तपुरबाट अर्घाखाँची सरुवा भई जानुभएका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्याललाई असार ८ गते एक समारोहबिच बिदाइ गरियो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको बिदाइ कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले उहाँलाई पुष्पगुच्छा र खादा ओढाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल मायाको चिनोको रूपमा प्रदान गर्नुभयो ।

बिदाइ कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले प्रमुख जिल्ला अधिकारी अर्यालको कार्यकाल छोटो भए पनि उपलब्धिपूर्ण रहेको बताउनुहुँदै नगरपालिकाले जिल्ला प्रशासन कार्यालयसँग निरन्तर समन्वय र सहकार्यमा काम गर्दै आइरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपा वडा नं. १ स्थित भाजुपोखरीको दक्षिणतर्फको डिल निर्माणमा जिल्ला प्रशासन कार्यालयको स्मरणीय भूमिका रहेको बताउनुहुँदै अर्यालले आफ्नो पदीय भूमिका उल्लेखनीय ढङ्गले निर्वाह गरेको चर्चा



गर्नुभयो ।

कार्यक्रममा प्रजिअ **गोपालप्रसाद अर्याल**ले भक्तपुर नपामा ८ महिनाको कार्यअनुभवबाट भक्तपुरलाई नजिकबाट चिन्ने अवसर मिलेको बताउनुहुँदै भक्तपुर नपाको योजनाबद्ध ढङ्गले काम गर्ने शैलीबाट आफू प्रभावित भएको बताउनुभयो ।

उहाँले राष्ट्र र नागरिकको हितमा काम गर्ने मुख्य उद्देश्यले काम गर्दै आएको बताउनुहुँदै भाजु पोखरीको डिल र पर्खाल निर्माणमा नगरपालिका र भक्तपुर बहुमुखी क्याम्पसबिच समन्वयकारी भूमिका खेलेको स्मरण गर्नुभयो ।

बिदाइ कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले प्रजिअ अर्यालको कार्यकालमा कार्यमूल्याङ्कन र कार्य सम्पादनको आधारमा भक्तपुर देशकै उत्कृष्ट जिल्ला बन्न सफल भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो

कार्यक्रममा भक्तपुर नगरपालिकाका वडाध्यक्ष, कार्यपालिका सदस्य, जनप्रतिनिधि र भक्तपुर नपाका शाखा प्रमुखहरूको उपस्थिति रह्यो ।

बिदाइकै क्रममा प्रमुख प्रजापतिले प्रजिअ अर्याललाई नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।

## प्रजिअ भरत मणी पाण्डेलाई भक्तपुरमा स्वागत

भक्तपुर नगरपालिकाले असार ११ गते एक कार्यक्रमको आयोजना गरी जिल्ला प्रशासन कार्यालय भक्तपुरमा सरुवा भएर आउनुभएका प्रमुख जिल्ला अधिकारी भरत मणी पाण्डेलाई स्वागत कार्यक्रम गऱ्यो ।

नगर प्रमुख सुनिल प्रजापतिले प्रजिअ पाण्डेलाई पुष्पगुच्छा र खादाले सांस्कृतिक नगरी भक्तपुरमा स्वागत गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुरको लागि अनुभवी प्रमुख जिल्ला अधिकारी पाएकोमा खुशी व्यक्त गर्नुहुँदै भक्तपुर




नपाले जिल्ला प्रशासन कार्यालयसँग सहकार्य र समन्वयमै नगरको विकासलाई अगाडि बढाउँदै आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले ९९ चोकको अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाउने उद्देश्यले कार्य गरिरहेको बताउनुहुँदै उहाँले सांस्कृतिक नगरको मौलिकता जगेर्ना गर्ने विषयमा नपाले सचेततापूर्वक काम गर्दै आएको बताउनुभयो।

भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणको क्षेत्रमा गरिरहेका गतिविधिबारे अवगत गराउनुहुँदै पर्यटन शुल्कबाट उठेको रकमलाई नगरको सन्तुलित विकास र नयाँ पुस्ताको सेवाको लागि खर्च गर्दै आएको बताउनुभयो।

सोही अवसरमा प्रजिअ **पाण्डे**ले भक्तपुर नपाले गरेको स्वागत र आतिथ्यको लागि धन्यवादज्ञापन गर्नुहुँदै धेरै लामो समय स्थानीय तहमा बसी काम गरेको आफ्नो अनुभव सुनाउनुभयो।

उहाँले स्थानीय सरकार र जिल्ला प्रशासनबिचको सहकार्यले सेवाग्राहीलाई सहज सेवा प्रवाहमा प्रदान गर्न सकिने बताउनुहुँदै जनप्रतिनिधिबिच समन्वय र सहकार्यमा काम कारबाही अगाडि बढाउने प्रतिबद्धता जनाउनुभयो।

जिल्ला प्रशासन कार्यालय भक्तपुरले नागरिकता वितरणलाई अनलाइन प्रणालीबाट सुरु गरेको बताउनुहुँदै



उहाँले जात्रा व्यवस्थापन, विपद् जोखिम न्युनीकरण, डेंगु रोकथाम तथा नियन्त्रण, बजार नियमन र व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण र मलको सहज आपूर्तिको लागि सहजीकरणको लागि आवश्यक पहल गर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नगरको हरेक कार्यमा प्रशासनसँग सहकार्य र समन्वय गरी भक्तपुरलाई नमुना जिल्ला कायम गर्न तत्पर रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका निमित्त प्रमुख प्रशासकीय अधिकृत **रामगोविन्द श्रेष्ठ**ले स्वागत मन्तव्य राख्नुभएको थियो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले पनि बोल्नुभएको थियो उक्त कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य, नपाका शाखा प्रमुखलगायतको उपस्थिति रहेको थियो।

प्रजिअ पाण्डे गृहमन्त्रालयबाट भक्तपुरमा सरुवा भई आउनुभएको हो।

## पाँचाख्योमा वृक्षरोपण



भक्तपुर नगरपालिका वडा नं. ७ को वडा कार्यालयको आयोजनामा असार १४ गते पाँचाख्योमा वृक्षरोपण कार्यक्रम भयो।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले बढ्दो सहरीकरणले गर्दा हुने धुवाँ धूलो र वातावरण प्रदूषण कम गर्न, देशको प्राकृतिक सुन्दरता जोगाइराख्न, सार्वजनिक र खुला पर्ती जग्गा संरक्षण गर्न वृक्षरोपण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

भक्तपुर नगरपालिकाले नगरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन, पर्यटकीय नगर बनाउन, कम शुल्कमा गुणस्तरीय उच्च शिक्षामा सबैको पहुँचमा पुर्‍याउन, सबै नगरवासीलाई स्वास्थ्य सेवा सहज बनाउन, सम्पदा संरक्षण गर्न, युवाहरूलाई सीपमूलक तालिम दिई आत्मनिर्भर बनाउनेतर्फ काम गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले पर्ती जग्गा संरक्षण गर्नेतर्फ ध्यान दिइरहेको बताउनुभयो।

पूर्ववडाध्यक्ष **कृष्णगोविन्द खाइजु**ले वातावरणीय

सन्तुलन कायम गर्न, स्वच्छ हावा प्राप्त गर्न, माटो तथा जलस्रोत संरक्षण गर्न, जैविक विविधता बढाउन र प्राकृतिक सौन्दर्य बढाउन वृक्षरोपण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडा सदस्य **हेरा ब्याजु**ले पनि बोल्नु भएको थियो ।

वृक्षरोपण कार्यक्रममा स्थानीय सहकारी, सङ्घ संस्था, स्थानीय वडावासी तथा कर्मचारीसमेतको सहभागिता थियो ।

## समाजवादी महिला नेतृ क्लारा जेट्किनको जन्म जयन्तीमा प्रवचन



क्लारा जेट्किन (सन् १८५७-१९३३)

भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा समाजवादी महिला नेतृ क्लारा जेट्किनको १६८ औँ जन्म जयन्तीको अवसरमा असार १५ गते प्रवचन कार्यक्रम भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले क्लारा जेट्किन साम्राज्यवादविरोधी आन्दोलनका अगुवा र समाजवादी महिला नेतृ हुन् भन्नुहुँदै महिलाहरूले आर्थिक स्वतन्त्रता नपाएसम्म दासको जीवन व्यतित गर्नुपर्छ भनी महिलाहरूलाई सङ्गठित गर्ने व्यक्तित्व भएको बताउनुभयो ।

पुँजीवादको ध्वंशबिना समाजवादको उदय सम्भव छैन भनी जनतालाई राजनैतिक रूपमा सचेत पार्दै अघि बढेका क्रान्तिकारी नेतृ क्लारा जेट्किनले महिलाहरूलाई दोस्रो दर्जाको रूपमा हेरिने त्यो समाजमा समानताको आवाज उठाउने कार्य गरेको बताउनुभयो ।

प्रमुख प्रजापतिले विदेश पलायनले देशको श्रमशक्ति बाहिरिने गरेको र देशका कृषि भूमि बाँझो भएको बताउनुहुँदै सरकारमा बसेका नेताहरूले राम्रोसँग काम नगर्दा जनताले दुःख पाएको बताउनुभयो ।




देशको नेतृत्व राम्रो भए मात्र सबै क्षेत्र राम्रो हुने बताउनुहुँदै उहाँले साथ र सङ्गत राम्रो भए मात्र आफ्नो जीवन सफल हुने र खराब र नकारात्मक सोच भएकाहरूको सङ्गतले आफूमा पनि त्यो प्रभाव पर्ने हुँदा सचेत हुनुपर्ने बताउनुभयो ।

धोका र विश्वासघात गर्ने मानिसहरूदेखि सधैँ टाढा बस्नु नै फेरि फेरि धोका पाउनबाट सुरक्षित हुने उपाय भएको उहाँले प्रष्ट पार्नुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले महिलाहरू राजनैतिक र सामाजिक रूपमा सक्रिय हुन सके देश र समाजमा त्यसको सकारात्मक प्रभाव पर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा वडा नं. १ का पार्टी इन्चार्ज **कृष्णबहादुर दुगुजु**, भक्तपुर नपा वडा नं. १ का वडा सदस्य **कल्पना शिल्पकार**लगायतले बोल्नुभएको थियो ।

# eQmk'/ gkfsf]cgudg

## लान्चाफल्चा र कमलविनायकमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा लान्चाफल्चा र कमलविनायकका खाद्य तथा फलफूल पसलहरूमा जेठ २० गते बजार अनुगमन भयो ।

अनुगमनमा त्रिदेव खाद्य स्टोलमा खाद्य विभागबाट अनुज्ञापत्र लिई लेबल राखेको नदेखिएको र म्याद नाघेका सामानहरू विभिन्न परिमाणमा कर्न फ्लोर, सचिन धनियाँ, चोको पाइ चकलेट, कच्चा मान्गो चकलेट, मस्कीटो लिक्विड, सुजि, आलुचिप्स, जिरा, बट्टा मसला, म:म: र चाट मसला जफत गरियो ।

ब्रिजेश फलफूल पसल दर्ताको कागजात नभएकोले तीन दिनभित्र पसल दर्ता गरी नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई तराजु नापतौल विभागमा नवीकरण नभएकोले थान १ जफत गरी म्याद नाघेका सामानहरू विभिन्न परिमाणमा प्राण जुस फ्रुटो, रियल जुस, जिरा कुकिज बिस्कुट, केरा, आँप जफत गरी नष्ट गरियो ।

त्यस्तै मनखुस पसलमा फान्टा र स्प्राइट म्याद नाघेको भेटिएकोले निजलाई नै नष्ट गर्न निर्देशन दिई तराजु १ जफत गरी भक्तपुर नगरपालिका कार्यालयमा तीन दिनभित्र उपस्थित हुन निर्देशन दिइयो ।

दिल खुस राज फलफूल सेन्टर नवीकरण गर्न, कुहेको र बिग्रेको फलफूल नष्ट गरियो भने दर्मेन्द्र दासको फलफूल पसल तीन दिनभित्र दर्ता गर्न निर्देशन दिई तराजु १ थान जफत गरी कुहेको आँप, केरा, अङ्गुर, मेवा जफत गरी नष्ट गरियो ।

दुर्गा फलफूल पसलमा कुहेको फलफूल अनार, आँप नष्ट गरी पसल तीन दिनभित्र दर्ता गर्न निर्देशन दिई तराजु थान १ जफत गरियो ।

## च्याम्हासिंहमा

अनुगमन समितिको टोलीले जेठ २१ गते च्याम्हासिंहमा फलफूल तथा खाद्य पसलमा बजार अनुगमन गऱ्यो ।

राज स्यामाजी स्टोर विगत दुईतीन वर्षदेखि नवीकरण नभएको र मूल्यसूची नराखेको, तराजु नवीकरण नगरेकोले तीन दिनभित्र नवीकरण गरेर नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

के.ओ.डी.स्टोर पसल तीन दिनभित्र दर्ता गरी



नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई म्याद नाघेका विभिन्न परिमाणका सामानहरू म्यागी सस् ठुलो र सानो, मोसरुम  जफत गरी नष्ट गरियो ।

मुकेश फलफूल पसल दर्ता नवीकरण नभएकोले तीन दिनभित्र दर्ता गरी नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई तराजु नापतौल विभागमा नवीकरण नभएकोले थान १ जफत गरी कुहेको केरा, आँप, मेवा जफत गरियो ।

त्यस्तै न्यु ब्रह्मायणी जुस एन्ड फ्रुट सेन्टरमा कुहेको र बिग्रेको केरा, आँप, मेवा जफत गरी भक्तपुर नगरपालिका कार्यालयमा तीन दिनभित्र उपस्थित हुन निर्देशन दिइयो ।

सृष्टि फ्रुट सेन्टर फलफूल पसल नवीकरण गर्न र कुहेको र बिग्रेको फलफूल जफत गरी नष्ट गरी भक्तपुर नगरपालिका कार्यालयमा तीन दिनभित्र उपस्थित हुन निर्देशन दिइयो ।

ख्वप फलफूल तथा जुस पसलमा कुहेको फलफूल आँप, केरा, मेवा नष्ट गरी पसल तीन दिनभित्र पसल दर्ता गरी नगरपालिका कार्यालयमा उपस्थित हुने निर्देशन दिइयो ।

## दूधपाटी र सल्लाघारीमा



त्यस्तै जेठ २९ गते अनुगमन टोलीले दूधपाटी र सल्लाघारीमा १३ वटा फलफूल तथा खाद्य पसलहरूमा बजार अनुगमन भयो ।

अनुगमनमा टोलीले छोटु फलफूल पसल दर्ता नवीकरण

नभएको नवीकरण गरेर नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने मूल्यसूची राख्न र म्याद नाघेका सामानहरू, बिग्रेको र कुहेको फलफूल, फ्रुटी, जम्बु, नेचुरल जुस, पेस्ता जफत गरी नष्ट गऱ्यो ।

ताज फूड सेन्टरमा कुहेको केरा, आँप र मेवा जफत गरी नष्ट गरियो ।

जयकाली फ्रुट सेन्टर ७ दिनभित्र प्यान दर्ता गरेर नगरपालिका कार्यालयमा उपस्थित हुन, मूल्यसूची राख्न, बिल बिजक जारी गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न र म्याद नाघेका सामानहरू डाइजेस्टिभ बिस्कुट, लेय्ज, आँप, अनार र केरा जफत गरी नष्ट गरियो ।

आर.के. जुस सेन्टर दर्ता नभएकोले तीन दिनभित्र दर्ता प्रमाणपत्रसहित नगरपालिकाको कार्यालयमा उपस्थित हुन, प्याकेजिङ सामान खाद्य अनुज्ञापत्र लिई लेवल राखी बिक्री वितरण गर्न र पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिइयो ।

रामेछाप फलफूल तथा तरकारी पसलमा म्याद नाघेका सामानहरू जुस, ओटस्, रियल जुस, कुकिज बिस्कुट जफत गरी नष्ट गरियो ।

एस. आर. लिक्विड एन्ड टोबाको सप २०७७/०७८ देखि नवीकरण नभएकोले तीन दिनभित्र नवीकरण गरी नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

एच. एन्ड एच. जुस पसलमा अन्य फलफूल पसलमा भन्दा बढी मूल्य लिएको गुनासो आएकोले मूल्यसूची राखी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई तराजु नापतौल विभागमा नवीकरण नभएकोले १ थान जफत गरी बासी र बिग्रेको फलफूल जफत गरी नष्ट गरियो ।

# सुकुलढोकामा

जेठ ३० गते टोलीले सुकुलढोकामा फलफूल तथा खाद्य पसलहरूमा बजार अनुगमन गऱ्यो ।


टोलीले लक्ष्मी फलफूल पसल दर्ता प्रमाणपत्र नभएको दर्ता प्रमाणपत्रसहित तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, तराजु नवीकरण नभएकोले थान १ जफत गरियो र म्याद नाघेको सामानहरू, बिग्रेको र कुहेको फलफूलहरू मेनिया जुस, अंगुर, सुन्तला, आँप जफत गरी नष्ट गरियो र पेटी र पेटी मुनि सामान नराख्ने निर्देशन दियो ।

श्रेष्ठ मिठाई पसल दर्ता प्रमाणपत्र पसलमा नभएकोले कागजातसहित तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने बिग्रेको मिठाई नष्ट गरियो ।

त्यस्तै रोहित शाहको फलफुल पसल दर्ता गर्न र तराजु नवीकरण गरी तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने तराजु थान १ जफत गरियो ।

अनिल शाहको फलफूल पसलमा दर्ता प्रमाणपत्र पसलमा नभएकोले कागजातसहित तराजु नवीकरण गरी तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने बिग्रेको र कुहेको फलफूलहरू जफत गरी नष्ट गरियो ।

विभिन्न मिति र स्थानमा गरिएको अनुगमनको टोलीमा अनुगमन समितिका सदस्य वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रोशनमैया सुवाल, वडा सदस्य ज्ञानबहादुर मानन्धर, रीता फसिकवा, कर अधिकृत प्रभाषकुमार चालिसे, नगर निरीक्षक दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्यान्जु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक कमलकुमार श्रेष्ठ र चिरञ्जीवी न्यौपाने, राजस्व कार्यालय भक्तपुरका दिवानन्द तिमिल्सिना र विकासकुमार यादव, वाणिज्य तथा उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुला, भक्तपुर उद्योग वाणिज्य सङ्घका विश्वनाथ मगजु र राजु त्वानाबासु, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापाको सहभागिता थियो ।



मु.अ.कर ऐन,२०५२ सम्बन्धमा उलङ्घन तथा जरिवाना सम्बन्धमा।

| | | | |
|---|---|---|---|
| १. | दर्ता प्रमाण पत्र नराखेमा | रु.१०००/- | दफा२९(१)(ख) |
| २. | कर पाटी नराखेमा | रु.२०००/- | दफा२९(१)(ख१) |
| ३. | बीजक नदिएमा | रु.१००००/- | दफा२९(१)(ग) |
| ४. | लेखा/खाता Update नभएमा (पान वा भ्याट दर्ता) | रु.१००००/- | दफा२९(१)(ङ) |
| ५. | कारोबारको लेखा निरीक्षण गर्न नदिएमा | रु.२००००/- | दफा२९(१)(ड) |
| ६. | खरिद बिक्री खाता स्वयं प्रमाणित स्वयं गरेको नपाईएमा वा लेखा तोकिएको अवधि सम्म सुरक्षित नराखेमा | रु.१००००/- | दफा२९(१)(ढ) |
| ७. | विद्युतीय बिजकमा म्यानुपुलेसन गरेमा। तथ्याङ्क मेट्न वा सम्पादन सकिने सफ्टवेयर प्रयोग गरेमा | रु.५०००००/- | दफा२९(१)(ख२) |
| ८. | परीक्षण जाँच कार्यमा बाधा अवरोध गरेमा | रु.५०००/- | दफा२९(१)(झ) |
| ९. | न्यून बीजकीकरण गरेमा | प्रत्येक बीजकको लागि न्यूनतम रु.२०००/कर बिगोको १००% जरिवाना | दफा२९(१)(ञ) |
| १०. | अन्य नियम कानूनको उल्लङ्घन | रु.१०००/- | दफा२९(१)(ठ) |
| ११. | शाखा/गोदाम प्रमाणीत नगरि कारोबार गरेमा (नयाँ व्यवस्था) | पटके पिच्छे रु.१० हजार। | दफा२९(१)(ञ१) |

अन्य

| | | | |
|---|---|---|---|
| १. | झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरेमा | कर बिगोको १००% जरिवाना वा ६ महिना सम्म कैद। | मु.अ.कर ऐन,२०५२ को दफा २९(२) |
| २. | जालसाजी गरी कर छलेमा | | |
| ३. | मु.अ.करमा दर्ता नभई मु.अ.कर संकलन गरेमा | | |
| ४. | कारोबार निलम्बन गरेको अवस्थाका कारोबार गरेमा। | | |
| ५. | VAT Suspended (ननफाईलर भई दर्ता निलम्बन भएको अवस्था) मा कारोबार गरेमा (नयाँ व्यवस्था) | | |

आय कर ऐन,२०५८ सम्बन्धमा उलङ्घन जरिवाना/शुल्क।

आयकर ऐन तथा नियमको उलंघनमा दफा ११९(क)(४) अनुसार रु.५०००/- देखी रु.२५०००/- सम्म शुल्क ।

Tilak Raj Bogati, Tax Officer

# शैक्षिक गतिविधि

## ख्वप नर्सिङमा २९ जना विशिष्ट श्रेणीमा उत्तीर्ण



प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) ले नर्सिङ प्रथम वर्षको परीक्षाको नतिजा २०८२ जेठ १९ गते प्रकाशन गरेको छ। परिषद्ले २०८१ मा लिएको नर्सिङ प्रथम वर्षको परीक्षा नतिजा हिजो प्रकाशन गरेको हो।

उक्त परीक्षामा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानबाट नर्सिङ प्रथम वर्षको परीक्षामा कुल ४० जनाले परीक्षा दिएकोमा २९ जना विशिष्ट श्रेणीमा उत्तीर्ण भएका छन्।

उक्त परीक्षामा ख्वप बहुप्राविधिक अध्ययन संस्थान पहिलो वर्षमा विद्यार्थीहरूले ल्याएको उच्चत्तम अङ्क ९०.६ प्रतिशत रहेको छ।

## शिक्षकहरूको कार्यमूलक अनुसन्धानसम्बन्धी तालिम

भक्तपुर नगरपालिका वडा नं.१ को शिक्षा समितिको आयोजनामा जेठ २३ गते सामुदायिक शिक्षकहरूको लागि एकदिने कार्यमूलक अनुसन्धानको क्षमता विकास तालिम सम्पन्न भयो।



कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले विद्यालयमा देखापरेका विभिन्न समस्यालाई समाधानका लागि कार्यमूलक अनुसन्धान क्षमता विकास तालिम उपयुक्त हुने बताउनुहुँदै वडा कार्यालयमा आइपर्ने विभिन्न सामाजिक तथा सामुदायिक समस्या, सम्पत्ति बाँडफाँड, बितेका आमाबाबुको नाम नागरिकता तथा अन्य कागजातमा उल्लेख नगर्दा हुने समस्या समाधानको लागि समेत कार्यमूलक अनुसन्धान क्षमता विकास तालिमले सहयोग पुग्ने बताउनुभयो।

उहाँले तालिमले पेसाप्रति जवाफदेही बनाउने र बालमैत्री कक्षा शिक्षणको लागि सकृयता बढ्ने विश्वास व्यक्त गर्नुभयो।

तालिमका प्रशिक्षक तथा शिक्षा मन्त्रालयका उपसचिव डा. **श्यामप्रसाद आचार्य**ले सर्वप्रथम स्वास्थ्य क्षेत्रमा नर्सहरूबाट कार्यमूलक अनुसन्धानको अवधारणा विकास भएको बताउनुहुँदै शिक्षा क्षेत्रमा शिक्षकहरूले कार्यमूलक अनुसन्धानको ढाँचा, विधि तथा प्रतिवेदन निर्माण गर्दा उद्देश्य विधि, साधन, नतिजा र व्याख्या गरिरहेको बताउनुभयो।

वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ**ले तालिमबाट जनप्रतिनिधिलाई समेत आफ्नो गतिविधि, योजना निर्माण र सुधार गर्ने अवसर मिलेको बताउनुभयो।

तालिमका प्रशिक्षकलाई धन्यवादसहित कदरपत्र तथा भक्तपुर नगरपालिकाका विभिन्न प्रकाशन वितरण गरिएको सो कार्यक्रममा शिक्षकशिक्षिकालाई प्रमाणपत्र वितरण गरियो।

विभिन्न समूह विभाजनसहित छलफल र प्रस्तुतीकरण गरिएको उक्त तालिममा १ वडामा रहेका चार सामुदायिक विद्यालयका ५५ जना शिक्षकशिक्षिकाले सहभागिता जनाएका थिए।

## भक्तपुरको सुशासन सबैका लागि अनुकरणीय



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङको प्रथम कलेज सभा भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज अफ इन्जिनियरिङ सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा जेठ २३ गते सम्पन्न भयो ।

सभामा प्रमुख **प्रजापति**ले यस कलेजको सफलतामा भक्तपुर जनताको साथ र सहयोग भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुरको सुशासन सबैका लागि अनुकरणीय बनिरहेको छ । शिक्षाको विकाससँगसँगै भक्तपुर नगरको समग्र विकास भइरहेको छ ।'

भक्तपुर नपाबाट सञ्चालित सातवटै कलेजको गुणस्तर राम्रो बनाउन प्रयास भइरहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले ख्वप सर्कलका कलेजहरूबाट विभिन्न क्षेत्रका दक्ष जनशक्ति तयार गरी देशकै सेवा गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ भक्तपुरकै परिचयको रूपमा स्थापित भइरहेको छ ।'

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सांसद **सुरेन्द्रराज गोसाईं**ले कलेजको सफलताको कामना गर्नुहुँदै सभाबाट पारित निर्णयबाट कलेजले अझै प्रगति गर्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

कलेजको गरिमालाई वृद्धि गर्न सबै पक्षबाट उत्तिकै सहयोग र साथ आवश्यक हुने धारणा राख्नुहुँदै उहाँले कलेजलाई दिगो बनाउन र कलेजले लिएको उद्देश्य पूरा गर्न सरोकारवाला पक्षसँग नियमित छलफल र अन्तरक्रिया गर्नुपर्ने सुझाव दिनुभयो ।



भक्तपुर नगरपालिकाका उपमेयर एवं कलेज सभाका उपाध्यक्ष **रजनी जोशी**ले नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू ख्वप विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्यसहित अगाडि बढिरहेको बताउनुभयो ।

सभामा कलेजका प्राचार्य **सुनिल दुवाल**ले अनुमोदनको लागि पेस गर्नुभएको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, कलेजको आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम, कलेजको पञ्चवर्षीय योजना संशोधनसहित पारित गर्नुको साथै कलेज विधान संशोधनको प्रस्ताव अनुमोदन गरेको छ ।

## ख्वप कलेजको प्रथम कलेज सभा सम्पन्न

### कलेजको नीति तथा कार्यक्रमहरू पारित



भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा ख्वप कलेजको प्रथम कलेज सभा जेठ २४ गते कलेजमा सम्पन्न भयो ।

सभामा प्रमुख **प्रजापति**ले विक्रम संवत् २०३६ साल अगाडि भक्तपुर नगरका विद्यालयहरू पाटी पौवामा सञ्चालनमा रहेको, कुनै बेला भक्तपुर शिक्षामा बदनाम भएको, २०३६ सालपछि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को निर्देशनमा भक्तपुर नगरमा शिक्षाको विकासको लागि प्रौढ कक्षा सञ्चालन गरेको, पार्टीकै निर्देशनअनुसार २०४६ देखि २०५६ सालमा गुणस्तरीय शिक्षामा जोड दिएको र २०५६ सालपछि भनपाद्वारा कलेजहरू सञ्चालन गरी देशकै सेवा गरिरहेको बताउनुभयो ।

२०५८ सालमा नेमकिपाका अध्यक्ष रोहितले एउटा कार्यक्रममा १५ वर्षभित्र भक्तपुर नगरका प्रत्येक घरमा एक स्नातक उत्तीर्ण नगरवासी तयार गर्ने घोषणा गरेअनुरूप ख्वप कलेजहरू सञ्चालन भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, सम्पदा-कला-संस्कृति संरक्षण, सरसफाइ, विकास निर्माणमा भक्तपुर नगरपालिकाले फरक ढङ्गले कार्य गर्दै आएको र जुन अरू स्थानीय निकायले अभिरुचिपूर्वक हेरिरहेको छ, उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाले २०६४ सालदेखि ख्वप विश्वविद्यालय सञ्चालनको लागि तयारी गर्दै आएको र ख्वप विश्वविद्यालय भक्तपुर सल्लाघारीस्थित १०८ रोपनी जग्गामा सञ्चालन हुने प्रमुख प्रजापतिले बताउनुभयो ।

भागबन्डामा नलागेको र सरकारमा नगएकै कारण

ख्वप विश्वविद्यालयको स्वीकृति नपाएको बुद्धिजीवीहरूबिच हुने चर्चा परिचर्चामा सत्यता भएको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले नेमकिपा भागबन्डाको राजनीतिमा कहिल्यै लाग्ने छैन भन्नुभयो ।

कलेज सभाको औचित्यबारे स्पष्ट पार्नुहुँदै कलेज सभाका अध्यक्ष एवं नगर प्रमुख प्रजापतिले ख्वप कलेज 'क्यूएए' प्राप्तिको लागि अगाडि बढिरहेको छ भन्नुभयो ।

वाग्मती प्रदेशसभाका सांसद एवं कलेज सभाका सदस्य **सुरेन्द्रराज गोसाईं**ले ख्वप कलेजहरू नेपालको शैक्षिक संस्थाहरूमा एउटा 'मास्टर पिस' को रूपमा अगाडि बढिरहेको छ भन्नुभयो ।

ख्वप कलेजहरूलाई अझ अगाडि बढाउन नियमित छलफल र समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै सकारात्मक आलोचनाले शक्ति प्रदान गर्ने र शक्तिलाई ऊर्जामा परिवर्तन गरी संस्थाको विकासमा लगाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद गोसाईंले भन्नुभयो, 'कलेजको विकासमा सम्पूर्ण सरोकारवाला पक्षहरूलाई परिचालन गर्नु जरूरी छ; कार्यालय समयमात्र काम गर्नाले कलेजको प्रगति नहुने भएकोले सम्पूर्ण समय कलेजकै हितमा चिन्तन गर्नु जरूरी छ ।'

नयाँ पुस्ताको चाहनालाई समेट्न सके युगलाई अगाडि बढाउन सकिने धारणा राख्नुहुँदै सांसद गोसाईंले युवा पुस्ताको इच्छा, आकाङ्क्षा र मनोभावलाई बुझेर ख्वप कलेजहरू अगाडि बढ्नु जरूरी छ भन्नुभयो ।

अलिहेका प्रमुख समस्याहरू भनेको भ्रष्टाचार र भ्रष्टाचारी प्रवृत्ति, अराजक ढङ्गमा लेख्ने सोच्ने प्रवृत्ति, सम्पूर्ण क्षेत्रमा भद्रगोल भए पनि भद्रगोलको स्थितिलाई सामान्यरूपमा लिने प्रवृत्ति हाबी हुनु हो, उहाँले भन्नुभयो ।

नयाँ पुस्ता भनेको देशको भविष्य र आशाको पुञ्ज भएकोले शिक्षकहरूले भ्रष्टाचार र अराजक प्रवृत्तिविरूद्ध लड्ने नयाँ पुस्ता तयार गर्नु जरूरी भएकोमा जोड दिनुहुँदै सांसद गोसाईंले विद्यालय र कलेजलाई भद्रगोल स्थितिबाट जोगाउनैपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर नगरपालिकाका उपमेयर एवं कलेज सभाका उपाध्यक्ष **रजनी जोशी**ले नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था ख्वप विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्यसहित अगाडि बढिरहेको हुँदा कार्यरत शिक्षकहरूले अझ बढी जिम्मेवारी भई सेवा गर्नु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले शुभकामना व्यक्त गर्नुभएको थियो ।

सभामा कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले पेस गर्नुभएको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, कलेजको आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम र कलेजको स्ट्राटेजिक प्लान अनुमोदन एवं पारित भएको छ ।

सभामा प्राचार्य श्रेष्ठले राख्नुभएको प्रतिवेदन तथा प्रतिवेदनहरूबारे कलेज सभासद्हरू रवीन्द्र ज्याख्व, हरिराम सुवाल, प्रा.डा. राजुभाइ त्यात, इ. सुजन माक र इ. सुनिल दुवालले टिप्पणी गर्नुभएको थियो ।

## क्षमता अभिवृद्धि तालिम सम्पन्न



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा तीनदिने क्षमता अभिवृद्धि तालिम समापन तथा पुरस्कार वितरण कार्यक्रम जेठ २५ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कलेज स्थापनादेखि नै भक्तपुर नगरपालिकाले सञ्चालन गरेका विभिन्न कलेजहरू सफलतापूर्वक अगाडि बढिरहेको बताउनुहुँदै कलेजले आफ्नो दायित्व र कर्तव्यबोध गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले धेरैलाई शिक्षित र अनुशासित बनाइसकेको बताउनुहुँदै उहाँले शिक्षकहरूले विद्यार्थीहरूलाई अनुसन्धानमा आधारित शिक्षा प्रदानतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले विद्यार्थीहरूलाई देश विदेशको राजनैतिक इतिहास र भूगोलबारे पनि अध्यापन गराउनुपर्ने बताउनुहुँदै भक्तपुरका सबै क्षेत्रलाई नमुनाको रूपमा अगाडि बढाउन प्रयत्न गरिरहेको बताउनुभयो ।

नयाँ पुस्ताका विद्यार्थीहरूलाई आफ्नो देशको लागि काम गर्न प्रेरित गर्नुपर्छ भन्नुहुँदै उहाँले शिक्षकहरू स्वयम् विद्यार्थीलाई विदेश पठाउन दलाली गरिरहेका उदाहरण प्रस्तुत गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. **सुजन माक**ले विभिन्न तालिम र अन्तरक्रियात्मक कार्यक्रमबाट थुप्रै ज्ञानको

स्रोत ग्रहण गर्न मद्दत पुर्‍याउने बताउनुहुँदै कलेजले समयसमयमा शिक्षक र विद्यार्थीको आवश्यकताका आधारमा तालिम सञ्चालनमा जोड दिइने बताउनुभयो । उहाँले ख्वप इ. कलेजले ४८ सिटको बी.सी.ए. र बी.आई.टी. विषय सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुहुँदै नयाँ पुस्तालाई युगसुहाउँदो शिक्षा दिन यस्ता तालिम अपरिहार्य भएको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. **सुनिल दुवाल**ले तालिममा ९३ जना सहभागीहरू सामेल रहेको बताउनुहुँदै तालिम सञ्चालनमा सहकार्य गरेकोमा विश्वविद्यालय अनुदान आयोगलाई धन्यवादज्ञापन गर्नुभयो । उहाँले तीन दिने तालिम उपलब्धीमूलक भएको विश्वास व्यक्त गर्नुहुँदै भविष्यमा पनि यस्ता तालिमलाई निरन्तरता दिइँदै जाने बताउनुभयो ।

त्यस्तै उपप्राचार्य डा. **सुवेगमान बिजुक्छें** र **रत्नशोभा प्रजापति**ले तालिमले सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गर्ने बताउनुहुँदै तीन दिने तालिमले कार्यालयमा उत्पन्न हुने समस्या समाधान गर्न व्यवहारिक ज्ञान प्राप्त भएको प्रतिक्रिया दिनुभयो ।

उक्त कार्यक्रममा कलेज प्रशासन प्रमुख **सञ्जय मानन्धर**ले पनि बोल्नुभएको थियो भने तालिममा सहभागीहरूलाई नगर प्रमुख प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभयो ।

## ख्वप इन्जिनियरिङ कलेजका २६ जना विद्यार्थीलाई रू. १४ लाख २१ हजार बराबरको छात्रवृत्ति रकम वितरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा २०८१ सालमा स्नातक तहमा भर्ना भई अध्ययनरत विद्यार्थीहरूलाई जेठ २९ गते एक कार्यक्रमबिच कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले छात्रवृत्ति रकम हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले कलेजले नियमित रूपमा विद्यार्थीहरूलाई प्रदान गर्दै आएको छात्रवृत्तिले धेरै विद्यार्थीहरूले उच्च शिक्षा अध्ययन गर्न अवसर पाएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले विद्यार्थीहरूलाई प्रोत्साहनस्वरुप वार्षिक ४ करोड २५ लाख बराबरको छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुहुँदै उहाँले छात्रवृत्ति सँगै नगरपालिकाले सहुलियत दरमा शैक्षिक ऋण समेतको व्यवस्था गर्दै आएको बताउनुभयो ।

देशको लागि योग्य र सक्षम नागरिक तयार गर्ने उद्देश्यले भक्तपुर नपाले विभिन्न विषयका ७ वटा कलेजहरू सञ्चालनमा ल्याएको बताउनुहुँदै देशको चिन्तन गर्ने नयाँ पुस्ता अहिलेको आवश्यकता हो भन्नुभयो ।

देशको भविष्य युवामा निहित हुने भए पनि नेपालका दक्ष नागरिकहरू विदेशिने क्रम बढेसँगै देश विकासको सम्भावना पनि पछाडि धकेल्दै गइरहेको छ भन्नुहुँदै उहाँले युवाहरू विदेश पलायन हुनुमा सरकारको नीति तथा कार्यक्रमले पनि धेरै प्रभाव पारेको बताउनुभयो ।

इन्जिनियरिङ पढ्ने विद्यार्थीहरूमा कानुनी ज्ञानको पनि उत्तिकै महत्त्व हुने बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरू सबै विषयको जानकार भएर एउटा विषयमा विशेषज्ञता हासिल गर्ने उद्देश्यले उच्च शिक्षा अध्ययन गर्न प्रेरित गर्नुभयो ।

मन्त्रिपरिषद्को निर्णयलाई नीतिगत निर्णयको परिभाषा गर्नुहुँदै त्यसउपर छानबिन र मुद्दा दर्ता हुँदैन भन्ने भाष्य खडा गर्दै आएका प्रधानमन्त्री, मन्त्रीहरूलाई माधव नेपालमाथिको मुद्दा दर्ताले सबैलाई झस्काइ दिएको छ भन्नुहुँदै उहाँले नेपालको कानुन 'ठूलालाई चैन सानालाई ऐन' जस्तै भइरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले छात्रवृत्ति रकम प्राप्त गर्ने विद्यार्थीहरूलाई बधाई दिनुहुँदै ख्वप इ. कलेज स्थानीय सरकार र नगरवासी जनताको करबाट सञ्चालित गैरनाफामूलक सरकारी कलेज भएको बताउनुभयो । ख्वप सर्कल अन्तर्गतका कलेज र अन्य कलेजहरूबिचको भिन्नताबारे प्रष्ट पार्नुहुँदै उहाँले यी कलेजहरू विद्यार्थी र अभिभावकहरूको विश्वसनीय कलेजको रूपमा सञ्चालनमा रहेको बताउनुभयो ।

ख्वप ई. कलेजका प्राचार्य ई. **सुजन माक**ले आर्थिक कारणले विद्यार्थीको अध्ययनमा समस्या नहोस् भनी भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले गरिब र जेहेनदार

विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्दै आएको बताउनुभयो । उहाँले पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका कलेजहरूमा समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशन हुँदा विद्यार्थीहरूको आकर्षण यसतर्फ बढिरहेको बताउनुहुँदै ख्वप ई. कलेजलाई शिक्षण संस्थाको रूपमा मात्र नभई अध्ययन अनुसन्धानतर्फ पनि अगाडि बढाइरहेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजले २०८१ मा भर्ना भई अध्ययनरत २६ जना विद्यार्थीहरूलाई रु. १४ लाख २१ हजार बराबरको छात्रवृत्ति रकम वितरण गरिएको थियो ।

## नवप्रवेशी शिक्षकहरूलाई चार दिवसीय कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नवप्रवेशी शिक्षकहरूलाई भक्तपुरमा स्वागत गर्नुहुँदै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न र शिक्षकलाई योग्य बनाउन भक्तपुर नगरपालिकाले विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा जेठ ३० गते भएको नवप्रवेशी शिक्षकहरूलाई तालिम कार्यक्रममा उहाँले आजका विद्यार्थीहरू भावी समाज निर्माण गर्ने माध्यम भएको हुँदा शिक्षकहरूलाई योग्य बनाउनेतर्फ नपाले जोड दिँदै आएको बताउनुहुँदै योग्य शिक्षकले योग्य विद्यार्थीहरू तयार गर्ने बताउनुभयो ।

भक्तपुरको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर धेरै स्तरीय भइसकेको बताउनुहुँदै उहाँले विद्यार्थीहरू विदेशिनुमा शिक्षकहरूको पनि ठूलो भूमिका हुने हुँदा विद्यार्थीहरूलाई राम्रोसँग मार्गनिर्देश गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर अहिले सबैको विश्वासको केन्द्र बन्न सफल भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले विश्वविद्यालय सञ्चालन गर्न आफ्नो क्षमता विकास गरिरहेको सोही क्रममा बताउनुभयो ।

सामुदायिक क्षेत्रलाई बलियो बनाउने नीतिअनुरूप भक्तपुर नपाले काम गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले सामुदायिक र निजी विद्यालयको शैक्षिक गुणस्तरलाई समान बनाउने कोसिस नपाले गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष एवम् विद्यालय अनुगमन समितिका अध्यक्ष **योगेन्द्रमान बिजुक्छें**ले विद्यालय अनुगमन समितिले विद्यालयको प्राविधिक समस्या पहिचान गरी समाधानतर्फ पनि जोड दिँदै आएको बताउनुहुँदै शिक्षकको ज्ञान र सीपलाई अझ निखार्न र परिस्कृत गर्न तालिमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।



भक्तपुर नपा शिक्षा शाखा प्रमुख **साधुराम फुँयाल**ले तालिमबाट प्राप्त ज्ञान र सीपलाई विद्यालयको कक्षाकोठामा प्रयोग गरी भक्तपुरको छविलाई अझ उजागर गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

## अनुसन्धान तथा शैक्षिक लेख सम्बन्धी तालिम र कार्यशाला गोष्ठी




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको अनुसन्धान तथा विकास एकाइ समितिको आयोजनामा अनुसन्धान तथा सोको लेखाइसम्बन्धी तालिम (जेठ २८-असार २) को समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम असार ३ गते भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले अरूबाट प्रशिक्षित हुनुभन्दा हामी आफै प्रशिक्षक भई आपसमा प्रशिक्षित हुने व्यवस्था गर्नु राम्रो हुन्छ भन्नुभयो ।

उहाँले अनुसन्धान कार्यमा लागेर देशकै सेवा गर्न सकिने भएकोले कलेजले अनुसन्धान कार्यमा जोड दिँदै आएको बताउनुभयो ।

कलेजबाट उत्पादित इन्जिनियरहरूको अवस्थाबारे कलेजले ध्यान दिनुपर्ने तथा किसान, मजदुर, विद्यार्थीहरूको अवस्थाबारे अनुसन्धान गरी यथार्थ तथ्याङ्क निकाल्नको लागि कलेजले सहयोग गर्न आग्रह गर्नुहुँदै उहाँले कलेजले अनुसन्धानको केन्द्र स्थापना गरेमा भक्तपुर नगरपालिकाले अनुसन्धान कार्यको लागि बजेट विनियोजन गर्ने बताउनुभयो ।

उहाँले अनुसन्धान कार्य राम्रो भएको देश अगाडि बढेको बताउनुहुँदै भौगोलिक अवस्थालाई ध्यानमा राखी भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय खोली देशकै उत्पादनमुखी नमुनाको विश्वविद्यालय बनाउन लागिपरेको तर शासन सत्तामा गएका राजनैतिक दलहरूको अदूरदर्शिताले ख्वप विश्वविद्यालय स्थापना ढिलाई भइरहेको छ भन्नुभयो ।

ख्वप अस्पताल सङ्कटको अवस्थामा स्थापना भएको बताउनुहुँदै सङ्कटदेखि डराउने र विचलित हुने होइन, सामना गर्न सक्नुपर्नेमा जोड दिनुहुँदै उहाँले इन्जिनियरिङ कलेजहरूबिच पनि प्रतिस्पर्धा भइरहेको आजको अवस्थामा कलेजको विशेषतालाई कायम गरिराख्न सबै जागरुक भई सहयोग गर्नुपर्छ भन्नुभयो ।

उहाँले आफ्नै खुट्टामा उभिएर हामीले सक्ने काम गर्नुपर्छ, अरूको मुख ताकेर हुँदैन भन्नुभयो ।

नीतिगत निर्णय गरेर जनतालाई धोका दिनु पनि भ्रष्टाचारै भएको बताउनुहुँदै उहाँले शिक्षा मन्त्रीले शिक्षकसँग संविधानविपरीतको सम्झौता गरेकोले शिक्षा ऐन असार १५ मा पेस हुन्छ कि हुँदैन भनी आशङ्का गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले लघु अनुसन्धान कोषलाई कार्यान्वयन गर्दै मध्यम खालको अनुसन्धान कोष निर्माणमा कलेज लागिपरेको र अनुसन्धानमा लाग्दा आफू विज्ञ बनिने र विद्यार्थीहरूलाई पनि शिक्षण सिकाइ गर्न सहयोग पुग्ने बताउनुभयो ।



आगामी शैक्षिक वर्षदेखि कलेजमा Bachelor of Computer Application, Bachelor of Information Technology विषय सञ्चालनको लागि तयारी भइरहेको जानकारी गराउनुहुँदै अनुसन्धानसम्बन्धी तालिमबाट शिक्षकहरू लाभान्वित भएको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले अनुसन्धानको लेखरचना छपाउन सजग हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा अनुसन्धान तथा विकास एकाइ समितिका संयोजक डा. **सर्वज्ञ बुद्धाचार्य**, डा. **फणीन्द्रप्रसाद भण्डारी** र आ. **रोविना मानन्धर**ले तालिमको महत्त्व र तालिमबाट सिकेका ज्ञानहरूबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथिबाट प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## वाककला प्रशिक्षण



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा कार्यरत कर्मचारीहरूका लागि आयोजित सात दिने वाककला प्रशिक्षण तालिम असार ११ गते एक विशेष कार्यक्रमबिच सम्पन्न भयो । २०८२ असार ४ गतेदेखि सुरु भएको उक्त तालिमले सहभागीहरूलाई प्रभावकारी ढङ्गले विचार प्रस्तुत गर्ने, आत्मविश्वास बढाउने, व्यवहारिक प्रस्तुतीकरण, र सार्वजनिक भाषणको कौशलमा विकास गर्न मद्दत पुऱ्याएको थियो ।

समापन समारोहमा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालक समिति अध्यक्ष **सुनिल प्रजापति**ले वक्ताको विचार र व्यवहारमा एकरूपता आवश्यक रहेको कुरामा जोड दिनुहुँदै भन्नुभयो, 'वक्ताले विचारअनुसार आचरण पनि गर्नु पर्छ । नैतिकता र इमानदारी वक्ताको अनिवार्य गुण हो ।'

उहाँले वर्तमान राजनीतिक परिप्रेक्ष्यमा नेताहरूमा नैतिकताको खडेरी रहेको टिप्पणी गर्नुहुँदै विगतमा संविधानसभा सदस्य, सभापति, प्रधानमन्त्री भइसकेका व्यक्तिहरू हाल भ्रष्टाचारको आरोप लागिरहेको उदाहरण प्रस्तुत गर्नुभयो । साथै, विदेशका उदाहरणहरू उद्धृत गर्नुहुँदै मन्त्री तथा प्रधानमन्त्रीहरूले नैतिक जिम्मेवारी लिँदै राजीनामा दिने परिपाटी रहेको उल्लेख गर्नुभयो । उहाँले प्रश्न गर्दै भन्नुभयो, हिजो

गृहमन्त्रीको राजीनामा माग्ने सांसद, आज आफै गृहमन्त्री हुँदा उस्तै घटनामा किन पदमा टाँसिरहेछन् ?

प्रमुख अतिथि प्रजापतिले उत्कृष्ट वक्ता बन्ने चाहना हुने व्यक्तिहरूले निरन्तर अभ्यास, आलोचना र सुझावलाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो । उहाँले प्रसिद्ध क्युवाली नेता फिडेल क्यास्ट्रोको उदाहरण दिनुहुँदै ५०० पटकभन्दा बढी हत्या प्रयासका बाबजुद उहाँको भाषण अमेरिकीहरूले समेत चासोका साथ सुन्ने गरेको प्रसङ्ग सुनाउँदै भन्नुभयो, 'वक्ताले दर्शकस्रोताको ध्यान खिच्न जान्नुपर्छ । कि पढेर जानिन्छ, कि परेर जानिन्छ ।'

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले 'वक्ताले स्पष्ट बोल्न जान्नु मात्र पर्याप्त हुँदैन, उसले समाज र राष्ट्रमा के कस्तो प्रभाव पार्दछ भन्ने कुरा अझ महत्त्वपूर्ण हुन्छ,' भन्नुभयो । उहाँले हिटलर र मुसोलिनीजस्ता वक्ताहरूको चर्चा गर्दै, ती व्यक्तिहरूले समाजलाई गलत दिशातर्फ मोडेको स्मरण गराउँदै भन्नुभयो, 'वक्ताले समाजलाई सकारात्मक दिशामा डोऱ्याउन सके मात्र ऊ असल वक्ता हुन्छ ।'

त्यसैगरी, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले प्रशिक्षार्थीहरू सात दिनको तालिमबाट आत्मविश्वास प्राप्त गर्दै आफ्ना विचार खुलस्त रूपमा अभिव्यक्त गर्न सक्षम वक्ता बन्न पुगेको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, 'निरन्तर अभ्यास र अध्ययनले व्यक्तित्वमा निखारता ल्याउँछ । असल वक्ता बन्न असल श्रोता पनि बन्न सक्नुपर्छ । वाककलाको विकाससँगै व्यवहारमा पनि सकारात्मक परिवर्तन आउनेछ भन्ने विश्वास लिएको छु ।'

कार्यक्रममा वाककला प्रशिक्षक श्री **शरद राई**ले वाककलाको ऐतिहासिक विकासक्रम र व्यवहारिक पक्षहरूबारे विस्तृत जानकारी प्रस्तुत गर्नुभयो ।

प्रशिक्षार्थी ई. **सुरेश त्यात** र **कमलकेशरी थुयाजु**ले सात दिनको तालिमबाट प्राप्त अनुभव, सिकाइ र आत्मविश्वासका बारेमा धारणा राख्नुहुँदै यस्ता तालिमले आफूहरूमा नयाँ सोच र प्रस्तुतिकौशल विकास गरेको बताउनुभयो ।

कार्यक्रमको सञ्चालन प्रशिक्षार्थी **पुण्यराम स्वंगमिखा**ले गर्नुभएको थियो ।

अन्त्यमा, प्रमुख अतिथि श्री सुनिल प्रजापतिले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो भने प्रशिक्षक शरद राईलाई मायाको चिनो प्रदान गर्दै धन्यवाद व्यक्त गर्नुभयो ।

सहभागीहरूले तालिमलाई अत्यन्त उपयोगी, प्रभावकारी र प्रेरणादायी भएको प्रतिक्रिया दिएका थिए ।

# स्वास्थ्य सेवा

## नाक, कान र घाँटी स्वास्थ्य शिविर




भक्तपुर नगरपालिका १० नं. वडा कार्यालयको आयोजनामा नाक, कान र घाँटी स्वास्थ्य शिविर तथा खोप सुनिश्चितता घोषणा कार्यक्रम उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यतामा बेखाल जन स्वास्थ्य चौकीमा जेठ २४ गते भयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले नगरवासीको स्वास्थ्य राम्रो भए देश र समाज राम्रो हुने बताउनुहुँदै शिक्षा र स्वास्थ्यमा भक्तपुर नगरपालिकाले प्रथामिकता दिएको बताउनुभयो । उहाँले नसर्ने रोगले विकराल रूप लिइरहेको अवस्थामा स्वास्थ्य परीक्षणबिना जथाभावी खानपानले ठूल्ठूला रोगहरू निम्त्याइरहेकोले जनताको हितमा स्वास्थ्य शिविरहरू राख्दै आएको बताउनुभयो ।

उहाँले आर्थिक वर्षको अन्त्यमा बजेटको सिजनमा योजना छनौट र सुझाव सङ्कलन कार्य समेत भइरहेको बताउनुभयो ।

उहाँले समाजवादी व्यवस्था भनेको जनताको सेवा र तल्लो वर्गको पँहुच बनाउने बताउनुहुँदै जन्मदेखि मृत्युसम्म पनि जनताको आधारभूत आवश्यकता राज्यले दायित्व बहन गर्ने व्यवस्थासमेत हो भन्नुभयो ।

उहाँले भक्तपुर नपाले शिशुस्याहारदेखि कलेजसम्म सञ्चालन गरी शिक्षाको गन्तव्य बनाउँदै लगेको, सीपमूलक तालिम र उद्यमशील ऋणले रोजगारी सृजनामा पहल गरिरहेको, गरिब जेहेनदार विद्यार्थीकोलागि शैक्षिक ऋण, राजनीति शास्त्र, इतिहास, भुगोल, संस्कृति र भाषा पढ्नेकालागि निःशुल्क, सम्पदा पुनःनिर्माण, सुशासन आदि कार्य सय वर्षपछिको भक्तपुर पुस्तकको परिकल्पना अनुसार

काम गरिरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति १० नं. वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले दुई वर्ष मुनिका बालबालिका खोप सुनिश्चितता घोषणा गर्दै आफ्नो स्वास्थ्य आफैले हेरचाह गर्नुपर्ने, स्वस्थ्य शरीरले मात्र काम गर्न सक्ने बताउनुभयो । उहाँले खानेपानी समस्या, नगरकोट सडक खण्ड मर्मत गर्नुपर्ने बारे, रगत नि:शुल्क वितरण, अक्सिजन नि:शुल्क वितरण बारे बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य **कृष्ण नारायण डुमरु**, वडासदस्य **तारादेबी शाक्य**, वडासदस्य **जितेन्द्र मुनंकर्मी** र वडा सचिव **रामेश्वर कोजू**ले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा १२० जनाले नाक, कान र घाँटीको परीक्षण गराएका थिए ।

## वडा नं. २ पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा



भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा वडामा पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा कार्यक्रम जेठ २८ गते सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रअनुसार जनतालाई सहजरूपमा स्वास्थ्य सेवा विस्तार गर्न नगरपालिकाका जनप्रतिनिधिहरू निरन्तर लागिरहेको बताउनुभयो ।

आ.व. २०८२/८३ मा वडाको विकास निर्माण कार्य वडावासीहरूको सल्लाह र सुझावअनुसार गरिने बताउनुहुँदै व्यवस्थित सहर विकासको लागि भनपाले आयोजनाहरू सञ्चालन गरिरहेको छ भन्नुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. २ मा २०८२ वैशाख मसान्तसम्म जन्मदेखि १५ महिनासम्म र १५ महिनादेखि २३ महिनासम्मका बालबालिकाहरूलाई नेपाल सरकारको कार्यक्रमअनुसार दिइने सम्पूर्ण खोपहरू दिइएको हुँदा भनपा वडा नं. २ अन्तर्गत पूर्ण खोप दिगोपना सुनिश्चित भएको सार्वजनिक गरियो ।

कार्यक्रममा स्वास्थ्य संयोजक डा. **रत्नसुन्दर लासिवा**ले पूर्ण खोप सुनिश्चित हुनु सकारात्मक भएको चर्चा गर्नुहुँदै वर्षायामसँगै डेंगु र कोरोनालगायतका रोगहरू फैलिरहेकोले सबैमा सचेतना अपनाउन अनुरोध गर्नुभयो ।

कार्यक्रममा वडा सदस्य **मञ्जु लाखाजु**, चिकित्सा सहायक **कमलकेशरी राचजल** र **लक्ष्मीप्रसाद दुवाल**ले पनि बोल्नुभएको थियो ।

स्वयम्सेवक र स्वास्थ्यकर्मीहरूद्वारा गरिएको घरधुरी सर्वेक्षणबाट सङ्कलित तथ्याङ्कअनुसार ०-१४ महिनाभित्रका १०९ जना बालबालिकाको खोप लगाउने क्रममा रहेको र १६-२३ महिनाभित्रका ८८ जना बालबालिकाहरूलाई पूर्ण खोप लगाइसकेको छ ।

## ख्वप कलेज अफ इन्जिनियरिङमा स्वास्थ्य शिविर




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा ख्वप अस्पतालको सहकार्यमा नाक, कान, घाँटी (ENT) सम्बन्धी स्वास्थ्य शिविर जेठ २९ गते भयो । शिक्षक, कर्मचारी र विद्यार्थीहरू गरी जम्मा ८२ जनाको स्वास्थ्य परीक्षण गरिएको छ ।

स्वास्थ्य परीक्षणको क्रममा सहभागीहरूलाई प्रारम्भिक परीक्षणसहित परामर्श सेवा पनि प्रदान गरिएको थियो । यो कार्यक्रम कलेजको शैक्षिक तथा स्वास्थ्य संवेदनशीलता अभिवृद्धिको दिशामा एक महत्त्वपूर्ण प्रयासको रूपमा लिइएको छ ।

कार्यक्रमपछि प्राचार्य ई. **सुनिल दुवाल**ले ख्वप अस्पतालको सम्पूर्ण टीमलाई सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुहुँदै यस्ता स्वास्थ्य सेवा कार्यक्रमले शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई लाभ पुग्ने र भविष्यमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# खवप अस्पतालमा असार १ गतेबाट आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम लागू हुने




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खवप अस्पतालको प्रसूती सेवा थप सहजताको लागि २०८२ असार १ गतेबाट आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यान्वयन हुने भएको छ ।

खवप अस्पतालमा जेठ ३० गते आयोजित एक कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)**ले खवप अस्पतालमा 'आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम' प्रभावकारी रूपमा सञ्चालन गर्न प्रेरित गर्नुहुँदै यो कार्यक्रम खवप अस्पतालमा लागू भएपछि धेरै सुत्केरी महिलाहरू लाभान्वित हुने र शिशुको मृत्यु दर पनि कम हुने विश्वास व्यक्त गर्नुभयो ।

महिलाहरूको समस्या समाधानको लागि भक्तपुर नगरपालिकाले शिशुस्याहार केन्द्र सञ्चालन गर्दै आएको बताउनुहुँदै उहाँले नगरका सबै वडाहरूमा शिशुस्याहार केन्द्र सञ्चालन गर्न नगरपालिकाले जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले नगरका विद्यालयहरूमा डाक्टरसहितको स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुँदै विद्यालय तहदेखि स्वास्थ्यमा सचेत पार्न सके भविष्यमा हुन सक्ने जोखिमहरू कम हुने उहाँले बताउनुभयो । विद्यार्थीहरूमा सेवा गर्ने भावनाको विकास विद्यालय तहदेखि नै सिकाउनुपर्ने विषयमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाबाट स्वीकृत आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम खवप अस्पतालबाट २०८२ असार १ गतेबाट कार्यान्वयन हुने जानकारी उक्त कार्यक्रममा गराउनुभयो ।

प्रमुख प्रजापतिले खवप अस्पतालमा आमा तथा नवजात शिशु सुरक्षा सेवा सञ्चालन प्रभावकारी ढङ्गले अगाडि बढाइने बताउनुहुँदै भक्तपुर नगरपालिकाले आगामी आ.व.देखि खवप अस्पतालमा सीटी स्क्यानको सेवा सुरु गर्न खरिदको प्रक्रिया अगाडि बढाइसकेको बताउनुभयो ।



युवा जनशक्ति विदेशिएसँगै राज्यको खर्बौं रकम पनि विदेशिरहेको बताउनुहुँदै उहाँले राज्यको विदेशनिर्भर अर्थनीतिले देशलाई कहिल्यै पनि आत्मनिर्भर बनाउन नदिने बताउनुभयो ।

खवप अस्पतालले आफ्नो क्षमताले भ्याएसम्म स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिरहेको बताउनुहुँदै उहाँले बढ्दो महँगीका कारण गरिबले निजी अस्पतालमा उपचार गराउनै नसक्ने हुँदा सरकारी स्वास्थ्य सेवालाई नै सस्तो र गुणस्तरीय बनाउने उद्देश्यले सेवाहरू विस्तार गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले समाजवादी व्यवस्थाअनुसार भक्तपुरको शिक्षा, स्वास्थ्यमा काम गर्दै आएको बताउनुहुँदै आमा र नवजात शिशुलाई नजिकबाट स्वास्थ्य सेवा उपलब्ध गराउने माध्यमको रूपमा 'आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम' सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो ।

खवप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले २०८० जेठको पहिलो साताबाट खवप अस्पतालले प्रसुती सेवा सञ्चालनमा ल्याएको बताउनुहुँदै उहाँले खवप अस्पतालबाट 'आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम' सञ्चालनमा आएसँगै गर्भवती महिलाले सुत्केरी महिलाको सामान्य उपचारदेखि लिएर गम्भीर प्रकृतिको उपचार समेत नि:शुल्क पाउने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका स्वास्थ्य शाखा संयोजक डा. **रत्नसुन्दर लासिवा**ले नेपाल सरकारको 'आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम' को उद्देश्यमाथि प्रष्ट पार्नुभएको थियो ।

## वडा नं. ७ पूर्ण खोप दिगोपना सुनिश्चित घोषणा

भक्तपुर नगरपालिका वडा नं. ७ वडा कार्यालयको आयोजनामा असार ४ गते भएको कार्यक्रममा ७ वडालाई पूर्ण खोप दिगोपना सुनिश्चित वडा घोषणा गरिएको छ।

उक्त कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले वडामा २०८२ जेठ मसान्तसम्म जन्मदेखि १५ महिनासम्म र १५ महिनादेखि २३ महिनासम्मका बालबालिकाहरूलाई नेपाल सरकारको खोप कार्यक्रम तालिकाअनुसार दिइने सम्पूर्ण खोपहरू स्थानीय अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र र समय समयको खोप अभियानलगायतका गतिविधिहरूमार्फत प्रदान गरिएको जानकारी गराउनुभयो।

जनप्रतिनिधि र स्वास्थ्य कार्यकर्तामार्फत पुनः सर्वेक्षण गर्दा सबै बालबालिकाहरूलाई सबैखाले खोपहरू दिइएको प्रमाणीकरण भइसकेको हुँदा पूर्ण खोप दिगोपना सुनिश्चित वडा घोषणा गरिएको उहाँले बताउनुभयो।

वडामा विभिन्न जिल्लाबाट बसोबास गर्ने मानिसहरू बढेको कारण समय समयमा बालबालिकाहरूको सङ्ख्या घटबट भइरहेकोले खोप अभियानलाई निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

भनपा स्वास्थ्य संयोजक डा. **रत्नसुन्दर लासिवा**ले पूर्ण खोप दिगोपना सुनिश्चितताको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने स्वास्थ्यकर्मी, स्वयम्सेविका र प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुहुँदै वर्षायामसँगै डेंगु र कोरोनालगायतका रोगहरू फैलिरहेकोले सचेत हुनु जरूरी रहेको बताउनुभयो।

नगर स्वास्थ्य केन्द्रका चिकित्सा सहायक **कमलकेशरी राजचल**ले घरधुरी सर्वेक्षणअनुसार ७ वडामा जन्मदेखि १५ महिनाभित्रका ८२ जना र १६ महिनादेखि २३ महिनाभित्रका २९ गरी जम्मा १११ जना बालबालिकालाई पूर्ण खोप दिइएको जानकारी दिनुभयो।

कार्यक्रममा वडा नर्स **आस्था सुवाल**ले पनि बोल्नुभएको थियो।

## अभिमुखीकरण कार्यक्रम



भक्तपुर नपाको आयोजनामा नपाका सदस्यहरू, शिक्षक-शिक्षिका प्रतिनिधिहरू र सरोकार वालाहरूलाई डेंगु तथा किटजन्य रोगहरू सम्बन्धी अभिमुखीकरण कार्यक्रम असार ५ गते भयो।

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवा

### केही झलक













## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप अस्पताल
## सञ्चालित सेवा सुविधाहरु

मितिः २०८२ जेष्ठ ०१ गते

| क्र.सं. | सेवा | सेवा सञ्चालन हुने बार | सेवा सञ्चालन हुने समय | विशेषज्ञको नाम |
|---|---|---|---|---|
| १ | बालरोग सेवा | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. ध्रुव श्रेष्ठ (भगवती जनस्वास्थ्य) |
| | | आइतबार, मंगलबार र विहिबार | विहान ७:००-९:०० बजेसम्म | डा.गणेन्द्रभक्त राय (नगर स्वास्थ्य केन्द्र, व्यासी) |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. गणेन्द्रभक्त राय (बेखाल स्वास्थ्य केन्द्र) |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-२:०० बजेसम्म | डा. विजय कुमार विकंबन्जार |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान १०:००-५:०० बजेसम्म | डा. सजल त्वानाबासु |
| २ | नाक, कान र घाँटी रोग सेवा | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. गीता कोजु |
| | | सोमबार,मंगलबार, बुधबार, विहिबार,शुक्रबार र शनिबार | विहान ७:००-२:०० बजेसम्म | डा. बेलु कायष्ठ |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान १०:००-५:०० बजेसम्म | डा. एलिसा महर्जन |
| ३ | हाडजोर्नी तथा नशारोग सेवा | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ८:००-१:०० बजेसम्म | डा. श्रीकृष्ण कासिछ्वा |
| | | | विहान १०:००-१:०० बजेसम्म | डा. मनिष प्रधानाङ्ग |
| | | प्रत्येक शनिबार | विहान ९:००-१२:०० बजेसम्म | डा. श्रीकृष्ण अवाल |
| ४ | स्त्री रोग सेवा | सोमबार र विहिबार | विहान ११:००-२:०० बजेसम्म | डा. रीना श्रेष्ठ |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-२:०० बजेसम्म | डा. कृष्ण प्यारी दुगुन् |
| | | | विहान ९:००-४:०० बजेसम्म | डा. युजिन श्रेष्ठ |
| ५ | छाला रोग सेवा | आइतबार, मंगलबार र शुक्रबार | साँझ ३:३०-५:३० बजेसम्म | डा. राजेश शाक्य |
| | | शनिबार | विहान १०:००-१२:०० बजेसम्म | |
| | | सोमबार, बुधबार र बिहिबार | दिउँसो ३:००-५:०० बजेसम्म | डा. एल्सा राजन प्रधानाङ्ग |
| ६ | भिडियो एक्स रे सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | साँझ ५:००-६:३० बजेसम्म | डा. बिकेश त्वाती |
| | | | बिहान ९:००-१२:०० बजेसम्म | डा. सुमेन्द्रराज पाण्डे |
| | | | बिहान ९:००-४:०० बजेसम्म | डा. सनिश कुसी |
| ७ | ईन्टरनल मेडिसिन सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | दिउँसो २:००-५:०० बजेसम्म | डा. गणेशमान बिष्ट |
| ८ | MDGP (जनरल) | आइतबार,मंगलबार र विहिबार | विहान ८:००-३:०० बजेसम्म | डा. निर्जना बजिको |
| | | सोमबार, बुधबार र शुक्रबार | विहान ८:००-११:०० बजेसम्म | डा. निर्जना बजिको (नगर स्वास्थ्य केन्द्र, व्यासी) |
| | | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान १०:००-५:०० बजेसम्म | डा. रीता काफ्ले |
| ९ | दन्त सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-२:०० बजेसम्म | डा. इभा (डेण्टल सर्जन), डा. सविना ( डेण्टल सर्जन) |
| | | | दिउँसो २:००-६:०० बजेसम्म | डा. धर्मलक्ष्मी (अर्थोडोण्टिस), डा.नीतु ( डेण्टल सर्जन) |
| १० | जनरल सर्जरी | सोमबार, बुधबार र शुक्रबार | विहान ७:००-९:०० बजेसम्म | डा. पुण्यराम खबुंजा |
| | | आइतबार,मंगलबार र विहिबार | विहान ७:००-१०:०० बजेसम्म | डा. विकेश सुवाल |
| | | सोमबार, बुधबार र शुक्रबार | विहान ९:००-४:०० बजेसम्म | |
| | | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ९:००-४:०० बजेसम्म | डा. अनन्त महर्जन |
| ११ | मुटुरोग सेवा | आइतबार, सोमबार र बिहिबार | साँझ ४:००-६:०० बजेसम्म | डा. सुर्यराज पाठक |
| | | बुधबार | साँझ ४:००-६:०० बजेसम्म | डा. दर्शन गुरुङ्ग |
| | | शनिबार | बिहान ११:००-१:०० बजेसम्म | |
| १२ | न्युरो सर्जरी सेवा | प्रत्येक मंगलबार र बिहिबार | विहान ७:३०-८:३० बजेसम्म | डा. हृदयेस प्रताप मल्ल |
| १३ | मानसिक रोग सेवा | सोमबार, बुधबार र शुक्रबार | दिउँसो ३:००-४:३० बजेसम्म | डा. दुर्गा थापा |
| | | आइतबार,मंगलबार र विहिबार | दिउँसो ३:३०-५:३० बजेसम्म | डा. सफलता देवी कोजु |
| १४ | नेफ्रोलोजी सेवा | प्रत्येक आईतबार र बुधबार | साँझ ५:००-७:०० बजेसम्म | डा. दिपक शर्मा |
| १५ | युरोलोजी सेवा | आइतबार,मंगलबार र विहिबार | दिउँसो ३:३०-५:३० बजेसम्म | डा. रोजन अधिकारी, डा. हरि बराल, डा. सत प्रसाद नेपाल |
| १६ | दम तथा छाती रोग सेवा | प्रत्येक मंगलबार | | डा. अशोक बस्नेत |
| | | प्रत्येक शुक्रबार | | |

नोटः आकस्मिक अवस्था तथा उपचार र शल्यक्रियाको समयमा कार्यतालिकामा केही समय हेरफेर हुन सक्नेछ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Jestha Report, 2082

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2706 | 10.35 |
| 10-14. | 906 | 3.47 |
| 15-19 | 901 | 3.45 |
| 20-59 | 16151 | 61.80 |
| ≥60 | 5471 | 20.93 |
| Total | 26135 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 597 | 2.28 |
| General | 3925 | 15.02 |
| Insurance | 21613 | 82.70 |
| Total | 26135 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bhojpur | 1 | 0.01 |
| Gorkha | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Rautahat | 1 | 0.01 |
| Salyan | 1 | 0.01 |
| Bardiya | 1 | 0.01 |
| Parsa | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Dolpa | 1 | 0.01 |
| Accham | 2 | 0.01 |
| Dailekh | 2 | 0.01 |
| Dhanusa | 2 | 0.01 |
| Mahottari | 2 | 0.01 |
| Nuwakot | 2 | 0.01 |
| Solokhumbu | 2 | 0.01 |
| Ilam | 2 | 0.01 |
| Sankhuwasabha | 2 | 0.01 |
| Dang | 3 | 0.01 |
| Makwanpur | 3 | 0.01 |
| Sunsari | 3 | 0.01 |
| Chitwan | 4 | 0.02 |
| Kailali | 4 | 0.02 |
| Rolpa | 4 | 0.02 |
| Taplejung | 4 | 0.02 |
| Udayapur | 5 | 0.02 |
| Bardiya | 5 | 0.02 |
| Sarlahi | 6 | 0.02 |
| Kalikot | 7 | 0.03 |
| Morang | 8 | 0.03 |
| Surkhet | 10 | 0.04 |
| Okhaldhunga | 11 | 0.04 |
| Lalitpur | 12 | 0.05 |
| Khotang | 16 | 0.06 |
| Sindhuli | 17 | 0.07 |
| Dolkha | 22 | 0.08 |
| Jumla | 23 | 0.09 |
| Jhapa | 26 | 0.10 |
| Kathmandu | 41 | 0.16 |
| Ramechap | 44 | 0.17 |
| Sindhupalchowk | 52 | 0.20 |
| Kavrepalanchok | 139 | 0.53 |
| Bhaktapur | 25641 | 98.11 |
| Total | 26135 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 224 |
| Suryabinayak | 1451 |
| Changu | 5105 |
| Bhaktapur | 18861 |
| Total | 25641 |

| Department | Number | In Percentage |
|---|---|---|
| Nephrology | 49 | 0.19 |
| Urology | 58 | 0.22 |
| Neuro Surgery | 72 | 0.28 |
| CHRP- Respiratory Medicine | 105 | 0.40 |
| Cardiologist | 220 | 0.84 |
| General Ward | 240 | 0.92 |
| Psychiatric | 286 | 1.09 |
| MDGP | 382 | 1.46 |
| Laboratory | 435 | 1.66 |
| Internal Medicine | 470 | 1.80 |
| Dermatology | 764 | 2.92 |
| General Surgery OPD | 909 | 3.48 |
| Physiotherapy | 1176 | 4.50 |
| ENT | 1203 | 4.60 |
| Emergency Ward | 1334 | 5.10 |
| Dental | 1465 | 5.61 |
| Obs. & Gynaecology | 1862 | 7.12 |
| Paediatric | 1886 | 7.22 |
| Orthopedic | 3351 | 12.82 |
| General OPD | 9868 | 37.76 |
| Total | 26135 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 240 |
| Discharge | 219 |
| LAMA | 8 |
| Refer | 11 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2833 |
| Total Cataract Surgery | 66 |

### Operation

| | |
|---|---|
| Major | 112 |
| Minor | 77 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 15419 | 64.49 |
| Male | 10716 | 44.82 |
| Total | 26135 | 109.31 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालबाट
२०८२ जेठ महिनाको सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## प्रमुख प्रजापति र धुलिखेल नपा प्रमुख ब्याञ्जुबिच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्यान्जुबिच असार १७ गते भेट भयो। भेटमा उहाँहरूबिच पालिकाबाट सम्पादन हुने कार्यबारे अनुभव आदानप्रदान भयो।

नगर प्रमुख प्रजापति, भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वसहितको टोलीलाई प्रमुख ब्यान्जुले स्वागत गर्नुभएको थियो।

भेटमा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायतका क्षेत्रहरूमा भइरहेको विविध गतिविधिबारे प्रस्ट पार्नुहुँदै भक्तपुरका जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको एक मनको एकताले भक्तपुरले आजको प्रगति हासिल गर्न सफल भएको बताउनुभयो।

विद्यार्थीहरूलाई शैक्षिक ऋण र छात्रवृत्ति प्रदान गरी उच्च शिक्षा अध्ययन गर्न सघाउ पुऱ्याउँदै आएको स्पष्ट पार्नुहुँदै उहाँले नागरिकको भावनाबमोजिम नगरपालिकाले सेवाप्रवाहमा जोड दिँदै आएको बताउनुभयो।

धुलिखेल नपाका प्रमुख **अशोक ब्यान्जु**ले धुलिखेल नगरपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटनमा उपलब्धिमूलक प्रगति हासिल गर्दै आइरहेको बताउनुभयो।

उहाँले धुलिखेललाई विश्व स्वास्थ्य सङ्गठनले नेपालको पहिलो स्वस्थ सहर घोषणा गरी पुरस्कृत गरेको उल्लेख गर्नुहुँदै खानेपानी, गरिबी निवारणको क्षेत्रमा दीगो विकासको लक्ष्य हासिल गरिसकेको बताउनुभयो।

धुलिखेल नगरपालिकाले धुलिखेल अस्पताल र काठमाडौँ विश्वविद्यालयअन्तर्गत सञ्चालित मेडिकल कलेज स्थापनामा महत्त्वपूर्ण भूमिका खेलेको प्रस्ट पार्नुहुँदै प्रमुख ब्यान्जुले नपाले ९६ प्रतिशत जनताको घरघरमा खानेपानी वितरण गर्न सफल भएको बताउनुभयो। नागरिकले लिने सबै सेवा सुविधालाई डिजिटल बनाउने विषयलाई अगाडि बढाएको बताउनुहुँदै उहाँले धुलिखेल नपाले नगरको भौतिक पूर्वाधार विकाससँगसँगै सामाजिक क्षेत्रमा पनि केन्द्रित भई काम गर्दै आएको बताउनुभयो।



भेटपश्चात् दुई नगर प्रमुखबिच नगरपालिकाका प्रकाशन र मायाको चिनो आदानप्रदान भयो।

# चीनका प्राचीन नीतिकथा

## jfrf

एक जना घुस्याहा हाकिम थियो। तर उसले बडो इमानदार भएको स्वाङ पार्थ्यो। एक दिन उसले भगवानको नाम लिएर सबैको सामुन्ने यस्तो वाचा गऱ्यो: 'यदि मैले दायाँ हातले घुस लिएँ भने मेरो दायाँ हात कुहियोस्। बायाँ हातले घुस लिएँ भने बायाँ हात कुहियोस्।'

केही दिनपछि एक जना मानिस उसलाई चाँदीको एक सय सिक्का घुस दिन आयो। उसलाई त्यो सिक्का लिन मन त थियो, तर उसले स्वाङ पार्दै भन्यो, 'यो काम राम्रो होइन। मैले घुस लिन्न भन्ने किरिया खाएको छु। जुन हातले घुस लिन्छु त्यो हात कुहिएर जाओस् भन्ने वाचा गरिसकेको छु।'

उसको मातहतमा काम गर्ने एक जना कर्मचारीले उसको मनको कुरा बुझेर भन्यो, 'हजुरले यो पैसा आफ्नो हातले नलिइकन लुगाको बाहुलाबाट लिनु भए भइहाल्यो नि। कुहिए पनि त्यही बाहुला कुहुन्छ। हात त कुहुन्न।'

घुस्याहा हाकिमलाई उसको कुरा निक्कै चित्त बुझ्यो।

अनुवाद: विनय कसजू

# भेटघाट–अवलोकन

## चीनको सिचाङ स्वशासित क्षेत्र र नेपालका भगिनी सम्बन्ध स्थापना भएका नगरपालिकाहरूको बैठक




उपाध्यक्ष झाओ फेङलाई भक्तपुर नपाको तर्फबाट वडाध्यक्ष रविन्द्र ज्याख्व नपाको प्रकाशनहरू प्रदान गर्नुहुँदै

ल्हासा (तिब्बत), असार १० गते। नेपाल र जनवादी गणतन्त्र चीनबिच दौत्य सम्बन्ध स्थापना भएको ७० औँ वर्षगाँठको अवसरमा चीनको सिचाङ स्वशासित क्षेत्र (तिब्बत) र भगिनी सम्बन्ध स्थापना भएका नेपालका नगरपालिकाहरूको बैठक असार १० (जुन २४, २०२५) गते तिब्बतको ल्हासा सहरमा सम्पन्न भयो।

विदेशी सहरसँग भगिनी सम्बन्धका लागि सिचाङ जनमैत्री सङ्घ र तिब्बतस्थित नेपाली महावाणिज्यदूतावासको संयुक्त आयोजनामा Share.Build.Create Together भन्ने मूल नारासहित उक्त बैठक भएको थियो।

बैठकको औपचारिक समारोहमा बोल्नुहुँदै सिचाङ स्वशासित क्षेत्र जनसरकार उपाध्यक्ष **झाओ फेङ**ले परम्परादेखि चल्दै आएको दुई देशबिचको सरकारी र जनस्तरको सम्बन्ध दुवै देशले इमानदारीपूर्वक निर्वाह गर्दै आएको चर्चा गर्नुभयो। उहाँले तिब्बती भूमि चीनको अविभाज्य अङ्गको रूपमा रहँदै आएको तथ्यलाई नेपालले इतिहासदेखि नै स्वीकार्दै आएको र एक चीन नीतिको दृढतापूर्वक सम्मान गर्दै आएकोमा धन्यवाद व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, 'नेपालसँग मैत्री सम्बन्ध स्थापित भएको चीनको पहिलो प्रान्त तिब्बत हो। आपसी भगिनी सम्बन्ध स्थापना भएका चीनका नगरपालिकहरूमध्ये तिब्बतका मात्र सात वटा नगरसँग नेपालका आठवटा विभिन्न नगरपालिकाको भगिनी सम्बन्ध स्थापना भएका छन्। दुई देशबिच सरकारी र जनस्तरमा नै आर्थिक, सांस्कृतिक र व्यापारिक आदानप्रदान भइरहेको छ।'

उपाध्यक्ष झाओ फेङले तिब्बतमा मानव सभ्यतालाई प्रकृतिसँग सामञ्जस्यता कायम गर्दै आधुनिक विकासको गतिलाई तीव्रता दिइएको उल्लेख गर्नुहुँदै तिब्बतको कुल क्षेत्रफलको एक तिहाइ प्राकृतिक संरक्षण क्षेत्र घोषणा गरिएको, जसमा ४७ वटा संरक्षण क्षेत्रहरू रहेको चर्चा गर्नुभयो। उहाँले तिब्बतको आधुनिक विकासमा चिनियाँ विशेषतासहितको समाजवादमा राष्ट्रपति सि जिङफिङ विचारधाराको योगदान रहेको प्रष्ट पार्नुभयो।

बैठकमा नेपाली प्रतिनिधिमण्डलका नेता तथा पोखरा महानगरपालिकाका प्रमुख **धनराज आचार्य**ले दुवै देशको हिमाली सभ्यतालाई अगाडि बढाउन बैठक कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुहुँदै चीन सरकारले सन् २०१३ बाट सुरु गरेको विश्वव्यापी आर्थिक विकास तथा सहयोग कार्यक्रम अन्तर्गत एक मार्ग एक क्षेत्र अगुवाई (Belt and Road Initiative-BRI) को नेपाल पनि अङ्ग बन्न पाएकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले नेपालको कानुनी व्यवस्था अनुसार सबै पालिकाहरू आ-आफ्नो बजेटसभामा व्यस्त भइरहेको समयमा पनि भगिनी नगरहरूबिचको बैठकलाई प्राथमिकता दिनुले दुई देशबिचको जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउन सम्वेदनशील बनेको स्पष्ट भएको बताउनुभयो।

वाग्मती प्रदेशका मुख्य सचिव **भुपाल बराल**ले सिचाङ प्रान्तका नगरहरूबिच भगिनी सम्बन्ध कायम गरेका वाग्मती प्रदेशका ७ वटा पालिका र गण्डकी प्रदेशको १ वटा पालिका रहेको जानकारी दिनुहुँदै दुई देशका पालिकाहरूबिच सांस्कृतिक आदानप्रदानले हाम्रो दृष्टिकोणलाई फराकिलो पार्ने विश्वास व्यक्त गर्नुभयो।

ल्हासास्थित नेपाली महावाणिज्यदूत **लक्ष्मी प्रसाद निरौला**ले तिब्बती राजा स्रङचङ गम्पोसँग नेपाली चेली

भृकुटीको विवाहसँगै नेपाली कलाकृति, संस्कृति र व्यापारिक सम्बन्ध तिब्बतमा वृद्धि भएको उल्लेख गर्नुहुँदै तिब्बतको आधुनिक विकासले तिब्बतसँग सिमाना जोडिएका नेपालका जिल्लाहरूमा सकारात्मक प्रभाव परेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको तर्फबाट बैठकमा सहभागी वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले दुई देशबिचको ऐतिहासिक सम्बन्धलाई थप मजबुत पार्न चिनियाँ सरकारले नेपालमा विकासका पूर्वाधार निर्माणसँगै नेपाली विद्यार्थीहरूलाई चिनियाँ विश्वविद्यालयहरूमा अध्ययन गर्ने सुविधा प्रदान गरेकोमा नेपाली जनताको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले नेपालमा २०७२ सालको विनाशकारी भूकम्प र कोभिड महामारीको समयमा नेपाली जनतालाई चिनियाँ सरकारको तर्फबाट प्राप्त भौतिक तथा स्वास्थ्य सामग्री सहयोगप्रति कृतज्ञता जनाउनुभयो ।

भक्तपुर नगरपालिका र शान नान नगरपालिकाबिच सन् २०१६ अगस्ट १४ मा भगिनी सम्बन्ध स्थापित भएको उल्लेख गर्नुहुँदै वडाध्यक्ष ज्याख्वले शान नान नगरका तत्कालीन उपप्रमुख मु योङवनको नेतृत्वमा आएको टोलीले सन् २०२४ जुलाई २२ देखि २५ सम्म भक्तपुरको भ्रमण गरी दुई पालिकाबिचको आत्मीय सम्बन्धलाई प्रगाढ बनाएको स्मरण गर्नुभयो ।

वडाध्यक्ष ज्याख्वले दुई देशका पालिकाहरूबिच आपसी सम्मान, विश्वास र सहकार्यका आधारमा सांस्कृतिक, आर्थिक, शैक्षिक, पर्यटन लगायतका विषयमा सहयोग आदानप्रदान भइरहेको चर्चा गर्नुहुँदै भन्नुभयो, 'दुवै देशहरूमा भाषा शिक्षण, साहित्य अनुवाद र हाम्रा ऐतिहासिक सम्बन्ध तथा आदानप्रदानबारे प्राज्ञिक अनुसन्धान जस्ता पहलहरूले दुई देशका पालिका तथा जनताहरूबिचको समझदारीलाई अझ गहिरो बनाउने विश्वास छ ।'

शान नान नगरपालिकाका उप प्रमुख **हान लियाङ**ले सङचङ गम्पोको मूल निवास शान नानमा हुनु र नेपाली राजकुमारी भृकुटीलाई विवाह गरी शान नानमा उनकै लागि दरबार निर्माण गरिनु ऐतिहासिक उपलब्धी भएको चर्चा गर्नुहुँदै भक्तपुर नगरपालिका र शान नान नगरपालिकाबिचको भगिनी सम्बन्धले गौरवानुभूति भएको बताउनुभयो ।

बैठकमा नेपाली प्रतिनिधिमण्डलको तर्फबाट बनेपा नगरपालिकाका प्रमुख **शान्तिरत्न शाक्य**, धुलिखेल नगरपालिकाका प्रमुख **अशोक कुमार ब्यान्जु श्रेष्ठ**, जिरी नगरपालिकाका प्रमुख **मित्र बहादुर जिरेल**, टोखा नगरपालिकाका प्रमुख **प्रकाश अधिकारी**, भरतपुर महानगरपालिकाका वडाध्यक्ष **विकास थापा** र काठमाडौँ महानगरपालिकाका प्रतिनिधि **नुरनिधि न्यौपाने**ले पनि बोल्नुभयो ।

त्यसैगरी सिचाङ स्वायत्त प्रदेशका तर्फबाट ल्हासाका उप प्रमुख **पासाङ तुओजी**, रिगात्जे नगरका प्रमुख **वाङ फाङहोङ**, लिन्झी नगरका उप प्रमुख **लिउ चुङसियाङ**, छङ्तु नगर पार्टी समितिका **तेङ वेङछाङ**, नाचु नगरका मेयर **चाङ्सी तुओजी** र आली प्रिफेक्चरका कमिसनर **शि युहुइ**ले दुई देशका पालिकाहरूबिचको भगिनी सम्बन्धका विभिन्न आयामहरूबारे जानकारी दिनुभयो ।

औपचारिक समारोहकै क्रममा नेपालको धुलिखेल नगरपालिका र सिचाङ स्वायत्त क्षेत्र अन्तर्गत आली प्रिफेक्चरका बिचमा भगिनी सम्बन्धको औपचारिक सहमति पत्रमा हस्ताक्षर गरिएको थियो ।

यसअघि बनेपा नगर र रिकात्जे नगरबिच सन् १९९९ अक्टोबर ६ मा, पोखरा महानगर र लिन्झी नगरबिच सन् २००८ अक्टोबर २१ मा, काठमाडौँ महानगर र ल्हासाबिच सन् २०११ अगस्ट २७ मा तथा भक्तपुर नगर र शान नान नगरबिच सन् २०१६ अगस्ट १४ मा भगिनी सम्बन्ध स्थापित भएको थियो ।

त्यस्तै जिरी नगर र छङ्तु नगरबिच सन् २०२१ मार्च २२ मा, टोखा नगर र नाचु नगरबिच सन् २०२२ जुन १६ मा तथा भरतपुर महानगर र रिकात्जे नगरबिच सन् २०२३ नोभेम्बर ९ मा भगिनी सम्बन्ध स्थापित भएको थियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
देको-मिबा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रको
सहिद स्मृति खेल मैदान परिसर, भ.न.पा.२, भक्तपुर

**स्थायी ज.ध. प्रमाणपुर्जा प्राप्त गर्ने र जग्गा उपभोग गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति : २०८२/०३/०४)

यस आयोजना क्षेत्र साबिक १५ क, ख, ग, ङ, च, ज, १० क र ५ क हाल आयोजनाबाट स्वीकृत नक्साअनुसार कायम भएको वडा नं. २ र ६ नक्सा सिट नं. १०२११९२१३ देखि १०२११९४२२ को स्रेष्ताअनुसार विकसित घडेरी फिर्ता लिएका जग्गाधनीहरूबाट जग्गा उपभोग गर्न नपाएको गुनासो आएको हुँदा स्वीकृत नक्सा तथा स्रेष्ताअनुसार आ-आफ्नो हकको जग्गामात्र उपभोग गरी २०८२ असार मसान्तभित्र जग्गा छोड्नु हुन र टहरा तथा अन्य संरचना हटाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र टहरा तथा अन्य संरचना हटाई जग्गा नछोडेमा कार्यालय आफैले हटाई लाग्ने खर्च जग्गाधनीबाट सरकारी बाँकी सरह असुलउपर गर्ने व्यहोरा यसै सूचनाबाट जानकारी गरिन्छ ।

***आयोजना प्रमुख***

<u>मन्तव्य</u>

# नगरपालिकाहरूबिचको भगिनी सम्बन्धले जनस्तरको सम्बन्धलाई पनि सुदृढ गर्ने

- रवीन्द्र ज्याख्व
कार्यपालिका सदस्य, भक्तपुर नपा




सर्वप्रथम नेपाल र जनवादी गणतन्त्र चीनबिच दौत्य सम्बन्ध स्थापना भएको ७० औँ वर्षगाँठको अवसरमा भगिनी सम्बन्ध स्थापना गरिएका नेपाल र जनवादी गणतन्त्र चीनको सि–चाङ स्वशासित क्षेत्र (तिब्बत)का नगरपालिकाहरूबिच Share. Build. Create Together भन्ने मूल नाराका साथ भइरहेको यस महत्त्वपूर्ण कार्यक्रममा भक्तपुर नगरपालिकालाई आमन्त्रण गरिएकोमा भक्तपुर नगरपालिका परिवारको तर्फबाट आयोजकप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ ।

नेपाल, तिब्बत र चीनबिच परापूर्व कालदेखि नै राजकीय र जनस्तरमा धार्मिक, सांस्कृतिक, राजनैतिक र व्यापारिक सम्बन्ध रहिआएको इतिहास छ । नेपालको काठमाडौँ उपत्यकाको उत्पत्ति र सभ्यता विकासमा तिब्बतका महामञ्जुश्रीको योगदान, छैटौँ शताब्दीमा तिब्बती राजा स्रोङचङ गम्पोसँग नेपाली चेली भृकुटीको विवाह र त्यसपश्चात तिब्बतमा उनको भव्य सम्मान, तेर्‍हौँ शताब्दीमा महान् नेपाली कलाकार अरनिको (आनिक) को नेतृत्वमा तिब्बत र चीन पुगेका ८० जना शिल्पकारहरूको टोलीले तिब्बत र पेईचिङमा निर्माण गरेका कलाकृतिलगायतले दुई देशबिचको सम्बन्ध विस्तारको बहुआयाम प्रस्तुत गरेका छन् । चिनियाँ भूमि तिब्बतमा नेपालको महावाणिज्य दूतावास स्थापना भएको लामो इतिहासले पनि दुई देशबिचको व्यापार र सांस्कृतिक आदानप्रदान अहिलेमात्र नभई प्राचीनकालदेखि नै भएको प्रष्ट हुन्छ ।

दुई छिमेकी मित्र देशहरूको सम्बन्ध इतिहास जत्तिकै पुरानो भएपनि सरकारी स्तरमा भने सन् १९५५ मा नेपाल–चीन दौत्य सम्बन्ध स्थापना भएको हो । यस हिसावले दुई देशबिचको दौत्य सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको छ । नेपाल र नेपाली जनता सुरुदेखि नै 'एक चीन नीति' लाई दृढतापूर्वक समर्थन गर्दै आएको स्मरण गराउन चाहन्छौँ ।

मित्र देश चीनले नेपालको सडक पूर्वाधार विकास, उद्योगधन्दा स्थापनालगायतका विकासमा सहयात्रा गरिरहेको छ । हजारौँको सङ्ख्यामा नेपाली विद्यार्थीहरू चिनियाँ विश्वविद्यालयहरूमा चिकित्सा शिक्षा, इन्जिनियरिङ, साहित्य जस्ता विषयहरूमा उच्च शिक्षा हासिल गर्ने अवसर पाइरहेका छन् । यसका लागि नेपाली जनताको तर्फबाट चिनियाँ सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

नेपालकै सानो नगरमध्ये एक भक्तपुर नगरपालिका नेपालको राजधानी काठमाडौँबाट १३ किमी पूर्वमा अवस्थित छ । सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक दृष्टिले यो अत्यन्त समृद्ध नगर हो । आठौँ शताब्दीमा स्थापित यो नगर १२ औँदेखि १५ औँ शताब्दीसम्म नेपाल राज्यको राजधानीको रूपमा रहेको र १८ औँ शताब्दीसम्म स्वतन्त्र राज्यको रूपमा रहेको थियो ।

प्रशासनिक दृष्टिले यो नगर १० वटा वडामा विभाजित छ । ९० प्रतिशतभन्दा बढी नेवार जाति रहेको यो नगरमा सन् २०२१ को जनगणनाअनुसार ७८,८५४ जना स्थायी बसोबास गर्ने जनसङ्ख्या रहेको तथ्याङ्क छ भने त्यतिकै सङ्ख्यामा अस्थायी बसोबास गर्ने जनताहरू छन् । कृषि यहाँका मानिसहरूको मुख्य पेशा रहेको र घरेलु तथा साना उद्योग, व्यापार व्यवसाय, पर्यटन, हस्तकला आदि यहाँका नागरिकहरूका रोजगारीका क्षेत्रहरू हुन् ।

भक्तपुरको दरबार क्षेत्र, टौमढी क्षेत्र र दतात्रय क्षेत्र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण क्षेत्रहरू हुन् । दरबार क्षेत्रमा अवस्थित ५५ झ्याल दरबार र सुनढोका, टौमढी टोलमा रहेको नेपालकै अग्लो पाँचतले मन्दिर (ङातापोल्हँ) र दतात्रयमा अवस्थित विश्वप्रसिद्ध मयूरझ्याल वास्तुकलाको दृष्टिले अनुपम उदाहरणहरू हुन् । यस्ता मूर्त सम्पदाहरू तथा समय समयमा हुने जात्रा, पर्व, नाचगानजस्ता अमूर्त सम्पदाहरू संरक्षण भइरहेकै आधारमा सन् १९७९ मा युनेस्कोले भक्तपुर नगरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेको थियो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणपछिका स्थानीय तहको दुवै निर्वाचनहरूमा भक्तपुर नगरपालिकामा मेयर, उपमेयरसहित सम्पूर्ण वडाहरूमा नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू निर्वाचित भए । नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादलाई विश्वास गर्ने कम्युनिष्ट पार्टी हो । मार्क्सवाद–लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अङ्गिकार गर्दै आएको यो पार्टीले निर्वाचनलाई पनि जनताको हितमा

उपयोग गर्दै आएको छ। नेपाल मजदुर किसान पार्टीको नेतृत्व नेपालका वरिष्ठ राजनीतिज्ञ का. नारायणमान बिजुक्छेँ (रोहित)ले गर्दै आउनुभएको छ।

उहाँले आजभन्दा दुइ दशक अगाडि भक्तपुरको भविष्यको कल्पना गर्नुहुँदै 'सय वर्षपछिको भक्तपुर' नामको पुस्तक प्रकाशित गर्नुभयो। त्यो पुस्तक नै भक्तपुर नगरपालिकाको मार्गचित्र बनेको छ। भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल, सांस्कृतिक नगर बनाउने हाम्रो उद्देश्य हो।

सन् २०१५ को विनाशकारी भूकम्पले भक्तपुरका थुप्रै सम्पदाहरूमा क्षति पुगेको थियो। हामीले भक्तपुरवासी जनताको सहयोगमा आफ्नै श्रोत र जनश्रमदानले हालसम्म २०० वटाभन्दा बढी सम्पदाहरू पुनःनिर्माण गरिसकेका छौँ। यस कार्यमा कुनै विदेशी सरकार र संस्थाको सहयोग लिएका छैनौँ। आत्मनिर्भरतालाई जोड दिएका छौँ।

विनाशकारी भूकम्पबाट पीडित जनतालाई चिनियाँ सरकारले गरेको अमूल्य सहयोग हामी भुल्न सक्दैनौँ। त्यस्तै कोभिड १९ को महामारीबाट जोगिन चिनियाँ सरकारले नेपाली जनतालाई खोप तथा स्वास्थ्य सामग्रीहरू प्रदान गरेर सहयोग गरेकोमा नेपाली जनता चिनियाँ सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको नगर हो। यहाँ बर्सेनि लाखौँ विदेशी पर्यटकहरूले भ्रमण गर्ने गर्छन्। नेपाल आउने पर्यटकहरूमध्ये करिब २५ प्रतिशतले भक्तपुर भ्रमण गर्छन्। चिनियाँ पर्यटकहरू भक्तपुर भ्रमण गर्ने विदेशी पर्यटकहरूमध्ये सङ्ख्यामा दोस्रोमा पर्छ। सन् २०२४ को जनवरीदेखि २०२५ को अप्रिलसम्ममा चिनियाँ पर्यटकहरू ५४,७५३ जनाले भक्तपुरको अवलोकन भ्रमण गरेको तथ्याङ्क छ।

भक्तपुर नगरमा चिनियाँ कम्युनिष्ट पार्टीका नेता तथा सरकारका उच्चपदस्थ पदाधिकारीहरूले बराबर भ्रमण गर्नु भएको यहाँ स्मरण गराउन चाहन्छौँ। जनवादी गणतन्त्र चीनका जनप्रतिनिधिसभाका उपाध्यक्ष सियाओ चिए, स्छुवान प्रान्तका पार्टी सचिव वाङ स्याओहुई, चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य तथा छोङछिङ नगरपालिकाको पार्टी समितिका सचिव युआन चियाच्युन, सि–चाङ (तिब्बत) स्वायत्त क्षेत्रका चिनियाँ कम्युनिष्ट पार्टीका सचिव वाङ च्युङचङलगायतको नेतृत्वमा आएका चिनियाँ प्रतिनिधि मण्डलहरूले यस नगरपालिकाको भ्रमण गर्नुभएको थियो। त्यस क्रममा भएको भेटघाटमा दुई नगरपालिकाबिच सम्बन्ध विस्तार र आपसी अनुभव आदानप्रदान गरी अगाडि बढ्नेबारे सकारात्मक छलफल भएको थियो।

भक्तपुर नगरपालिकाको दरबार क्षेत्रमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, चिनियाँ राजदूतावास, भक्तपुर नगरपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा 'नेपाल भ्रमण वर्ष २०२५' को घोषणा तथा 'चिनियाँ नयाँ वर्ष २०२५' को शुभारम्भ कार्यक्रम सन् २०२५ जनवरी १८ मा गर्न पाउनु हाम्रो निम्ति गौरवको विषय बनेको यहाँ अवगत गराउँदछौँ। यस उत्सवले भक्तपुरमा चिनियाँ पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गर्दछौँ।

भक्तपुर नगरपालिका र सि–चाङ(तिब्बत) स्वशासित क्षेत्रको शान–नान नगरबिच सन् २०१६ अगस्ट १४ मा भगिनी सम्बन्ध स्थापित भएको थियो। दुई पालिकाबिच सांस्कृतिक, आर्थिक, शैक्षिक, पर्यटनलगायत विषयमा सहयोग आदानप्रदान गर्ने सहमतिको उद्देश्य थियो। सहमति पछि दुई नगरपालिकाबिच भ्रमणको आदानप्रदान पनि हुँदै आएको छ। सङ्कटको बेलामा सहयोग पनि प्राप्त भएका छन्। पछिल्लो समय शान–नान नगरका कार्यकारी उप प्रमुख मु योङवानको नेतृत्वमा ६ सदस्यीय प्रतिनिधिमण्डलले सन् २०२४ जुलाई २२ देखि २५ सम्म भक्तपुरको भ्रमण गरी दुई पालिकाबिचको सम्बन्धलाई थप आत्मीय बनाएको यहाँ अवगत गराउँदछौँ।

नेपाल र जनवादी गणतन्त्र चीनका नगरपालिकाहरूबिचको भगिनी सहर सम्बन्धले दुई देशबिचको कूटनीतिक सम्बन्धसँगै जनस्तरको सम्बन्धलाई पनि सुदृढ गर्ने कार्य गर्छ। पूर्वाधार विकासको अतिरिक्त सांस्कृतिक तथा शैक्षिक सहकार्यमा पनि समान ध्यान दिनु आवश्यक छ भन्ने लाग्छ। दुई देशमा भाषाहरूको शिक्षण, साहित्यहरूको अनुवाद तथा हाम्रा ऐतिहासिक सम्बन्ध तथा आदानप्रदानहरूबारे शैक्षिक अनुसन्धान जस्ता पहलहरूले हाम्रा नगरपालिका र जनताहरूबिचको समझदारीलाई अझ गहिरो बनाउने विश्वास छ।

यस्ता प्रयासहरूले आपसी विश्वास, सम्मान र बुझाइलाई प्रष्ट पार्दै नेपाल–चीन सम्बन्धलाई अझ मजबुत बनाउने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्नेछन् र नेपाल चीनबिचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउनेछ भन्ने कुरामा हामी विश्वास गर्दछौँ।

अन्त्यमा यस महत्त्वपूर्ण समन्वय बैठकबाट सि–चाङ (तिब्बत) स्वशासित क्षेत्र र विभिन्न नगरपालिकाहरूले गरेका असल अभ्यास, जानकारी, सूचना र नवीनतम प्रयासहरू एकआपसमा आदानप्रदान गरी जनताको सेवामार्फत सम्मुनत नगर र राष्ट्र निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएको छु।

धन्यवाद !

*(चीनको सिचाङ स्वशासित क्षेत्र (तिब्बत) र भगिनी सम्बन्ध स्थापना भएका नेपालका नगरपालिकाहरूको ल्हासामा असार १० गते (जुन २४, २०२५) भएको बैठकमा भक्तपुर नगरपालिकाको कार्यपालिका सदस्य रवीन्द्र ज्याख्वले दिनुभएको मन्तव्य)*

# आपसी भ्रमणले सम्बन्ध थप सुमधुर पार्न योगदान गर्ने

- शान्फु सिरेन

प्रमुख, शान नान नगर



जनवादी गणतन्त्र चीनको सिचाङ स्वशासित क्षेत्र (तिब्बत) को शान नान नगरपालिकाका प्रमुख शान्फु सिरेनसँग भक्तपुर नगरपालिकाको प्रतिनिधि टोलीले असार ११ गते (जुन २५, २०२५) शान नान नगरस्थित एक कार्यालयमा भेटवार्ता गऱ्यो ।

नेपाल र जनवादी गणतन्त्र चीनबिच दौत्य सम्बन्ध स्थापना भएको ७० औं वर्षगाँठको अवसरमा चीनको सिचाङ स्वशासित क्षेत्र र नेपालबिच भगिनी सम्बन्ध स्थापना भएका नगरपालिकाहरूको बैठकमा सहभागी हुने क्रममा वडाध्यक्ष रवीन्द्र ज्याख्व र प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईको टोलीले नगर प्रमुखसँग भेट गरेको थियो ।

भेटको क्रममा शान नान नगर प्रमुख **शान्फु सिरेन**ले भगिनी नगर भक्तपुरका प्रतिनिधिहरूलाई आफ्नो नगरमा स्वागत गर्न पाउँदा खुशी लागेको बताउनुभयो । उहाँले एउटा छिमेकीले सदैव अर्को छिमेकीको भलो चाहने स्पष्ट पार्नुहुँदै दुई पालिकाबिचको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटन र व्यापारिक सम्बन्ध थप सुमधुर पार्न आपसी भ्रमणले योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले शान नान नगरपालिकाको परिचय दिनुहुँदै ल्हासाको दक्षिण पूर्वमा अवस्थित यस नगरको क्षेत्रफल ७९ हजार ३०० वर्ग किमी र जनसङ्ख्या ३ लाख ७५ हजार ३०० रहेको बताउनुभयो । तिब्बती संस्कृति र सभ्यताको उद्गमस्थल मानिने शान नान नगर एउटा जिल्ला र ११ वटा काउन्टीमा विभाजित गरिएको उहाँको भनाइ थियो ।

प्रमुख शान्फु सिरेनले तिब्बती नागरिकलाई १२ वर्षे शिक्षा र आधारभूत स्वास्थ्य उपचार सेवा सरकारले निःशुल्क प्रदान गरिरहेको चर्चा गर्नुहुँदै नयाँ पुस्तालाई चिनियाँ क्रान्तिको इतिहास एवम् कम्युनिष्ट आदर्श र चरित्रबारे प्रशिक्षित गरिरहेको बताउनुभयो । युवा पुस्ता १८ वर्ष पुगेपछि चिनियाँ कम्युनिष्ट पार्टीको सदस्य बनी देश र समाजको सेवा गर्न लालायित हुने गरेको उहाँको भनाइ थियो ।

शान नानका उप मेयरको टोलीले केही समयअघि भक्तपुर नगरपालिकाको औपचारिक भ्रमण गरेको स्मरण गर्नुहुँदै भक्तपुर नगरपालिकाका मेयरको नेतृत्वमा एउटा टोलीलाई यही सेप्टेम्बर, अक्टोबरमा हुने यार्लुङ सांस्कृतिक तथा पर्यटन महोत्सवमा सहभागी बन्न निमन्त्रणा गर्नुभयो ।

छलफलमा भक्तपुर नगरपालिकाका **रवीन्द्र ज्याख्व**ले दुई देशबिचको भाइचारा सम्बन्ध इतिहासजतिकै पुरानो र सुमधुर रहेको उल्लेख गर्नुहुँदै नेपालमा २०७२ को विनाशकारी भूकम्प र कोभिड १९ महामारीको समयमा चिनियाँ सरकार र शान नान नगरले दिएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो । उहाँले प्राकृतिक संरक्षणलाई विशेष प्राथमिकता दिएर चीन सरकारले गरेको आधुनिक विकास, हरियाली प्रवर्द्धन, राजमार्ग र सुरुङमार्गको विस्तार, सहरी विद्युतीकरण तथा शिक्षा र स्वास्थ्य क्षेत्रमा सरकारी लगानीबाट प्रभावित भएको बताउनुभयो ।



वडाध्यक्ष ज्याख्वले भक्तपुर नगरपालिकाले भक्तपुरवासी जनताको सेवाका लागि शिशु स्याहार केन्द्रदेखि कलेजहरू सञ्चालन गरेको र ख्वप अस्पतालमार्फत बिरामीको उपचार गरिरहेकोबारे जानकारी दिनुभयो । उहाँले भक्तपुर नगरपालिकाका मेयरज्यूको तर्फबाट शान नानका मेयरज्यूलाई भक्तपुर भ्रमणको लागि आमन्त्रण गर्नुभयो ।

भेटमा भक्तपुर नगरपालिकाको तर्फबाट काष्ठकला, हस्तकला र नगरपालिकाका प्रकाशनहरू उपहार दिइएको थियो भने शान नान नगरपालिकाको तर्फबाट पनि नक्सा अङ्कित कपडा र उपहार प्रदान गरिएको थियो ।

# नगर प्रमुख सुनिल प्रजापतिबाट धुलिखेल अस्पतालको स्थलगत अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा ख्वप अस्पतालको प्रतिनिधिमण्डलले असार १७ गते धुलिखेल अस्पतालको स्थलगत अवलोकन गऱ्यो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ल, स्त्री रोग विशेषज्ञ डा. युजिन श्रेष्ठ, एमडीजीपी डा. निर्जना बजिक्व, जिन्सी शाखा प्रमुख विनोद दनेखूसहितको टोलीलाई धुलिखेल अस्पतालका कार्यकारी निर्देशक डा. रामकण्ठ माकजुले अस्पतालमा स्वागत गर्नुभयो ।

अवलोकनपश्चात् भएको छलफलमा नगर प्रमुख **प्रजापति**ले ख्वप अस्पताल सञ्चालनको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै अस्पतालले दैनिक १ हजारभन्दा बढी बिरामीलाई उपचार सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालन गरी मेडिकल कलेज खोल्ने उद्देश्यसहित भक्तपुर नपाले आवश्यक भौतिक पूर्वाधार निर्माणमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी काम गर्दै आइरहेको र अस्पतालको सेवा सुविधालाई अझ परिष्कृत गर्दै लाने तयारीमा रहेको उल्लेख गर्नुहुँदै उहाँले यसै वर्षबाट अस्पतालले सीटी स्क्यान सेवा सञ्चालनको लागि आवश्यक प्रक्रिया पूरा गरिसकेको बताउनुभयो ।


धुलिखेल अस्पतालका कार्यकारी निर्देशक **माकजु**ले अस्पतालमा उपलब्ध उपचार सेवा र स्वास्थ्य क्षेत्रमा धुलिखेल अस्पतालले निर्वाह गरिरहेको भूमिकाबारे जानकारी गराउनुहुँदै धुलिखेल अस्पतालले आवश्यकताको आधारमा सरकारी अस्पतालहरूसँग समन्वय र सहकार्य गर्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

उहाँले काठमाडौँ विश्वविद्यालयमार्फत अस्पतालले २२ हजारभन्दा धेरै जनशक्ति उत्पादन गरिसकेको बताउनुभयो ।

कार्यकारी निर्देशक माकजुले गरिब जनतालाई सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले अस्पतालको स्थापना भएको बताउनुहुँदै धुलिखेल र ख्वप अस्पतालबिच जनस्तरको सम्बन्ध स्थापना गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

छलफलपश्चात् नगर प्रमुख प्रजापतिले अस्पतालका विभिन्न सेवाहरूको अवलोकन गर्नुभयो । सोही क्रममा उहाँहरूबिच उपहार आदानप्रदान भयो ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौँ
रोगदेखि टाढा बसौँ ।



# सङ्क्षेप

## इवामुराका विद्यार्थीहरू भक्तपुर नपाको अध्ययन भ्रमणमा



भक्तपुरको इवामुरा कलेज अफ हेल्थ एण्ड साइन्सका विद्यार्थीहरूद्वारा जेठ २१ गते भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गरेका छन् ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नपाका विभिन्न गतिविधिबारे जानकारी गराउनु भयो ।

## सुस्त मन:स्थिति कल्याण विद्यालयको स्थापना दिवस



भक्तपुर नगरपालिका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा सुस्त मन:स्थिति कल्याण विद्यालयको ४० औँ स्थापना दिवस तथा पुरस्कार वितरण कार्यक्रम जेठ २७ गते सम्पन्न भयो ।

## छाना छाउने कार्यमा श्रमदान



भक्तपुर नगरपालिका वडा नं ९ ब्रह्मायणी खोलासँगैको पाटीमा छाना छाउने कार्यमा स्थानीय श्रमदान गर्नुहुँदै ।


## कालोपत्रे गर्न सेनाको अवरोध



भक्तपुर सल्लाघारीस्थित सडकमा कालोपत्रे गर्ने कार्यमा नेपाली सेनाबाट अवरोध भएपछि हाल काम रोकिएको छ ।

भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

**बसिबियाँलो (क) को उत्तर**



# विविध समाचार

## "म नागरिक म बनाउँछु नेपाल"



नेपाल रिपब्लिक मिडियाको आयोजनामा 'म नागरिक म बनाउँछु नेपाल' कार्यक्रम जेठ १९ गते भक्तपुरको दरबार क्षेत्रमा सम्पन्न भयो । कार्यक्रमको उद्घाटन गणतन्त्र नेपालका पहिलो राष्ट्रपति डा. रामवरण यादवले गर्नुभयो ।

कार्यक्रममा पूर्वराष्ट्रपति **यादव**ले नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनालाई जनतालाई स्वतन्त्र नागरिक बनाइदिएको दिनको रूपमा स्मरण गर्दै गणतन्त्रवादीहरू आम जनताको हितमा अझ दत्तचित्त भएर लाग्नुपर्ने बताउनुभयो ।



चुरे पहाड दोहनले नेपालको तराई मरुभूमिमा परिणत भएको बताउनुहुँदै उहाँले यसलाई समयमै रोक्न सकिएन भने चुरे क्षेत्र थप कमजोर बन्न गई तराई मधेसको जनजीवन अझै सङ्कटग्रस्त हुने बताउनुभयो ।

युवाहरूको विचार र सिर्जनशीलतालाई सम्मान गर्न आयोजित नेपाल रिपब्लिक मिडियाको आयोजनामा भएको 'म नागरिक म बनाउँछु नेपाल' कार्यक्रमले देशका युवाहरूलाई आफ्नै देशमा केही गर्छु भन्ने सन्देश दिने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले 'म नागरिक म बनाउँछु नेपाल' शीर्षकमा छोटो भिडियो निर्माण गरेर देश र समाजलाई सकारात्मक सन्देश दिने कोसिस भएको बताउनुहुँदै नेपाल विदेशीहरू आएर बनाउने नभई हामी नेपालीहरूले नै बनाउने हो भन्नुभयो ।



आर्थिक रूपमा स्वतन्त्र नभएको देश राजनीतिक रूपमा स्वतन्त्र नहुने बताउनुहुँदै प्रमुख प्रजापतिले युवाहरूसँग भएका ज्ञान, सीप र विशेषज्ञता देश र समाजको लागि प्रयोग गर्न प्रेरित गर्नुभयो ।

हरेक नागरिकले आफ्नो ठाउँ आफै बनाउने प्रण गरे देश छिटै विकास हुने धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले उपत्यकाका सांस्कृतिक एवम् ऐतिहासिक सम्पदा संरक्षणमा सङ्घ, प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयासले मात्र सम्भव हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल रिपब्लिक मिडियाका निर्देशक **समृद्धि ज्ञवाली**ले कार्यक्रमको उद्देश्यबारे प्रस्ट पार्दै देश बनाउने



जिम्मेवारी युवाको काँधमा रहेकोले यो देश तपाईं–हामी युवाले नै बनाउने हो भन्नुभयो । नागरिक पत्रिकाका प्रधानसम्पादक **गुणराज लुइँटेल**ले कार्यक्रमको महत्त्वबारे प्रष्ट पार्नुहुँदै कार्यक्रमले युवाहरूमा उत्साह थपेको र समाजमा यसले सकारात्मक सन्देश प्रवाह गर्नेमा विश्वस्त रहेको बताउनुभयो ।



'म नागरिक म बनाउँछु नेपाल' अन्तर्गत सन्देशमूलक छोटो भिडियो निर्माण गर्ने झन्डै एक सयजनामध्ये **करण सिंह**को करण सिंह ओडा फाउन्डेसनको भिडियो पहिलो, (नगद एक लाख २५ हजार), **सजिल बस्नेत**को टीएनएल प्रोडक्सनको भिडियो दोस्रो (एक लाख नगद), **शिवानी मानन्धर**को ट्रेल बिल्डर्सको भिडियो तेस्रो (७५ हजार नगद) र पिपुल्स चोइसमा **निखिल तण्डुकार** (युनिग्लोब कलेज)को भिडियो (एक लाख नगद) भई पुरस्कार प्राप्त गर्न सफल भएका थिए ।

कार्यक्रममा नेपाल रिपब्लिक मिडिया लिमिटेडका अध्यक्ष **विनोदराज ज्ञवाली**ले सहभागीलाई मायाको चिनो वितरण गर्नुभएको थियो ।

## अन्तरविद्यालय टेबलटेनिस प्रतियोगिताको पुरस्कार वितरण

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल जिल्ला कार्य समिति भक्तपुरको आयोजनामा भएको




उपत्यकाव्यापी अन्तरविद्यालय टेबलटेनिस प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम जेठ ३० गते भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले आजका खेलाडी भविष्यमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलाडीको रूपमा विकास हुने भएकोले अहिलेदेखि नै राम्रोसँग प्रशिक्षित गर्नु जरूरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'खेलकुद र शिक्षा एकै सिक्काको दुई पाटा हो । खेलकुदलाई मानव जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने प्रयत्न भक्तपुर नगरपालिकाले गर्दै छ ।'

खेलकुदलाई हारजितभन्दा मित्रता र अनुशासनको लागि हुनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले खेलकुद प्रतियोगितालाई आगामी दिनमा पनि निरन्तरता दिन सुझाव दिनुभयो ।

प्याब्सन भक्तपुरका अध्यक्ष **राजन कसपाल**ले विद्यार्थीको व्यक्तित्व विकास गरी विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा सक्रिय बनाउन प्याब्सनले प्रतियोगिताको आयोजना गरेको र प्रतियोगिताले राष्ट्रिय–अन्तर्राष्ट्रिय खेलाडी तयार गर्नमा सहयोग पुग्ने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा अखिल नेपाल टेबलटेनिस सङ्घका अध्यक्ष **बिजेन्द्रबहादुर हमाल**, प्याब्सन भक्तपुरका उपाध्यक्ष **विजय कर्माचार्य** र प्याब्सन अतिरिक्त क्रियाकलाप समितिका सहसंयोजक **कृष्ण कार्की**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले विजयी खेलाडीहरूलाई मेडल, शिल्ड र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

त्यस्तै कार्यक्रममा टेबलटेनिस प्रशिक्षकद्वय मोहनदास बासुकला र शिवसुन्दर गोठेलाई सम्मान गरिएको थियो ।

आयोजकका अनुसार प्रतियोगितामा ६० विद्यालयका २१० जना विद्यार्थीको सहभागिता रहेको थियो ।

## प्रेस काउन्सिलको अधिकारमा अदालतको हस्तक्षेप

पत्रकार दिलभूषण पाठकले केही हप्ता अगाडि आफ्नो युट्युब च्यानलमा हिल्टन होटलको शेयर खरिदबिक्रीसँग सम्बन्धित सामग्री पोष्ट गरेका थिए ।

त्यसमा पाठकले नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा र वर्तमान परराष्ट्रमन्त्री आरजु राणा देउवाका छोरा जयवीरबारे चर्चा गर्दै दुबई, अष्ट्रेलिया हुँदै क्यानडासम्म रियलस्टेट बिजनेस फैलाएको र शंकर ग्रुपको मुख्य लगानी रहेको नक्शालस्थित पाँचतारे होटल हिल्टनमा पनि जोडिएको आसय प्रकट गरेका छन् । साथै उनले जयवीरको सम्पत्तिमा पनि प्रश्न उठाएका छन् । उक्त युट्युव इन्टरनेटमा हेर्न सकिन्छ ।

यसै विषयमा जिल्ला अदालत काठमाडौंले नेपालखबर डटकम र बिजमान्डू डटकममा प्रकाशित समाचार हटाउन र थप नलेख्न भनी दिएको आदेशप्रति सविधानले दिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकमा हस्तक्षेप भएको भनी सर्वत्र आलोचना भएको छ।

समाचारमाथि चित्त नबुझे प्रेस काउन्सिल नेपालमा उजुरी गर्न सकिने र काउन्सिलले सञ्चारमाध्यमलाई कारबाही गर्न सक्ने प्रावधान छ। तर, काउन्सिलको अधिकार क्षेत्रसमेत हस्तक्षेप गर्दै अदालतले समाचार नै हटाउन आदेश दिएपछि सञ्चारकर्मीहरूले समेत अदालतको आदेशप्रति असन्तुष्टि जनाएका छन्।

'कसैले पनि विचार तथा अभिव्यक्ति स्वतन्त्रता अभ्यास गर्दा अप्रमाणित, अस्पष्ट सामग्री प्रस्तुत गरेमा त्यसविरुद्ध प्रेस काउन्सिलमा मुद्दा दिन सकिने स्पष्ट कानुनी व्यवस्था र अभ्यास छ' भन्दै ३५ जना सम्पादकहरूले एक साझा विज्ञप्ति जारी गरेका थिए।

त्यस्तै थुप्रै पत्रकारहरूले राज्यले विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित पार्न खोजेको भन्दै आलोचना र विरोध गरेका थिए।

आफूलाई गैरकानूनी रूपमा पक्राउ गर्न खोजिएको भन्दै पत्रकार पाठक उच्च अदालत पाटन पुगेका थिए। उच्च अदालतले पत्रकार दिलभूषण पाठकलाई पक्राउ नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

उच्च अदालत पाटनका न्यायाधीश टंकप्रसाद गुरुङ र टीकाराम आचार्यको संयुक्त इजलासले असार ५ गते सो आदेशलाई निरन्तरता दिएको हो।

अब पाठकले हालेको मुद्दा नटुङ्गिदासम्म प्रहरीले उनलाई पक्राउ गर्न पाउने छैन।

## शोभा प्रधानको तेस्रो स्मृति दिवस

### "नेमकिपाले जस्तो अनुशासन कायम गरेको भए देशको यो हविगत हुने थिएन"




नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिको आयोजनामा सङ्घकी पूर्वकोषाध्यक्ष शोभा प्रधानको तेस्रो स्मृतिसभा असार ८ गते भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छैं (रोहित)** ले दिवङ्गत जीवनसाथी शोभा प्रधानसँगका विभिन्न अन्तरङ्ग प्रसङ्गहरूबारे चर्चा गर्नुभयो। शोभा प्रधान रामेछापबाट आउनुभएको हुनाले चिठीपत्र र साहित्यमार्फत उहाँलाई देश तथा समाज चिनाउने प्रयास गरेको उहाँले सम्झिनुभयो।



**शोभा प्रधान** (२०१७।१।१४-२०७९।३।८)

नेमकिपाको समूल अन्त्य गर्न रचिएको भक्तपुर काण्डको बेला शोभा प्रधानले धीरता नगुमाएको र राजनीतिक क्रियाकलापबाट बिस्तारै समाजमा घुलमिल भएको अध्यक्ष बिजुक्छैंले चर्चा गर्नुभयो। उहाँले भन्नुभयो, 'राजनीतिक कार्यकर्ताहरूको बैठक नै उहाँको विश्वविद्यालय थियो।'

स्थानीय भाषा सिक्दा र राजनीतिक जीवनका उतारचढावबारे व्यवहार र अध्ययनबाट पाउँदा समाजमा सजिलो हुने अध्यक्ष बिजुक्छैंले प्रकाश पार्नुभयो। दिदीबहिनीहरूलाई अध्ययनमा लैजानुपर्नेमा उहाँले जोड दिनुभयो।

पञ्चायतकालीन कालरात्रिमा नेमकिपाले स्थानीय भाषामा राजनीतिक कक्षा चलाएको तर आजका शासक दलहरू पैसाको पछाडि मात्र लागेकोमा उहाँले विरोध गर्नुभयो। जनतालाई राजनीतिक रूपमा पङ्गु बनाएकोमा उहाँले शासक दलहरूको निन्दा गर्नुभयो। अध्यक्ष बिजुक्छैंले भन्नुभयो, 'नेमकिपाले जस्तो अनुशासन कायम गरेको भए देशको यो

हविगत हुने थिएन ।'

शासक दलहरूको ध्यान खालि चुनावमा जथाभावी पैसा खर्च गर्ने र त्यो पैसा उठाउन अर्को चुनाव लड्ने चक्रमा रुमल्लिएको उहाँले चर्चा गर्नुभयो ।

स्मृतिसभामा अध्यक्ष बिजुक्छेँले भारतका वामपन्थी इतिहासकार विजय प्रसादले भक्तपुर नगरपालिका भ्रमण गरेको प्रसङ्ग सम्झिनुभयो ।

भारतमा कम्युनिस्टहरूले १८ वर्षसम्म सरकारमा गएर अस्पताल, आदर निकेतन र कलेज बनाउनमा ध्यान नदिएको तर नेमकिपाले नगरपालिका स्तरमै यी काम गरेर देखाएकोमा विजयप्रसाद अचम्मित भएको उहाँले बताउनुभयो । विजयप्रसादले 'कहाँबाट सिक्नुभयो ?' भनी सोध्दा अध्यक्ष बिजुक्छेँको जवाफ थियो, 'जनताबाटै सिक्यौँ ।'

भक्तपुरमा पार्टीले गरेको प्रयोग देशभरि फैलाउने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'हाम्रा कार्यकर्ताहरू बीउजस्ता हुन् । जिल्ला–जिल्लामा छर्छौं । त्योसँगै देशभरि परिवर्तनको बहार आउनेछ ।'

वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले शोभा प्रधानको सङ्घर्षशील व्यक्तित्वबारे चर्चा गर्नुभयो । कोरियाली क्रान्तिका साहित्यसँग तुलना गर्दै उहाँले क्रान्तिकारी नेताको सेवा गरेर शोभा प्रधानले क्रान्तिको सेवा गरेको जिकिर गर्नुभयो ।

शोभा प्रधानले भक्तपुरमा नेपाल मजदुर किसान पार्टीको नेतृत्वमा चलाइएको शैक्षिक तथा स्वास्थ्य आन्दोलनमा अग्रणी भूमिका खेलेको उहाँले चर्चा गर्नुभयो । आज पनि यी आन्दोलनमा होमिएका नेता–कार्यकर्ताले आफ्नो सुखदुःख बिसाउने चौतारीको रूपमा शोभा प्रधानलाई सम्झिरहने उहाँले स्मरण गर्नुभयो ।

कामदारवर्गका छोराछोरीलाई विद्यालयमा आउन उत्प्रेरित गर्ने प्रधानलाई जनताले सदासदा एक सच्चा कम्युनिस्ट आमाको रूपमा सम्झिरहने प्रदेशसभा सदस्य सैंजुले बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका निर्देशक डा. **मजेशप्रताप मल्ल** तथा पोषणविद् **वर्षा भट्टराई**ले आधुनिक जीवनशैलीले स्वास्थ्यमा पारेका प्रभाव र त्यसबाट बच्ने उपायहरूबारे सविस्तार कक्षा लिनुभएको थियो ।

स्मृतिसभामा नेपाल क्रान्तिकारी महिला सङ्घकी अध्यक्ष **अनुराधा थापामगर**ले शोभा प्रधान अनुकरणीय र प्रेरणादायी क्रान्तिकारी व्यक्तित्व भएको बताउनुभयो । नेपालको महिला आन्दोलनलाई स्पष्ट दिशानिर्देश गर्दै प्रधानले कामदारवर्गका लागि कामदारवर्गकै महिलाले गर्नुपर्ने आदर्शलाई मूर्त रूप दिएर नयाँ पुस्तालाई सधैँ ऊर्जा र प्रेरणा दिइरहेको उहाँले बताउनुभयो ।

कार्यक्रमको सन्देश प्रवाह गर्दै उहाँले भन्नुभयो, 'शोभा प्रधानले पञ्चायती व्यवस्थाविरूद्ध सङ्घर्ष गर्नुको विकल्प छैन भनेझैँ आजको पुँजीवादी व्यवस्थाविरूद्ध सङ्घर्ष गर्नुको विकल्प छैन भनी मनमा राखौँ ।'

स्मृतिसभामा नेक्रामसङ्घका कोषाध्यक्ष **रोशनमैया सुवाल** र सदस्य **गङ्गा वैद्य**ले पनि बोल्नुभएको थियो ।

# दैलेखमा मिथेन ग्यासको ठूलो भण्डार रहेको पुष्टि




चिनियाँ कम्पनीले दैलेखको जलजलेमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणका लागि चार हजार १३ मिटरको गहिराइमा पुगेर सङ्कलित नमुनाको परीक्षण गरेको थियो । २८ वैशाख ०८१ देखि थालिएको ड्रिलिङ नौ महिनापछि गत पुसमा सकिएको थियो । त्यसपछि सङ्कलित नमुना परीक्षण गर्दा मिथेन ग्यास रहेको पुष्टि भएको हो ।

दैलेखको जलजलेमा एक अर्ब १२ करोड घनमिटर मिथेन ग्यासभण्डार रहेको पुष्टि भएको छ । अनुसन्धानको नेतृत्व गरेको चिनियाँ जिओलोजिकल सर्भे कम्पनीले मिथेन ग्यास रहेको पुष्टिसहितको प्रतिवेदन नेपाल सरकारलाई बुझाएको हो ।

अहिलेको नतिजा जलजलेको एउटा कुवाको मात्रै भएकाले जिल्लाका अन्य तीन स्थानमा पनि तीन अर्ब १८ करोड घनमिटर मिथेनको भण्डार रहेको कम्पनीको अनुमान छ । चारै ठाउँको अनुमानित कुल चार अर्ब ३० करोड घनमिटर उत्खनन गर्न सके नेपाललाई ५० वर्षका लागि ग्यास पुग्ने चिनियाँ विज्ञहरूको निष्कर्ष छ ।

आयल निगमका अनुसार नेपालमा वार्षिक करिब ६० अर्बको साढे पाँच लाख टन एलपी ग्यास आयात भइरहेको छ ।

चीनले आफ्नै खर्चमा अन्वेषण कार्य थाल्नेबारे खानी तथा भूगर्भ विभागसँग सम्झौता भएको थियो । त्यसमा चीनले दुई अर्ब खर्चेर अन्वेषण गरेको थियो भने नेपालले जग्गा अधिग्रहणमा एक करोड खर्च भएको थियो ।

- जलजलेको कुवामा मात्रै एक अर्ब १२ करोड घनमिटर मिथेन रहेको पुष्टि,
- अन्य तीन स्थानमा पनि तीन अर्ब १८ करोड घनमिटर रहेको अनुमान,
- चारै कुवाबाट अनुमान गरिएजति उत्खनन भए नेपाललाई ५० वर्षलाई धान्ने ।

अन्वेषण कार्यका लागि आवश्यक उपकरण तथा जनशक्ति चीनबाटै ल्याइएको थियो ।

खानी तथा भूगर्भ विभागले पेट्रोलियमको खानी रहेको सम्भावना देखिएका पाल्पा, दाङ र सुनसरीमा समेत अन्वेषण कार्य अघि बढाउने योजना बनाएको छ ।

विज्ञहरूले हामीले अहिले प्रयोग गरिरहेको एलपी ग्यासको तुलनामा मिथेन उच्चकोटिको हो, यो हलुका र सस्तो हुन्छ, प्रयोग गर्न पनि सरल भएको बताएका छन् छ ।

सामान्य शुद्धीकरण गरेर घरघरमा खाना पकाउने ग्यासका रूपमा प्रयोग गर्न सकिन्छ, मिथेनलाई प्रशोधन गर्न ठुलो खर्च लाग्दैन ।


# भ्रष्टाचार त थपाथप



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनीले सरकारबाट पाएको हदबन्दी छुटको जग्गा हिनामिना अभियोगमा तत्कालीन प्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसहित ९३ जनाविरुद्ध जेठ २३ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ ।

मुद्दामा पूर्वप्रधानमन्त्री नेपालमाथि १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो असुलउपर, बिगोबमोजिमकै जरिवाना र १० देखि १४ वर्षसम्म कैद सजाय मागदाबी गरिएको छ ।

अभियोगपत्रमा उच्च पदस्थ पदाधिकारीका हैसियतमा भ्रष्टाचार गरेकाले उनीमाथि थप ३ वर्ष कैद सजायको




मागसमेत गरिएको छ । मुद्दा दायर भएसँगै पूर्वप्रधानमन्त्री नेपाल प्रतिनिधिसभा सदस्यबाट निलम्बित भएका छन् ।

मुद्दाका अन्य प्रतिवादीमा तत्कालीन मन्त्रीद्वय प्रेमबहादुर सिंह र डम्बर श्रेष्ठ, तत्कालीन मुख्यसचिव माधव घिमिरे, तत्कालीन भूमिसुधार सचिव छविराज पन्त, पतञ्जलि नेपालका प्रमुख शालिग्राम सिंहलगायत छन् ।



प्रेमबहादुर सिंह
तत्कालीन कानुनमन्त्री



डम्बर श्रेष्ठ
तत्कालीन भूमिसुधारमन्त्री



माधव घिमिरे
तत्कालीन मुख्यसचिव



छविराज पन्त
तत्कालीन भूमिसुधार सचिव



शालिग्राम सिंह
पतञ्जलिका नेपाल प्रमुख


बनेपा र धुलिखेलमा रहेको ६ सय ३९ रोपनी ८ आना जग्गा जफत गर्न माग

पतञ्जलि तथा विभिन्न व्यक्तिका नाममा रहेको बनेपाको ५ सय ५४ रोपनी ५ आना १ पैसा तथा धुलिखेलको ८५ रोपनी ३ आना २ दाम गरी ६ सय ३९ रोपनी ८ आना जग्गा जफत गर्न पनि अभियोगपत्रमा माग गरिएको छ ।

२०४६ को राजनीतिक परिवर्तनपछि अदालतमा भ्रष्टाचार मुद्दा खेप्ने पूर्वप्रधानमन्त्रीमा नेपाल पहिलो हुन् ।


आयोगले भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्थापन विभाग, मालपोत कार्यालय काभ्रेपलाञ्चोक, गुठी संस्थान, शाखा कार्यालय, काभ्रेपलाञ्चोक, सन्राइज बैंक लिमिटेडलगायतका विभिन्न पदाधिकारी र जग्गा खरिद-बिक्री गर्नेहरूसमेतलाई विपक्षी बनाई मुद्दा दायर गरिएको छ ।

पूर्वप्रधानमन्त्री नेपाल ललिता निवासको जग्गा हिनामिना प्रकरणमा समेत मुछिएका थिए । यसमा अर्का पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईमाथि पनि संलग्नताको आरोप लागेको थियो । तर अख्तियारले २२ माघ २०७६ मा विशेष अदालतमा मुद्दा दायर गर्दा उनीहरूलाई प्रतिवादी बनाएको थिएन । उनीहरूविरुद्ध मुद्दा नचलाइएको विषयमा सर्वोच्च अदालतमा दायर रिट अझै विचाराधीन छ ।




पूर्वसचिव शारदाप्रसाद त्रितालले पतञ्जलि जग्गा हिनामिनामा मुख्य निर्णयाधिकारी तत्कालीन प्रधानमन्त्री नेपालसमेतलाई प्रतिवादी बनाएर मुद्दा दायर हुनु भ्रष्टाचार नियन्त्रण र सुशासन कायमका लागि 'ऐतिहासिक' र अख्तियारको 'साहसिक' निर्णय भएको बताएका छन् ।

'विगतमा कर्मचारी तहलाई देखाएर मुख्य निर्णयाधिकारी उम्किन्थे, मुख्यकर्तालाई चोख्याएर बाँकीलाई मुद्दा लैजाँदा अख्तियारको विश्वसनीयतामाथि प्रश्न उठ्ने गरेको थियो तर यस पटक त्यस्तो नियति दोहोरिएन, मुख्यकर्ता प्रतिवादी बनेका छन्,' पूर्वसचिव त्रिताल भन्छन्, 'नीतिगत आवरणमा राज्य दोहन गर्नेहरू कुनै न कुनै दिन कानुनी फन्दामा पर्छन् भन्ने यो दरिलो उदाहरण हो, ज-जसले भ्रष्टाचार गरेका छन्, क्रमशः सबैको पालो आउने पतञ्जलिको मुद्दाले स्पष्ट सङ्केत दिएको छ ।'




यसैक्रममा गिरीबन्धु प्रकरणमा सर्वोच्चमा रिट हालेका अधिवक्ता ओमप्रकाश अर्याल भन्छन्–प्रधानमन्त्रीकै नेतृत्वमा भएको सङ्गठित प्रकृतिको अपराध हो ।




गिरीबन्धु र पतञ्जली उस्तै प्रकृतिका हुन्, दुवैमा तत्कालीन प्रधानमन्त्रीहरूको संलग्नता देखिन्छ । गिरीबन्धुमा कानुन नै बनाएर प्रधानमन्त्रीले निर्णय गरेको देखिन्छ । पतञ्जलीमा कानुन नहुँदा निर्णय भएको छ । यो नीतिगत भ्रष्टाचारभन्दा पनि प्रधानमन्त्रीको नेतृत्वमा भएको सङ्गठित प्रकृतिको भ्रष्टाचार हो ।

भ्रष्टाचार कानुनी होस् वा गैरकानुनी, व्यक्तिगत होस् सङ्गठित भ्रष्टाचार नै हो । कानुन बनाएर गर्दैमा भ्रष्टाचार सदाचार हुँदैन । त्यसैले भ्रष्टाचारीलाई हदैको सजाय दिनुपर्ने माग जनताले पञ्चायकालदेखि गणतन्त्रसम्म निरन्तर उठाइरहेका छन् ।

पतञ्जलीको जग्गामा भएको भ्रष्टाचार प्रकरणमा विशेष अदालतले नेपाललाई ३५ लाख धरौटीमा छाडेको छ ।

## हदबन्दीभन्दा बढी जग्गालाई वैधता दिने तयारी

झापाको गिरीबन्धु टी-इस्टेटसहितका घरजग्गा कारोबारीको स्वार्थअनुसार २०७६ मै तत्कालीन केपी ओली सरकारले भूमि ऐन संशोधन गर्दै त्यस्ता कम्पनीलाई फाइदा हुने व्यवस्था गरिसकेको थियो । अहिले वैधता दिने प्रक्रियालाई तीव्रता दिइएको छ ।

भूमि व्यवस्था मन्त्रालय स्रोतका अनुसार होटेलदेखि उद्योग, कृषि फार्म तथा स्कुललगायत १५६ वटा कम्पनीले हदबन्दीभन्दा धेरै जग्गालाई वैधता दिनका लागि आवेदन दिएका छन् ।

त्यसमा ठूलो नीतिगत अनियमितताको आरोप लाग्दै

आएको छ। त्यहीवेला हदबन्दीभन्दा धेरै जग्गा राख्ने गिरीबन्धु टी–इस्टेटलगायत कम्पनीलाई सट्टापट्टाको नाममा हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न दिने प्रावधान राखिएको थियो। जसलाई अदालतले कार्यान्वयनमा रोक लगाएको थियो।

कुनै सर्वसाधारणको हदबन्दीभन्दा धेरै जग्गा भेटिएमा स्वतः जफत हुने प्रावधान छ। तर, कम्पनीहरूको हकमा भने स्वीकृति नलिई खरिद गरिएका जग्गालाई वैधता दिन लागिएको छ।

मन्त्रिपरिषद्को निर्णयमाथि पहिलोपटक मुद्दा दायर गरेको अख्तियारले अब गिरीबन्धुमा हात हाल्छ कि हाल्दैन– आमचासोको विषय बनेको छ।

## टेलिकममा पनि

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगिता पहाडीसहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा जेठ २५ गते दर्ता गरेको छ।

नेपाल टेलिकमको बिलिङ प्रणालीको मर्मत सम्भारसम्बन्धी ठेक्का लम्ब्याउने क्रममा भ्रष्टाचार भएको निष्कर्षसहित अख्तियारले मुद्दा दायर गरेको हो।

प्रतिवादीहरूमा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेलसहित रहेका छन्।

उनीहरू विरूद्ध ३३ करोड ४८ लाख १७ हजार ४३० रुपैयाँ बिगो दाबी र १० देखि १४ वर्ष कैद सजाय माग गरिएको छ।

## टेरामक्स

नेपाल दूरसञ्चार प्राधिकरणको टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद प्रक्रियामा करिब तीन अर्ब २२ करोड रुपैयाँबराबर भ्रष्टाचार भएको आरोपमा पूर्वमन्त्रीसहित १६ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ।

अख्तियारले दायर गरेको मुद्दामा तत्कालीन सञ्चारमन्त्री एवं काङ्ग्रेस सांसद मोहनबहादुर बस्नेत मुख्य प्रतिवादी छन्। मुद्दामा तत्कालीन बोर्ड सदस्यका रूपमा पूर्वकानुनसचिव धनराज ज्ञवाली र पूर्वसहप्राध्यापक टीकाप्रसाद उप्रेती, दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्षद्वय दिगम्बर झा र पुरुषोत्तम खनाल, प्राधिकरणकै तीन निर्देशक र चार उपनिर्देशक र पनि मुद्दाका प्रतिवादी छन्। परामर्शदाता र त्यसका प्रतिनिधि पनि अख्तियारको मुद्दामा तानिएका छन्।

उनीहरूविरुद्ध ऐनको अघिल्लो व्यवस्थाबमोजिम आठदेखि १० वर्ष कैद र प्रचलित व्यवस्थाबमोजिम १० देखि १४ वर्षसम्म कैद र जरिवानासहित बिगो असुल्ने मागदाबी अख्तियारले गरेको छ।

पछिल्लो समाचारअनुसार विशेष अदालतले मुख्य प्रतिवादी ३ अर्ब २१ करोड ८३ लाख ७७ हजार बिगो कायम गरिएको टेरामक्स भ्रष्टाचार प्रकरणमा पूर्वमन्त्री एवम् काङ्ग्रेसका नेता मोहन बस्नेतलाई रु. २५ लाख धरौटीमा तारेखमा छोड्न आदेश गरेको छ।

## पोखरा विमानस्थलको भ्रष्टाचार

पोखरा विमानस्थलको भ्रष्टाचारबारे थप अनुसन्धान र कारबाही गर्न अख्तियारलाई सार्वजनिक लेखा समितिको निर्देशन।

संसद्को सार्वजनिक लेखा समितिले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा लागत बढाएर १० अर्बभन्दा बढी भ्रष्टाचार भएको निष्कर्षसहितको छानबिन प्रतिवेदनमा थप अनुसन्धान गरी कारबाही अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिएको छ। समिति बैठकले आफूले गरेको छानबिनको प्रतिवेदन पनि अख्तियारलाई पठाउने निर्णय गरेको छ।

बैठकमा समिति सभापति ऋषिकेश पोखरेलसहित एमाले सांसदहरू थप छलफलपछि मात्रै छानबिन प्रतिवेदन अख्तियारमा पठाउने पक्षमा थिए। तर, विपक्षीसहित सत्तारूढ काङ्ग्रेसकै सांसदले समेत बुधबार नै पठाउनुपर्ने दबाब दिएपछि मात्रै सभापति पोखरेलले प्रतिवेदन अख्तियारमा पठाउने निर्णय सुनाएका थिए।

## पूर्वमुख्यमन्त्री सोडारीविरुद्ध भ्रष्टाचार मुद्दा

एकीकृत समाजवादीका नेता एवं सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री दीर्घबहादुर सोडारीसहित परिवारका सदस्यविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ।

सोडारीले पदीय दुरुपयोग (०७४ देखि ०७९ सम्म) प्रदेश सभा सदस्य, भौतिक पूर्वाधार र सामाजिक विकासमन्त्री छँदा एक करोड आठ लाख ३८ हजार गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएको हो। मुद्दामा सोडारीकी पत्नी गीता र छोरा बबीलाई बिगो जफत प्रयोजनका लागि प्रतिवादी कायम गरेको छ।

सोडारी ६ वैशाख ०८१ देखि २० साउनसम्म करिब तीन महिना प्रदेशको मुख्यमन्त्री थिए।

## भिजिट भिसामा थप अनुसन्धान

भिजिट भिसा प्रकरणमा प्रहरीको अपराध अनुसन्धान कार्यालयले पनि अनुसन्धान थाल्ने भएको छ।

जेठ ७ मा अख्तियारले विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईसहित कविता पौडेल,

बालकृष्ण खड्का र भरत सुवेदीलाई पक्राउ गरेको थियो। उनीहरूको मोबाइललगायत डिभाइस बरामद गरेर अख्तियारले अनुसन्धान गरिरहेको छ।

पक्राउपछि उनीहरूलाई तारेखमा छाडेका थिए। उनीहरूविरुद्ध अख्तियारले अहिले थप अनुसन्धान गरिरहेको छ।

भिजिट भिसाको आवरणमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने मानव तस्करी र ठगीको अनुसन्धान अब काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले पनि गर्ने भएको छ। विमानस्थलका कर्मचारीले अख्तियारको दुरुपयोगसँगै गिरोहसँग मिलेर सङ्गठित तवरले मानव तस्करी नै गर्ने गरेको विवरण फेला पारेपछि घटनाको अनुसन्धान गर्न अख्तियारले नेपाल प्रहरीको प्रधान कार्यालयलाई पत्र पठाएको थियो। प्रधान कार्यालयले उक्त पत्र अपराध अनुसन्धान कार्यालयलाई पठाएको हो।

चालु संसद्मा यस प्रकरणमा प्रतिपक्षीहरूले संसदीय समिति गठन गरी छानबिनको माग गरी संसद् अवरुद्ध पारेकोमा माओवादी लम्पसार परेपछि सभामुखले जवर्जस्ती संसद् चलाएका थिए।

भिजिट भिसा प्रकरणबारे बृहत् नागरिक आन्दोलनले एक विज्ञप्ति जारी गर्दै ' तथ्यहरूले गृहमन्त्रीमाथि इंगित गरेको छ, निष्पक्ष अनुसन्धानका लागि मार्गप्रशस्त गर्नुपर्छ भनेको छ।

विज्ञप्तिमा गृह मन्त्रालयको नेतृत्वलाई छानबिनको दायरामा नल्याए सडकमा उत्रन बाध्य हुनेसमेत उसको चेतावनी छ।

यस विषयमा संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङ भन्छन्– विपक्षीको विरोधबिच बिजनेसमा लैजानु गलत हुन्छ।

पूर्वमहासचिव सूर्यकिरण गुरुङले अरू देश र अन्तर्राष्ट्रिय अभ्यास हेर्दा विपक्षीको उपस्थिति नभइकन हाउस नचल्ने बताए। विपक्षीले अवरोध गर्दागर्दै जबर्जस्ती चलाउनु राम्रो परम्परा नभएको उनको भनाइ छ। 'सभामुख भनेको सबै सांसदको सभामुख हो। सत्तापक्षको मात्र होइन,' उनले भने। सरकार आफ्नो भइसकेपछि पेलेरै काम लिन्छु भन्नु सत्तापक्षको गलत सोचाइ भएको उनी बताउँछन्।

यस प्रकरणमा सबै पूर्व गृहमन्त्रीहरूबारे पनि छानबिन हुनुपर्ने आवाज उठेको छ।

गृहमन्त्री भएकाहरू माओवादी (केन्द्र) का नारायणकाजी श्रेष्ठ, जनार्दन शर्मा, शक्तिबहादुर बस्नेत, कृष्णबहादुर महरा, नेकाका बालकृष्ण खाण, विमलेन्द्र निधी, विजय गच्छदार, कृष्णप्रसाद सिटौला, एमालेका रामबहादुर थापा (बादल), खगराज अधिकारी, भीमबहादुर रावल, वामदेव गौतम, रास्वपाका रवि लामिछाने र खिलराज रेग्मी सरकारका माधवप्रसाद घिमिरेको नाम भिजिट भिसाको भ्रष्टाचार काण्डमा जोडिएको छ।

## गृहमन्त्री "चोख्याउने समिति" गठन

भिजिट भिसाको आवरणमा भएको मानव तस्करीमा शङ्काको घेरामा रहेका गृहमन्त्री रमेश लेखककै छनोट र प्रस्तावमा सरकारले पूर्वमुख्यसचिव शंकरदास बैरागीको नेतृत्वमा 'अध्यागमन र भिजिट भिसा सम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न उच्चस्तरीय अध्ययन तथा छानबिन समिति' गठन गरेको छ।

संसदीय छानबिन समिति वा न्यायिक समितिको माग गर्दै आएकोमा छानबिन समितिका संयोजक बैरागी आफै छानबिनको 'राडार'मा रहेको बताउँदै मानवतस्करीमा आरोपित गृहमन्त्रीसहितलाई चोख्याउने प्रपञ्चसहित समिति बनाइएको बताएको छ।

गृहमन्त्री लेखकले प्रतिनिधिसभामा विशेष समय लिएर आफ्नो प्रस्तावमा मन्त्रिपरिषद्ले पूर्वमुख्यसचिव बैरागीको अध्यक्षतामा सातसदस्यीय समिति गठन गरेको बताए।

भिजिट भिसा प्रकरणमा गृहमन्त्रीमाथि नै आरोप लगाइरहेको सन्दर्भमा उनैको प्रस्तावमा बनाइएको समिति समस्या समाधान गर्ने कुरामा कसैले विश्वास गरेको देखिँदैन। यो केवल झारा टार्ने मेसोमात्र भएको टिपपणी सुनिएको छ।

## शवदाह मेसिन खरिदमा १० करोडभन्दा बढी भ्रष्टाचार

### ५२ लाख पर्ने शवदाह मेसिन एक करोड ५२ लाखमा खरिद



पशुपतिमा विद्युतीय शवदाह मेसिन खरिद गर्दा १० करोड ३४ लाख भ्रष्टाचार गरेको ठहर गर्दै अख्तियारले पशुपति क्षेत्र विकास कोषका बहालवाला सदस्यसचिव डा. मिलनकुमार थापासहित १४ विरुद्ध असार ८ गते मुद्दा दायर गरेको छ। अख्तियारले परामर्शदाता तथा ठेकेदारलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो।

मुद्दाका प्रतिवादीहरूमा सदस्यसचिव थापासहित निमित्त

सदस्यसचिव राजुकुमार खत्री, तत्कालीन कार्यकारी निर्देशक घनश्याम खतिवडा, तत्कालीन निमित्त उपनिर्देशकद्वय रेवतीरमण अधिकारी र सीताराम रिसेल, इन्जिनियरत्रय पशुपति ठाकुर, डेनिस उप्रेती र रमेश पुरी, लेखा अधिकृत चन्द्रप्रसाद खनाल र कानुनी सल्लाहकार तथा मूल्याङ्कन समिति सदस्य लैनबहादुर थापा छन्। त्यस्तै, इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक क्याम्पसका इलेक्ट्रिकल विभाग प्रमुख उपप्राध्यापक युवराज अधिकारी पनि मुद्दाका प्रतिवादी छन्।

उनीहरू सबैलाई जनही १० करोड ३३ लाख ९१ हजार बिगो कायम गरिएको छ। ठेकेदार कम्पनी म्याप इन्टरनेसनल प्रालि तथा त्यसका सञ्चालकहरू मनोज पुरी र यदुनन्दन भट्टराई र परामर्शदाता एप्पल इन्जिनियरिङ प्रोफेसनल र त्यसका सञ्चालक सुरज चापागाईलाई पनि प्रमुख प्रतिवादीसरह बिगो कायम भएको छ।

प्रमुख प्रतिवादी सदस्यसचिव डा. थापाविरुद्ध भ्रष्टाचारकै अर्को मुद्दा पनि अहिले सर्वोच्चमा विचाराधीन छ। पशुपतिनाथ मन्दिरको गर्भगृहमा सुनको नयाँ जलहरी फेर्दा एक करोड १७ लाख हिनामिना भएको आरोपमा अख्तियारले उनीसहित तीनविरुद्ध १४ असोज २०८० मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। तर, विशेषले १८ वैशाख २०८१ मा सबै प्रतिवादीलाई सफाइ दिने फैसला गरेको थियो। विशेषको फैसलाउपर गत ९ फागुनमा अख्तियारले सर्वोच्चमा पुनरावेदन दर्ता गरेको थियो।

## नागार्जुन नपाका प्रमुख भ्रष्टाचारमा दोषी ठहर

काठमाडौँको नागार्जुन नगरपालिकाका प्रमुख मोहनबहादुर बस्नेत भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणका मुद्दामा दोषी ठहर भएका छन्। विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर र रामबहादुर थापाको संयुक्त इजलासले उनलाई दुवै मुद्दामा दोषी ठहर गरेको हो। दोषी प्रमाणित भएसँगै प्रमुख बस्नेत पदमुक्त भएका छन्।

मेयर बस्नेतले पद्मा कोलोनी प्रालि र पद्मा मर्चेन्ट कम्पनी प्रालिका सञ्चालक राजुप्रसाद कँडेलबाट नौ करोड २२ लाख ४६ हजार ३२ रुपैयाँ घुस लिएको अदालतको ठहर छ।

यस्तै, सम्पत्ति शुद्धीकरण मुद्दामा पनि मेयर बस्नेत दोषी ठहर भएका छन्। उनले गैरकानुनी रूपमा घुस लिएर प्राप्त गरेको रकम र जग्गा आफ्नो नाममा राखेर विभिन्न व्यक्तिहरू र कम्पनीलाई बिक्री–वितरण गरेका थिए।

दोषी ठहरिएका बस्नेतलाई ८ वर्ष कैद र ओहोदामा बहाल रही उक्त कसूर गरेकोले थप तीन महिना समेत कैद सजाय फैसला गरेको छ।

घुस दिने राजु प्रसाद कँडेललाई पनि ८ वर्ष कैद सजाय दिइएको छ।

दुवैलाई जनही २ करोड ३० लाख ६१ हजार ५ सय आठ रुपैयाँ आठ पैसा जरिवाना हुने समेत फैसला गरेको छ।

त्यस्तै सम्पत्ति शुद्धीकरणमा बस्नेतलाई तीन वर्ष कैद सजाय हुने, बिगोको दोब्बर २६ करोड २५ लाख ४६ हजार ६४ रुपैयाँ जरिवाना हुने र सम्पत्ति/जग्गा समेत जफत हुने अदालतले ठहर गरेको छ।

बस्नेत नेपाली काङ्ग्रेसबाट निर्वाचित भएका थिए।

## एसईई-२०८१ को नतिजा

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक परीक्षा (एसईई)–२०८१ को नतिजा असार १३ गते सार्वजनिक गरेको छ।

नियमित परीक्षामा ४ लाख ३८ हजार ८ सय ९६ जना विद्यार्थी सहभागी भएकोमा नतिजामा ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्।

पोहोर ४८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए।

१ सय २६ परीक्षार्थीको परीक्षा रद्द गरिएको छ।

**जीपीएमा**

| | |
|---|---|
| ३.६ देखि ४ जीपीए– | ४८ हजार १ सय ७७ जना, |
| ३.२ देखि ३.६ जीपीए– | ८१ हजार ३ सय ८५ जना, |
| २.८ देखि ३.२ जीपीए– | ८९ हजार १ सय २४ जना, |
| २.४ देखि २.८ जीपीए– | ४८ हजार ४ सय ७९ जना, |
| २ देखि २.४ जीपीए– | ४ हजार १ सय २६ जना र |
| १.६ देखि २ जीपीए– | ८ जना रहेका छन्। |

## भक्तपुर नगरपालिकामा एसईई ८९.८८ प्रतिशत उत्तीर्ण

राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको एसईई (माध्यमिक शिक्षा परीक्षा) २०८१ को नतिजामा भक्तपुर नगरपालिकामा परीक्षामा सहभागी २ हजार १६६ (८९.८८) प्रतिशत विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएका छन्। नतिजामा सार्वजनिक विद्यालयका ६८२ (८०.९० प्रतिशत) र संस्थागत विद्यालयका १ हजार ४८४ (९४.७०) विद्यार्थी उत्तीर्ण भएका छन्।

भक्तपुर नगरपालिकाभित्र सञ्चालित ६ वटा विद्यालयका १३ जना विद्यार्थीहरूले ४ जीपीए ल्याउन सफल भए जसअन्तर्गत मेधा माध्यमिक विद्यालयका ३ जना, सेकरिड हार्ट इ. सेकेन्डरी स्कूलबाट १ जना, लनर्स एकेडेमीका २ जना, सैनिक आवासीय महाविद्यालयका ३ जना, एभरेष्ट इ. स्कूलका ३ जना र जेन्युइन सेकेन्डरी स्कूलका १ जना रहेका छन्।

नतिजाअनुसार ३.६ देखि ४ जीपीए अर्थात् विशिष्ट श्रेणी ल्याउने विद्यार्थीको सङ्ख्या ७ सय ७२ जना रहेका छन्। ३.२० देखि ३.६० जीपीए ल्याउने ८ सय, २.८ देखि ३.२० जीपीए ल्याउने ४ सय ८७ जना, २.४० देखि २.८० ल्याउने १०१ जना, २ देखि २.४० ल्याउने ६ जना र २ जीपीएभन्दा कम ल्याउने २ सय ४४ जना परीक्षार्थी रहेका छन्।

## भक्तपुर नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयको एसईई. परीक्षा २०८१ को नतिजा

| क्र.सं. | विद्यालयको नाम | जम्मा सहभागी | 4.00 | 3.60 to 4.00 | 3.20 to 3.60 | 2.80 to 3.20 | 2.40 to 2.80 | 2.00 to 2.40 | 1.60 to 2.00 | NG | Total Graded | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेधा माध्यमिक विद्यालय | ९३ | ३ | ६६ | २७ | | | | | | ९३ | १००।०० |
| २ | वागीश्वरी माध्यमिक विद्यालय (प्राविधिक) | ३१ | | ५ | १९ | ७ | | | | | ३१ | १००।०० |
| ३ | सरस्वती विद्यागृह माध्यमिक विद्यालय | २० | | ३ | ४ | ७ | ५ | | | १ | १९ | ९५।०० |
| ४ | गणेश माध्यमिक विद्यालय | २७ | | ४ | ९ | ९ | ३ | | | २ | २५ | ९२।५९ |
| ५ | वागीश्वरी माध्यमिक विद्यालय (नियमित) | २९८ | | ८४ | ८४ | ८८ | १५ | | | २७ | २७१ | ९०।९४ |
| ६ | पद्म माध्यमिक विद्यालय (प्राविधिक) | २१ | | ६ | ११ | २ | | | | २ | १९ | ९०।४८ |
| ७ | शारदा माध्यमिक विद्यालय | २२ | | | ३ | ११ | ३ | २ | | ३ | १९ | ८६।३६ |
| ८ | विद्यार्थी निकेतन माध्यमिक विद्यालय | २१ | | | ५ | ११ | २ | | | ३ | १८ | ८५।७१ |
| ९ | तारा माध्यमिक विद्यालय | २३ | | | ७ | ११ | १ | | | ४ | १९ | ८२।६१ |
| १० | बासु माध्यमिक विद्यालय | ८१ | | १० | १८ | २४ | १३ | १ | | १५ | ६६ | ८१।४८ |
| ११ | पद्म माध्यमिक विद्यालय (नियमित) | ५२ | | १० | १४ | १७ | | | | ११ | ४१ | ७८।८५ |
| १२ | शान्ति निकेतन माध्यमिक विद्यालय | ३२ | | १ | ४ | ४ | ८ | २ | | १३ | १९ | ५९।३८ |
| १३ | समाज सुधार माध्यमिक विद्यालय | ३१ | | | २ | ८ | ५ | | | १६ | १५ | ४८।३९ |
| १४ | आदर्श आजाद माध्यमिक विद्यालय | ६४ | | १ | ९ | १४ | | | | ४० | २४ | ३७।५० |
| १५ | जागृति माध्यमिक विद्यालय | ९ | | | | १ | | १ | | ७ | २ | २२।२२ |
| १६ | वागीश्वरी माध्यमिक विद्यालय (खुला) | १८ | | | १ | | | | | १७ | १ | ५।५६ |
| १ | हिमालयन इङ्गलिस सेकेण्डरी स्कुल | ६ | | २ | ४ | | | | | | ६ | १००।०० |
| २ | द राइजिङ्ग इङ्गलिस सेकेण्डरी स्कुल | १६ | | ४ | ७ | ४ | १ | | | | १६ | १००।०० |
| ३ | ब्राइट स्टार इङ्गलिस स्कुल | २३ | | ६ | ११ | ४ | २ | | | | २३ | १००।०० |
| ४ | मिनर्भा इङ्गलिस सेकेण्डरी स्कुल | ४३ | | ११ | २६ | ६ | | | | | ४३ | १००।०० |
| ५ | सेकरिड हार्ट इङ्गलिस सेकेण्डरी स्कुल | ३२ | १ | १२ | १० | ७ | ३ | | | | ३२ | १००।०० |
| ६ | लनर्स एकेडेमी | ३७ | २ | २५ | ११ | १ | | | | | ३७ | १००।०० |
| ७ | ख्वप्रिङ्ग इङ्गलिस एकेडेमी | ३८ | | ८ | १७ | १३ | | | | | ३८ | १००।०० |
| ८ | फ्युचर स्टार इङ्गलिस सेकेण्डरी स्कुल | ३ | | १ | २ | | | | | | ३ | १००।०० |
| ९ | भक्तपुर मोडर्न इङ्गलिस सेकेण्डरी स्कुल | ३७ | | २५ | १० | २ | | | | | ३७ | १००।०० |
| १० | गोल्डेन गेट इङ्गलिस सेकेण्डरी स्कुल | १८ | | ५ | ८ | ३ | २ | | | | १८ | १००।०० |
| ११ | ज्ञान तारा इङ्गलिस सेकेण्डरी स्कुल | ४ | | १ | २ | | १ | | | | ४ | १००।०० |
| १२ | राजर्षी गुरुकुल | २४ | | १८ | ३ | ३ | | | | | २४ | १००।०० |
| १३ | स्कलर्स होम एकेडेमी | ७ | | १ | ४ | २ | | | | | ७ | १००।०० |
| १४ | प्रोवेश एकेडेमी इङ्गलिस स्कुल | ७ | | ३ | ३ | १ | | | | | ७ | १००।०० |
| १५ | लिशा इङ्गलिस सेकेण्डरी स्कुल | १४ | | १ | ३ | ८ | २ | | | | १४ | १००।०० |
| १६ | सूर्यविनायक इङ्गलिस सेकेण्डरी स्कुल | १४ | | ७ | ५ | २ | | | | | १४ | १००।०० |
| १७ | जेनिथ इङ्गलिस सेकेण्डरी स्कुल | ७ | | ४ | ३ | | | | | | ७ | १००।०० |
| १८ | सैनिक आवासीय महाविद्यालय | ३२९ | ३ | १४६ | १४३ | ३६ | २ | | | २ | ३२७ | ९९।३९ |
| १९ | एभरेष्ट इङ्गलिस स्कुल | १२१ | ३ | ६६ | ४७ | ७ | | | | १ | १२० | ९९।१७ |
| २० | जेन्युइन सेकेण्डरी स्कुल | १०३ | १ | ५० | ३४ | १७ | १ | | | १ | १०२ | ९९।०३ |
| २१ | बाल विकास इङ्गलिस सेकेण्डरी स्कुल | ६७ | | १२ | २३ | २८ | ३ | | | १ | ६६ | ९८।५१ |
| २२ | न्यातापोल इङ्गलिस सेकेण्डरी स्कुल | ५२ | १ | २३ | २५ | १ | २ | | | १ | ५१ | ९८।०८ |
| २३ | विद्या विकास इङ्गलिस सेकेण्डरी स्कुल | ५१ | | २१ | २३ | ४ | २ | | | १ | ५० | ९८।०४ |
| २४ | महेन्द्र विद्या आश्रम | ३९ | | २४ | १२ | | २ | | | १ | ३८ | ९७।४४ |
| २५ | मनकामना इङ्गलिस सेकेण्डरी स्कुल | ३० | | ३ | १६ | ९ | १ | | | १ | २९ | ९६।६७ |
| २६ | लिटिल वर्ल्ड इङ्गलिस सेकेण्डरी स्कुल | २८ | | ७ | ६ | १० | ४ | | | १ | २७ | ९६।४३ |
| २७ | सनसाइन नेशनल इङ्गलिस सेकेण्डरी स्कुल | २३ | | ९ | ९ | ३ | १ | | | १ | २२ | ९५।६५ |
| २८ | विद्या आर्जन इङ्गलिस सेकेण्डरी स्कुल | २१ | | १ | ५ | १२ | २ | | | १ | २० | ९५।२४ |
| २९ | साइनिङ्ग स्टुडेन्टस् इङ्गलिस सेकेण्डरी स्कुल | २१ | | १० | ९ | १ | | | | १ | २० | ९५।२४ |
| ३० | क्रियटिभ इङ्गलिस सेकेण्डरी स्कुल | १५ | | १ | ६ | ४ | ३ | | | १ | १४ | ९३।३३ |
| ३१ | वाइज ल्याण्ड सेकेण्डरी स्कुल | १५ | | ८ | ६ | | | | | १ | १४ | ९३।३३ |
| ३२ | माउण्ट भ्याली इङ्गलिस सेकेण्डरी स्कुल | २५ | | ६ | ११ | ६ | | | | २ | २३ | ९२।०० |
| ३३ | प्रोक्सिमा इङ्गलिस सेकेण्डरी स्कुल | १२ | | १ | ५ | ५ | | | | १ | ११ | ९१।६७ |
| ३४ | डेमोस इङ्गलिस स्कुल | २३ | | ३ | ९ | ८ | १ | | | २ | २१ | ९१।३० |
| ३५ | भक्तपुर रोम्बस इङ्गलिस सेकेण्डरी स्कुल | ३७ | | ४ | १५ | ११ | ३ | | | ४ | ३३ | ८९।१९ |
| ३६ | प्रभात इङ्गलिस सेकेण्डरी स्कुल | ५५ | | १४ | १९ | १४ | २ | | | ६ | ४९ | ८९।०९ |
| ३७ | सूर्योदय इङ्गलिस सेकेण्डरी स्कुल | १५ | | ५ | ७ | १ | | | | २ | १३ | ८६।६७ |
| ३८ | हिमालयन ग्लोरी इङ्गलिस सेकेण्डरी स्कुल | १८ | | ८ | २ | ५ | | | | ३ | १५ | ८३।३३ |
| ३९ | अक्सफोर्ड प्राक्टिकल इङ्गलिस स्कुल | २४ | | ४ | ९ | ५ | २ | | | ४ | २० | ८३।३३ |
| ४० | पारागन एकेडेमी | ३९ | | १२ | ९ | १० | | | | ८ | ३१ | ७९।४९ |
| ४१ | जेसीस इङ्गलिस सेकेण्डरी स्कुल | २२ | | ६ | २ | ७ | २ | | | ५ | १७ | ७७।२७ |
| ४२ | इष्ट प्वाइन्ट इङ्गलिस सेकेण्डरी स्कुल | ८ | | | | ६ | | | | २ | ६ | ७५।०० |
| ४३ | ग्लिटर फ्युचर इङ्गलिस सेकेण्डरी स्कुल | ११ | | २ | १ | ३ | १ | | | ४ | ७ | ६३।६४ |
| ४४ | समता शिक्षा निकेतन | ३३ | | २ | १ | ४ | १ | | | २५ | ८ | २४।२४ |
| | **Total** | २४१० | १४ | ७७२ | ८०० | ४८७ | १०१ | ६ | ० | २४४ | २१६६ | ८९।८८ |

*स्रोत : शिक्षा शाखा, भक्तपुर नगरपालिका*

## ङतापोल्हँको ३२३ औं बुसादाँ

भक्तपुर टौमढीस्थित नेपालकै सबैभन्दा अग्लो प्यागोडा शैलीको पाँचतले (ङतापोल्हँ ) मन्दिरको तीन सय २३ वर्ष पूरा भएको अवसरमा असार १३ गते मन्दिरको गजुरमा झन्डोत्तोलन गर्नुको साथै विशेष पूजा गरिएको छ।



पूजा सकेपछि भक्तपुर नगरको तुछिमला टोलका अवालको टोलीले मन्दिरको टुप्पोमा पुगेर झन्डा फहराएका थिए ।

पाँचतले नामाकरण गरिए पनि यो मन्दिर पाँच तला छाना र पाँच तला पेटी गरी १० तलाको छ। उचाइमा ३३ मिटर अर्थात् १०८ फीट छ।



त्यस दिन जोशी, कर्माचार्य र ब्राह्मण पुजारीको टोली र जजमानको रूपमा सहभागी ताल्चाभडेलको टोलीले मन्दिरभित्र रहेको सिद्धिलक्ष्मी मन्दिरमा विशेष पूजाआजा गर्ने गर्दछन् ।

मन्दिर निर्माण पूरा भएको दिन असार शुक्ल प्रतिपदा रहेको शिलालेखले प्रमाणित गरेको छ।



राजा भूपतीन्द्र मल्लले वर्षमा एक पटक वर्षबन्धन (बुसादाँ) पूजाको परम्परा चलाएको र सो पूजा आजसम्म निरन्तर चली आएको छ।



राष्ट्रिय कला संग्रहालयमा रहेको ङतापोल्हँ मन्दिर प्रतिष्ठा भएको मिति संवत् ८२२ आषाढ शुदि १ उल्लेख शिलालेख ।

## बासुका एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा मार्गनिर्देशन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा बासु माध्यमिक विद्यालयमा वि.सं. २०८१ का एसईई परीक्षामा स्तरीकृत नतिजा हासिल गर्न सफल विद्यार्थीहरूलाई बधाई तथा मार्गनिर्देशन कार्यक्रम असार १६ गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा प्राप्त गरी सफलतापूर्वक उत्तीर्ण भएका विद्यार्थीलाई बधाइ दिनुभयो।

उहाँले विद्यार्थीहरूले एउटा चरणमा सफलता प्राप्त गर्दैमा धेरै उत्साहित हुनु आवश्यक नभएको बताउनुहुँदै अब नयाँ विषय अध्ययनको लागि सोच्ने र चिन्तन गरेर अगाडि बढ्न प्रेरित गर्नुभयो।

विद्यार्थीहरूबाट हुने क्षणिक लापरबाहीले जिन्दगीभर असर पर्ने हुँदा आफ्नो क्षमता, पारिवारिक स्थिति र रुचिलाई ध्यान दिएर अध्ययन गर्न मार्गनिर्देश गर्नुहुँदै प्रमुख प्रजापतिले पैसा कमाउने लोभले होइन, सेवा गर्ने भावनाले पढ्नुपर्छ भन्नुभयो।

उच्च शिक्षा अध्ययन गरी योग्य वकिल, राम्रो न्यायाधीश बन्ने इच्छा भएका विद्यार्थीहरूले प्लस टुदेखि नै कानुन विषय अध्ययन गर्नुपर्छ भन्नुहुँदै उहाँले जीवनमा ठुलो उपलब्धी हासिल गर्ने हो भने ठुलै चुनौतीको सामना गर्ने आँट विद्यार्थीहरूमा हुनुपर्ने बताउनुभयो।

नेपालमा विदेशी सम्बन्धनबाट सञ्चालित धेरै कलेजहरू सञ्चालनमा रहेको बताउनुहुँदै नेपाली विद्यार्थी विदेश पठाउने ती कलेजहरू अर्को म्यानपावर कम्पनी हुन् उहाँले भन्नुभयो।


विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **हरिप्रसाद बासुकला**ले विद्यालय व्यवस्थित रूपमा सञ्चालन गर्न विभिन्न विषयमा छलफल गर्दै अगाडि बढिरहेको बताउनुहुँदै विद्यार्थीको सफलतामा शिक्षक र अभिभावकको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो।

कलेजका प्रधानाध्यापक **रविलाल प्रधान**ले शिक्षक विद्यार्थीको अथक मिहिनेतले विद्यार्थीले राम्रो नतिजा ल्याउन सफल भएकोमा सबैलाई बधाई दिनुभयो।


कार्यक्रममा प्रमुख प्रजापतिले एसईईमा शत प्रतिशत उत्तीर्ण भएको अङ्ग्रेजी विषयका शिक्षकहरूलाई सम्मान गर्नुभयो।

कार्यक्रममा सहायक प्रअ **राजकुमार ह्यौंमिखा**, शिक्षक **पुनेन्द्रप्रसाद कुसी**, उत्कृष्ट विद्यार्थीद्वय **विविशा बिष्ट** र **निराजन बुढा**ले पनि बोल्नुभएको थियो।

## चोभार गल्छी ऐतिहासिक सम्पदा हो



मञ्जुश्रीले चोभारको डाँडा काटेर काठमाडौँमा बस्ती बसालेको कुरा युगौँदेखि चल्दै आएको छ। उनले चोभारको डाँडामा खड्ग प्रहार गरी काटेकै कारण दहको रूपमा रहेको उपत्यकाको पानीले निकास पाएको र बस्ती बसेको ऐतिहासिक भनाइ प्रशस्त पाइन्छन्। त्यही चोभारस्थित गल्छी साँघुरो भएको भन्दै सरकारले फेरि डाँडा काट्ने तथा ढुङ्गा फुटाउने योजना ल्याएपछि यसले चर्चासँगै विवाद सिर्जना गरेको छ। स्थानीयवासी, जलविद्, ललितपुर महानगर र कीर्तिपुर नगरपालिकाले विरोध गरिरहेका छन्।




हालै चोभार गल्छीसम्बन्धी मित्रकुन्जमा भएको विज्ञहरूबिच भएको छलफलले निम्न निचोड निकालेको छ– (१) गल्छीको बहाव थेग्ने क्षमता पोहोर सालको बहावभन्दा ४ गुना भन्दा बढी छ । (२) विगत हजारौं वर्षको बाढीको प्रभावबाट निखारिएको गल्छी हो । यस्को क्षमतामा खलबल गर्न आवश्यक छैन । (३) यो गल्छी हजारौं वर्षपछि यो अवस्था खडा भएको प्रकृतिले सिर्जित अभूतपूर्व सम्पदा हो । यो अद्वितीय सम्पदा संसारको अर्को कुनै ठाउँमा पाइदैन । यस्लाई "जस्ता को तस्तै" अवस्थामा संरक्षण गर्नुपर्छ । (४) बाढीको प्रकोप लाइ न्यून गर्न विभिन्न उपायहरू अपनाउनु पर्छ । (५) विभिन्न सरोकारवालाहरू र विज्ञहरूसँग परामर्शको आधारमा प्राथमिकता अनुसार ब्यापक सहमतिको आधारमा समाधान खोज्नुपर्दछ । (६) बाढी क्षेत्रभित्र नयाँ संरचना बनाउन हतार गर्नु आवश्यक छैन ।

## चोभार गल्छीबारे सार्वजनिक सुनुवाई

कीर्तिपुर नगरपालिकाको आयोजनामा चोभार गल्छीको अवरोध हटाउन नेपाल सरकार गृहमन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको निर्णयको विषयमा सार्वजनिक सुनुवाइ कार्यक्रम असार १७ गतेकीर्तिपुर नगरपालिका वडा नं. ६ परिसरमा भयो ।

आयोजक कीर्तिपुर नपाको तर्फबाट वडा नं. ६ का वडाध्यक्ष **खिरमान सिं बस्नेत**ले वडामा वाग्मती सभ्यता एकीकृत विकास समितिको मागअनुसार पहिरो र खोला व्यवस्थापन गर्न सिफारिस गरेको स्वीकार्दै विषयवस्तुमाथि प्रकाश पार्नुभयो ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा समय नभएको भन्दै काठमाडौँ क्षेत्र १० का सांसद **राजेन्द्रकुमार केसी**ले गल्छीको एक मुठी माटो पनि निकाल्न नदिने बताउनुभयो ।

कार्यक्रममा स्थानीय **पञ्चलाल महर्जन**, पत्रकार **नजरराम महर्जन**ले गल्छीको अवरोध हटाउने नाममा प्राकृतिक सम्पदा म्हास्न पाइँदैन भनी जोड दिनुभयो ।

वाग्मती सभ्यता एकीकृत विकास समितिका ई. **टोपबहादुर बानियाँ**ले गल्छी क्षेत्रको प्राविधिक अध्ययनबारे बोल्नुभयो ।

नाराबाजीबिच कीर्तिपुर नगरपालिकाका मेयर **कृष्णमान डंगोल**ले गल्छी संरक्षण गर्न हामी सबै लाग्नुपर्दछ भन्नुहुँदै नपाको तर्फबाट गल्छी भत्काउन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । 'सहभागीले विश्वास नभएको प्रतिबद्धता' भनेर नाराबाजी गर्दा कार्यक्रम समाप्त भएको घोषणा भएको थियो ।

सार्वजनिक सुनुवाइमा सहभागीहरू कार्यक्रम सकाएको घोषणाविरुद्ध पनि नाराबाजी भइरहेपछि नगरपालिकाको सार्वजनिक सुनुवाइमा पुगेका सांसद केसी, मेयर, उपमेयर, वडाध्यक्षहरू कार्यक्रम स्थलबाट बाहिरिएका थिए ।

नेपाल मजदुर किपाका **नारायण महर्जन**ले सार्वजनिक सुनुवाइमा जनगुनासो नसुन्ने आयोजक भन्नुहुँदै जनताको जनसुनुवाइ कार्यक्रम त्यही सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रममा महर्जनले नेमकिपाद्वारा प्रकाशित विज्ञप्ति वाचन गरी प्राचीनतासहितको प्राकृतिक र सांस्कृतिक सम्पदा चोभार क्वेयना गणेशको न्हसिकाप संरक्षण गर्नुपर्नेमा जोड दिनुहुँदै न्हसिकापको अवरोध पन्छाउने नाउँमा प्राकृतिक सम्पदा नष्ट गर्न खोजेकोले विरोध गर्नुपर्ने बताउनुभयो ।

उहाँले वाग्मती, कीर्तिपुर, ललितपुर र काठमाडौँ उपत्यकाको मात्र सभ्यता नभई देशकै प्राकृतिक र सांस्कृतिक सम्पदा जोगाउन सबै नेपाली जनता सचेत भई आन्दोलित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सामाजिक अभियन्ता **राजाराम तण्डुकार, रामभोला महर्जन, कृष्णबहादुर मग्राती, ज्ञानेन्द्र महर्जन**ले पनि गल्छी संरक्षण गर्नुपर्ने आवाज उठाउनुभयो ।

नेवा देय् दबु कीर्तिपुर, नेकपा एमाले कीर्तिपुर, जलविनायक सामुदायिक वन उपभोक्ता समितिको तर्फबाट बेल्लाबेग्लै प्रेस विज्ञप्तिमार्फत सरकारको निर्णयको विरोध गरिएको थियो ।

नेमकिपाका नारायण महर्जनले जनसुनुवाइमा सहभागी सबैलाई धन्यवाद दिनुहुँदै कार्यक्रम टुङ्ग्याउनुभएको थियो ।

# राष्ट्रिय कला सङ्ग्रहालयको स्थापना दिवस



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा राष्ट्रिय कला सङ्ग्रहालय भक्तपुरको ६५ औँ स्थापना दिवसको अवसरमा असार १७ गते अन्तरक्रिया तथा क्षमता अभिवृद्धि कार्यक्रम भयो ।

कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख **प्रजापति**ले भक्तपुरका लोपोन्मुख अवस्थामा रहेका मूर्त र अमूर्त सम्पदाहरूलाई भक्तपुर नपाले प्राथमिकताको आधारमा संरक्षण र सम्बर्द्धन गर्दै आएको बताउनुहुँदै राष्ट्रिय कला सङ्ग्रहालयले भक्तपुरको महत्त्वलाई अझ उँचो राख्ने काम गरेको बताउनुभयो ।

स्वदेशी र विदेशी पर्यटकको उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास भइरहेको भक्तपुरलाई रोम र संसारकै जीवित सङ्ग्रहालयको रूपमा पनि व्याख्या गर्ने गरिएको बताउनुहुँदै उहाँले दरबार क्षेत्रमा अवस्थित न्ह्यकं झ्यः दरबार मल्लकालीन शैलीमा पुनःनिर्माण गर्ने विषयमा सहमति भइसकेको र केही प्राविधिक कारणले गर्दा उक्त दरबार पुनःनिर्माणमा ढिलाइ भइरहेको बताउनुभयो ।

कृषि, जनजीवन र नेवारी संस्कृतिसम्बन्धी सङ्ग्रहालय जिल्ला जिल्लामा सञ्चालन गर्न नेपाल सरकारले जोड दिनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपा दरबार क्षेत्रस्थित ९९ चोक उत्खनन गर्ने पक्षमा रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भाषा, संस्कृति संरक्षण गरी जस्ताको तस्तै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले काम गरिरहेको बताउनुहुँदै विद्यार्थीहरूलाई सम्पदाको महत्त्व अध्ययन अध्यापन गराउन स्थानीय पाठ्यक्रमको निर्माण गरी सबै विद्यालयहरूमा लागू गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् पुरातत्त्व विभागका महानिर्देशक **सौभाग्य प्रधानाङ्ग**ले सङ्ग्रहालयको व्यवस्थापनमा पुरातत्त्व विभागले गरेका गतिविधिमाथि प्रष्ट पार्नुहुँदै पुरातत्त्व विभागअन्तर्गत पर्ने सातवटा सङ्ग्रहालयमध्ये भक्तपुरको कला सङ्ग्रहालय विशेष महत्त्वको रहेको बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव डा. **सुरेश सुरस श्रेष्ठ**ले सङ्ग्रहालयले भक्तपुर नगरपालिकासँग सहकार्य गरी आगामी दिनमा अझ व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा समीक्षा गर्नुपर्छ भन्नुभयो ।

भक्तपुरको कला सङ्ग्रहालय अन्य सङ्ग्रहालयभन्दा कलात्मक विशेषतायुक्त रहेको बताउनुहुँदै उहाँले सङ्ग्रहालयले समाजको चित्रण गर्ने हुँदा अझ व्यवस्थित गर्नेतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी **भरत मणी पाण्डे**ले भक्तपुर कला र संस्कृतिले भरिएको खुल्ला सङ्ग्रहालय भएको बताउनुहुँदै यसको संरक्षण र सम्बर्द्धन तीन तहकै सरकारको साझा दायित्व हो भन्नुभयो ।

उहाँले मल्लकालीन अवस्थादेखि रहेका सङ्ग्रहालयका कला कृतिहरूलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै लानु आवश्यक भएको बताउनुहुँदै उहाँले भक्तपुरको सम्पदा संरक्षणमा भक्तपुर नगरपालिका र स्थानीय समुदायको ठूलो भूमिका रहेको बताउनुभयो ।

इतिहासविद् डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले सिंहध्वाका लायकूको दायाँ र बायाँमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालय भक्तपुरमा विश्वमै नभएका अतुल्य सम्पदाहरू रहेको बताउनुहुँदै नेपाल चिनाउने सम्पदा संरक्षणमा सबैको अग्रसरता आवश्यक भएको बताउनुभयो ।

राष्ट्रिय कला सङ्ग्रहालय भक्तपुरको इतिहास हेर्ने ऐना हो भन्दै उहाँले सङ्ग्रहालयले भक्तपुरको ऐतिहासिक महत्त्वलाई अझ उजागर गरेको बताउनुभयो ।



कार्यक्रममा राष्ट्रिय कला सङ्ग्रहालय भक्तपुरका प्रमुख **जयन्ती श्रेष्ठ**ले सङ्ग्रहालय स्थापनाको इतिहासबारे प्रष्ट पार्दै राष्ट्रिय कला सङ्ग्रहालय भक्तपुरमा हाल धातुकला, चित्रकला, प्रस्तरकला र काष्ठकलाका २१०० वटा कलात्मक वस्तु सङ्ग्रहित रहेको बताउनुभयो ।

# हाम्रो स्वास्थ्य

## जब चिनी तीतो हुन्छ



–डा. अरूणा उप्रेती

मिठाई धेरैलाई मन पर्ने खाद्यवस्तु हो । मिठाई उत्सव, रमाइलोका बेलामा, प्रसादका रूपमा खाइन्छ तर त्यो मिठाईमा के के राखेर बनाइएको छ वा कस्तो तेलमा पकाइएको छ भन्ने धेरैलाई थाहा हुँदैन । यदि राम्रै तेलमा पकाइयो भने पनि बारम्बार तेल तताएपछि त्यस तेलमा विष पैदा हुन्छ । यसले मुटुलाई त खराब गर्छ नै, क्यान्सर समेत पैदा गराउन सक्छ भनेर विज्ञानले सिद्ध गरिसकेको छ । यस्ता मिठाईहरू प्रायः मैदा र चिनीबाट नै बनेको हुन्छन् । मैदा र चिनी दुवैको पौष्टिक तत्त्व हुँदैन र यिनको धेरै प्रयोगबाट त शरीरमा पौष्टिक तत्त्वको कमी हुन जान्छ । शरीरमा पौष्टिक तत्त्वको कमी भएपछि अनेक किसिमका स्वास्य समस्या पैदा हुन्छन् ।

विश्व स्वास्य सङ्गठनका अनुसार एक वयस्कले एक दिनमा तीनदेखि पाँच चम्चामात्र चिनी प्रयोग गर्नसक्छ । तर वास्तविक जीवनमा त हामीले धेरै नै प्रयोग गरिरहेका हुन्छौं । उदाहरणको लागि दिनमा तीन कप चिया खाइयो भने एक कप चियामा दुई चम्चा हाले पनि छ चम्चा चिनी त यसै पनि भइहाल्यो । यदि त्यसमाथि मिठाई पनि खाइयो भने त कति चम्चा चिनी होला ? अनि बिस्कुट, सर्वत खाने गरिन्छ । यसरी बनाएको बिस्कुटहरू कस्ता गुणस्तरका हुन्छन् भन्ने कुरा प्रायः हामीलाई थाहा नै हुँदैन ।

चिनी र मैदा हालेर बनाएको बिस्कुट यसै पनि हानिकारक हुन्छ । त्यसमा पनि कुहिएको वा ढुसी परेको नरिवल वा अन्य वस्तु मिसाइएको हुन्छ । ढुसी लागेको खानेकुराले कलेजोमा असर गर्छ । आज खाएर भोली नै केही समस्या नपर्ने हुनाले मानिसहरूलाई यसरी गुलीयो धेरै हालेको पदार्थ, नदेखिने हुनाले ढुसी लागेको पदर्थि खाएपछि बिरामी परिन्छ भन्ने पनि थाहा हुँदैन ।

अमेरिकन डायवेटिक एसोसिएसन र अमेरिकन हार्ट एसोसिएसन दुवैले चिनीको उपभोग घटाउन आग्रह गरेका छन् । अमेरिकन डायबिटिज एसोसिएसन भन्छ, 'डायबिटिजको सन्दर्भमा कुरा गर्दा सबैभन्दा महत्त्वपूर्ण कुरा चिनी र खाना नै हो । शरीरको तौल बढाउन र रगतमा ग्लुकोजको मात्रा बढाउँछ ।' सो एसोसिएसनले डायबिटिज भइसकेको छ वा हुने जोखिम छ भने पानी, बिनाचिनीको चिया, कफी, वा अरू कुनै कम क्यालोरी भएको पेयपदार्थ वा कागती पानीमात्र पिउन सुझाव दिएको छ ।

चिनी सबै चिसो पेयहरूमा पाइने एक प्रमुख तत्त्व हो । चिनी विभिन्न स्वादहरू मिश्रित तरल पदार्थहरूमा राखिएको हुन्छ । अधिकांश चिसो पेयमा चारदेखि १५ चिया चम्चासम्म चिनी घोलिएको हुन्छ । वर्तमान पुस्ताका केटाकेटीको दाँतमा समस्या सिर्जना गर्ने प्रमुख तत्त्वका रूपमा चिनी रहेको छ । त्यस्तैगरी चिनी मानिसहरूमा मधुमेहको र साथै हृदयरोग, अपच, छालाका समस्या तथा अन्य घातक रोगहरूको वृद्धि गर्नका लागि प्रमुख सहयोगीका रूपमा रहेको छ ।

विश्व स्वास्थ्य सङ्गठनले प्रकाशन गरेको बुलेटिन अनुसार चिनी मिसाइएका पेय पदार्थको उपभोग अहिले विश्वमा नै बढिरहेको छ । विगत पाँच वर्ष यताको अध्ययन गर्दा खानासँग सम्बन्धित रोगहरू जस्तोः टाइप २ डायबिटिज र अधिक मोटोपनको वृद्धिको एउटा मुख्य कारक तत्त्व यिनै गुलिया पेय पदार्थ भएको पाइएको छ । यसै कारणले गर्दा पनि मेक्सिमा चिनीको गुलियो भएका पेयपदार्थमा 'सोडा ट्याक्स' भनेर नयाँ कर लगाउने कानुन पास गरेको छ । मूल्यवृद्धि भएपछि यसको खरिद तथा उपभोग कम हुन्छ भन्ने अपेक्षाले यसो गरिएको थियो । यसरी कर लगाएपछि पेय पदार्थको खरिदमा ६ देखि १२ प्रतिशतसम्म गिरावट आएको पाइयो ।

अमेरिकाको न्यूयोर्क युनिभर्सिटीका अध्ययनकर्ता तथा फुड स्टडी एवम् पब्लिक हेल्थका प्रोफेसर नेस्टलेका अनुसार अहिले अत्यन्तै प्रभावकारी मार्केटिङबाट यस्ता पेय पदार्थ किन्न उपभोक्तालाई लोभ्याउने पार्ने गरिन्छ । उत्पादकहरूले अहिले विज्ञापनमा धेरै खर्च गर्छन् । यो पैसा पनि उपभोक्ताले नै तिनुपर्छ । यस्ता खाद्य पदार्थका उत्पादकहरूले अहिले कम र मध्यम स्तरको आम्दानी भएका देशहरूमा यस्ता वस्तुहरूको बिक्री वृद्धि गर्ने लक्ष्य राखेका छन् । किनभने यी देशहरूमा बढी नाफा कमाउन सकिन्छ, विशेषगरी केटाकेटीहरूलाई लोभ्याएर ।

न्यूयोर्क सहरमा आधाभन्दा बढी मानिसहरू अत्यधिक मोटो छन् । यसै कारणले न्यूयोर्कका मेयरले सन् २०१२ मा त्यहाँ समस्याको रूपमा देखापरेको अत्यधिक मोटोपनलाई घटाउने प्रयासस्वरूप कोकाकोला, चिनी धेरै भएका चिसो पेय पदार्थका ठूला बोतलको सट्टा साना बोतल (४७३ एमएल) मात्र बेच्न पाउने निर्णय गर्न खोजेका थिए । त्यसको उद्देश्य

समस्याको रूपमा रहेको 'अत्यधिक मोटोपन'लाई घटाउनु नै थियो। तर न्यूयोर्ककै केही बासिन्दाहरूले चाहिँ यसको खुलेर विरोध गरे। हामीलाई जति मन लाग्छ खान्छौँ। र चिसो पेय पदार्थ खानु आफ्नो अधिकार भएको भन्दै प्रतिवाद गरे। प्यास लाग्दा चिसो जस्ता पेय वस्तु नै खाने उनीहरूलाई बानी नै परिसकेकोले उनीहरूले चिनी पनि धेरै खान्छन् । कतिपयमा त छोड्नै नसक्ने लत नै बसेको छ ।

गुलियोको कारणले पनि दाँतको पालिस पखालिने अवस्था बन्छ। यी पेय वस्तुबाट दाँतसम्बन्धी विशेष गरी दुई प्रकारका समस्याहरू बढी देखिएका छन्। दाँतमा प्वाल पार्ने र दन्तहर्ष। हाल आएर दाँतको क्षय हुने समस्या पनि धेरै देखिन थालेको दन्त चिकित्सकहरूले बताएका छन्। बट्टामा राखेको फलफुलमा चिनीको मात्रा अति नै बढी हुन्छ। यसले बच्चाको दाँतमा नराम्रो असर पर्छ। त्यसैले बट्टाको फलफुलको रस किन्नुभन्दा फलफुल नै स्वास्थको लागि धेरै राम्रो हुन्छ। यो सस्तो पनि पर्छ। चाडपर्वमा चिसो पेय पदार्थ र बट्टाका फलफूलको रसको पनि धेरै नै प्रयोग गरिन्छ। बट्टाको फलफुलमा पनि एकदम धेरै नै प्रयोग गरिन्छ। बट्टाको फलफुलमा पनि एकदम धेरै नै चिनी भएको तथ्य छ।

नेपाली युवायुवतीलाई भ्रम उत्पन्न गर्ने आक्रामक प्रचार गर्दै अर्को पेय वस्तु बजारमा आएको छ, इनर्जी ड्रिंक। दशैं तिहारमा एकदम धेरै मानिसहरूले यो प्रयोग गर्छन्। कतिपयले कोसेली पनि लैजान्छन्। यसलाई यो शक्तिबर्द्धक पेय वस्तुको रूपमा व्यापक प्रचार प्रसार गरिएको छ। युवा युवतीलगायत प्रायः सबै उमेर तथा बिरामी, खेलाडी, कामदारलगायत विविध वर्ग र क्षेत्रका मानिसहरू अहिले यो पेय पदार्थलाई एउटा लाभदायक पेय वस्तु हो भन्ने भ्रममा छन् र व्यापक रूपमा उपभोग गरिरहेका छन्। यसले शरीरमा कति धेरै हानि छ भन्ने कुरा आम उपोक्ताहरूले बुझेका छैनन्। आम सञ्चार माध्यममा विज्ञापनको आइरहेको पनि यस्ता गुलिया पदार्थहरूको बारेमा छलफल हुँदैन।

यस पेयमा प्रशस्त मात्रामा चिनी हुने भएकाले यसले केही शक्ति दिए जस्तो हुन्छ। थाकेको बेला यस्तो पेय पदार्थ पिउँदा केही क्षण परिवर्तनको महसुस भए पनि यसले बरु स्वास्थ्यमा विभिन्न किसिमका समस्या उत्पन्न गर्ने अध्ययनकर्ताहरूको भनाइ छ। वरिष्ठ बाल रोग विशेषज्ञ डा. विष्णु पण्डितका अनुसार बालबालिकालाई इनर्जी ड्रिंक मात्र होइन, हाल हाम्रो बजारमा प्रचलित विभिन्न ब्राण्डका सफ्ट ड्रिंक पनि स्वास्थ्यका दृष्टिले राम्रा छैनन्। यस्ता पेय पदार्थका कारण बच्चाहरूमा खाना रुची कम हुन्छ र उनीहरूलाई आधारभूत इनर्जी पुग्दैन। यस्ता हल्का पेय वस्तुहरू खानेहरूमा मोटोपना आउँछ। चिनीको मात्रा बढी हुने हुनाले मोटोपन र डायबिटिजको सम्भावना बढ्छ। यसले बालबालिकामा फोक्से मासु बढ्छ र अनेक समस्या उत्पन्न गराउँछ।

केही महिनाअघिको कुरा हो, एक आमाले छ वर्षिय छोरा लिएर अस्पताल गइन्। उनले डाक्टरलाई भनिन्, यो दुब्लाएको छ। बारम्बार बिरामी भइरहन्छ। खाना पनि खान मन गर्दैन। बिरामी भनेर स्कूल पनि पठाएको छैन। किन यस्तो भएको होला ? आमाले डाक्टरसँग कुरा गरिरहँदा बच्चा यताउता टुकुटुकु गरिरहेको थियो। आमालाई बोल्न नदिने आमाको मुख आफूतिर फर्काउने आदि कोसिस गरिरहेको थियो। डाक्टरले यसले के खान्छ ? भनेर सोधे। आमाले, भात दाल, तरकारी त यसको घाँटीबाट नै छिर्दैन। मिठाई, चाउचाउ, चकलेट, बरफ, चिसो पेय आदि मात्र मन गर्छ। भात नखानेलाई यति दिँदा कमसेकम यसले रुचाएका केही खानेकुरा त पर्छ भनेर दिन्छु। चकलेट र चाउचाउ खाए पनि यो त बिरामी भइरहन्छ, के गर्ने होला ?


आमाले थाहा नै नपाइकन बच्चालाई धेरै चिनी भएको वस्तु दिएकी थिइन्। यसले गर्दा बच्चाको त रोगसँग लड्ने शक्ति नै कम भएर ख्वाउटे भएको रहेछ। मिठाई र चिसो पेय मायाको प्रतीक होइन भन्ने कुरा डाक्टरले बुझाएपछि उनी छानाबाट खसेझैँ भइन्। बढी चिनी र पत्रु खानाले पोषणको कमी भएकाले छोरा दुब्लाएको रहेछ भन्ने थाहा पाइन्। बच्चालाई खुवाएको पत्रु फुडले उसको पेट त भरिन्छ तर पोषण पुग्दैन। 'मिठाई, चकलेट, जस्ता पत्रु खाना खुवाउन छोड्नुस् र घरमा जे पाक्छ त्यही खुवाउने बानी गर्नुस्। कुनै औषधि खानु पर्दैन। हरिया तरकारी र फलफुल खुवाउन जोड गर्नुहोस्। सधैँ जंक फुड खुवाउने हो भने औषधि गरेर मात्र केही हुँदैन' भनेर चिकित्सकले सल्लाह दिए।

पत्रु खाना बनाउने मिठाईहरू पकाउने ठाउँमा गएर उपभोक्ताले कहिले पनि हेरेका हुँदैनन्। बाहिरपट्टि जे देखिन्छ त्यही राम्रो प्याकेटका खानेकुरा र मिठाई किनेर खाने चलन छ। यसरी जहाँ पायो त्यही बनाएको, बारम्बार पकाएको तेलमा पकाएको मिठाईले गर्दा स्वास्थ्यमा असर पर्छ भन्ने कुरा बुझेर सकेसम्म घरमा नै मिठाई बनाउन सकियो भने राम्रो हुन्छ। हलुवा, पुरी, सेल, खिर आदि त घरमा पनि सहजसँग बनाउन सकिन्छ। यस्तै खानेकुरामा ध्यान दिनसकेमा निरोगी बन्न सकिन्छ।

(डा. उप्रेती पोषणविद्)

स्वास्थ्य खबरपत्रिका

## आ.व. २०८१/८२ जेष्ठ महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३१५ | २४१ | ३३७ | ३०८ | ३२२ | २३२ | २७२ | २७९ | १७३ | २३५ | २३३ | ३०८ | २०३ | १८६ | १०५ | १७९ |
| ■ सार्क तथा चिनियाँ | ४३९ | ३९६ | ३६३ | ४९७ | ४४० | ४२२ | ५०५ | ६५५ | ५९० | ५५९ | ६१६ | ४५५ | ४१९ | ४०६ | ५८० | ५०६ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २७२ | २०९ | २६० | २१७ | २७४ | २३२ | २०३ | १९९ | १५५ | २१५ | ११८ | ७८ | १०७ | ६१ | १५१ |
| ■ सार्क तथा चिनियाँ | ३७४ | ४९१ | ३१९ | ५२७ | ४८२ | ४०८ | ४७७ | ४९० | ४२७ | ३७७ | २९२ | ३८३ | ३९८ | ४३७ | ३७० |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८२ जेष्ठ | ६,६७९ | १४,१०० | २०,७७९ |
| २०८१ जेष्ठ | ५,९२१ | १७,३५६ | २३,२७७ |
| प्रगति | ७५८ | -३,२५६ | -२,४९८ |

सम्पादककाे पृष्ठ

# 'नीतिगत निर्णय' कि कानुनी भ्रष्टाचार ?

राज्यको चौथो अङ्ग मानिएको पत्रपत्रिकामा भ्रष्टाचारका कुरा धेरै नै आउन थालेका छन्। अपवादलाई छोडेर साना–ठुला भ्रष्टाचारका समाचार नभएको पत्रपत्रिका विरलै पाउन थालिएको छ। देश – विदेशका सुसमाचार पढ्ने अवसर भ्रष्टाचारका समाचारले अभाव हुन थालेको छ।

भ्रष्टाचारका समाचार पत्रपत्रिकाको मुखपृष्ठ मै छापिन थालेबाट देशमा भ्रष्टाचारको बाढी आइरहेको बुझ्न कठिन छैन। देश भ्रष्टाचारमय भएको छ – सुशासन, सदाचार, 'समाजवाद उन्मुख' गणतन्त्र, प्रजातन्त्रका कुरा तपसिलका भएका छन्।

अख्तियारले एकपछि अर्को भ्रष्टाचारका मुद्दा दर्ता गर्ने, विशेष अदालतलगायतले दोषी ठहर गर्दै सजाय र जरिवानाको फैसला गरेका समाचारको निरन्तरताले देशमा नैतिकता, सदाचार, अनुशासनको खडेरीलाई इंगित गरेको छ। यस्तो खडेरी हुनुमा तल्लो तहकाभन्दा माथिल्लो तहका उच्चाधिकारीहरू नै निर्विवाद रूपमा दोषी छन्। उच्चाधिकारी भ्रष्ट भएपछि तल्लो तहका पछि लाग्नु अपवादलाई छोडेर स्वाभाविक हुन्छ। हाकिमसँग डराउनुपर्ने मातहतका कर्मचारी जब हाकिम घोडाचोर हुन्छ भने मातहतका मुलाचोर हुनु कुनै आश्चर्यको विषय होइन।

भ्रष्टाचारको सन्दर्भमा एउटा थेगोझैँ भट्याइने कथन छ – नीतिगत निर्णयमाथि मुद्दा चल्दैन !


भ्रष्टाचार कानुनी र गैरकानुनी हुन्छ। गैरकानुनी भ्रष्टाचारका लागि थुप्रै कानुनहरू छन्। कानुनी भ्रष्टाचार अर्थात् कानुन, नियम बनाएर र मन्त्रिपरिषद्ले निर्णय गरेर गरिने भ्रष्टाचारका लागि कुनै कानुन छैन। त्यसैले कानुनी भ्रष्टाचार देश र जनताको लागि ठुलो समस्या हुन थालेको छ, उखुम बन्न थालेको छ। यसतर्फ संसद्को गम्भीर ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

देश र जनताको अहितमा कुनै व्यक्ति वा समूहको हितमा गरिने कुनै पनि निर्णय, नियम, कानुन सदाचारमा पर्दैन, भ्रष्टाचार नै हो। त्यस्तो निर्णय मन्त्रिपरिषद्ले गरोस् या मन्त्री वा सचिवस्तरमा गरोस् त्यो भ्रष्टाचारको परिभाषा वा परिधिबाट बाहिर हुन सक्दैन। त्यस्ता सबै नियम र निर्णय अख्तियार दुरुपयोगको दायरामा ल्याइनु आवश्यक छ। अन्यथा, शक्ति र ओहोडा भ्रष्टाचार गर्ने लाइसेन्स हुनेछ। त्यस्तो अवस्थामा देश र जनताको दुर्गति कसैले रोकेर रोक्नसक्ने देखिँदैन।

दुर्गतिउन्मुख देश र जनताको भविष्यलाई समयमै रोकथाम र न्यूनीकरण गर्न भ्रष्टाचारीलाई ज्यान सजाय दिने बन्दोवस्तको लागि सदन र सडकमा धेरै आवाज उठिसकेको छ। तर, नीतिगत निर्णयको आधारमा भ्रष्टाचार गर्न पल्केका सत्ताधारीवर्गले आजसम्म सुनेको छैन। के सधैँ नसुनी बसिरहन सक्लान् ?





नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालमा २०८२ असार १ गतेबाट 'आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम' प्रभावकारी रूपमा सञ्चालन गर्न प्रेरित गर्नुहुँदै । (जेठ ३० गते)




भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा स्नातक तहमा अध्ययनरत २६ जना विद्यार्थीहरूलाई कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले रू. १४ लाख २१ हजार बराबरको छात्रवृति रकम वितरण । (जेठ २९ गते)



पुनर्निर्माण सम्पन्न वडा नं. ५ भोलाछेंको पाटी



पुनर्निर्माण सम्पन्न वडा नं. १० को सिज फल्चा